"पञ्ञा नरानं रतन"

# परियत्तिशिक्षा

## परियत्ति सद्धम्म पालक उपाधि

### (कक्षा ७, प्रथम पत्र)

(प.स.पा. को सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)

**पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५**

| पुस्तक | | | पेज |
|---|---|---|---|
| १. न्हूगु परित्राण निश्रय ( मंगल सूत्र) | - ४० अंक, | १५ घण्टा | २ देखि ८५) |
| २. अनागारिका धर्मशीला | - २५ अंक, | ६ घण्टा | ८६ देखि ११५ |
| ३. पालि भाषा अवतरण ( सन्धि) | - ३५ अंक, | १५ घण्टा | ११६ देखि १४० |

सम्पादक

**भिक्षु बोधिज्ञान महास्थविर**

(केन्द्रीय परीक्षा नियन्त्रक, ने. बौ. परियत्ति शिक्षा )



Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतन"

# नव परित्राण निश्रय

## परियत्ति सद्धम्म पालक उपाधि

### (कक्षा ७, प्रथम पत्र)

(प.स.पा. को सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital

**लेखक - वासेट्ठाभिवंश महास्थविर**

**अनुवादक - भिक्षु ज्ञानपूर्णिक महास्थविर**

**नेपालीमा अनुवादक : विद्या शाक्य (कोविद)**



Downloaded from http://dhamma.digital/

# मङ्गल सुत्र

**निदान**

"मङ्गल" शब्दको अर्थ राम्रो, असल, शुभ र उन्नति आदि हुन् । भगवान् बुद्धको पालामा राजगृहनगरमा संस्थागारमा भेलाभएका मानिसहरूबीच मङ्गल बारे कुराकानी चल्या । कसैले मङ्गल भनेको राम्रो देख्ने हो भने । उठ्ने बित्तिकै सेतो गाई भर्भवती आइमाइलाई देख्यो भने मङ्गल हो भनइ स्वीकार्दथे । यो कुरालाई कसैले विश्वास गरे । यसरी विश्वास गर्नेहरूलाई 'दृष्टिमाङ् गलिक' भनियो ।

कसैले भन्दथे- हेरिने, देखिने मंगल होइन बरू सुन्ने मङ्गल हो । अरू मङ्गल होइन । उस धारणालाई कसैले स्वीकार गऱ्यो । भने कसैले स्वीकार गरेन, स्वीकार गर्नेहरूलाई 'सुत्तमाङ्गलिक' भनियो ।

यस धाराणालाई पनि कसैले स्वीकार गरे, कसैले स्वीकार गरेनन् । अनि यी दुव्रप्रति विश्वास नगर्नेहरू सुँघ्ने स्वाद लिने, स्पर्शगर्नेलाई मङ्गल भन्दथे । बिहान उठ्नेबित्तिकै हरियो गरे । यो कुरा कतिले स्वीकार गरे, कतिले गरेनन् । यसरी स्वीकार गर्नेहरूलाई 'मुत्तमाङ्गलिक' भनियो ।

यसरी मङ्गलविषयलाई थरी थरी विचार उत्पन्न भयो र थरी थरीको समूहमा विभाजन भए । जहाँतहीँ यस्तै मङ्गलविषयमा मात्रै कुरा चल्यो । यस चर्चा मनुष्यलोकमा हुँदै देवलोकसम्म र ब्रह्मलोक पर्यन्त चर्चाको विषय बन्न गयो तर त्यहाँ ठीक मङ्गलको कारण पत्ता लगाउन सकेनन् । त्यसकारण देवताहरू जम्मा भई देवराज इन्द्रसंग सोध्न गए । किन्तु इन्द्रले पनि बताउन सकेनन् । त्यसकारण स्वयं इन्द्रले विचार गरे कि त्यस प्रश्नको उत्तर त सर्वज्ञ बुद्ध एकजनाले बाहेक अरूले बताउन सक्दैन । त्यसकारण इन्द्रले कुनै एक देवतालाई बुद्धकहाँ गई सोध्न जाऊ भनी आदेश दिए ।

ईन्द्रको आदेशअनुसार त्यस देवता अरू धेरै देवताहरूसहित मध्य रातमा श्रावतीको जेतवन विहार नै जाज्वल्यमान हुने गरी चहक लिई आए । भगवान् बुद्धलाई वन्दना गरी एक ठाउँमा बसे र प्रार्थना गरे- "भो भगवान्, कल्याणको आकांक्षा गरी धेरै देवताहरू र मनुष्यहरूबीच मङ्गलको विषयमा विवाद भइसक्यो तर मङ्गल के हो भनी थाहा पाउन सकिएन । त्यसकारण हामीमा अनुकम्पाराखी तपाईले मङ्गल विषयमा आज्ञा गर्नुहोस् ।

त्यस देवताको प्रार्थना स्वीकार गरी बुद्धले अठ्तीस प्रकारका मङ्गल हुने कारण विषयमा धर्मदेशना गर्नुभयो । सो धर्मदेशनामा उल्लेख भएका कुराहरू नै मङ्गल सूत्र भनिन्छ । त्यस मङ्गलधर्मलाई सबैले स्वीकार गरी अनुमोदन गरेका थिए । तथागतले त्यस मङ्गलसूत्रदेशना गर्नुभएको बेलामा एक हजार कोटि देवताहरू अर्हत् भए । श्रोतापन्नादि भएका त गिन्ती नै छैन । यसरी भगवान् बुद्धबाट मङ्गलसम्बन्धी उपदेश सुनिसकेपछि हर्षित भई सबै देवताहरू आ-आˆनो ठाउँमा फर्केर गए ।



Downloaded from http://dhamma.digital/

भोलिपल्ट भगवान् बुद्धले आनन्दलाई मङ्गलसूत्र उपदेश गर्नुभयो । आनन्दले अरू भिक्षुहरूलाइ सिकाउनु भयो । यस प्रकारले संसारमा मङ्गलधर्म उत्पन्न भयो । यस कुरा सुत्तनिपात अट्ठकथा पुस्तकमा उल्लेख भएको त्यस मङ्गलसुत्र यस प्रकारको छ ।

## मङ्गल-सुत्तं

**यं मङ्गलं द्वादसहि, चिन्तयिंसु सदेवका ।**
**सोत्थानं नाधिगच्छन्ति, अट्ठतिंसञ्च मङ्गलं ॥**
**देसितं देवदेवेन, सब्बपापविनासनं ।**
**सब्बलोकहितत्थाय, मङ्गलं तं भणाम हे ॥**

**एवं मे सुतं - एकं समयं भगवा सावत्थियं विहरति जेतवने**
**अनाथ पिण्डिकस्स आरामे । अथ खो अञ्ञतरा देवता, अभिक्कन्ताय**
**रत्तिया अभिक्कन्तवण्णा केवलकप्पं जेनवनं ओभासेत्वा, येन भगवा**
**तेनुपसङ्कमि; उपसङ्कमित्वा भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि ।**
**एकमन्तं ठिता खो सा देवता भगवन्तं गाथाय अज्झभासि ।**

**बहु देवा मनुस्सा च, मङ्गलानि अचिन्तयुं ।**
**आकङ्कमाना सोत्थानं, ब्रूहि मङ्गल'मुत्तमं ॥१॥**

**असेवना च बालानं, पण्डितानञ्च सेवना ।**
**पूजा च पूजनेय्यानं, एतं मङ्गल'मुत्तमं ॥२॥**

**पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।**
**अत्तसम्मापणिधि च, एतं मङ्गल'मुत्तमं ॥३॥**

**बाहुसच्चञ्च सिप्पञ्च, विनयो च, सुसिक्खितो ।**
**सुभासिता च या वाचा, एतं मङ्गल'मुत्तमं ॥४॥**

**मातापितु-उपट्ठानं, पुत्तदारस्स सङ्गहो ।**
**अनाकुला च कम्मन्ता, एतं मङ्गल'मुत्तमं ॥५॥**

**दानञ्च धम्मचरिया च, ञातकानञ्च सङ्गहो ।**
**अनवज्जानि कम्मानि, एतं मङ्गल'मुत्तमं ॥६॥**

**आरती विरती पापा, मज्जपाना च संयमो ।**
**अप्पमादो च धम्मेसु, एतं मङ्गल'मुत्तमं ॥७॥**



Downloaded from http://dhamma.digital/

**गारवो च निवातो च, सन्तुट्ठि च कतञ्ञुता ।**
**कालेन धम्मसवनं, एतं मङ्गल'मुत्तमं ॥८॥**

**खन्ती च सोवचस्सता, समणानञ्च दस्सनं ।**
**कालेन धम्मसाकच्छा, एतं मङ्गल'मुत्तमं ॥९॥**

**तपो च ब्रह्मचरियञ्च, अरियसच्चान-दस्सनं ।**
**निब्बानसच्छिकिरिया च, एतं मङ्गल'मुत्तमं ॥१०॥**

**फुट्ठस्स लोकधम्मेहि, चित्तं यस्स न कम्पति ।**
**असोकं विरजं खेमं, एतं मङ्गल'मुत्तमं ॥११॥pएतादिसानि कत्वान, सब्बत्थ मपराजिता ।**

**सब्बत्थ सोत्थिं गच्छन्ति, तं तेसं मंगलमुत्तमं ॥१२॥**

**(मंगलसुत्त निट्ठितं)**

### मङ्गल सुत्त नयाँ निश्रय

**१०) यं मङ्गलं द्वादसहि; चिन्तयिंसु सदेवका ।**

**सोत्थानं नाधिगच्छन्ति; अट्ठतिंसञ्च मङ्गलं ।**

**११) देसितं देवदेवेन; सब्बपापविनासनं ।**

**सब्बलोकहितत्थाय; मङ्गलं तं भणाम हे ।**

(१०-११) **हे**=...सत्पुरुषहरूहो; **सदेवका**=देवताहरू सहित मनुष्यहरूले; **यं मङ्गलं**= जुन मङ्गललाई; **द्वादसहि**=बाह्रवर्षसम्म; **चिन्तयिंसु**=चिन्तन गरिसके । **सोत्थानं**= सुख हुने कारण भएका श्रेष्ठ पवित्र; **तं मङ्गलं**=ती मङ्गलहरूलाई; **नाधिगच्छन्ति**=जान्न सकेनन् । **देवदेवेन=**देवताहरू भन्दा पनि देवता हुनुभएका श्रेष्ठोत्तम तथागत (भगवान्) बाट; **सब्बपापविनासनं**=सम्पूर्ण पापलाई विनाश गर्ने; **अट्ठत्तिंसञ्च=**अड्तिसवटा संख्या भएको; **यं मङ्गलं=**जुन मङ्गल देशनालाई; **सब्बलोकहितत्थाय**=सम्पूर्ण सत्वसमूहको हित र अर्थको निम्ति; **देसितं**=देशना गर्नभयो; **तं मङ्गलं**=उक्त अड्तिसवटा मङ्गल देशनालाई; **मयं**=मैले (हामीले); **भणाम**=पाठ गरौं ।

### भावार्थ

हे... सत्पुरुषहरूहो; देवमनुष्यहरूले जुन मंगललाई बाह्रवर्षसम्म चिन्तन मनन गरिसके । सुखका कारण श्रेष्ठ पवित्र उक्त मंगललाई जान्न सकेनन् । देवातिदेव तथागतले सम्पूर्ण खराब जति सबैलाई विनाश गर्नसक्ने अड्तिसवटा मंगल देशनालाई सम्पूर्ण लोकको हित र अर्थको लागि देशना गर्नुभयो । ती अड्तिसवटा मंगल देशनालाई हामीले पनि पाठ गरौं; पढौं ।

### स्तुति



Downloaded from http://dhamma.digital/

कुनै एउटा विषय लेख्दा वा पढ्दा सर्वप्रथम शुरु गरिने प्राक्कथनलाई प्रारम्भ स्तुति (मंगलाचरण) भनिन्छ। यो **'यं मङ्गलं'** आदि पनि मङ्गल सूत्र पाठ गर्न अगावै मङ्गल सूत्र उत्पत्तिको ढंग र मङ्गल सूत्रको फलानिशंसलाई प्रशंसा गरिएको प्रारम्भिक स्तुति नै हो । परित्राण उत्पत्ति कारण र अर्थोत्पत्ति विषय वस्तुलाई रमाइलो तरिकाले लयबद्ध गरी पाठ गर्नुपर्ने परित्राण निदानलाई परित्राणलाई स्तुति गर्ने कारण भएकोले पहिले स्तुति भनेर पनि व्यवहार गरिआएको छ। **यं मङ्गलं** आदि पनि मङ्गल सूत्रलाई प्रशंसा गर्ने कारण भएकोले स्तुति नै भन्नुपर्छ। यो बुद्ध भाषित त होइन। यो त पाठकहरूमा मङ्गल सूत्रलाई जान्न, पढ्न र सुन्न अभिरुचि जगाई आकर्षित गर्नको लागि विषयको रुपमा पहिलेका आचार्यहरूले रचना गरिराखेको परित्राण प्रारम्भिक स्तुति मङ्गलाचरण नै हो।

## व्याकरण दृष्टिबाट स्पष्टीकरण

(**द्वादसहि-**लाई बाह्रवर्षसम्म भनी अच्चन्तसंयोग-अर्थ दिने गर्दछन्। गाथाभाणक आचार्यको विचार अनुसार अपादानलाई मन पराएको भाव पाइन्छ। त्यसैले समयलाई सीमित र विभाजन गरिने अवधि-मा अपादान भनी ग्रहण गरी बाह्रवर्षसम्म भनी अर्थ दिएको हूँ।

**सोत्थानं - कथंकरो सोत्थानेन गुत्तो** (*दसमहामङ्गल जातक पाली*) मा *अर्थकथा* मा **'सोत्थानेना' ति सोत्थिभावावहेन मङ्गलेन'** भनी व्याख्या गरिराखेकोले मङ्गलवाची रहेछ। **'सोत्थि-**पद **वहती**- अर्थमा आन प्रत्यय चिन्तन गरी **'सोत्थिं वहती'ति सोत्थानं'** गरेको हो। -**सोत्थिं**=सुख हुनेलाई; **वहति**=धारण गर्दछ। सुखलाई धारण गरी बस्ने स्वभाव धर्म सुख हुने कारण नै भएकोले; '**सोत्थानं=**सुखको कारण श्रेष्ठ पवित्र भएको भनी अर्थ दिएको हूँ। अर्को तरिकाबाट **'सुठान'** चिन्तन गरी **'सुखं ठाति अनेता'ति सोत्थानं'** भनी अर्थ्याए पनि हुन्छ। -**अनेन**=यस धर्मद्वारा; **सुखं**=सुखपूर्वक; **ठाति**=स्थिरभई बस्न सक्छ; **इति**=त्यसैले गर्दा; **सोत्थानं= सोत्थान** भन्दछन्। सुखपूर्वक स्थिरभई बस्नसक्ने कारण असल धर्म भन्ने अर्थ भएकोले उक्त धर्म मङ्गल नै हो। **हे-** भनेको आलपन (सम्बोधन) लाई गाथाको अन्तमा रहेको हुनाले अन्तमा मात्र अर्थ दिने चलन रहेको छ। यस **यं मङ्गलं** आदि शब्द **हे-** को स्वरूप व्यक्तिहरूलाई संकेत गरिरहेको शब्दहरू हुनु कारण एउटा, पालीमा आलपन पद शुरुका एउटा दुइटा पदहरूमा प्रायः पछाडि नै रहने भए पनि हाम्रो भाषामा एउटा वाक्य बोल्दा अगाडि मात्र राखेर बोल्ने चलन भएको एउटा कारण, यी कारणहरूले गर्दा गाथाको शुरुमा नै अर्थ दिएको हूँ। **हे-** लाई पहिलेदेखिको चलनचल्ति अनुसार सत्पुरुषहरू भनेर यहाँ दिइराखेको भए पनि विषय अनुसार **'हे...**आयुष्मानहरू**; हे...** मित्रहरू आदि भनेर पनि अर्थ्याउन सकिन्छ।

लोकमा आधार भरोसा भनी सहयोग लिन र टेक्न मिल्ने व्यक्तिहरूलाई **देव=देवता** भनी भन्नु पर्दछ। त्यसैले औपपातिक देवता भनिने देव ब्रह्माहरू मात्र नभई मनुष्यहरूका आधार-भरोसा रहेका राजा, अरहन्तहरूलाई नै सम्मुतिदेव, विशुद्धिदेव भनेर व्यवहार गर्नु पर्दछ। तथागत पनि सत्वहरूको शरणका रूपमा आधार भरोसा लिन लायक भएकोले देव नै हुन्। तर साधारण देव मात्र होइन कि सम्मुति, विशुद्धि र औपपातिक देवहरू सबैका आधार-भरोसा भएका हुनाले 'सम्पूर्ण देवताहरूका पनि देवता, देवताहरू भन्दा पनि देवता 'देवाधिदेव' भनी भन्नुपर्दछ। **(देवानं देवो=देवदेवो।-देवानं**=देवताहरूका; **वा=** (देवताहरू) भन्दा उच्च; **देवो=**देवता हुन्।)। **देवदेवो=**देवताहरूका; **वा**= देवताहरू भन्दा उच्च देवता (हुन्।)'

दृष्ट मङ्गल आदि मंगलहरूमा सार छैन; आशक्ति उपादानयुक्त दृष्टिकोण मात्र हो। यी मङ्गल धर्महरू त शुद्ध असल कामकुरा र पवित्र विचार मात्र भएकोले कुशलकर्महरू नै भए। यी राम्रा कुशलहरूका प्रतिपक्षी रहेका खराब वा अकुशलहरूलाई विनाश गर्ने स्वभाव रहेकोले मङ्गल धर्मलाई



Downloaded from http://dhamma.digital/

**सब्बपापविनासनं=**अकुशल सबैलाई विनाश गर्ने' भनी वर्णन गरिएको हो । अकुशल सबैलाई विनाश गर्ने कारण धर्म पनि भन्न सकिन्छ । (यसमा कर्तृ साधन, करणसाधन दुवै समावेश छन् ।)

अकुशल समूह खराब कर्महरू दुःखका कारण, परिहानीय कारण मात्र भएकोले असल कर्महरू उन्नति वृद्धिको कारण, सुखको कारण हुन् । मङ्गल धर्म अनुसार आचरण गर्ने व्यक्ति साँच्चै सुखी उन्नति हुन सक्नाले मङ्गल धर्मदेशना गर्नुभएका तथागत बुद्धका उक्त बहुजनको उन्नति वृद्धि र सुख समृद्धि कामना गर्ने महाकरुणा मैत्रीलाई **सब्बलोकहितत्थाय** द्वारा व्यक्त गर्नुभएको हो ।

**मङ्गलसूत्र अर्थोत्पत्ति**

'मङ्गल धर्मलाई धेरै देव-मनुष्यहरूले बाह्र वर्षसम्म बिताएर चिन्तन-मनन गरिआएको भए तापनि जान्न नसकेकोले भगवान् बुद्धले देशना गर्नुपऱ्यो' भन्ने कुरा अर्थोत्पत्ति स्वरूप नै भयो । उक्त अर्थोत्पत्ति यस्तो छ- तथागत बुद्धले मङ्गल धर्म देशना गर्नुभन्दा पहिले नै लोकमा मङ्गल-प्रश्न उत्पति भइसकेको थियो । लोकमा प्रिय, असल, सुन्दर भनी समर्थन गरिराखिएका आरम्मणहरू (विचारका विषयहरू) अनेक भएकाले कोही आँखाबाट देखिने रमाइलो वर्ण आरम्मणलाई मङ्गल भन्न थाले । कोही कानबाट सुनिने प्रिय ध्वनीहरूका आरम्मणलाई मंगल भन्ने भए । कोही नाक, जिब्रो, शरीरबाट अनुभव गरिने प्रिय गन्ध, रस, स्पर्शहरूलाई मङ्गल भन्न थाले । एकले अर्काको धारणालाई स्वीकार गरेनन् । एकले अर्कालाई चित्त बुझ्नेगरी बताउन नसकेर वादविवाद शान्त नभएर समस्या समाधान हुन सकिरहेको थिएन । उक्त मङ्गल-प्रश्न मनुष्यहरूमा मात्र होइन देव-ब्रह्माहरूमा समेत हलचल भई मङ्गल-विचार गर्दागर्दै देवब्रह्माहरूका बीचमा पनि तीनवटा भेद बन्नपुगे । उक्त प्रश्न बाह्रवर्ष बितिसक्दा पनि समाधान नभई समस्याकै रूपमा रहिरहेको थियो ।

बाह्रवर्ष बितिसक्दा मात्र त्रयस्त्रिंश देवताहरूले शक्र देवेन्द्रकहाँ उक्त समस्या व्यक्त गरी त्यसको उत्तर दिन प्रार्थना गरे । शक्र देवेन्द्रले पनि तथागतसँग निवेदन गर्न एकजना देवतालाई अभिभार दिएर आफूसँग धेरै देवताहरू साथमा लिई मंगल देशना सुन्नको निम्ति तथागतकहाँ आइपुगे । अभिभार दिइएका देवताको निवेदन अनुसार तथागतले मङ्गल देशना बताउनुभएको थियो ।

**सूचना**- यसपछि संक्षिप्त पार्नको लागि *अर्थकथा*मा भनी सामान्यरुपले बताइएको अवस्थामा *सुत्तनिपात अर्थकथा* र *खुद्दकपाठ अर्थकथा* भनी बुझ्नुपर्‍यो ।

**१२) एवं मे सुतं-**

**एकं समयं भगवा सावत्थियं विहरति**

**जेतवने अनाथपिण्डिकस्स आरामे ।**

**अथ खो अञ्ञतरा देवता**

**अभिक्कन्ताय रत्तिया अभिक्कन्तवण्णा**

**केवलकप्पं जेतवनं ओभासेत्वा**

**येन भगवा तेनुपसङ्कमि; उपसङ्कमित्वा**

**भगवन्तं अभिवादेत्वा एकमन्तं अट्ठासि ।**



Downloaded from http://dhamma.digital/

**एकमन्तं ठिता खो सा देवता**

**भगवन्तं गाथाय अज्झभासि ।**

१२) **भन्ते कस्सप=**आयुष्मान महाकाश्यप; **मे**=मैले; **एवं=**यस्तो; **सुतं**=सुनेर सम्झिराखेको छु । **एकं**=एक; **समयं**=समयमा; **भगवा**=भगवान् बुद्ध; **सावत्थियं**= श्रावस्ती राजधानीमा; **अनाथपिण्डिकस्स**=अनाथपिण्डिक महाजनको; **जेतवने**=जेतवन नाम भएको; **आरामे**=आराममा; **विहरति**= विराजमान भइरहनुभयो । **अथ खो**=त्यसरी विराजमान भइरहेको बेलामा; **अञ्ञतरा=**गोत्र नाम प्रकट नभएका; **देवता**= देवपुत्र; **अभिक्कन्ताय**=पहिलो याम बितेपछि; **रत्तिया**=मध्य रातमा; **अभिक्कन्तवण्णा**=अति राम्रो वर्ण भएका भई; **केवलकप्पं**=चारैतिर सबैतिर; **जेतवनं**=जेतवन आरामलाई; **ओभासेत्वा**=शरीरको प्रकाशले जज्वल्यमान पारी; **येन**= जुन ठाउँमा; **भगवा**=भगवान् बुद्ध; **अत्थि**=बस्नु भएको छ; **तेन**=त्यहाँ भगवान् बुद्ध विराजमान हुनुभएको ठाउँमा; **उपसङ्कमि**=नजिक गए । **उपसङ्कमित्वा**=नजिक गएर; **भगवन्तं**=भगवान् बुद्धलाई; **अभिवादेत्वा**=अतीव गौरवपूर्वक अभिवादन गरिसकेपछि; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **अट्ठासि**=उभिइरहे; **एकमन्तं**=अनुकूल र उचित ठाउँमा; **ठिता खो**= उभिएका; **सा देवता**= सो देवपुत्रले; **भगवन्तं**=भगवान् बुद्धलाई; **गाथाय**=गाथाद्वारा; **अज्झभासि**=निवेदन गरे ।

**भावार्थ**

आयुष्मान् महाकाश्यप; यस्तो मैले सुनेको छु- एक समय भगवान् बुद्ध श्रावस्ती राजधानीमा अनाथपिण्डिक महाजनको जेतवन आराममा विहार गरिबस्नुभएको थियो । त्यसबेला गोत्र र नाम प्रकट नभएका एउटा देवपुत्र प्रथमयाम बितिसकेपछि मध्यरातमा अति सुन्दर वर्ण बनाएर जेतवन आरामलाई चारैतिर जाज्वल्यमान पारी भगवान् बुद्ध बस्नुभएको ठाउँको नजिक गई अभिवादन गरिसकेपछि अनुकूल ठाउँमा उभिएर बसे । अनुकूल ठाउँमा उभिएका सो देवपुत्रले भगवान् बुद्धलाई गाथाद्वारा निवेदन गरे-

**निदान**

तथागतले बताउनुभएको मङ्गलसूत्र बताउनुभन्दा पहिले त्यो सूत्र उत्पन्न हुन गएको कारण निदान देखाउन चाहेकोले **'एवं मे सुतं'** आदि आज्ञा गर्नुपरेको हो ।

**निदान उत्पत्ति तरिका**

तथागत परिनिर्वाण भइसकेपछि तीनमहिनाभन्दा लामो अवधिपछि बुद्धोपदेशहरु हराएर नाश नहुने गरी स्थीर बनाइ राख्न अधर्मवादहरू उठेभने निर्णय गरी निवारण गर्नलाई आधारको रुपमा बनाइराख्नको निम्ति पाँचसय अरहन्तहरू भेला भई स्वाध्याय गरी वा वाचन गरी बुद्धवचन संगायना आरुढ गर्नुभएको थियो । त्यसबेला यथार्थरुपमा बुद्धभाषित रहेको कुरा पहिचान गरी जानी-बुझी विश्वसनीय बनाउनको लागि तथागत कुन नगरमा, कुन गाउँमा, कुन समयमा, कसलाई, कस्तो कारणले उपदेश दिनुभएको थियो भन्ने तथ्यहरूलाई आयुष्मान् महाकाश्यप स्थविरले परिक्षण र निरीक्षण गर्नुभएकोमा विनय को निम्ति आयुष्मान् उपालीले निवेदन गरी सूत्रका निम्ति आयुष्मान् आनन्दले निवेदन गर्नुभएको थियो । मङ्गलसूत्र संगायना आरुढ गर्नलागेको समयमा आयुष्मान् महाकाश्यपको प्रश्न अनुसार आयुष्मान् आनन्दले उत्तर दिने क्रममा निवेदन गरेकोलाई **'एवं मे सुतं'** आदि द्वारा लेखबद्ध गरिराखिएको हो । त्यसैले **'एवं मे सुतं'** आदि भाग बुद्ध भाषित होइन । आयुष्मान् आनन्द स्थविरको निवेदन मात्र हो । यो निवेदन मङ्गल सुत्त उत्पन्न हुनपुगेको कारण भएकोले **'निदान'** भनी भन्दछन् ।

**आयुष्मान् महाकाश्यप**



Downloaded from http://dhamma.digital/

आयुष्मान् सिग्गव स्थविरले भावी आयुष्मान् मोग्गलिपुत्ततिस्स स्थविर आफ्ना शिष्य श्रामणेरलाई आयुष्मान चण्डवज्जी स्थविरकहाँ पिटक अध्ययन गर्न पठाउनुहुँदा 'मेरो नाम के हो नि ? भनी चण्डवज्जी स्थविरले आफ्नो नाम सोधेको खण्डमा 'हजुरको नाम मेरा उपाध्यायलाई थाहा छ' भनी निवेदन गर्नू' भनी अगावै सिकाई अववाद दिई पठाउनुभयो । आदर गौरव राख्न लायक गुरुजनको नाम काढ्न नहुने कारणले त्यस्तो भन्नुभएको हो । त्यो तथ्यलाई साधक प्रमाण गरी **'भन्ते कस्सप'** भनी सम्बोधन गर्न आयुष्मान् आनन्दले अप्ठ्यारो मान्ने भावलाई विचार गरी यहाँ **'भन्ते'** मात्र भनेर सामान्य व्यवहार गर्न मनपराएको हो । **'पिप्पलि'** भन्ने स्थविरको बच्चा बेलाको मात्र नाम लिन पनि गाहारो मानेको ढंग रहेको भए पनि **'कस्सप'** भन्ने नाम गोत्र अनुसार बताइएको नाम भएकोले उक्त नाम काढेर बोल्न त गहारो मानेको छैन । गौतम बुद्ध भनेर नै तथागतलाई गोत्र अनुसार बोल्ने चलन गरिआएको छ । *विनय महावग्ग (१२९)* मा आयुष्मान् महाकाश्यप स्थविरले आफ्ना उपसम्पदापेक्षीलाई कर्मवाचा विधिवाक्य वाचन गरिदिन आयुष्मान् आनन्दकहाँ दूत पठाउँदा आयुष्मान् आनन्दले पनि आयुष्मान् महाकाश्यप स्थविर आफूले गौरव राख्नुपर्ने गुरू भएकोले वहाँको नाम वाचन गर्न अप्ठ्यारो मानिरहेकोले तथागतले **'अनुजानामि भिक्खवे गोत्तेन पि अनुस्सावेतुं ।'** भनी गोत्रद्वारा वाचन गर्ने अनुमति दिनुपरेको थियो । यसरी गोत्रको नाम काढ्न उचित भएकोले **'अपि मे भन्ते कस्सप सिरस्मिं पलितानि जातानि; अथ च पन मयं अज्जापि आयस्मतो महाकस्सपस्स कुमारकवादा न मुच्चाम'** भनी **'भन्ते कस्सप'** भनी आयुष्मान् आनन्दले बोल्नुभएको प्रमाण छ । *निदानवग्ग कस्सप संयुत्त (सं १-४१८)*

## सावत्थि

सवत्थ ऋषिको स्थान भएकोले सावत्थि भनेको हो । बस्ने ठाउँ भने पनि बस्ने मात्र त होइन; सो ऋषिले शुरुदेखि नै स्थापना गरिएको शहर थियो । ककन्द ऋषि, मकन्द ऋषिहरूले स्थापना गरिराखेका शहरलाई काकन्दी, माकन्दी भनी स्त्रीलिङ्गी नाम रहे जस्तै सवत्थ ऋषिले स्थापना गरेको शहर भएकोले सावत्थि भन्ने नाम रहेको थियो । यो व्याकरणाचार्यहरूको विचार (छन्द) हो । **(सवत्थेन निब्बत्ता सावत्थी)** । -**सवत्थेन**=सवत्थ ऋषिद्वारा, **निब्बत्ता**=उत्पन्न गरिएको, (स्थापना गरिएको) शहर; **सावत्थी**=सावत्थी भन्दछन् ।

अर्थकथाचार्यहरूको विचार अनुसार मनुष्य जीवनमा उपभोग-परिभोग गरिने कुनै चीजबीजको कमी वा अभाव छ' भन्न नपर्ने गरी सबै भरिपूर्ण भएकोले **सब्बं अत्थि**=सबै थोक छन्, भन्ने अर्थमा सावत्थि नाम रहेको हो । व्यापारीहरू भेला भई 'त्यहाँ के के सामानहरू छन् नि त ?' भनी सोध्ने अवस्थामा **'सब्बं अत्थि**= सबैथोक छन् ।' भन्ने कुरालाई आधार मानी सावत्थि नाम रहेको हो' भन्दछन् । यस मत (छन्द) अनुसार **सब्ब-** पद **साव** भएको निरुक्तिनय हो ।

**'सावत्थियं**- भने पनि जेतवन आराम श्रावस्ती शहरभित्र होइन; शहरको आसपासमा टाढा पनि होइन नजिक पनि होइन ठाउँमा अवस्थित छ । तर गंगा नदीको नजिकै घाटमा चरिरहेका गाई-गोरुलाई **'गङ्गायं चरन्ति**=गंगा नदीमा चरिरहेका छन्' भनी आरुढ गरी बोलिए झैं श्रावस्ती शहर वा त्यसको आसपासमा बसिनुलाई नै श्रावस्ती नगरमा बसिरहेका छन् भनी आरुढ गरी बोलिएको हो । त्यसलाई समीप्यूपचार भन्दछन् । नजिककोलाई नजिकको वस्तुद्वारा आरुढ गरी व्यवहार गरिनु हो । श्रावस्तीको आसपास उपचार अनुसार श्रावस्ती नाम रहेकोले **'सावत्थियं**=श्रावस्ती नगरमा' भनेर पनि अर्थ दिन सकिन्छ । **'समीपत्थे भुम्मवचनं=**सप्तमी विभक्ति समीप (सँगै)' भन्ने अर्थमा रहेछन्' भन्ने अर्थकथाको भनाई अनुसार श्रावस्ती नगरको नजिक भनेर पनि अर्थ दिन सकिन्छ ।

## जेतवन र अनाथपिण्डिक



Downloaded from http://dhamma.digital/

जेतवन आराम मूलतः जेत राजकुमारको उद्यान नै थियो । मूल अधिकारीको नामको आधारमा जेतवन भनी नाम चलिरहेको हो । (**जेतस्स वनं जेतवनं** । **जेतस्स**=जेत राजकुमारको; **वनं**= वनउद्यान हो; **जेतवनं**=जेत राजकुमारको उद्यान) पछि अनाथपिण्डिक महाजनले किनेर विहार निर्माण गरेकोले द्वितीय अधिकारीको आधार लिई अनाथपिण्डिकको आराम भनी भन्नुपर्‍यो ।

महाजनको बच्चाबेलाको नाम सुदत्त थियो । आधार भरोसा नभएकाहरूलाई दया-माया राख्ने अत्यन्त प्रबल चेतना भएका महाजन हुनाले आफूकहाँ आइपुगेका सबै मगन्ते गरीब गुरुवा आदिहरूलाई खानापिना (भोजन) दिने भएकोले पछि **'अनाथानं=**आधारहीन अनाथहरूलाई; **पिण्डं**= खानापीना; **ददाति**=दिन्छन्' भन्ने अर्थमा अनाथपिण्डक भनी व्यवहार गर्न थालिएको थियो । लोकमा चैत्य स्थापना गर्नेलाई चैत्यदाता, विहार निर्माण गरी दान गर्नेलाई विहारदाता आदि भनी आफूले भन्नैनपर्ने गरी धेरैबाट प्रशंसा गरी नाम लिने गरेजस्तै महाजनको चेतनालाई धेरैले प्रशंसा गर्दा गर्दै बच्चाबेलाको नाम हराएर गई नयाँ नाम चलन चल्तीमा आएको थियो । नाम अनुसार प्रख्यात हुनपाएका महाजनको चेतना त आजसम्म पनि सबैले थाहापाइ प्रख्यात नै भइरहेको छ। यस तथ्यले नै धेरैजनाका राम्रा अर्थ वहन गर्नेहरू संसार नरहे पनि उनीहरूको उदारता नमेटिने तथ्यतिर निर्देशित गरिरहेको छ ।

तथागत विराजमान हुनुभएपछि त्यो विहार अनाथपिण्डिकको सम्पत्ति रहेन । संघ अधिनस्थ आराम हुन गयो । तर पहिले नगराधिकारी भएका व्यक्ति पदबाट हटिसकेको भए पनि नगराधिकारी भन्ने चलन बाकी रहेझैं नै भयो । यसलाई 'भूतपूर्व गतिक नय' भनी भन्दछन् । 'एदत्त नय' भनेर पनि भन्नुपर्छ । अधिकारीहरू फरक भए पनि ठाउँ एउटै भएकोले उक्त एकत्वभावलाई आधार लिएर भनिने नय हो ।

उक्त नय अनुसार नै **जेतवन** भनी र **अनाथपिण्डिकस्स** आराम भनी भन्न सकिन्छ । फरक रहे पनि फरक नभएको जस्तो गरी भनिएको हुनाले यस्तोलाई अभेदोपचार (= भेद भएकोलाई भेद नभएको जस्तै एउटै जस्तो पारेर व्यवहार गर्नु) भनेर पनि भन्नुपर्छ ।

### आराम

फलफूल, पात, पालुवाहरूबाट सुशोभित भई राम्रो भएकोले त्यो आराम (विहार) अंगले परिपूर्ण भएको हुनाले तद्‌तद् ठाउँहरूबाट मानिसहरू विशेषतः भिक्षुहरू आई रमाइलो मान्ने हुँदा आराम भनेको हो **। (आरामन्ति एत्थाति आरामो** । **एत्थ**= यस विहारमा; **आरमन्ति**= आएर रमाइलो मान्ने गर्दछन्; **इति=**त्यसरी आएर रमाइलो मान्ने क्षेत्र भएको कारणले; **आरामो=**आराम भन्दछन् ।

आरामलाई *अभिधान* मा शहरबाट टाढा पनि नभएको नजिक पनि नभएको ठाउँमा साहु महाजनहरूबाट रोपाइएका रुखहरूको घारी (उद्यान) लाई भनिने कुरो उल्लेख छ । पुप्फाराम, फलाराम आदि भनी उल्लेख भएका ठाउँहरूमा आरामसँग समान नै रहेको छ । यति मात्र होइन, विहारको परिवेण, घरको परिवेण आदि परिवेण जति सबैलाई पनि आराम भनेर नै भन्नुपर्छ । संघाराम, पुब्बाराम, राजकाराम, तित्थियाराम, परिब्बाजकाराम आदि । आजभोली घरको परिवेणलाई बगैंचा भनी भन्दछन् भने धेरै विहार (भवन) हरू भएको परिवेणलाई च्याउँ-ताइक् (आरामः म्यानमार भाषामा) भन्ने चलन छ । त्यस व्यवहार अनुसार यहाँ च्याउँ-ताइक् (आराम) भनी अनुवाद गरिराखेको छु ।

### अथ खो

**अथ-** लाई अविच्छेद (=विच्छेद नगर्ने अर्थमा) निपात भनेर र **खो-**लाई अधिकान्तर निदस्सन ( विषय वस्तु एउटालाई देखाउने) अर्थमा निपात भनेर अर्थकथामा छुट्टाएर व्याख्या गरिराखिएको छ ।



Downloaded from http://dhamma.digital/

तथागतको बास विच्छेद नहुँदै **अञ्ञत्तरा देवता-** आदि विषय-वस्तु एउटा उत्पन्न हुनआएकोलाई व्यक्त गर्न खोजेको तथ्य पनि उल्लेख गरिराखेको छ। आफ्नो भाषामा त त्यस अवस्थामा, त्यसरी बस्नुभएको बेलामा भन्यो भने बास विच्छेद भइनसकेको र उक्त अवस्थामा भनी भन्यो भने अगाडि निरन्तर भन्नुपर्ने विषय बाँकी रहेकोलाई पनि जान्न सकिने भएकोले 'त्यो बेलामा' भन्ने कुराद्वारा नै दुवै अर्थलाई देखाउने काम सिद्ध हुन्छ भनी भन्न सुहाउँछ।

### अञ्ञतरा देवता

**'अञ्ञतरा'ति अनियमितनिद्देसो**=नियमित नभएको अर्थलाई निर्देशित गर्ने शब्द' भनी *अर्थकथा*मा उल्लेख गरिएको छ। नाम वंश गोत्र आदि नियमित (किटान) नभएको सामान्य अर्थ भयो। संस्कृतमा दुईजनामध्ये एकलाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्ञतर भनी धेरैमध्ये एकजनालाई अलग्ग उल्लेख गरी देखाउँदा अञ्ञतम भन्नुपर्ने कुरा उल्लेख छ। पाली भाषामा त 'अञ्ञतम' प्रकट नभएकोले धेरैमध्ये बाट अलग्ग गरी बोल्नुलाई पनि अञ्ञतर नै भन्ने गरिन्छ। **'अञ्ञतरो च पनायस्मा मालुक्यपुत्तो अरहतं अहोसि।'** (सं २-२९९) यसमा अञ्ञतरो, अरहन्तहरूमध्ये एकजना समावेश रहेको कुरा सामान्यलाई मात्र भनी अरहन्तहरू मध्येमा विशेष रूपमा उल्लेख गरी नियमित रुपले भन्नुनपर्ने भएकोले अनियम नै भयो।

यहाँ त त्यसरी अलग्ग भनिएको क्षेत्र नभएकोले अञ्ञतर एउटै भयो। त्यसो हुनाले **'अञ्ञतरा'ति नामगोत्तवसेन अपाकटा'** भनी उल्लेख गरिएको हो। उक्त व्याख्या अनुसार नाम गोत्र प्रकट नभएको भनी अर्थ दिनुपर्छ। लोकमा नाम थाहानभएको अवस्थामा होस्, थाहा भएपनि व्यक्ति नप्रष्टिएको अवस्थामा होस् एउटा मान्छे आइरहेको छ आदि व्यवहार हुँदो रहेछ। 'एउटा मान्छे' भन्ने व्यवहार नाम प्रकट नभएकोलाई निर्देशित गरिरहेको हुनाले **'अञ्ञतरा देवता**=एउटा देवपुत्र' भनेर पनि अर्थ दिन सकिन्छ।

देवता भन्ने स्त्रीलिङ्गी शब्दमा व्यक्त गरिएको भए पनि यहाँ देवी भनी ठान्नुहुँदैन। यो देवता शब्द देवपुत्र देवपुत्री दुवै समूहसँग सम्बन्धित शब्द हो। यहाँ त देवपुत्रलाई व्यक्त गरिएको हो। **(देवो येव देवता;-देवो येव**= देव नै; **देवता**=देवता भन्दछन्।)

### अभिक्कन्त अर्थ

**'अभिक्कन्ताय रत्तिया'**- मा **अभिक्कन्त**-खय (=क्षय हुनु) अर्थवाची हो। बितिसकेको रात भन्नुमा रात पूरै बित्यो भनी भन्नु पर्नेजस्तो भए पनि त्यस्तो त ठान्नु हुँदैन। *चूलवग्ग, पातिमोक्खट्ठपनखन्धक* आदिमा **'अभिक्कन्ता भन्ते रत्ति'** मा पूरा रात बितेको भन्ने अर्थ्याउन खोजिएको छैन; प्रथम याम बितेकोलाई मात्र अर्थ्याउन चाहेकोले **'निक्खन्तो पठमो'** भनी जोडेर व्याख्या गरिएको छ। उक्त पाली अनुसार **अभिक्कन्तं** प्रथमयाम बितेकोलाई मात्र व्यक्त गरिसकेकोले यहाँ पनि प्रथमयाम बितेकोलाई मात्र ग्रहण गर्नुपर्नेलाई जान्न सकिन्छ। पहिलो याम बितिसकेको भन्ने विशेषणले गर्दा **रत्तिया** शब्दले पनि रातभर व्यक्त गर्नु नपर्ने भएर नगरि आधा रातलाई मात्र व्यक्त गरेको हो। देवताहरू मनुष्यहरू सुनसान हुनेबेलामा मात्र तथागतकहाँ आउने चलन भएकोले सो देवता पनि मध्यरातमा तथागतकहाँ आएका हुन्।

**'अभिक्कन्तवण्णा'** मा **अभिक्कन्त**- अभिरूप (=अति सुन्दर) भन्ने अर्थवाची हो। अति प्रियकर वर्ण भनेको अति सुन्दर वर्ण भएको **'अभिक्कन्तवण्णा'** लाई अति प्रियकर वर्ण भएका भनेर वा अति सुन्दर शोभा भएका वर्ण भएका भनेर अर्थ दिन सकिन्छ। **'वण्ण'** वर्ण भने पनि रूपारम्मण वर्णलाई भनेको होइन। **'छवि'** भनेको शरीरको रगत मासुको रंगलाई भनेको हो भनी जान्नुपर्दछ।



Downloaded from http://dhamma.digital/

**केवलकप्प** **'केवल' अनवसेस** (= बाँकी नभएको सम्पूर्ण) अर्थवाची हो । **'कप्प' स**मन्तभाव - चारैतिर घेराको भाव) अर्थवाची हो । जेतवन आराम चारैतिर घेरामा सबै भनेको भाव हो । यसमा '**केवल'** सम्पूर्ण भने पनि बाँकी ठाउँ रहेन भन्ने अर्थ सिद्ध हुन सके तापनि **'कप्प'** शब्द जोडेर भनिराखेको केही पनि बाँकी नरहनेगरी सबै ठाउँमा फिजिने गरी सामर्थ्य भएको प्रकाश नै पनि कुनै न कुनै कारणले गर्दा केही अलिकति अंशमा मात्र फिजिने पनि हुनसक्दछन्; सो देवताको प्रकाश त त्यसरी केही अलिकति अंश मात्र नभई सबै नै फिजिरहेको भाव देखाउनलाई समन्त अर्थ भएको कप्पलाई समेत भनिएको हो ।

व्याकरणाचार्यहरूले **ईसं ऊनं** (= केही कमी भएको) अर्थमा **कप्प** आदि प्रत्ययहरूलाई रुचाउने गर्दछन् । उक्त भनाई अनुसार **'ईसंऊनं केवलं केवलकप्पं'** (विग्रह) गर्नु हो ।-**ईसंऊनं=**केही कमी भएको; **केवलं**=सम्पूर्ण हो; **केवलकप्पं=** सम्पूर्ण भनेजस्तै । कुनै कुनै ढोका थुनिएको विहार आदिको भित्र प्रकाश छिर्न नसकेको केही स्थान बाकी रहेकोलाई उद्देश्य गरिराखेको हो । यस्तो अर्थलाई कोहीकोही मन पराउँछन् । तर देवताहरूको ऋद्धिले उत्पन्न हुने प्रकाश प्रकृति प्रकाशसँग समान हुन नसक्ने हुनाले र यदि प्रकाश नछिरेको ठाउँ बाकी रहेको भए सम्पूर्ण भनी भन्न सक्नलाई येभुय्य आदि नयहरू रहेको हुनाले **'ईसंऊनं'** अर्थ चिन्तन आवश्यक छैन । अर्को तरिकाबाट भन्दा तथागतको प्रकाशलाई कुनै प्रकाशले पनि दबाउन सक्दैन । त्यसैले सो देवताको प्रकाशले पनि तथागतको प्रकाश नपुगेको ठाउँलाई मात्र उज्यालो पार्नसक्ने हुनाले **'ईसंऊनं'** भनेको हो भनेमा उचित हुनसक्छ ।

**एकमन्तं**

**'एकं+अन्तं'; अन्त=**शब्द **कोट्ठास** (= भाग) अर्थवाची हो । एकातिर एक ठाउँमा भन्ने अर्थ हुन्छ । एकातिर एक ठाउँमा भनेको बस्नलाई उचित ठाउँ हो । लोकमा गौरव राख्न योग्य व्यक्तिहरुकहाँ जाँदा बस्नयोग्य बस्नअयोग्य ठाउँ हुने भएकोले जान्ने बुझ्नेहरू बस्नयोग्य ठाउँ रोजेर बस्न जान्दछन् । बस्न अयोग्य ठाउँहरु त धेरै नजिक, धेरै टाढा, हावाको सम्मुख परेको ठाउँ, अग्लो ठाउँ, मुखामुख परेको ठाउँ, धेरै पछाडि पर्ने ठाउँ भनी छ प्रकारका छन् ।

**अति टाढा; अति नजिक; अग्लो, अनि हावा लाग्ने ।**

**मुखामुख पर्ने; अति पछाडि; दोष हुन् ठाउँका ६ वटा ।**

यी ६ दोषहरू सधैं सधैं विरत नभई हुन्न भनी निश्चितरुपले त ग्रहण गर्नु पर्दैन । धेरै परिषदहरूका साथमा उपदेश सुन्ने अवस्था आदिमा धेरै टाढा, हावा लाग्ने, धेरै पछाडि परेको ठाउँबाट हटिराख्नु हुँदैन; त्यस्तो बेलामा विरत नहुनुको कारणले दोष भन्न हुँदैन । **एकमन्त** भन्दा ६ वटा दोषबाट अलग्ग भएको ठाउँ भनेर मात्र एकोहोरो तालले जिद्दी गरिबस्ने होइन; अरु अरु क्षेत्रअनुसार उचित ठाउँहरु पनि **एकमन्त** नै हो । कोशल मगधका ब्राह्मण दूतहरू वैशाली नगरको महावन कूटागारशालामा तथागतकहाँ आउँदा आयुष्मान् नागितले 'तथागतको दर्शन गर्ने समय भएको छैन' भनी भन्दै योग्य ठाउँमा बसे भनेकोमा उक्त **एकमन्त** लाई त्यहाँबाट सरेर गई यताउतिका रुखमुनि छायाँमा बस्नगएको कुरा उल्लेख गरी व्याख्या गरिराखिएको छ । **(एकमन्तं-** योग्य र उचित रूपले, अनुकूल ठाउँमा भनेर पनि अर्थ दिन सकिन्छ ।

**देवपुत्र उभिइरहेको**

देवताहरूले मनुष्य-बासनालाई घृणा अनुभव गर्दारहेछन् । केही कुनै कामकुरा परेर करकापले मनुष्य लोकमा आउनुपरे पनि छिटोछिटो फर्किन चाहने हुँदा उक्त देवपुत्र नबसिकन उभिइरहेका हुन् । बस्नु भनेको विश्राम लिनु नै हो । त्यस्ता परिश्रम देवताहरूमा नभएकोले नबसेका हुन् भन्ने पनि अर्को



Downloaded from http://dhamma.digital/

कारण देखाइएको छ । त्यसपछि फेरि तथागतलाई घेरेर महाश्रावकहरू बसिरहनुभएको थियो । वहाँ महाश्रावक स्थविरहरूप्रति श्रद्धा प्रसन्नता रहेको कारणले पनि नबसेका हुन् भन्दछन् । उभिनु विशेष आदर गौरब राख्ने जस्तो हुनाले तथागतलाई गौरब राख्नको लागि नबसेका हुन् । यसरी *अर्थकथा*मा देवता उभिइरहेको कारण चार प्रकारले बताइएका छन् ।

**१३) बहू देवा मनुस्सा च; मङ्गलानि अचिन्तयुं ।**

**आकङ्खमाना सोत्थानं, ब्रूहि मङ्गलमुत्तमं ।**

१३) **भन्ते**=भगवान् शास्ता; **सोत्थानं**=यो जन्ममा र पछि सुख हुने भावलाई; **आकङ्खमाना**=आकांक्षा राख्नेहरु; **बहू**=धेरै; **देवा च**=देव-ब्रह्माहरूले पनि; **मनुस्सा च**=मनुष्यहरूले पनि; **मङ्गलानि**=सुखोन्नतिको कारण रहेको मङ्गललाई; **अचिन्तयुं=**कल्पना र चिन्तना गरिआइसके । (**त्वं**=हजुर तथागतले) **उत्तमं**=उत्तम भएको; **मङ्गलं**=मङ्गल; **ब्रूहि**=बताउनुहोला ।

### भावार्थ

भगवान् शास्ता; यो र अर्को जन्ममा पनि सुखको आकांक्षा राख्ने देव-ब्रह्मा मनुष्यहरू धेरैले सुखोन्नतिको कारण भएको मङ्गललाई कल्पना र चिन्तना गरिसके । हजुर तथागतले उत्तम मङ्गल देशना बताउनुहोला ।

### देवताको प्रार्थना

तथागतलाई मङ्गल उपदेश दिनुहुन देवपुत्रले प्रार्थना गरेको तरिकालाई आयुष्मान आनन्दले 'बहू देवा' आदिद्वारा निवेदन गरेका हुन् ।'

### व्याकरण दृष्टिले स्पष्टीकरण

**(मङ्गलन्ति महन्ति इमेहि सत्ता'ति मङ्गलानि ।-इमेहि**=यस धर्मले; **सत्ता**=सत्वहरू; **मङ्गलन्ति महन्ति**=उन्नति वृद्धि हुन्छन्; **इति**=त्यसरी उन्नति वृद्धि हुने कारण भएको हुनाले; **मङ्गलानि**=मङ्गलहरु भन्दछन् । *अर्थकथा* को मतिअनुसार 'मङ्गल' धातु भनी भन्न सकिन्छ । *सद्दनीती*मा त 'मगि' धातु भनिएको छ । इकारान्त धातु भएकोले निग्गहीत आएको छ । संस्कृतमा पनि 'मगि' धातु नै छ । अल प्रत्यय । त्यस मती अनुसार **'मङ्गन्ति बुद्धिं पापुणन्ति इमेहि सत्ताति मङ्गलानि'** भनी सिद्ध गर्नुपर्छ । बाल मूर्खको संगत नगर्नु आदि कार्यहरू सत्वहरूलाई उन्नति र वृद्धि गर्ने सुख हुने कारण हुन् । त्यसो हुनाले ती कार्यहरूलाई उन्नति वृद्धि र सुख हुने कारण भएकोले मङ्गल भन्नुपर्छ । त्यसो हुनाले नै *अर्थकथा*ले- **'मङ्गलन्ति**= मङ्गल भनेको; **इद्धि कारणं**=वृद्धि समृद्धि हुने कारण हो; **बुद्धि कारणं**= उन्नति हुने कारण हो; **सब्बसम्पत्ति कारणं=**सम्पूर्ण सुख ऐश्वर्यको कारण हो' भनी व्याख्या गरिएको छ ।

**'सोत्थानं'** यं मङ्गलं आदि स्तुति गाथामा रहेको **सोत्थानं** सँग अर्थ समान छैन । उक्त **'सोत्थानं'** ले सुख समृद्धि हुने कारण मङ्गललाई व्यक्त गर्दछ । यो **'सोत्थानं'** त कारण भएको मङ्गल कार्य गर्नाको कारणले यो जन्ममा र आउने जन्ममा सुख हुने प्रतिफललाई व्यक्त गर्दछ । त्यसैले **'सोत्थानन्ति सोत्थिभावं'** भनी *अर्थकथा*मा व्याख्या गरिएको हो । सुख हुने भनेको विभिन्न असल सम्पत्तियुक्त भइरहनु भएकोले नै **सब्बेसं=**सम्पूर्ण; **दिट्ठधम्मिक सम्परायिकानं**=यो जन्ममा र पछिको जन्ममा उत्पन्न हुने; **सोभनानं सुन्दरानं कल्याणानं धम्मानं**= शोभा भएको, सुन्दर, कल्याणकारी स्वभाव धर्मको; **अत्थितं**= उपलब्ध हुने भावलाई'



Downloaded from http://dhamma.digital/

भनी **सोत्थिभाव**को मुख्य अर्थलाई *अर्थकथा*मा भनी जोडेर व्याख्या गरिराखिएको हो । **'सोत्थिनो भावो सोत्थानं'** भाव-य् आन प्रत्यय चिन्तन गरिएको हो ।

### उत्तम मङ्गल

दृष्ट मङ्गल आदि वास्तविक धर्मलाई नजान्नेहरूको कल्पना अनुसार उत्पन्न भएको धारणा मात्र भयो; ती धारणाहरू साररहित हुनाले नै एकजनाको धारणालाई अर्कोले स्वीकार गर्न नसकिरहेको थियो । भगवान् बुद्धले मङ्गल उपदेश दिनुभएको बेलामा भने ती मङ्गललाई होइन, मिल्दैन भनी विरोध गर्ने, अस्वीकार गरेर फाल्नेहरू एकजना पनि निस्केन । सबै नै असल धर्मको रूपमा स्वीकार गर्नुपर्‍यो । आजभोली बुद्धानुयायी नभएका अन्य धर्मावलम्बीहरूले समेत यी मङ्गल कार्यलाई असल भनी स्वीकार गर्नैपर्ने छन् । सो देवपुत्रले त उक्त युगमा देव मनुष्यहरूबाट धारणा बनाइराखिएका मंगलहरूलाई स्वीकारयोग्य भएको उत्तम मंगल होइनन् भनी राम्ररी बुझेका थिए । त्यसैले धेरैले धारणा बनाइराखिएका मंगलले अरु विशिष्ट उत्तम मङ्गल देशना गर्नुहुनको निम्ति **'ब्रूहि मङ्गलमुत्तमं'** भनी निवेदन गरेका हुन् ।

**१४) असेवना च बालानं; पण्डितानञ्च सेवना ।**

**पूजा च पूजनेय्यानं; एतं मङ्गल'मुत्तमं ।**

१४) **देवपुत्त**=हे देवपुत्र; **बालानं**=बाल मूर्खहरूको; **या असेवना च**=जुन संगत नगर्नु; **पण्डितानं**= प्रज्ञावान् सत्पुरुषहरूको; **या सेवना च**=जुन सत्संगत गर्नु र; **पूजनेय्यानं=**पूजनीयहरूलाई; **या पूजा च**=जुन पूजा गर्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनवटा धर्म; **उत्तमं**=उत्तम; **मङ्गलं**=मङ्गल हुन् ।

### भावार्थ

हे देवपुत्र, मूर्खहरूको संगत गर्नबाट पछि हटेर बस्नु; प्रज्ञावान सत्पुरुषहरूको सत्संगत र सेवन गर्नु अनि पूजनीयहरूलाई पूजा गर्नु; यी तीनवटा उत्तम मङ्गल हुन् ।

### तीनवटा मङ्गल

यो **'असेवना च'** आदि पाठ बुद्ध-भाषित हो । देवपुत्रको निवेदन अनुसार सबभन्दा राम्रो मङ्गल बताउन लाग्नुभएकोले सर्वप्रथम **'असेवना च'** आदि द्वारा तीनवटा मङ्गल बताउनुभएको हो ।

### बाल मूर्ख

बाल मूर्ख भनी जान्नसकिने संकेत लक्षणहरू- खराब विचार गर्नु; खराब वचन बोल्नु; खराब काम गर्नु नै हो । यी तीनवटा लक्षण भएका व्यक्ति उच्चकुलीन नै भएपनि, धन सम्पत्ति सम्पन्न भए पनि, अधिकारी नै भएपनि, जस्तो सुकै भएपनि, **बाल** (=मूर्ख) नै हो । त्यस्ता व्यक्तिहरूले यस लोकमा विभिन्न भय अन्तरायबाट मुक्त भएर, सुखशान्तिपूर्वक बस्नु, यशकीर्ति फैलाइ बस्नु; धेरैका मन पर्ने भई गौरव प्राप्त गरी बस्नु, परिषदमा डराउनु नपर्ने भई शुरवीर हुनु आदि राम्रा फलहरूले सम्पन्न भई बस्नसक्दैन । ऊ यस जन्ममा उच्चश्रेणीमा पुगेका भए पनि परलोकमा त सुगति भूमिमा सुख अनुभव गर्न पाउँदैन । त्यसैले फल दुईलाई नाश गर्ने भनी बालको अर्थ व्याख्या गरिएको छ । **(द्वे अत्थे लुनन्ती'ति बाला ।-द्वे अत्थे**=दुवै फललाई, **लुनन्ति**=नाश गर्छ; **इति=**त्यसैले; **बाला=**बाल भन्दछन् ।)

यस्ता संकेत लक्षण भएका व्यक्तिले यो जन्ममा नै दोष दण्ड खप्नुपर्ने भय अन्तराय धेरै हुने, यश कीर्ति हीन हुने, मनुष्यहरूबाट निन्दित हुनुपर्ने आदि खराब फल तथा निरर्थकता मात्र प्राप्त गर्छन् ।



Downloaded from http://dhamma.digital/

परलोकमा मूर्खहरू जानुपर्ने बाटोले सिधा अपाय लोकमा पुऱ्याउँछ । त्यसैले दुईथरीका अनर्थ हासिल गर्ने सत्व भनेर पनि अर्थ गरिएका छन् । **(द्वे अनत्थे लान्ती'ति बाला ।-द्वे अनत्थे=**दुइ अनर्थहरूलाई; **लान्ति=** हासिल गर्ने हुन्छन्; **इति**=त्यसैले; **बाला**=बाल भनिन्छन् ।) त्यस्ता व्यक्ति जति सुकै जान्ने-सुन्ने भए पनि बुद्धि भएअनुसार, जाने अनुसार असल खराबलाई आचरण गर्ने, विरमण गर्ने नगरिकन भुलेर आचरण गर्ने भई बुद्धिले बाँचेको होइन; श्वास फेरेर मात्र बाँचिरहेको व्यक्ति हो, भनेर पनि व्याख्या गरिएको छ । **बलन्ती'ति बाला** ।- **बलन्ति=** (प्रज्ञा बिना) श्वास फेर्नाले मात्र बाँचिरहेकाहरू हुन्; **इति=**त्यसैले; **बाला**= बाल भनिन्छ ।

### प्रज्ञावान्

असल विषयको विचार गर्नु, असल कुरा गर्नु, असल काम गर्नु यी तीनवटा प्रज्ञावान् भनी जान्नलाई संकेत लक्षण हुन् । यी तीन लक्षण प्रकट भएका व्यक्तिले उपरोक्त दुवै फललाई प्राप्त गरिलिनसक्ने भएकोले तथागतले यस जन्मको फल, पछिको जन्मका फल दुवैलाई हासिल गर्ने हुनाले **'पण्डित**-प्रज्ञावान' भनी भन्नुपर्ने कुरा तथागतबाट आज्ञा गरिराख्नुभएको हो । साहित्यका साथै अरु विभिन्न शिल्प विद्या जानेको व्यक्तिलाई आफ्नो ठाउँमा केही कारणबस पण्डित भन्ने गरिए पनि उक्त व्यक्तिसँग उपरोक्त तीन लक्षणहरू छैनन् भने **'पण्डितानञ्च सेवना'** अनुसार **पण्डित** भन्न सुहाउँदैन । विशिष्ट रूपले शिल्पविद्या जानेन भने पनि असल, खराब भनी जानी बुझी त्यस अनुसार आचरण गर्ने सत्पुरुषलाई मात्र **पण्डित** हो भन्ने मनसाय हो । यदि शिल्प विद्याले पनि पूर्ण भई आचरण पनि राम्रो भयो भने त उक्त व्यक्ति **पण्डित** शब्दअनुसार पूर्णरूपले परिपूर्ण भएको अर्थ धारण गरिरहेको हुनाले साँच्चै नै आधार भरोसा लिन लायक व्यक्ति भए । उपरोक्त स्वभावहरू अनुसार पण्डितलाई वर्तमान र भविष्य दुइटा परिणाममा ज्ञान गति मुताविक गइरहने हुन् भनी अर्थ उल्लेख गरिराखिएको छ । **(पण्डन्ती'ति पण्डिता । पण्डन्ति**=दुई परिणाममा ज्ञानगतिद्वारा जाने हुन्; त्यहाँ पुग्ने हुन्; **इति**=त्यसो हुनाले; पण्डिता=पण्डित भनिन्छ ।

दुइटा फललाई जान्ने ज्ञानक्रम भएका हुनाले राम्ररी उत्पन्न भइरहेको ज्ञान भएका भनेर पनि उल्लेख गरिराखिएको छ । **(सञ्जाता पण्डा एतेसन्ति पण्डिता । एतेसं**=यस व्यक्तिसँग; **सञ्जाता** =राम्ररी उत्पन्न भइरहेको; **पण्डा**=प्रज्ञा; **अत्थि**=छन्; **इति**=त्यसैले; **पण्डिता**=पण्डित भन्दछन् ।

### सत्संगत गर्न योग्य, अयोग्य

लोकमा भय उपद्रव अन्तरायहरू मूर्खहरूको  कारणले मात्र उत्पन्न हुन्छन् । पण्डितहरूको कारणले नहुने कुरा तथागतबाट आज्ञा भएको छ । त्यसैले धेरैलाई दुःखदायी भय अन्तराय उब्जाउने मूर्ख, डर मानुपर्ने थर्कमान हुनुपर्ने व्यक्ति नै हो । धेरैजनाको सुख समृद्धि हुने काम मात्र गर्ने सत्पुरुष मनपराउन योग्य हुन्छ । नीति आचार्यहरूले 'विद्याद्वारा सजिएको व्यक्ति भए पनि  दुष्टबाट बच्नुपर्छ । मणि धारण गरेको सर्पले डस्दैन भन्ने हुन्छ र ?' भनी भनिराखेका छन् । आगो लागेको घरमा, आगोले घरलाई जलाई, त्यसै घरको सहारामा बस्ने मानिसहरूलाई पनि आगोले जलाउने जस्तै नै बाल मूर्खले आफ्नो गलत दृष्टि, गलत कार्यद्वारा आफूलाई पनि विनाश पारेर आफ्ना अनुयायी मानिसहरूलाई पनि हानी र विनाश पार्दछ । भय-उपद्रव उत्पन्न भई आउने बेलामा असल संरक्षक आरक्षकले जस्तै; अन्धकारमा प्रकाश दिने बत्ती झैं यथार्थ र उचित क्रियाकलाप, वाद दृष्टि भएका पण्डितहरू त आफूलाई र आफ्नो भरोसा लिई बसेकाहरूलाई पनि भय अन्तरायबाट मुक्त गरी सुख दिने गर्दछन् । त्यसैले 'आफूभन्दा श्रेष्ठ, वा आफू समान व्यक्ति प्राप्त गर्न सकिएन भने आफू एक्लैले मात्र आचरण गर्नुपर्छ । किनभने मूर्खसँग मित्रता हुनुले असल गुणांगहरूको अभाव भएकोले नै हो' भनी भगवान्‌बाट देशना भएको *धम्मपद*को *बालवग्ग*मा उल्लेख भएको छ ।



Downloaded from http://dhamma.digital/

## पारस्परिक धातु स्वभाव मिल्नेहरू

'सत्वहरू परस्पर धातुस्वभाव मिल्नेहरूसँग मिलेर बस्दछन्' भनी तथागतबाट आज्ञा भएको *धातुसंयुत्त*मा उल्लेख छ। श्रद्धा नभएका परस्पर; श्रद्धा भएका परस्पर मिलिजुली हुन्छन्। त्यस्तै नै प्रज्ञाहीन, प्रज्ञावान्, अल्सी, उत्साही, अकुशलदेखि लाज मान्ने, अकुशलदेखि लाज नमान्ने, डरपोक, निडर पनि परस्पर मात्र सत्संगत गरी मिलिजुली हुन्छन्।

धातु भनेको मनसाय, आन्तरिक चरित्र मनोभाव नै हो। उक्त धातु एक अर्कामा सर्ने स्वभाव रहेकोले र एक-अर्कामा मिलिजुलि गर्नको लागि सिर्जना गरिदिने प्राथमिक स्वभाव एउटै किसिमको भएकोले त्यसलाई अध्यासय धातु भन्दछन्।

आयुष्मान सारिपुत्र अत्यधिक प्रज्ञावान् भएकाले वहाँका शिष्यहरू सबै प्रज्ञावान् नै हुनुहुन्थ्यो। ऋद्धिवान आयुष्मान मौद्गल्यायनका शिष्यहरू भने सबै ऋद्धि क्षेत्रमा दक्ष हुनुहुन्थ्यो। तेह्रवटा घुतांगधारी आयुष्मान महाकाश्यप र शिष्यहरू सबैजना पूर्णधुतांगधारीहरू नै हुनुहुन्थ्यो। इत्यादि रुपले राम्रो क्षेत्रमा धातुहरू मिल्नेहरू परस्पर जोडिएर बस्नपुगे जस्तै नराम्रा पक्षमा पनि आयुष्मान देवदत्तका शिष्यहरू सबै पूर्णरुपले खराब मनसाय भएका थिए। मेत्तिय भूमजक र अस्सजि, पुनब्बसुक भन्ने छ वर्गीय भिक्षुहरूका समूहहरू भने सबै नै पूर्ण दुःशीलहरू थिए। धातु स्वभाव सर्ने, मिल्ने हुनाले छोरा-छोरीहरू, शिष्य शिष्याहरू दक्ष र असल हुने विषयमा आमा-बाबु, गुरु, आचार्यहरू सत्पुरुष हुनु र छरछिमेकी, साथी भाइहरू सुशिक्षित भएकाहरू हुनु अत्यावश्यक छ। यदि मजबूरीबस मूर्ख आमा-बाबुहरू, गुरुआचार्यहरूसँग संयोग भइरहनुपऱ्यो भने पनि मूर्खहरूसँग संयोग भइरहनुपर्ने किन नहोस् धातुस्वभाव नसर्ने गरी विशेष होश गर्नु योग्य छ। असल धातु स्वभाव सर्न धेरै बेर लागे पनि खराब धातु स्वभाव भने चाँडै तुरन्तै सर्न सक्दछ। तथागतले 'हीनसँग संगत गरेमा आफू पनि हीन हुन्छ; समानसँग संगत गरेमा हानी हुँदैन; उच्च श्रेष्ठसँग संगत गरे भने चाँडै उन्नति र श्रेष्ठ हुन्छ' भनी भगवान्ले आज्ञा गर्नुभयो। (*अंगुत्तर प. सेवितब्ब सुत्त १२३*।)

आयुष्मान आनन्दले असल साथी कल्याणमित्र मार्ग भनेको ब्रह्मचर्यका लागि आधा भन्दा पनि हुने गरी महत्वपूर्ण भएको कुरा निवेदन गरेको अवस्थामा 'आनन्द, त्यस्तो नभन्नू' भनी दुइपल्टसम्म रोकेर कल्याणमित्र भनेका ब्रह्मचर्यको निम्ति सम्पूर्ण नै हो भनी भन्नुपर्ने गरी महत्वपूर्ण भएको कुरा आज्ञा भयो। (*कोसल संयुत्त कल्याणमित्त सुत्त ८८ ।*)

## अकित्ति ऋषिको प्रार्थना

बोधिसत्व अकित्ति पण्डितलाई शक्र देवेन्द्रले चाहेको वरदान माग्नको निम्ति निवेदन गर्दा 'मूर्खलाई हेर्न नपरोस्; संगत गर्न नपरोस्; मूर्खसँग कुरा गर्न नपरोस्' भन्ने वरदान मागे। के कारणले मूर्खलाई हेर्न नचाहेको, संगत गर्न नचाहेको नि ? भनी सोध्दा सो ऋषिले जवाफ दिएको ढंग कस्तो हो भने 'मूर्खले सही पद्धति नभएको, बाङ्गो बाटोलाई आचरणलाई सही पद्धति, सही मार्ग भनी धारण गरिरहन्छ, आचरण गरिबस्छ। गर्न अयोग्य अभिभारमा प्रेरणा दिन्छ। खराब पद्धतिहरू उसको लागि उसलाई राम्रो लाग्दछ। कारण कार्य सहि रुपले बताउँदा रिसाउँछ। आचरण गर्नुपर्ने विनयलाई बुझ्दैन, आचरण गर्दैन। त्यस्ता मूर्खलाई हेर्न नपरेको र नभेटिनु नै बेस।' भन्ने थियो।

फेरि प्रार्थना गरेको ढंग कस्तो हो भने 'पण्डितलाई मात्र देख्न चाहन्छु, संगत गर्न चाहन्छु, पण्डितसँग मात्र कुरा गर्न चाहन्छु।' भनेका थिए। कारण सोध्दा 'पण्डितले यथार्थ पद्धति, सही मार्गको आचरण गर्न जान्दछ, गर्न अनुचित अभिभारमा प्रेरणा दिन खोज्दैन। सही पद्धति मात्र पण्डितका निम्ति



Downloaded from http://dhamma.digital/

श्रेष्ठ उत्तम हुन्छ ।, कारण कार्य सही रूपमा देखाई बोल्दा रिसाउँदैन । विनय नियम बुझ्दछन्, आचरण गर्न जान्दछन् । त्यस्ता पण्डितसँग संगत गर्नु राम्रो हुन्छ, बेस हुन्छ ।' भनी उत्तर दिए । (*जातक पालि प. अकित्ति २६६*)

## सत्तिगुम्ब

मूर्खहरु र विद्वानहरुसँग संगत गर्न पाउँदा तिरश्चीन पशु-पंक्षीहरू समेत मूर्ख र पण्डितमा फरक रहेको ढंग देखाउनको लागि *वीसतिनिपात सत्तिगुम्ब जातक* उल्लेख गरी देखाउनेछु । धेरै धेरै पहिले एउटा घना जंगलको सिम्बली वनमा सुगाहरू बसिरहेकोमा एकदिन तीब्र चलेको बतास (हुरी) ले भरखर भरखर प्वाँख उम्रनथालेका दुईटा सुगा दाजुभाइलाई दुइतिर उडाएर लग्यो । एकजना ऋषि आश्रममा फुलबोटको बीचमा खसेकोलाई पुप्फक नाम राखेर ऋषिहरुले पालेर राखे । अर्को भने चोर डाँकाहरूको गाउँमा शस्त्र अस्त्रको बिचमा खसेकोलाई चोरहरूले सत्तिगुम्ब भन्ने नाम राखेर पालेर राखे ।

पञ्चाल राजा वनविहारका निम्ति निस्कँदा बाटो नाघेर चोरहरूका गाउँको नजिक भिरालोनिर पुग्दा रथका सारथिसँगै रथबाट ओर्लेर नुहाइधुवाइ गरिसकेपछि विश्राम लिइरहँदा निदाइरहे । चोरहरू पनि राजा भनी चाल पाएर छलेर बसिरहँदा सो गाउँमा त्यही सुगा र एकजना पाले मात्र बाँकी रह्यो । सत्तिगुम्बले पालेलाई राजालाई मारेर बस्त्र अलंकारहरु फुकाली लिई रुखका पातले छोपिराख्न विचार ( सल्लाह) दिंदा राजा भएकालाई त्यसो गर्न नहुने कुरा पाले बसेकाले भने । सत्तिगुम्बलाई चित्त बुझेन । 'तपाँईले पहिले लापरवाही छाँटले मर्मुरिएर बसी हाम्री आमा (चोरनाइकेकी पत्नी) वस्त्र नपाएर रुख पात गाँसेर लुगा लगाउनुपरेको बेलामा मात्र चोरीलाई घृणा गरेको हो कि ?' भनी गाली गऱ्यो । पातलो निन्द्रामा रहेका राजाले त्यो कुरा सुन्दा 'यो ठाउँ त भय उपद्रवरहित छैन रहेछ' भनी सारथिलाई छिटो-छिटो रथमा घोडा जोत्न लगाई रथ हाँक्न लगाए । सत्तिगुम्ब एउटा रुखबाट अर्को रुखमा उड्दै 'चोरहरू कहाँ छन् हाँ; पञ्चालराजा गइसके; धनुष, वाण, भाला उठाऊ; पञ्चालराजाको प्राण छोड्नहुन्न; भन्दै निरन्तर चिच्याई प्रेरणा दिइरह्यो । यसरी राजा त्यहाँबाट ऋषि आश्रममा पुग्दा त मनमा नचिताएको दृष्य देखे ।

## पुप्फक सुगा

ऋषि आश्रममा झरेको पुप्फक सुगाले राजालाई देख्नासाथ नरम र मधुर स्वरमा कुशलवार्ता गरी स्वागत गर्न आयो । 'महाराज ! हजुर यहाँ सवारी भएको साह्रै राम्रो भयो । हजुरलाई चाहिएको आज्ञा होस् । यी फलफूलहरूमध्ये राम्रा राम्रा छानी सेवन गर्नुहोस् । पर्वतको खोँचबाट उघाइल्याएको यो अति चिसो र निर्मल पानी पनि खानुहोस् । उहाँ ऋषिहरू फलफूल खोज्न गइरहनुभएका छन् । मसँग पनि हात नभएकोले हजुरले नै स्वयम् लिएर सेवन गर्नुहोस् ।' भनेको सुगाले स्वागत गर्न आएको ढंग देखेर अति प्रसन्न भएर यस सुगाको धर्म परिपूर्ण भई सुसभ्य र सुशिक्षित भएको स्वभाव र अघि भेटेको सुगाको निर्दयी, दुष्ट र कडा स्वभाव बताए । उक्त अवस्थामा पुप्फक सुगाले 'महाराज, हामी दुवै एउटै आमा-बाबुका सन्तान दाजुभाइ हौं । ऊ सत्तिगुम्ब चोरहरूकहाँ पुग्यो, म ऋषिहरूकहाँ पर्न गएँ । दुष्टहरूकहाँ पुगेको र सत्पुरुषकहाँ पुगेकोले नै हामी दुइजनाका स्वभावमा फरक भएको कारण हो । चोरहरूबाट मार्नु, बाँध्नु, ढाँट्नु, जबरजस्ति गरी लुट्नु जस्ता नराम्रा काम कुरा मात्र सिक्न पाइन्छन् । यस ऋषि आश्रममा त सत्य, सुचरित्र, धर्म, मैत्री, शील, इन्द्रीय-संयम गर्नु जस्ता राम्रा काम कुराहरू मात्र सिक्न पाइन्छ, भनेर बताइसकेपछि राजालाई फेरि उपदेश दियो ।'

## पुप्फक मैनाको उपदेश



Downloaded from http://dhamma.digital/

महाराज, सत्पुरुष, असत्पुरुष, शीलवान् दुःशील जस्ताजस्ताको संगत र सेवन गरिन्छ; उनीहरूकै इच्छा र आकांक्षा अनुसार चल्नु स्वाभाविक कुरा हो । जस्तोलाई साथी बनाइन्छ; शरण गइन्छ, संगत गरिन्छ; उक्त व्यक्ति पनि उनीहरू जस्तै हुन्छ । संगसाथ बास गर्नुमा त्यस्तो स्वभाव हुन्छन् । विष लेपिएको वाणले गर्दा त्यो वाण राखिने वाणधि (ठोक्रो) मा पनि विष लागेझैं सेवन गर्न अयोग्य गुरुको सेवन गर्ने शिष्यमा खराब कर्म लागेर लेपिएर वा घसिएर बस्नुपर्ने हुनाले त्यो लाग्नु, लेपिनुबाट डराउने व्यक्ति खराब साथिको संगतमा लाग्न हुँदैन । कुहेको माछा दूबोघाँसले पोको पारेमा दूबो घाँस पनि कुहेको गन्हाए झैं मूर्ख सेवन गरे भने आफू पनि मूर्ख होइन्छ । चम्पक फूल पातमा पोको पारिए भने पात पनि मगमग बास आउने जस्तै प्रज्ञावानको सेवन गर्नुले पनि त्यस्तै हुन्छ । यसरी पात झैं आफूमा सर्ने कुशल, अकुशल फललाई जानेर मूर्ख र दुष्टदेखि टाढा बसी प्रज्ञावानको मात्र सत्संगत गर्नु उचित छ । दुष्ट र मूर्खहरू नर्कगामी हुने भएकोले सत्पुरुषहरू सुगतिगामी हुन्छन् । (*जातक पाली प. सत्तिगुम्ब ३२८*)

यस पुप्फक सुगाको उपदेशमा मूर्खको संगत गर्नाको दोष, प्रज्ञावान, सुशिक्षितको संगत गर्नाको फललाई राम्ररी पूर्ण हुने गरी उल्लेख गरिराखेको हुनाले प्रसन्न हुनलायक छ । उक्त उपदेशलाई गौरव राख्ने हिसाबले आफ्नो सुख समृद्धिको कामना गर्ने सबैले मूर्खबाट टाढा भई पण्डितको संगत गर्न योग्य छ ।

**मङ्गल**

अरुहरूलाई दुःख हुने कारण सृजना गर्ने व्यक्ति मूर्ख हुन्छ, यो जन्ममा र पछिको जन्ममा पनि अनर्थ हुने भएकोले, मूर्खको संगत गर्नु अमंगल मात्र भई सो मूर्खलाई विरमण (अलग हुने) गर्दा विभिन्न अनर्थबाट मुक्त भई सुख हुने कारण भएकोले मङ्गल हो । सत्पुरुषको संगत गर्ने व्यक्ति आफू पनि सत्पुरुष हुनपाएकोले यो जन्ममा पनि र अर्को जन्ममा पनि भय रहित, उपद्रव रहित भई सुखद् फलको अनुभव गर्न पाइने भएकोले पण्डितको सेवन गर्नु असल मङ्गल हो । मूर्खको संगत गर्ने, पण्डितको संगत नगर्ने व्यक्तिमा बताउन लागेको मङ्गलहरूमध्ये कुनै पनि मङ्गल पूर्ण हुन सक्दैन । यी दुइटा मङ्गल सबै मङ्गलहरूको पृष्ठभूमि भएकोले भगवान्‌ले पहिले बताउनुभएको हो ।

## पूजनीय व्यक्तित्व

[**पूजनं अरहन्ती'ति पूजनेय्यो ।-पूजनं**=पूजा गर्नलाई; **अरहन्ति**=योग्य छ; **इति**=त्यसैले **पूजनेय्यो=**पुजनेय्य भन्दछन् । **'पूजना'** पदको पछाडि **'अरहन्ति'** अर्थमा **'णेय्य'** प्रत्यय लागू गर्नुपर्छ । **पूजनीय** भन्ने प्रयोग पनि छ । **'अनीय'** प्रत्ययद्वारा सिद्ध हुन्छ । **'अरह'** अर्थमा लागू हुने अनीय प्रत्यय भएर पूजा गर्न लायकहरू भन्ने नै अर्थ रहेको छ ।]

**दक्खिणेय्य=**उत्तम दान ग्रहण गर्न योग्य व्यक्ति भन्दा दान दातालाई ठूलो फल पाइनेछ । दान दातालाई महत्फल पाइने गरी दानग्राहकमा गुणहरू रहेका छन् भन्ने अभिप्राय रहे झैं पूजा गर्न योग्य व्यक्ति भन्दा पनि पूजा गर्नेले फल अनुभव गर्न पाइनेछ । पूजा गर्नेहरूले फल अनुभव गर्न पाउने गरी पूजा गरिने उक्त व्यक्तिसँग गुणहरू रहेका छन् भन्ने नै अभिप्राय छ । ती पूजा गर्नयोग्य त्रिरत्न, आमा-बाबु, गुरु-आचार्य, दाजु, दिदी, काका-काकी, मामा-माइजु, फुपु-फुपाजू आदि आफन्तहरूमा जेठा ससुरा, सासु, श्रीमान आदि हुन् । त्रिरत्नमा क्लेशमुक्त भई परिशुद्ध हुनु आदि पूजा गर्न योग्य गुणहरू पाइने जस्तै आमा-बा, गुरु आचार्यहरूमा पनि वयोवृद्ध गुण, उपकार गुणहरू रहेका छन् । आमा बाबुका उपकार गुण



Downloaded from http://dhamma.digital/

विशेष त भनिरहनु पर्दैन; धेरै विशाल छ । अरु दाजु, दिदी आदि हरूले पनि आफूलाई रेखदेख, लालन-पालन गर्ने, खानपिन गराउने, सम्झाइ-बुझाइ गरी बाटो देखाउने गरिरहने उपकारक नै हुन् ।

## पूजा गर्नुको फल

पूजा गर्न योग्यहरूलाई पूजा गर्नाको कारणले वर्तमान दृष्टान्त जीवनमा दीर्घायु हुनु आदि फलहरू र भावी जीवनमा सुगतिभूमिमा पुग्न पाउनु जस्ता फलहरू प्राप्त हुनसक्छन् । अवश्य हो, *चक्कवत्ति सुत्त*मा-आमा-बाबुको सेवा गर्नेहरू,आफन्तहरूमा जेष्ठ ठूला-बडाको पूजा सत्कार र गौरव राख्नेहरूलाई आयु, वर्ण, सुख, बल र प्रज्ञा यी ५ पाँच तत्वको अभिवृद्धि हुने कुरा बताउनुभएको छ । पूजनीयहरूको पूजा गर्ने युगमा कनिष्ठहरूको चेतना, मैत्री, ठूलाहरूको मैत्री, करुणा, धातुको प्रभाव वृद्धि हुने गर्दछ । ती धातुहरूले बाहिरिक स्थितिलाई पनि प्रभावित गर्नु स्वभाविक हुनाले ऋतु-मौसम अनुकूल नियमित हुनु, हावापानी स्वभाविक हुनुले खेती, बालीनाली सप्रेर खाद्यपदार्थमा ओजा शक्ति पूर्ण हुने गर्दछ । त्यसबाट त्यस युगका मानिसहरू निरोगी हुने भएकोले दीर्घायु हुन्छन् । रूप-लावण्य राम्रा हुन्छन् । शरीर र मन दुवै सुखी हुन्छन् । बलशक्तिले सम्पन्न हुन्छन् । शरीर र मन दुवै सुखी निरोगी हुनाले प्रज्ञा पनि वृद्धि हुन्छन् । त्यसैले पूजनीयहरूलाई पूजा गर्नु विश्वका मानव जातिहरूको वृद्धि समृद्धिको एउटा कारण हुनाले मङ्गल भन्नुपर्दछ ।

## पूजाको स्वरूप

**'पूजा'** को स्वरूप अनुसार **आमिस पूजा** (= भौतिक वस्तुद्वारा गरिने पूजा) र **प्रतिपत्ति पूजा** ( **=**आचरणद्वारा पूजा गर्नु) भनी दुई थरी छन् । पटिपत्तिपूजालाई **'धम्म पूजा'** पनि भन्नुपर्छ । **पूजाति सक्कारगरुकार मानन वन्दना**=पूजा भनेको सत्कार गर्नु, गौरव गर्नु, मान राख्नु, वन्दना गर्नु हो भनी *अर्थकथा*मा उल्लेख गरिएको छ । भोजन, खाने-पिउने, फूल, जल, बत्ती आदि आमिसद्वारा पूजा गर्नु पनि सत्कार गर्नु, गौरव गर्नु मान गर्नु नै हो । आचरण प्रतिपत्तिलाई आचरण गर्नु पनि तथागत आदिहरूप्रति सत्कार गर्नु, गौरव गर्नु, मानगर्नु नै हो । गुरु आचार्य, आमा-बाबुहरूको अववाद उपदेश नसुन्ने आचार्य आमाबाबुहरूलाई मान गर्ने ठहर्दैन । अववाद उपदेश अनुसार भनेको मान्ने मात्र गुरु आचार्य आमा-बाबुप्रति सत्कार गर्ने, गौरव राख्ने, मान राख्ने हुन्छ । त्यस्तै नै तथागतका अववाद उपदेश प्रतिपत्तिलाई पालन गरी आचरण गर्ने, तथागतलाई सत्कार गर्ने, गौरब राख्ने, मान  राख्ने भई पूजा गर्नु नै हो । यहाँ **'वन्दना'** भनेको हात शिरमा बिसाई नमस्कार गर्नु, नमस्कार भनी वचन प्रकट गर्नु मात्र होइन, प्रतिपत्ति 'पूजा' लाई पनि '**वन्दना'** नै भनुपर्छ । **'वन्दना'** भनेको **गुण भिन्नता** (= गुणमा नतमस्तक हुने भएकोले आचरणलाई आचरण गर्ने व्यक्ति बुद्ध-गुणमा नुहेको नै भयो । गुणमा ननुहेकोले धर्मलाई कहिले आचरण गर्ला र ? त्यसैले धर्म आचरण गर्नु बुद्धवन्दना गर्नु एउटै कुरो हो भन्नुपर्छ ।

*गोतमी थेरीगाथा* - मा 'नित्य उद्योग र प्रयत्न पूर्वक अभ्यास गरिरहेका दृष्टि तथा शील समान भएका श्रावक बुद्धहरूलाई देख्न-हेर्न पाउँदा यो दर्शन बुद्धहरूको वन्दना नै हुन्छ' भनिएको छ । सम्यकसम्बुद्ध, श्रावक बुद्धहरूको लोकुत्तर धर्मलाई साक्षात्कार गरी थाहापायो भने ती बुद्धहरूका धर्मगुणमा नुहेको हुनाले वन्दना हुन्छ भन्ने भावलाई *अर्थकथा* अनुसार जान्न सकिन्छ । यस तथ्यद्वारा मार्गफल लाभ हुनु, निर्वाणलाई दृष्टान्त देख्नु वन्दना मध्यमा सर्वोत्तम वन्दना भनी जान्न सकिन्छ ।

## उत्तम पूजा

परिनिर्वाण हुने शय्यामा लेटिरहनुभएका बुद्ध तथागतले उक्त अवस्थामा देव ब्रह्माहरूबाट अतिशय रूपमा गरिएको पूजाढंग देख्नुहुँदा आयुष्मान आनन्दलाई 'आनन्द, म तथागतलाई यति पूजा गर्दैमा पूजा



Downloaded from http://dhamma.digital/

गरेको ठहर्दैन, लोकुत्तर धर्म नौवटा लाभका कारण रहेको उत्तम धर्मलाई आचरण गर्नुद्वारा पूजा गरे मात्र सर्वोत्तम पूजा गरेको हुन्छ' भनी बताउनुभयो । (*दी. २-११४*)

कहिले काहीं तथागतले एकथुँगो फूल मात्र दानलाई पनि अति अति प्रशंसा गरी बताउनुभयो । अहिले भव्य र विशाल रूपमा गरिएको पूजालाई पनि निम्नस्तरको भन्नुभएकोमा शासनको भविष्यको निम्ति रहेछ । चीजवस्तुहरू, विहार, पुष्करणीहरू जति नै दान गरे पनि तिनमा शासनलाई चिरकालसम्म स्थिर राख्नको लागि सामर्थ्य हुँदैन; आचरण गरेर मार्गफल लाभीहरू निरन्तर वृद्धि भइआएमा मात्र शासन चिरस्थायी भइ स्थिर भइरहनसक्छ । त्यसैले अनागत कालमा शासन चिरस्थायी बनाउनको निम्ति उद्योग गराउने मनशायले धर्म-पूजालाई यतिसम्म प्रशंसा गरी उच्च पारी बताउनुभएको हो ।

### बुद्धका प्रशंसा पात्रहरू

'तथागत चार महिनापछि परिनिर्वाण हुनलाग्नुभएको छ' भनी थाहापाउँदा धेरै भिक्षुहरू शोक-परिदेव गरिरहे । उनीहरू कसरी, के गर्नुपर्ला भनी विचार गरी छलफल गरी बुद्धको समीपबाट टाढा जानै सकेनन् । अत्तदत्थ, तिस्स, धम्मारामो- तीनजना भिक्षुहरू भने ' तथागत परिनिर्वाण हुनलाग्नुभयो; हामीमा पनि आश्रव-क्षय भएको छैन; तथागत अस्तंगत नहुँदै आश्रवक्षय हुनेगरी उद्योग गर्नुपर्ला' भनी अलग-अलग छुट्टिएर भावना धर्ममा मात्र उद्योग र अभ्यास गरिरहे । भिक्षुहरूले ती भिक्षुहरूले तथागतलाई वास्ता गरेनन्, हेरविचार गरेनन् भनी बिन्ती गर्दा तथागतले उनीहरूलाई बोलाई सोध्नुहुँदा कारण थाहाभएपछि प्रशंसा गर्नुभयो । 'म तथागतलाई आमिसपूजाद्वारा पूजा गर्दैमा म तथागतप्रति स्नेह गरेको हुँदैन । धर्मपूजाद्वारा पूजा गरेमा मात्र म तथागतप्रति स्नेह गरेको हुन्छ' भनी आज्ञा गर्नुभएको कुरो *धम्मपद अट्ठकथा* मा उल्लेख रहेको छ । त्यसैले आफ्नो शासन चिरस्थायी गर्नको लागि, आफ्ना शिष्य श्रावकहरू सुखी समृद्ध गर्नलाई तथागतले मन पराउनुभएको धर्मपूजा भन्ने सर्वोत्तम पूजाद्वारा पूजा गरी बुद्ध श्रावकहरू साँच्चैको बुद्धशासनिक हुनसक्नलाई उद्योग गर्नुपर्‍यो । (*धम्मपद ट्ठ. २-१०२-१७३-६६४*)

**१५) पतिरूपदेसवासो च, पुब्बे च कतपुञ्ञता ।**

**अत्तमसम्मापणिधि च, एतं मङ्गल मुत्तमं ।**

१५) **देवपुत्त**=भो देवपुत्र; **यो पतिरूपदेसवासो च**=जुन योग्य अनुकूल भएको देशमा वास गर्नु; **पुब्बे=**पहिले पहिलेका जन्ममा; **या कतपुञ्ञता च**=जुन गरिआएको पुण्य रहेको भाव र; **यो अत्तसम्मापणिधि च=**जुन शरीर र मन दुवैलाई ठीकसँग लगाउनु; **अत्थि**=रहेका छन्; **एतं**=यी तीनैवटा धर्म; **उत्तमं**=उत्तम किसिमको; **मङ्गल**=मङ्गल हुन् ।

### भावार्थ

भो देवपुत्र, अनुकूल देशमा बास गर्नु; पहिले पहिलेका जन्ममा गरिएको पुण्य हुनु; शरीर र मन दुबैलाई स्थीर बनाउनु; यी तीनवटा उत्तम मङ्गल हुन् ।

### अनुकूल देश

आफ्नो अर्थ परिहानी हुने ठाउँ; अनर्थ गर्ने ठाउँहरू बास गर्नलायक अनुकूल देश होइन । अर्थ, हित विकास हुने ठाउँ, उन्नति वृद्धि हुनसक्ने ठाउँ मात्र बस्नलायक बस्नयोग्य अनुकूल देश हुन्छ । बुद्ध-शासन विकास भइरहेको समयमा प्रत्येक व्यक्तिहरूको निम्ति सर्वश्रेष्ठ भएको वास्तविक हित र अर्थ मार्ग, फल र निर्वाण नै हो । मार्ग, फल र निर्वाणसम्म पनि लाभ गर्दैन; लाभ नभए पनि उक्त मार्ग, फल र



Downloaded from http://dhamma.digital/

निर्वाणमा पुग्ने कारण पुण्यकर्म नै हो । त्यसैले सर्वश्रेष्ठ फल अभिवृद्धि हुनसक्ने देश वा ठाउँलाई मात्र **पतिरूप** को रुपमा *अर्थकथा*मा नियमित गरी देखाइ राखिएको छ । उक्त देशहरू त चार परिषद प्रकटरूपमा भएको देश, पुण्य क्रिया वस्तु कुशल कर्म गर्न सकिने देश, शासन वृद्धि भइरहेको देश र मध्यम देश आदिहरू हुन् ।

## लौकिक हितार्थ

उपरोक्त *अर्थकथा* अनुसार **पतिरूप-देश** धार्मिक अवस्थालाई महत्व दिई व्याख्या गरिराखेको हो । लौकिक हितको निम्ति पनि पतिरूप छ, वा छैन; रोज्नु, परिक्षण गर्नु बाकी छ । आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख शान्ति, मनोरमता आदिमा उपयुक्त भए, नभएको देश पनि रहेको हुनाले अवस्था हेरी हेरी बास गर्न उचित भएका वा नभएका देशहरू रहेकै छन् । आफ्नो कामधामसँग अनुकूल नभएको देश आर्थिकको निम्ति अनुकूल नभएको देश भयो । स्कूल नभएको, गुरूहरू नभएको देश भएमा शैक्षिक अवस्थाको निम्ति बस्न अयोग्य देश भयो । ॠतु-मौसम गतिलो नहुनु, डाक्टर-वैद्य अभाव हुनु आदि कुराहरू स्वास्थ्यको निम्ति बस्न अनुपयुक्त देशहरू पनि छन् । चोर, डाँका बदमासहरू धेरै भएको ठाउँ सुख-शान्ति मनोरमता अभाव हुनसक्ने भएकोले बस्नु अनुपयुक्त छ । त्यसैले शासन उन्नति भई शिक्षा, सम्पत्ति स्वास्थ्य आदि परिहानी नभएको विकास वृद्धि समृद्धि हुनसक्ने देश पतिरूप देश हुन्छ ।

## नीतिको भनाई

नीतिकारहरूले 'जुन ठाउँमा मानसम्मान गर्नेहरू छैनन्; जीविकोपार्जनको निम्ति कामधन्दा छैन, आफन्त इष्टमित्रहरू छैनन्, शिक्षा लाभ हुँदैन, त्यो देशलाई त्याग गर्नुपर्छ' भनी भनिराखेका छन् । 'धनीमानि, वेदज्ञ, राजा, नदी, वैद्य नभएको देशमा बस्नहुन्न' पनि भनिराखेका छन् । फेरि 'जीवन निर्वाहको बाटो, भय लिन जान्नु, लज्जा मान्न जान्नु, बुद्धि विवेक हुनु, दान वा त्याग गर्ने यी पाँचतत्व नभएको देशमा बस्न हुन्न' भनिएको छ । त्यस्तै 'ॠण दिने, बैद्य, वेद जान्ने, पानी भएको नदीनाला यी चारतत्व नभएको देशमा बस्नहुन्न' पनि भनिएका छन् । यी सबैलाई सारांशमा हेरेमा उपरोक्त आर्थिक, शैक्षिक, स्वास्थ्य, सुख सुविधा नभएको देशमा बस्नहुँदैन नै भनेको हो ।

## मङ्गल हुन्छ, हुँदैन

योग्य देशमा बास गर्नु लौकिक र धार्मिक दुवैतिरबाट उन्नति, विकास र अभिवृद्धि हुने भएकोले मङ्गल हो । तर पतिरूप देशमा बसे पनि लाभ हुनपर्ने अर्थ लाभ नभएको व्यक्तिलाई मङ्गल भयो भन्न मिल्दैन । कोही व्यक्ति शासन पनि समुज्वल भएको, लौकिक क्षेत्रमा पनि अनुरुप भएको देशमा बस्न पाएर पनि आफू मूर्ख, बदमास, अल्छी भएकोले लौकिकपक्षमा पनि केही फाइदा पाएन, धार्मिक पक्षमा पनि केही विकास भएन भने उसको लागि नाम मात्र **पतिरूप देसवास** भई मङ्गल भइरहेको छ भन्न त सुहाउँदैन । मङ्गल भनेको असल फल लाभ हुने क्रियाकलापको नाम हो । *अङ्गुत्तर निकाय*मा मार्ग लाभको अवसर नभएको अक्षण ८ वटा बताइएकोमा जस्तै- नर्क, तिरश्चीन, प्रेत, असंज्ञासत्व, जंगली मानिसहरू, मिथ्यादृष्टि, प्रज्ञाहीन र बुद्धोत्पन्न नभएको समय हुन् । तिनमध्ये मिथ्यादृष्टिक, प्रज्ञाहीनहरूमा पतिरूप देशमा नै भए पनि मार्ग लाभ नुहुने भएकोले देश मात्र होइन कि व्यक्ति पनि त्यस्ता अर्थ प्राप्तिको निम्ति पतिरूप भएको नभएको भन्ने तथ्य छँदैछन् ।

**नर्क, तिरश्चीन, प्रेतभव; असंज्ञासत्व र जंगली ।**

**मिथ्यादृष्टि, प्रज्ञाहीन; छैन उत्पन्न बुद्ध पनि ।**



Downloaded from http://dhamma.digital/

**मार्ग लाभको मौका छैन; आठ अक्षणहरू यी भए ।**

## लाभ हुनु पर्दछ

तथागत श्रावस्ती नगरको उत्तर ढोकाको नजिक रहेको गाउँमा भिक्षाटनबाट फर्किंदा भेटिएका एउटा मछुवासँग नाम सोध्नुहुँदा उसले अरिय (आर्य) भनेर उत्तर दियो । त्यसबेला सत्वहरूलाई शास्ति गर्ने अरिय हुननसक्ने कुरा; सत्वहरूलाई सास्ति नगरिकन नमारीकन, दयामाया गर्न जान्नेलाई मात्र अरिय (आर्य) भनिने कुरा बताउनुभएको अवस्थामा त्यो मछुवा अरिय स्रोतापन्न भयो भनी *धम्मपद अट्ठकथा* मा वर्णन गरिएको छ । यहाँ अरियले मछुवा भएर पनि पतिरूप देशमा बस्न पाएकोले भएको लाभलाई विशेषरुपले अनुभव गर्न पायो । *(धम्मपद ट्ठ. २-२५१)*

आयुष्मान देवदत्त र कोही कोही छवर्गी भिक्षुहरू उच्च श्रेणीका भिक्षुहरू भएर पनि मार्गफल लाभ भएनन्, परिहानी सहेर बसेको मात्र नभई आगामी जीवनको निम्ति पनि अनुकूल नहुने गरी दुःख भोग्नुपर्ने बनेर पतिरूप देशमा बसिरहनुको लाभ उनीहरूले अनुभव गर्न सकेनन् । यी तथ्यहरूबाट पतिरूप देशमा उत्पन्न भइरहेकाहरूले आआफूलाई प्राप्त भइरहेको मौकासँग अनुकूल बन्नको लागि उद्योग गर्नको लागि सचेत गरिरहेको छ ।

## पुब्बे कतपुञ्ञता

यस जन्ममा धन सम्पत्ति सम्पन्न हुनु, विद्वान हुनु, रूपलावण्य सुन्दर हुनु, अधिकारयुक्त हुनु, परिवार धेरै हुनु आदि सम्पत्ति (=परिपूर्णता) सबै नै पहिलेका कुशलकर्मले पाइने रहेछन् । यी विषयहरू बाहेक, एकथरी होस् वा धेरैथरी त्यस्ताबाट सम्पन्न व्यक्ति त पुण्यवान नै ठहर्दछन् । दुःखी-दरिद्र हुनु, बुद्धिहीन मूर्ख हुनु, रूप लावण्य नराम्रो हुनु, अर्काका नोकर-दास हुनु आदि पुण्यकर्म हीन भएको शोभाहीन कर्महरू हुन् । उपरोक्त सम्पत्तिहरू साँच्चै नै श्रीशोभा नै भएकाले उक्त सम्पत्तिका मालिक रहेका व्यक्तिहरू श्रीशोभायुक्त व्यक्ति भएर बस्न पाउँछन् । यहाँ **'श्री'** केलाई भनेको हो भनी बताउने अवसर आयो ।

## सिरी (श्रीशोभा)

'श्रीशोभा' भनेको पाली भाषाको **'सिरी'** भएकोले उक्त सिरी पदलाई **'सिरी'ति पञ्ञा पुञ्ञानं अधिवचनन्'न्ति वदन्ति=**सिरी भनेको प्रज्ञा र पुण्यको नाम हो' भनी आचार्यहरूले व्यक्त गरिराखेका छन्; भनी *मूल टीका*मा उल्लेख गरिराखेको छ । पुण्य भनेकोमा पहिलेको जन्मको पुण्य र यस जन्मको पुण्य दुवैलाई मान्न सकिन्छ । यस जन्ममा नराम्रो बोली वचन, काम र मनोवृत्ति भएका व्यक्ति श्रीशोभा हीन नै भयो । राम्रो काम, कुरा र मनोवृत्ति भएका पुण्यवान व्यक्ति श्रीशोभा युक्त नै भयो । श्रीशोभा मङ्गल भनी जोडेर भन्ने चलन भएकोले यस मङ्गल सूत्रमा उल्लेख भएको मङ्गल युक्त भएका व्यक्ति श्रीशोभायुक्त व्यक्ति नै हो ।

## श्रीको अर्को अर्थ

आचार्यहरूको भनाईमा पुण्य भनेको **कारण वोहार** (= कारण व्यवहार) मात्र हो; **सिरी** भनी मुख्यरूपले ग्रहण गर्नलाई उक्त पुण्यका कारणले उत्पन्न भइआएको सम्पत्तिहरू मात्र हुन् भन्ने धारणा अनुसार सिरि अर्थलाई फेरि अर्को एक तरिकाबाट उल्लेख गरी देखाउन चाहेकोले अथवा **'पुञ्ञनिब्बत्ता सरीरसोभग्गादिसम्पत्ति कतपुञ्ञे निस्सयति, कतपुञ्ञेहि वा निस्सीयतीति सिरीति वुच्चति'** भनी *मूलटीका*मा



Downloaded from http://dhamma.digital/

वर्णन गरिएको छ । - **अथवा**= अर्को तरिकाले; **पुञ्ञनिब्बता**= पुण्यको कारणले उत्पन्न हुने, **सरीरसोभग्गादिसम्पत्ति**=शरीर शोभायमान हुनु आदि सम्पन्नतालाई; **कतपुञ्ञे निस्सयतीति**=पुण्य गरिआएको व्यक्तिको सहारा लिनजान्ने भएकोले, **कतपुञ्ञेहि वा निस्सीयतीति=**अथवा पुण्य गर्नेहरूले सहारा लिनुपर्ने भएकोले, **सिरीति वुच्चति**=सिरी (श्री) भनी भन्नुपर्छ । (*मूल टी १-९*)

यस भनाई अनुसार पहिलेका पुण्यको कारणले उत्पन्न हुने शरीर शोभायमान हुनु, अधिकार प्राप्त हुनु, परिवार धेरै हुनु, सम्पत्ति धेरै हुनु, विद्वान हुनु, आदि विभिन्न सम्पत्तिलाई **'सिरी'** भनी भन्नु पर्दछ । लोकमा व्यक्तिसँग धर्म हुनाले धर्मले व्यक्तिको सहारा लिइ रहेको छ र व्यक्तिले धर्मलाई एउटा आधार भरोसा बनाउनु पर्ने भएकोले व्यक्तिले धर्मको आधार लिनुपर्ने रहेछ भन्नुपरे जस्तै यहाँ पनि सिरीलाई व्यक्तिसँग आधार लिने, व्यक्तिले आधार लिनुपर्ने स्वभावको रूपमा दुइथरी रहेको बताइसकें ।

**सिरी**- लाई **यस विभव**=यश र वैभव भनी, **पुञ्ञ=**पुण्य भनी, **परिवारसम्पत्ति**=परिवार सम्पत्ति भनी, **इस्सरिय**=अधिकार सम्पन्न हुनु भनी र, **पभा**= प्रभा इत्याादि भनी क्षेत्र अनुसार *अट्ठकथा* मा वर्णन गरिएको देखिन्छ । ती वर्णनहरू अनुसार सम्पत्तिहरू मात्र भएकोले *मूलटीका*मा विभिन्न सम्पत्तिहरू भन्ने अर्थलाई समर्थन गरिरहेको छ । त्यसैले **सिरी** (=श्री शोभा) लाई यस जन्मको कुशल कर्म, पुण्य, मङ्गल र पहिलेको पुण्यकर्म, यस जन्मको ज्ञानबल, वीर्यबलको कारणले पाइएका, उत्पन्न भएका विभिन्न सम्पत्ति फल गुणलाई सिरी भनी भन्नु उपयुक्त छ । निर्जीव वस्तुमा पनि श्री व्यवहार पाइन्छ । उपमा- धेरै राम्रा फूलहरू देखेमा कति शोभायमान फूल भनी भन्दछन् । त्यो सिरी भनेको पनि ती फूलहरूको सम्पत्ति गुण नै हो । त्यसैले निर्जीव चीज वस्तुहरूमा पनि ऋतु बीज आदिका कारणले र अरु अरु रेखदेख मरम्मत स्याहार-सम्भार आदि विभिन्न कारणबाट उत्पन्न हुने विभिन्न सम्पत्ति गुणांगलाई नै 'श्रीशोभा' भन्नुपर्दछ ।

## श्री सर्छ

विभिन्न सम्पत्तिलाई 'सिरी' भनिएमा *दुकनिपात, सिरी जातक वर्णन*मा श्री सर्छ भन्ने भनाईलाई कसरी लिने नि ? भनी प्रश्न गर्न सकिन्छ । अनाथपिण्डिक महाजनसँग श्री चोरेर लिन्छु भनी श्रीलक्षण जान्ने एकजना ब्राह्मण आइपुगे । श्री कहाँ छ नि भनी हेर्दा महाजनका सेतो भाले कुखुराको कल्कीमा बसिरहेको देखे । सेतो भाले माग्दा महाजनले लानुस् भन्नासाथ श्री मणि रत्नमा सर्नगयो । मणिरत्न माग्दा लौरोमा सर्न गयो । लौरो माग्दा श्री पुण्यलक्षणदेवी नामकी महाजननीमा सर्न गयो । त्यसरी महाजननीमा सर्दा यो त माग्न नहुने चीज भयो भनी हरेस खाई आफूले यी चीजवस्तुहरूको इच्छाले होइन, श्री चोर्न आएको हूँ, तर आफूले मागेमागेका बस्तुबाट श्री सर्दै सर्दै गएको कुरा यथातथ्य बताई ती बस्तुहरू नलिइकन फर्केर गए ।

## लक्षण (=चिन्ह) मात्र

यहाँ श्री भने पनि श्रीशोभा वृद्धिको कारण रहेको लक्षण (चिन्ह) एउटै हो भनी भनेको बुझ्न सकिन्छ । लोकमा 'फलानो पन्छी-पशु पाल्यो भने अर्थवृद्धि हुन्छ भन्दछन् । फलानो पत्थर धारण गऱ्यो भने सम्पत्ति वृद्धि हुन्छ पनि भन्दछन् । त्यस्ता पशुपन्छी, पत्थर आदिमा सम्पत्ति वृद्धि हुने कारण रहेका लक्षणहरू रहेको हुनाले राम्रो जन्त्र हुनपुग्यो । त्यस्तै नै श्री वृद्धि कारण भएको जन्त्रको रूपमा लक्षणहरू युक्त भएकोलाई भनेको हो ।

उक्त लक्षण सर्छ भने पनि यताउति उफ्रेर सरेर जानुलाई भनेको होइन होला । यहाँबाट श्री लक्षण बिलाएर गई अर्को ठाउँमा नयाँ लक्षण देखा पर्नुलाई भनेको हुनुपर्छ । उक्त वस्तु स्थिति असल जन्त्रको



Downloaded from http://dhamma.digital/

रूपमा स्थिर भइ रहनलाई विशेषता भएको रंग रूप आदि संकेत लक्षण प्रकट हुनथालेको हो भनी भन्न सकिन्छ। मानिसको हत्केलामा समेत लक्षणहरू हराईजानु, नयाँ देखापर्नु आदि हुनसक्छ। लोकमा कतिपय स्वभावहरू र उक्त स्वभावलाई जान्ने विद्याहरू विचित्र छन्। ती स्वभावहरूलाई जान्ने प्रज्ञाज्ञान भएकोलाई उक्त ज्ञान आफूसँग नभएकोले नजानेकोले हुनै सक्दैन भनी निश्चितरुपले भन्न मिल्दैन।

## सिरी जातक

माथिको ब्राह्मणको कुरा महाजनले तथागतमा निवेदन गर्दा पहिले पहिले श्री सरेर गएको घटना *श्री जातक कथा* बताउनुभयो। एउटा दाउरे जंगलमा दाउरा चिरेर फर्कंदा नगरको ढोका बन्द गरिसकेपछि मात्र आइपुगेको भएर नगरबाहिर एउटा देवमन्दिरमा सुत्नुपऱ्यो। त्यो मन्दिरको नजिकै रहेको रुखमा अभय दानको रूपमा छोडिएका कुखुराहरू आ-आफ्नो खोरमा सुत्दा माथि बसेको कुखुराले तल बसेको कुखुराको जिउमा पर्नेगरी हगेकोले आपसमा झगडा गरेर शक्तिको बाजी ठोकी कराई रहे। तल बसेको कुखुराले 'मेरो मासु गोलमा पोलेर खायो भने एकविहानै एक हजार दाम लाभ हुनसक्छ' भनी भन्यो। माथिको कुखुराले भन्यो- जाबो त्यति कुरामा फुर्ति न लगा; मेरो गाँठो गाँठो परेको भित्री मासु खानपायो भने उ राजा हुनसक्छ; बाहिरको मासु खानपायो भने लोग्ने मान्छे भए सेनापति, स्वास्नी मान्छे भए महारानी हुनसक्छ। हाडमा टाँसिएको मासु खायो भने गृहस्थी भए राजाका भण्डारे, भिक्षुश्रमण भए राजगुरु हुन सक्छ' भनी भन्यो। यी कुरा सुनेका दाउरेले 'राजा हुने भए एक हजार दामले के गर्नु र' भनेर चढेर गई माथिको कुखुरालाई समातेर ल्यायो।

प्वाँख उखेली आन्द्रा सफा गरिसकेपछि स्वास्नीलाई पकाउन लगायो। पाकेपछि 'यो मासु प्रभावशाली छ, नुहाइ धुवाइ गरिसकेपछि खाउँला' भनेर भातको भाँडो समेत लिएर गंगा (नदी) मा गएर घाटमा बिसाई नुहायो। त्यसैबेला ठूलो आँधीबेरी सहित वर्षात आउँदा भातको भाँडा पनि पानीको छालले बगाई लग्यो। दाउरे दम्पति भाग्नुपऱ्यो।

उक्त भातको भाँडो नदीमा बग्दै तल हात्तीहरूलाई नुहाइ दिइरहेको माहुत्तेकहाँ पुग्यो। बिर्को खोलीहेर्दा पाकेको कुखुराको मासु भनी थाहापाई छाप राखेर आफू आएपछि मात्र खोल्ने सूचित गरी घरमा दिन पठायो। माहुतेका गुरु दिव्यचक्षु भएका ऋषिले आफ्नो दाताको स्थिति विचार गरी हेर्दा उपरोक्त घटना थाहापाई अगावै घरमा आएर बसिरहे। माहुते पनि घर फिरिसक्दा भातको भाँडा गुरु ऋषिलाई चढाउन लगाए। ऋषिले 'यो तरकारी म व्यवस्था गरिदिन्छु।' भनेर कलेजो, मुटु आदि भित्रको मासु माहुतेलाई, बाहिरको मासुजति माहुतेकी स्वास्नीलाई छुटाएर दिइसकेपछि आफूले हाडमा टाँसिएको मासु सेवन गरे।

त्यसपछि 'तीनदिन पछि तिमी राजा हुन पाउनेछौ; अप्रमादी भई बस' भनी सूचित गरी ऋषि पनि फर्केर गए। तीनदिनपछि अरू देशका एउटा राजाले युद्ध गर्दा राजाले माहुतेलाई राजाको रूप लिनलगाई आफू सैन्यहरूको बिचमा गुप्त भेषमा बसी लडाई गर्न जाँदा शस्त्र लागेर राजा परलोक भए। यता माहुतेले लगातार युद्ध गरी विजय भएकोले राजाको तहमा पुग्न पाए। -*जातक द्व. २- ३६१*)

**अत्तसम्मापणिधि** (**अत्त**=चित्तलाई; **वा**= सम्पूर्ण शरीर आत्मभावलाई; **सम्मा**=सम्यकरूपले; **पणिधि**=राख्नु।) चित्त खराब हुनेको शरीर पनि कुरुप हुन्छ; वचन पनि खराब हुन्छ। चित्त असल भयो भने शारीरिक क्रियाकलाप पनि असल भई बोली-वचन पनि राम्रो हुन्छ। चित्त प्रधान भएकोले **'अत्ताति वुच्चति चित्तं**=चित्तलाई अत्त भनी भन्नुपर्छ' भनी *अर्थकथा* मा वर्णन गरिएको छ। यो भनाई अनुसार **अत्तसम्मापणिधि**=चित्तलाई ठीकसँग राख्नु भनेको हो। **अत्त** शब्दले सम्पूर्ण शरीर आत्मभावलाई पनि ब्यक्त



Downloaded from http://dhamma.digital/

गरिंदो रहेछ । सम्पूर्ण शरीर आत्मभावलाई राम्ररी राख्ने रहेछ भन्दाखेरि चित्त पनि त्यसैमा समाहित भयो नै । त्यसैले **'सकलो वा अत्तभावो**=सम्पूर्ण शरीरलाई पनि **'अत्त'** भनी भन्नुपर्ने कुरा वर्णन गरिराखिएको छ । यी दुवै अर्थलाई लिएर 'शरीर र मनलाई राम्रोसँग राख्नु' भनिआएको हूँ ।

## राम्रोसँग राख्ने तरिका

*अर्थकथा* मा, श्रद्धा नभए श्रद्धा हुने गरी, शील भइनसकेको भए शील हुने गरी, मात्सर्य भइराखेको भए त्याग (=दान प्रदान गर्नु) उत्पन्न गरी काम गर्नुलाई **अत्तसम्मापणिधि-** भनिएको हो । खराब चिन्तन, कार्य, बोलीवचन उत्पन्न नहुने गरी, उत्पन्न भई आएमा पनि हटाएर पर सारेर मनोवृत्ति, क्रियाकलाप र बोलिवचन राम्रो पार्दै लानुलाई **'अत्तसम्मापणिधि'** भन्नुपर्दछ । लौकिक दृष्टिले भनेमा रोग-व्याधि नहुनेगरी स्वास्थ्य अनुकूल हुनेगरी भोजन, रहन-सहन आदिमा ध्यान दिनु, आर्थिक शैक्षिक आदि विषयमा अल्छी मान्नु, पछि हट्नु उत्पन्न नगरिकन प्रयास र उद्योग गर्नु आदि द्वारा आफ्नो शरीर र मनलाई राम्ररी बनाइलाने सुधार गर्नु जस्ता सबैसँग सम्बन्धित रहेका छन् । यो **अत्तसम्मापणिधि** अत्यावश्यक कुरो हो । यो मङ्गलले सम्पन्न भएमा धेरै धेरै मङ्गलहरू परिपूर्ण हुनेछन् । पहिलेका जन्मका कुशलकर्म नभएका भए पनि यस जन्ममा **अत्तसम्मापणिधि** भए भने सुख-समृद्धिपूर्ण भई पछिका जन्ममा पनि राम्रो भई सप्रेर जान्छ । पहिलेका जन्मको पनि कुशल छ, यस जन्ममा पनि यो मङ्गल रहेको छ भने त भन्ने कुरो नै रहेन । पहिले राम्रो गरिआएकोले अहिले राम्रो भइरह्यो । अहिले पनि राम्रो भएकोले पछि पनि राम्रो हुनेभयो । पूरै राम्रैराम्रो मात्र भई चक्र घुमिरहने छ ।

## श्रेणी उच्च पार्नु

**'मिच्छापणिहितं चित्तं; पापियो नं ततो करे=**खराब मनोभावले त्यस्ता मनोवृत्ति भएकालाई दुष्ट र नीच गरिदिन्छ ।' '**सम्मापणिहितं चित्तं; सेय्यसो नं ततो करे**= असल मनोभावले उक्त व्यक्तिलाई उच्च श्रेणीमा पुग्नसक्ने बनाइदिन्छ ।' यस *धम्मपद गाथा (१९)* अनुसार उच्च श्रेणी भएका, निम्न श्रेणी भएका भावलाई **अत्तसम्मापणिधि** हुनु र नहुनुले नियमित गरीदिन्छ । **अत्तसम्मापणिधि** भएमा मानिसको श्रेणी उच्च हुन्छ, छैन भने मानिस भन्ने नाम मात्र पाएको हुन्छ मानिसको श्रेणीमा पुगेको छैन भनी भन्नु पर्ला । साँच्चै हो, **मनुस्स**को अर्थ चित्तवृत्ति श्रेष्ठ पवित्र भएको भएकोले **अत्तसम्मापणिधि** नभएकोमा उक्त अर्थ कहाँ लागु हुनसक्ला र ! तिरश्चीनहरूमा ईर्ष्या हुनु, कपटी हुनु, लोभ द्वेष धेरै हुनु अत्यधिकरूपले हुने भएकोले त्यस्ता चित्तहरू पातलिंदै घट्ने किसिमले गर्नाले तिरश्चीनहरूसँग सरोबर नहुने गरी मनुष्यको श्रेणीमा पुग्नसक्ने गरी प्रयास गर्नु उचित छ । मैत्री करुणा अभाव भई परस्पर मनोभाव बिग्रेर मानिस परस्पर एकले अर्कालाई, एउटा समितिले अर्को समिति, एउटा संगठनले अर्को संगठनसँग मेलमिलाप अभाव भई भेद भइरहँदा **अत्तसम्मापणिधि** भयो भने त परस्पर एकता भई सितल, रमाइलो मनुष्यलोक सृजना गर्न सकिने भएकोले लोक रमणीय बनाउनमा यो **अत्तसम्मापणिधि** महत्वपूर्ण छ ।

## ऐना हेर्नु जस्तो

यस **अत्तसम्मापणिधि** उत्पन्न गर्न *मज्झिमपण्णास राहुलोवाद सुत्त* मा आयुष्मान राहुललाई तथागतले दिनुभएको अववाद उपदेश अनुशरण गर्नलायक छ । '**किमत्थियो आदासो**=ऐना केको लागि हो ?' भनी तथागतले सोध्नुहुँदा **'पच्चवेक्खणत्थो भन्ते**=प्रत्यवेक्षण (=निरीक्षण) गर्नलाई हो, भन्ते' भनी आयुष्मान राहुलले उत्तर दिए ।

ऐना हेर्नु भनेको आफूले लुगा लगाएको ढंग, सजाएको ढंग, घसेको ढंग, केश कोरेको ढंग, ठीक ठाउँमा परेको छ, वा छैन, राम्रो छ, वा छैन, आफ्नो अनुहारमा र शरीरमा कुनै दाग साग लागेका दोषहरू



Downloaded from http://dhamma.digital/

छन्, कि छैनन् ? भनी थाहा पाउनको लागि हो । त्यसैले निरीक्षण गर्नलाई काम लाग्छ भनी आयुष्मान राहुलले निवेदन गरेका थिए । त्यसपछि तथागतले 'ठीक छ, राहुल ! त्यो ऐनामा हेरेर गरेजस्तै नै निरीक्षण गरी कायिककर्म गर्नुपर्छ; निरीक्षण गरी वचीकर्म गर्नुपर्छ; निरीक्षण गरी मनोकर्म गर्नुपर्छ' भनी ओवाद उपदेश दिनुभयो । आफ्नो शरीर, वचन र मनोभावहरूलाई प्रज्ञारुपी ऐनामा बारम्बार अगाडि राखी राम्रा नराम्रा हेरी नराम्रा भएमा सच्याएर राम्रो पारी दिनुपर्छ भनी आज्ञा हुनुभएको नै मूल उद्देश्य हो । (*मज्झिमपण्णास, राहुलोवाद सुत्त ७८*)

## चारगोटा चक्र

यी तीनवटा मङ्गलमा **'सप्पुरिसुपनिस्सय** (= सत्पुरुषहरूको आश्रय लिनु) मिसायो भने चारगोटा चक्र बन्दछ । यी चारगोटा **चक्कं** सम्पन्न व्यक्तिलाई धन-वैभव वृद्धि हुनसक्ने, परिवार यश कीर्ति सुख समृद्धि लाभ हुनसक्ने कुरा भगवान्बाट आज्ञा भएको *चतुकङ्गुत्तर चक्कवग्ग (३४१)* मा उल्लेख छ। अनुकूल देशमा बास गर्नु, पहिले पहिलेका पुण्यकर्म संचित हुनु, सत्पुरुषको भरोसा लिन पाउनु, आफ्नो शरीर र मनलाई राम्ररी राख्नु; यी चारवटाले सम्पन्न व्यक्ति भावी जन्ममा पनि सम्पन्न नै हुन पाउँछन् । यसरी अटुटरूपले घुमिरहने भएकोले '**चक्क**=चक्र' भनी भन्नु पर्छ ।

यी चारवटैमा **'पुब्बे कतपुञ्ञता'** मुख्य प्रमाण भएको छ । ज्ञान सम्प्रयुक्त चित्तले कुशल पुण्य गर्ने व्यक्तिलाई उक्त ज्ञान सम्प्रयुक्त चित्तले पतिरूप देशमा पुऱ्याइ दिन्छ । सत्पुरुषको आधार पाइने गरी प्रबन्ध गरीदिन्छ । आफ्नो शरीर र मनलाई राम्ररी राख्न जान्ने बनाइदिन्छ । यसरी भगवान्बाट आज्ञा भएको कुरा *चतुकङ्गुत्तर र दीघनिकाय संगीति सुत्त अर्थकथा*मा उल्लेख भएको छ ।

## ढुक्क हुने अवस्था छैन

उपरोक्त तथ्यहरू साँच्चै पारमी सम्पन्न पश्चिम भविकहरूको निम्ति मात्र पर्याप्त हुनसक्छ । सामान्य पुण्यवानहरूको निम्ति त मन ढुक्क पारेर बस्ने मौका छैन । आयुष्मान देवदत्त पतिरूप देशमा पनि उत्पन्न हुनपाएका, असली सत्पुरुष तथागतको भरोसा पनि पाएका हुन् । पहिलेका पुण्यकर्म पनि भएका थिए । तर **'अत्तसम्मापणिधि'** भंग पारी परिहानी र अनर्थ भोग्नुपऱ्यो । अजातशत्रु पनि एकजना पुण्यवान नै थिए । स्रोतापन्न सत्पुरुष पिताको भरोसा लिनपाएर पनि देवदत्तसँग संगत परेको गल्तीले **'अत्तसम्मापणिधि'** बिगारी हानी सहनुपऱ्यो । यी तथ्यहरूले पृथग्जन गतिको जीवन सुरक्षित नभएको भावलाई व्यक्त गरिएको हुनाले पृथग्जन गतिले जीवनबीमा भएको आर्य भूमिमा पुग्नलाई महत्व दिई उद्योग गर्न योग्य भएको कुरा यसले सचेत गरिरहेको छ ।

**१६) बाहुसच्चञ्च सिप्पञ्च; विनयो च सुसिक्खितो ।**

**सुभासिता च या वाचा; एतं मङ्गल मुत्तमं ।**

१६) **देवपुत्त**=भो देवपुत्र; **यं बाहुसच्चञ्च**=जुन धेरै बहुश्रुत (विद्वान्) हुनुको भाव; **यं सिप्पञ्च**=जुन हस्त शिल्पविद्या सिकिराख्नु पनि; **सुसिक्खितो**=राम्ररी सिक्नुपर्ने, आचरणमा गर्नुपर्ने; **यो विनयो च=जुन** भद्र व्यवहार गर्नु; **सुभासिता**=बचनबोली राम्रो गर्नुपर्ने; **या वाचा च**=जुन वचन पनि; **अत्थि=**छन्; **एतं=**यी चार; **उत्तमं=**उत्तम; **मङ्गल**= मङ्गल नै हुन् ।

## भावार्थ



Downloaded from http://dhamma.digital/

भो देवपुत्र; धेरै बहुश्रुत (विद्वान) हुनु, हस्त शिल्पविद्या जान्नु, आफ्नो आचरण विनय सिक्नु, आचरण गर्नु, वचनबोली राम्रो बोल्नु, यी चार उत्तम मङ्गल हुन् ।

## बाहुसच्च

**(बहुस्सुतस्स भावो, बाहुसच्चं ।-बहुस्सुतस्स=**धेरै ज्ञान सुनेको, हेरेको, बुझेको; **भावो**=स्वभाव हो; **बाहुसच्चं=** धेरै धेरै ज्ञान सुनेको हेरेको व्यक्तिको स्वभाव । बहुस्सुत पद, भाव अर्थमा ण्य प्रत्यय । *मोग्गल्लान व्याकरण* मा दोस्रो अक्षर उ-लाई अ-गरी संयोग आदि (पहिलो) स-लाइ लोप गरी बाहुसच्च भनी सिद्ध गर्दछ । *रूपसिद्धि* ले त उ-लाई मात्र अ-गरी स-लाई त लोप गर्दैन । *रूपसिद्धि*को विचार अनुसार बाहुस्सच्च-भनी स संयोगले हुनुपर्छ ।

## साहित्य ज्ञान

हेर्नु, सुन्नु भनेको हेरेर सुनेर अभ्यास गरिराखेको ग्रन्थ साहित्यहरू नै भएकोले **बाहुसच्च**को स्वरूप ग्रन्थ साहित्यज्ञान भइराख्नुलाई ग्रहण गर्नुपर्दछ । पहिले विद्या र शिल्प भनी ज्ञान दुई थरीमा विभाजन गर्ने चलन रहेको हुनाले विद्यालाई वचन ज्ञान भन्ने गर्दथे । चतुर्वेद आदि १८ प्रकारका विद्याहरू नै हुन् । त्यसयुग अनुसार भन्नुपर्दा **बाहुसच्च**को स्वरूप उक्त विद्या भनेको ग्रन्थ साहित्य जानेको हुनु भनी भन्नुपर्छ । तर आजभोली बर्मा देशको विश्व विद्यालयमा नियमित गरिराखेको विद्या भनिने शिक्षाहरू पहिलेका भन्दा धेरै छन् र गहिरो शिक्षा विषय समेत समावेश छन् ।

## आँखाले नदेख्ने तथा देख्ने

नीतिकारहरूले 'द्वन्द, संशयलाई हटाइदिने अप्रत्यक्ष भइरहेको अर्थ हितलाई देखाउनसक्ने ग्रन्थ साहित्यहरू प्रत्येक व्यत्तिहरूका आँखा भएकोले ग्रन्थ साहित्यरुपी आँखा नभएको अन्धो नै हो ।' भनिराखेको छ । ग्रन्थ साहित्यहरूबाट वर्तमान दृष्टान्त फल, विभिन्न भविष्य जीवनका फलहरू जान्न पाइने भएकोले ग्रन्थ साहित्य जान्नुले लौकिक र धार्मिक क्षेत्रमा सहिमार्ग, यथार्थ पद्धतिको आचरण गरी भयरहित उपद्रवरहित भई सुखमा पुग्न पाइन्छ । ग्रन्थ साहित्य नजान्ने व्यक्ति छामछुम गरी केही नजानिकन बाटो हिंड्नु जस्तै हुनाले कहिले गलत, कहिले सहि भएर हानि सहेर बस्नुपर्ने हुनसक्छ । **अन्धा** (= दुइटै आँखा नदेख्ने), **एकचक्खु** (= कानो (एउटा आँखाले नदेख्ने) र **द्विचक्खु** (= दुवै आँखा देख्ने), भनी तीन थरिका व्यक्ति भएकोमा इहलोक र परलोकको अर्थ मध्ये कुनै नजान्ने अन्धो भयो । यस जन्मको अर्थ (फाइदा) को लागि मात्र जान्ने एक चक्षुक हो । दुवै जान्ने भए द्विचक्षु भयो । आफू दुवै आँखा देख्ने बन्नलाई द्विचक्षुको आधार लिनुपर्दछ । भगवान्‌बाट यो तथ्य आज्ञा भएको *तिकङ्गुत्तर* मा उल्लेख छ । साहित्य ज्ञान विद्या जान्ने बुझ्ने द्विचक्षु हो । (*अं१ -अन्धसुत्त १२६*)

## रतन

**'पञ्ञा नरानं रतनं**=प्रज्ञा मानिसहरूको रत्न हो' भनी तथागतले उपदेश दिनुभयो । नीतिकारहरूले पनि 'सम्पूर्ण सम्पत्तिहरूमध्ये प्रज्ञा सम्पत्ति सर्वोत्तम छ । किनभने मनुष्यबाट पनि चोर्न नसकिने; मूल्य पनि राख्न नसकिने; जति बाँडे पनि खर्च गरे पनि नसिद्धिने भएकोले हो' भनिएको छ । प्रज्ञा प्रियकर रत्न भएकोले नै प्रज्ञा रत्न अलंकार भएको व्यक्ति जुनसुकै उत्सवको माझमा वा बाहिर जस्तोसुकै ठाउँमा होस् धेरै मानिसहरूबाट हेर्न लायक र शोभायमान हुनपाउँछ । प्रज्ञा ज्ञान नजानेका व्यक्ति भने धेरैजनाको सभाको बिचमा देखापर्न नसक्ने, लुकेर बस्नुपर्ने भएको रत्नहीन भई शोभारहित भएकोले नै हो । नीतिकारहरूले 'रुपसम्पत्ति सुन्दर भएर शोभायमान भएको भरखरको तरुण, उच्च कुल वंशको भए पनि



Downloaded from http://dhamma.digital/

प्रज्ञाज्ञान नजानेको भयो भने गन्ध नभएको निम्नस्तरको पलास फूलजस्तै शोभाविहीन हो’ भनेर र ‘गुरु आचार्यहरूकहाँबाट विधि नसिकेका, ग्रन्थ साहित्य अध्ययन नगरेका, विद्यारहित व्यक्ति हंसराजहरूको बिचमा बकुल्ला झैं शोभाहीन हुन्छ’ भनी भनिराखेका छन् ।

प्रज्ञावान व्यक्तिले रत्न धारण गरिराखेको जस्तै सबैको अगाडि प्रकट हुनु, शोभा हुनु, धेरैजनाको आधार भरोसा हुनु, कीर्तिमान हुनु, परिवार धेरै हुनु, धनसम्पत्ति वैभव लाभ हुनु आदि लौकिक अर्थ अनुभव गर्न पाउनु मात्र नभई प्रज्ञाद्वारा जान्नसकिने आचरण गर्न लायक विरमण गर्न लायकलाई आचरण गर्नु र विरमण गर्नु द्वारा सुगततिभावमा पुग्नपाइने आदि परलौकिक अर्थ पनि अनुभव गर्न पाउने हुन्छ । त्यसैले प्रज्ञा बहुश्रुत हुनु मङ्गल हो ।

## आचरण पनि गरेमा मात्र

प्रज्ञा बहुश्रुत हुँदैमा स्वतः मङ्गल हुने होइन । जानेबुझे अनुसार आचरण गर्नेलाई मात्र मङ्गल हुन्छ । भिक्षु कपिल स्थविर त्रिपिटकधर, गणवाचक आचार्य हुनुहुन्थ्यो । आफ्नो प्रज्ञाका कारणले धेरै परिवार भएका र धेरै लाभसत्कार भएका कारणले गर्दा अभिमान चढेर धर्मलाई अधर्म, अधर्मलाई धर्म भनी गलत गलत ढंगले बरबाद हुनेगरी कुरा गर्ने, काम गर्ने गरिआएको कारणले उनको आफ्नो प्रज्ञा बहुश्रुत असल फल पाउनको लागि नभई अवीचि नर्कमा पुग्नको निमित्त हुनपुग्यो ।

‘धेरै-धेरै ग्रन्थहरू जाने पनि मूर्ख हुनसक्छ । ग्रन्थमा बताइएअनुसार आचरण गर्ने मात्र प्रज्ञावान् हुन्छ । अनुपात मिलाएर विचार गरी राम्ररी जोरजाम गरिएको औषधिद्वारा मात्र रोगीहरूको रोगलाई निको हुनेगरी उपचार गर्नसक्छ । औषधिको नामले मात्र रोग निको पार्ने काम गर्न सक्दैन ।’ यो नीतिले आचरण नगर्ने व्यक्तिसँग भएको प्रज्ञा बहुश्रुत लाभकारक नभएको कुरा देखाइरहेको छ । भगवान्ल् यो अवधारणा बताउनुभएको *चतुकङ्गुत्तर अप्पस्सुत्त सुत्त (३१२)* मा पनि उल्लेख छ । हेर्नु सुन्नु कम भएकोले श्रुतले सम्पन्न  नभएको, हेर्नु सुन्नु कम भएर पनि श्रुतले सम्पन्न भएका,  हेर्नु सुन्नु धेरै भएर श्रुतले सम्पन्न नभएको, हेर्नु सुन्नु पनि धेरै भएर श्रुतले पनि सम्पन्न भएको भनी चार प्रकारका व्यक्तिहरू छन् भनी बताउनुभएको छ । हेर्नु सुन्नु कम भएपनि आफूले जानेजति आचरण गर्ने व्यक्ति श्रुतले सम्पन्न हुनपाउँछ; सुन्ने हेर्ने धेरै भए पनि आचरण गरिएन भने श्रुतले सम्पन्न नभएको नै हुन्छ । ‘बुद्धि विवेक पुस्तकमा छ’ भनिए झैं उक्त बुद्धि विवेक आफूसँग युक्त हुनेगरी काम गर्न दुर्लभ छ । बुद्धि विवेक गुण सुन्दर रत्न नै भएकोले उक्त बुद्धि विवेकले आफूलाई सिंगार्नुद्वारा अरुभन्दा भिन्नै खालका विशेषतायुक्त हुनेगरी आचरण गर्नु योग्य छ ।

## सबै राम्रो हुनुपर्छ

कसैकसैले ‘किताबमा छँदैछ नि’ भनेर कण्ठ गर्नु, याद गरी धारण गर्नु इच्छा गर्दैनन् । ती व्यक्तिहरू नजान्ने व्यक्तिहरूभन्दा फरक छैन । ‘पुस्तकमा भएको प्रज्ञा, अर्काको हातमा रहेको धन-सम्पत्ति प्रज्ञा पनि होइन, धन सम्पत्ति पनि होइन’ भन्ने नीतिकारहरूको भनाई छ । जुनसुकै साहित्य नै किन नहोस् पूर्णता र दक्षता हुनेगरी हासिल गरिराख्न योग्य छ । त्यस्तो नभई ज्युँत्युँ मात्र अध्ययन गरियो भने फायदा वा लाभ हुन गाह्रो हुन्छ । ग्रन्थको भनाइ अनुरुप नगर्नु (ऊ मलाईगु), नाघ्नु आदि अनर्थ समेत हुनजानसक्छ । प्रज्ञा संचय गर्दा उद्देश्य पनि राम्रो हुनुपर्दछ । अरुलाई हमला गर्नको लागि मान अभिमान बढाउनको लागि आदि नराम्रो चित्तवृत्ति राखेर अध्ययन गरिने प्रज्ञाले मंगल नहुन सक्छ ।

बोधिसत्वहरूमा धेरै सत्वहरूप्रति अर्थहितको कामना भएको चित्तवृत्ति भइरहेको हुनाले उक्त चित्तवृत्तिका कारणले गर्दा नै बोधिसत्वहरूको प्रज्ञा सत्वहरूलाई फाइदाका निम्ति हुन्छ । आफ्ना



Downloaded from http://dhamma.digital/

ज्ञातिबन्धुहरूका निम्ति त्यसको अतिरिक्त सके भने सम्पूर्ण विश्वको कल्याणको निम्ति भन्ने जस्तो उद्योग गऱ्यो भने प्रज्ञापारमी सिद्ध हुन्छ ।

*मूलपण्णास अलगद्दूपम सुत्त (१८६)* मा सर्प समात्ने विधि जान्ने कुरा बताउनुभएको उल्लेख छ । सर्पलाई जिउमा वा पुच्छरमा बेढंगले समात्यो भने सर्पद्वारा टोकेर मरिनसक्छ । भेडा बाख्राका खुरजस्तो आकारको (सर्प समात्ने विशेष प्रकारको) लट्ठीले कसेर दबाएर समात्यो भने सर्पले टोक्नुबाट बचिन्छ । त्यस्तै नै राम्ररी सिकेका उपदेश अर्थयुक्त भई राम्रो चित्तले नसिकीकन उद्देश्य गलत भयो भने अनर्थ हुनसक्ने कुरा बताउनुभएको छ ।

## प्रज्ञा अनर्थ हुँदैन

अल्प मात्र प्रज्ञा भए पनि कुनै न कुनै दिन फल दिने नै हुन्छ । त्यसैले हीन मध्यम प्रणीत भनी नछुट्याईकन सबैखाले प्रज्ञा विद्या जान्न-बुझ्न योग्य छन् । पहिले वाराणसी निवासी माणवक एकजना तक्षशिलामा दिशाप्रामोक्ष आचार्यकहाँ प्रज्ञा विद्या अध्ययन गर्न आइपुगे ।

कर्तव्य राम्ररी पालन गर्ने शिष्य भएकोले आचार्यले कोशिशपूर्वक सिकाए पनि मन्दबुद्धिको भएकोले उसले विद्या सिक्न सकेन । आचार्यले उसलाई जंगलमा लगेर एउटा मन्त्र सिकाइ दिए । त्यो मन्त्र **'घट्टेसि घट्टेसि, किं कारणा घट्टेसि, अहम्पि तं जानामि, जानामि'** थियो । आफ्नो भाषामा भन्दा तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ । किन कोसिस गरिरहेको हो भन्ने कुरा मैले जानेको छु, जानेको छु, अर्थ भयो । सयौं पटक घोक्न लगाएर बल्ल कण्ठ भएपछि 'तिमीले यो मन्त्र नहरिने गरी नबिर्सिकन सधैं पाठ गर्नू; यस मन्त्रद्वारा तिम्रो जीवन निर्वाह हुनसक्नेछ' भनेर बाटो खर्च दिई शिष्यलाई बिदा दिई फर्काइदिए ।

उक्त माणवक वाराणसीमा आफ्नो घर पुगेर पछि एक दिन रातमा वाराणसीका राजा शहर निरीक्षण गर्न आफ्नो भेष बदलेर घुमिरहेका थिए । त्यसबेला चोरहरूले दुइवटा घरमा एकैचोटी चोर्ने हिसावले दुइटा घरका बिचमा प्वाल खनिरहेको देखेर राजा घरको छाँयाले छेकेर उभिरहे । चोरहरू प्वाल पारी घरभित्र पुग्दा तक्षशिलाबाट फर्केका उक्त माणवक बिउँझेर त्यहि 'घट्टेसि घट्टेसि' आदि मन्त्र पाठ गर्न थाल्यो । चोरहरू डराएर धोती नै फुस्कने गरी त्यहाँबाट भागे । राजा त्यो घरमा चिन्ह लगाएर त्यहाँबाट फर्केर बिहान भएपछि राजाले उक्त माणवकलाई डाक्न पठाए । माणवक आइपुगेपछि त्यो मन्त्र सिकाइदिन हुकुम भएपछि समान स्तरमा बसेर सिक्नुपर्ने कुरा बिन्ती गरे । राजाले पनि उसको इच्छा अनुसार गरी मन्त्र सिकिसकेपछि गुरु दक्षिणाको रूपमा एकहजार कार्षापण चढाएर फर्काइदिए ।

त्यसबेला सेनापतिले हजामलाई एकहजार कार्षापण घुस दिएर 'राजाको जुँगादाढी खौरने बेलामा छुरीले राजाको घाँटी रेटेर मार; म राजा भएपछि तिमी सेनापति बन्न पाउनेछौ' भनेपछि हजामले पनि स्वीकारेछ । राजाको जुँगादाढी खौरने दिनमा श्रीखण्ड पानीले दाढी भिजाइसकेपछि छुरी छोएर हेर्दा धार नपुगेको लागेर एकैमारमा छिनिने गरी घाँटी काट्नलाई अझै घोट्नुपर्ला भनी छुरी घोटीरह्यो । त्यसबेला राजाले आफूले सिकेको मन्त्र सम्झेर पढे । 'तिमीले प्रहार गर्ने कोसिस गरिरह्यौ, गरिरह्यौ; किन कोसिस गरिरहेको ? उक्त रहस्य मैले जानेको छु, जानेको छु' भनेको मन्त्र भएकोले हजामले 'मेरो कुरा त राजाले थाहा पाइसकेका रहेछन्' भनी राजाको पाउ समाती क्षमा दिइ मुक्त गरियोस् भनी प्रार्थना गऱ्यो । केरकार गरिंदा राजालाई मार्न सेनापतिले अह्राएको खुलेपछि सेनापतिलाई देश निकाला गरिदिए । आफूलाई त्यो मन्त्र सिकाइदिने गुरु माणवकलाई बोलाई गुरुको भरोसाले म बाँच्न पाएँ भनी सेनापति पद दिएर सत्कार गरे । (*धम्मपद टु. १-१५९*)



Downloaded from http://dhamma.digital/

## सिप्प

**'सिप्पं नाम यं किञ्चि हत्थकोसल्लं=**हातले गरिने जानिने अभ्यास गरिने जति सबै कामलाई शिल्प भनिन्छ' भन्ने *अर्थकथा*को भनाई अनुसार हस्तकलालाई शिल्प भन्नुपर्दछ । आजभोलीका यन्त्र-शिल्प र विज्ञान सम्बन्धी शिक्षाहरू यस शिल्पको अन्तर्गत नै पर्दछ । पहिले पहिलेका युगमा नाच्ने, बाजा बजाउने आदि कला भनिने शिक्षाहरूलाई **सिप्प**=शिल्प भनिने रहेछन् । ती कला भनिने शिल्प ६४ (चौंसट्ठी) प्रकारका थिए । (यी सबै जान्नको लागि *अभयाराम नयाँ अभिधान निश्चय* पाना नं २०१ मा हेर्नुस् ।) पहिले पहिले मुखष्ठ गरेर सिकिने विद्या-प्रज्ञालाई मात्र विशेष प्रोत्साहन दिइराखिएको थियो । शिल्पलाई भने बोल्न नजान्ने लाटाहरूले समेत जान्न सकिने प्रज्ञा भनिन्थे । तर आजकल बर्मा देशका विश्वविद्यालयहरूमा नियमित गरिराखेको शिल्प भनिने शिक्षाहरू पहिलेभन्दा धेरै बढी रहेकोले गम्भीर शिक्षाहरू पनि समावेश भएका छन् । ती शिल्प विद्याहरू सम्पत्ति लाभ हुने कारण,  सुखको कारण, उन्नति वृद्धिका कारण भएकोले मङ्गल हुन् ।

## मति राम्रो भएमा मात्र

तर **'यं परूपरोधरहितं अकुसलवज्जितं=**अर्कालाई दुःख दिनु शास्ति गर्नुबाट अलग्ग रहेको अकुशलबाट मुक्त रहेको शिक्षा' भनी *अर्थकथा* मा भनिएको हुनाले सबैलाई दुख दिने कारण,  हिंसा गर्ने कारण रहेका अकुशलबाट अलग्ग नभएका शिक्षाहरू त मङ्गल भएनन्, अमङ्गल मात्र हुन् । जस्तोसुकै शिक्षा ज्ञान भए पनि चित्तवृत्ति राम्रो हुनु र नराम्रो हुनु महत्वपूर्ण छ । चित्तवृत्ति राम्रो भएकाको ज्ञान शिक्षा आफू र अरु दुवैपक्षलाई फलदायी हुने भएकोले चित्तवृत्ति खराब हुनेको ज्ञान, शिक्षा हानिकारक र दुःखदायी हुन्छ । उपमा- डाक्टरी शिक्षा पवित्र छ । तर डाक्टर मति बिग्रेको भयो भने धेरै रोगीहरू दुखी हुने नै भयो । आफ्नो पनि अलाभ हुनसक्छ ।

## शिक्षाको फल अनुभव गर्न पाएका

वाराणसी देशमा कंकड हान्ने शिल्पमा दक्षता भएका अपाङ्ग एकजना थियो । बच्चाहरूले उसलाई गाडामा चढाएर शहरबाहिर पिपल बोटनिर लगेर त्यसको फेदमा बिसाई राख्दारहेछन् । 'हात्तीको रुप देखाऊ, घोडाको रुप देखाऊ' आदि भनेर मनपर्ने चित्र बनाउन लगाउँदा कंकडले हानी पीपल रूखको पातमा भनेभनेका चित्रहरू बनाइ देखाइदिन्थ्यो । वाराणसीका राजा शहर परिक्रमा गर्नआउँदा त्यही पिपल बोटनिर पुग्दा बच्चाहरू भागेकोले अपांग एकजना मात्र बाकी रह्यो ।  पिपलका पातहरू छियाछिया परेका देखेर कारण सोद्धा जानेपछि आफूकहाँ बस्ने धेरै कुरौटे एकजना ब्राह्मण पुरोहितको कारणले दिक्दार भइरहेकोले उक्त पुरोहितलाई सुधार गर्ने उपाय भेटियो भनी सोचेर अपाङ्गलाई बोलाई गोप्यरूपमा सबै कुरा बताए । अपाङ्गले भेडाको लिँड एककुरुवा जति पाएमा काम सिद्ध गर्नसक्ने कुरा बिन्ती गऱ्यो । अनि अपाङ्गलाई बोलाएर लगी पर्दाको भित्र बसाली पर्दामा प्वाल पार्न लगाई त्यस प्वालको ठीक अगाडि पुरोहितलाई आसन लगाइदिएको रहेछ ।  पुरोहित आइपुगेर उक्त आसनमा बसेर कुरा गर्न थाल्यो । पर्दा पछाडि बसेका अपाङ्गले पनि पर्दाको प्वालबाट कुरा गरिरहेको पुरोहितको मुखमा भेडाको लिँड एक एक गरी फालिरह्यो । भेडाको लिँडो एककुरुवा सकिंदा पर्दा हल्लाई संकेत दिएपछि राजाले 'आचार्य साँच्चै नै कुरा गर्नसक्ने रहेछन्; भेडाको लिँदो एककुरुवा सकेर पनि कुरा छिन्न सकेनन्; लौ अब घर फर्केर बान्ता हुने औषधि खानू' भनी भने । पुरोहित पनि लाज मानेर पछि बढी कुरा गर्न छोड्यो । राजाले पनि अपाङ्गले गर्दा मेरो कानलाई आराम भयो भनी अपाङ्गलाई ठूलाठूला चारओटा गाउँ बक्सिस दिई उद्धार गरे । (*एकनिपात सालित्त जातक ४४२*)



Downloaded from http://dhamma.digital/

## शिल्पबाट अनर्थ भएको

उक्त अपाङ्गबाट कंकड हान्ने शिल्प एकजना मानिसले सिक्यो । पोख्त भएपछि आफ्नो शिल्पको परीक्षा गर्नलाई शहरबाट निस्कँदा ठीक त्यही बेला बाटोमा भिक्षाटन गरिरहेका सुनेत्त नामका प्रत्येक बुद्धलाई देखेर 'लौ यसमाथि नै परीक्षा गर्नुपर्ला' भनेर दायाँ कानको प्वाल ताकेर हानेको कंकड छिरेर बायाँ कानको प्वालबाट निस्क्यो । अनि वहाँ भिक्षाटन जान नसकी आश्रममा फर्केर परिनिर्वाण हुनुभयो । 'हाम्रा भन्ते आउनु भएन' भनेर मानिसहरू हेर्न जाँदा परिनिर्वाण भइसकेको देखेर साह्रै विलाप गरे । त्यसबेला कंकड हान्ने मानिस त्यहाँ पुगेर आफ्नो शिल्प परीक्षा गरेको कुरा सुनाउँदा 'हाम्रा भन्तेलाई मार्ने दुष्ट' भनी सबैले कुटपिट गर्दा मरेर अवीचि नर्कमा पतन हुनुपुग्यो । नर्कबाट मुक्त हुँदा फेरि गृधकूट पर्वतमा तीन गावुत ठूलो प्रेत भएर जन्म्यो । उक्त प्रेतको शिरमा साठीहजार मुङ्ग्रोले अटुट हानी टाउको चूरचूर गरिरहन्थ्यो । मूर्खको शिल्प अनर्थ गर्नलाई मात्र हुन्छ । शिल्प विद्या प्रयोग गर्न जाने मात्र राम्रो फल दिन्छ; प्रयोग गर्न जानेन भने हानी मात्र बाँकी रहनसक्ने तथ्य देखाउने उदाहरणको नमूना नै भयो । (*धम्मपद-३२५*)

## सुसिक्खित विनय

**(विनेती'ति विनयो । विनेति=**दान्त गरिदिने सिकाइ दिने रहेछ; **इति**=त्यसैले; **विनयो**=विनय भन्दछन् । विनय जान्ने बुझ्ने व्यक्तिलाई उक्त विनयले कसरी खाने-लाउने चल्ने बस्ने गर्नुपर्छ भनेर निर्देशित गरिरहेजस्तै हुने भएकोले सिकाइदिने भनेको हो । बोलचाल र रहन सहन आदि ठीक ठाउँमा पर्नेगरी सुधार गरी नियमित गर्ने नियमहरू नै भए । **'सुसिक्खित'** भनिए अनुसार राम्ररी सिक्नु र आचरण गर्नु भनी दुईटा अर्थ भएकोले आचरण गर्नु नै प्रधान हो । विनय जानेर आचरण गरेन भने पनि मङ्गल हुन्न । भिक्षु विनय, गृहस्थी विनय भनी दुइटा रहेकामा सात प्रकारका आपत्ति नहुने गरी आचरण गर्नु अथवा चतु:पारिशुद्धि शीलको रक्षा गरिगर्नु भिक्षु विनय हो । यस विनयलाई अरहत्त फलमा पुग्ने गरी आचरण गर्नुद्वारा लौकिक, लोकुत्तर सुख लाभ हुनसक्ने भएकोले यो मङ्गल भनिएको हो ।

## गृहस्थी-विनय

गृहस्थी विनयलाई *अर्थकथा* मा **'अगारिकविनयो नाम दस अकुसल-कम्मपथ-विरमणं**=दशवटा अकुशल कर्मपथबाट विरत हुनुलाई गृहस्थी-विनय भनिन्छ' भनी वर्णन गरिएको छ । यी दश अकुशल कर्मपथबाट विरत नभएका व्यक्तिले अरु-अरु गृहस्थी नियमहरू पनि भंग नै गर्नेछ । उक्त दशअकुशल धर्मले विरत हुन सक्यो भने अरु-अरु नियमहरूलाई पनि अनुशरण गर्नलाई गाहारो छैन । त्यसैले मूलभूत भएकोले अकुशल कर्मपथ धर्म दशवटालाई मात्र गृहस्थी विनयको रूपमा वर्णन गरेको हुनुपर्छ । *सिङ्गालोवाद सुत्त* लाई **'गिहिविनय सुत्तन्तो नामायं=**यो गृहस्थी-विनय देखाउने सूत्र हो' भनेको *पाथिकवग्गट्ठकथा* मा उल्लेख छ । उक्त सूत्रमा गृहस्थीहरूले विरमण गर्नुपर्ने आचरणहरू पालन र आचरण गर्नुपर्ने नियमहरू भगवान्‌ले बताइराख्नुभएको छ । आमा-बाबु र छोरा-छोरीहरूले, गुरु र शिष्यले, लोग्ने र स्वास्नीले, मालिक र दासले, आचार्य र अनुयायीले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू उक्त सूत्रमा देख्नसक्छौं ।

ती व्रताचरणहरू पुराना आचार्यहरूका साहित्यिक काव्य-अंलकारका माध्यमद्वारा समाजमा प्रचार प्रसार र प्रकट भइराखेका छन् । ती व्रताचरणहरु पालन नगरी नहुने गृहस्थी व्रताचरण विनयहरू हुन् ।



Downloaded from http://dhamma.digital/

साँच्चै हो, लोकमा गर्न अयोग्य काम गर्नु अकुशल भएजस्तै गर्नुपर्नेलाई नगर्नु पनि अकुशल नै हो । यी व्रताचरणहरू परस्पर मायाममता बढाई बस्न मान-मर्यादा गरी, संगठित भई अनुकूल भएर बस्नको लागि सम्बन्धकारक रसायन जस्तै भएकोले यी कर्तव्यहरू भंग भइरहनुले गृहस्थी समाजमा विभिन्न समस्याहरू उत्पन्न भइरहन्छन् । कर्तव्य पालन भएका मानिसहरूका माझमा त सधैं रमाइलो भइरहन्छ । मैत्री, करुणा, मुदिता धर्महरू प्रकाश र विकास भइरहने जस्तो युगमा भए यी कर्तव्य धर्महरू स्वभावतः नै परिपूर्ण भइरहने हुनाले नियमहरू नै नियमित गर्न पर्ने अवस्था हुँदैन । त्यसपछि फेरि बास गर्ने, बस्ने, बोलिचाली, खाने, पिउने, परस्परमा सम्पर्क राख्ने ढंग आदिमा असभ्यता नहुने गरी, सभ्य भई मनुष्यजातिका चलन अनुसार नियमित गरिराखिएका नियमहरू रहिआएको हुनाले ती नियमहरू पनि विनय नै हुन् । देशवासीहरूको व्रताचरण भनेको पूरै राष्ट्रसँग सम्बन्धित विषयमा विरमण गर्नुपर्ने, अनुसरण गर्नुपर्ने नियमहरू पनि हुनसक्ने हुनाले ती नियमहरू पनि विनय नै भन्नुपर्छ ।

## सुधार गरिदिए स्वीकार्नु पर्छ

विनय नियम जानीबुझी अनुसरण गर्ने व्यक्ति प्रज्ञावान सत्पुरुषहरूको दृष्टिमा सुसंस्कृत हुने भएकोले गहना वस्त्र अलंकारहरू उचित ठाउँमा (थीथाय्? ) सजधज गरिएको जस्तै हेर्नलायक हुन्छ । विनय नजान्ने, जाने पनि आचरण र अनुशरण नगर्ने व्यक्ति अतिव असभ्य भई प्रज्ञावानहरूका दृष्टिमा घृणास्पद, निन्दनीय अमङ्गल मात्र हुनसक्छ । आफूहरूले नजान्नाले कसैले सुधार गरिदिए भने चिटिक्क मिल्ने राम्रो अलंकार दिनल्याएको समान सम्झेर सहर्ष स्वीकार गर्न योग्य छ । मनुष्य स्वभावमा मान-घमण्ड बलियो हुने हुनाले त्यसरी सुधार गरिदिएकोलाई सहन नसकी वाद-प्रतिवाद गरी विरोध गरी हिंड्नसक्छ । यस्ता व्यक्तिहरू आफूलाई लाभ हुने श्रीशोभा मङ्गललाई विनाश पारेर बस्नेहरू नै हुन् ।

## गन्धार जातक

यहाँ क्रमैसित आएको हुनाले संक्षिप्तमा गन्धार जातक उल्लेख गर्दछु । पूर्वकालमा गन्धार ऋषि र वेदेह ऋषिहरू सँगै बसोबास गरिरहेको हिमवन्त पर्वत छोडेर एउटा प्रत्यन्त गाउँमा आइपुगेछन् । यी ऋषिहरू दुइजना गन्धार राष्ट्र, विदेह राष्ट्र त्याग गरी ऋषि बन्नआएका पुराना राजाहरू रहेछन् । उक्त गाउँमा बस्दाबस्दै एकदिन भिक्षाटनमा प्राप्त भएको उब्रेको नुन वेदेह ऋषिले आश्रमको छतमुनि घुसारी राखेछन् । भोलिपल्ट नुन प्राप्त नहुँदा उक्त नुन झिकेर गन्धार ऋषिलाई दिँदा 'आज नुन प्राप्त भएको छैन, यो नुन कहाँबाट आयो ?' भनी सोद्धा हिजो उब्रेको सच्याइ राखेको कुरा बताउँदा 'देशलाई नै त्याग गरी आइसकेपछि पनि जाबो नुन अलिकतिमा पनि आशक्त भई बचाइ राखेको त' भनी दोष लगाई अनुशासन गरे । त्यसलाई वेदेह ऋषिले सहन सकेनन् । 'तपाँई अरुलाई अनुशासन गर्न मन नलागेकोले आफूले आफैलाई अनुशासन गर्नको लागि निस्केर आई अब अरुलाई (मलाई) अनुशासन गर्नु पर्छ र' भनी जवाफ दिए । 'हे वेदेह ! मैले धर्मपूर्वक बोलिरहेको छु, अधर्मपूर्वकका कामकुरा मलाइ मन पर्दैन; धार्मिकपूर्वक भनिरहँदा मलाई अकुशल हुँदैन' भनी भन्दा 'जस्तोसुकै कारणले होस्, अरुलाई हानी हुने भएमा लाभ हुने कुरा भए पनि बोल्न मिल्दैन' भनी फेरी जवाफ दिए ।_मेपिन्त थियां थियां _ 'अरुलाई धक्का परेर भूस झैं उडाएर लगे पनि धार्मिकपूर्वक बोलिरहेको मलाई दोष छैन' भनी भनिसकेपछि फेरी अनुशासन गरे 'वेदेह ... आफ्नो बुद्धि पनि छैन, विनय पनि नसिकेका धेरै मानिसहरू जंगलमा बस्ने अन्धो राँगो झैं केही विचार विमर्श नगरिकन जथाभावी हिंड्ने मात्र हुन्छन् । गुरु आचार्यहरूबाट शिक्षा दीक्षा पाएर संयमित भइसकेको विनयी व्यक्ति मात्र स्थीर र स्वच्छ चित्तका भएर विचरण गर्नपाउने हुन्छन्' भनी अनुशासन गरेपछि मात्र आफूले गरेको गल्तीको क्षमा मागे । यिनी वेदेह ऋषि स्मृतिधर्म ( होशियार) भएका हुनाले बेशै भयो । यदि स्वीकार नगरी बिल्कुल विरोध गरिरहेको भए अनर्थ नै हुनसक्थ्यो



Downloaded from http://dhamma.digital/

। यसपालि भने गन्धार ऋषिको अनुशासनलाई दोहोरो सुनेर स्वीकार गरेकोले ध्यान समापत्तिहरू लाभ गरी अर्थ प्राप्त गरिलिन सके । (*जातक ट्ठ. ततिय सत्तकनिपात गन्धार जातक ३४*)

## सुभासित वाचा

दुश्चरित्र नभइ दोषरहित वचन-बोलीलाई **सुभासित वाचा** (=राम्ररी बोलिएको कुरा) भन्नुपर्दछ । यो **सुभासित वाचा**को क्षेत्रमा 'वचनका ४ अंग' भन्ने भनाई छ । *सगाथावग्ग वङ्गिस संयुक्त सुभासित वाचा सुत्त*मा उल्लेख भएका चारअंग नै हुन् । ती हुन्-

१) सुभासित - राम्रो वचन

२) धम्म - धर्मानुसारको वचन

३) पिय - मनपर्ने वचन

४) सच्च - सत्य वचन

यीमध्ये परस्पर मेलजोल नहुने गरी झगडा मचाउने **पिसुणवाचा** (चुगली कुरा) नगरी बरु फाटेर बसेकाहरूलाई मिलिजुली बनाउनु, मिलिजुली भएकाहरूलाई अझ मैत्रीभाव वृद्धि हुनेगरी बोलिने कुरालाई **सुभासित** भन्दछन् । **सम्फप्पलाप** (=निरर्थक गफ) नगरी सही घटना, कारणयुक्त भएको यथार्थ कुरा, सत्यता भन्नुबोल्नुलाई **धम्म** भन्दछन् । **फरुसवाचा** (=गाली गर्नु, हक्कार्नु, सराप्नु, सत्यकराल गराउनु आदि कडा वचन नबोली रमाइलो, प्यारो, चट्ट परेको, नरम र सबैलाई मनपर्ने कुरा गर्नु **पिय** (=मन पराउने) वचन हो । मुसावाद (=झुठो) कुरा नगरी सहीढंगले बोलीचाली गर्नु नै **स**च्च हो ।

## अर्को थरी ग्रहण विधि

यी माथि बताइआइएका कुरा अनुसार **सुभासित** भनेको वची-दुश्चरित्र चारवटाबाट विरत हुनु नै हो । त्यो विरत हुनु **'विनयो च सु-सिक्खितो'** मा **विनय** विषयमा पहिले नै समावेश भइसकेको हुनाले नदोहरिने गरी सुभासितमा ग्रहण गरिएका चारअंग बाहेक बाकी काय र मनो-दुश्चरित्रबाट विरत हुनुलाई **विनय** भनी ग्रहण गर्नको निम्ति सूचित गरिसकेपछि त्यसरी विनय र सुभासित घटाउनु हटाउनु काममा व्यस्त हुनुनपर्नेगरी अर्को एक तरिकाबाट वर्णन गरिएको छ । उक्त विधिअनुसार अरूलाई उपदेश दिनु आदि कुरालाई **सुभासित** भन्नुपर्दछ । यस कथनअनुसार उपदेश मात्र होइन लौकिक क्षेत्रमा धेरैलाई अर्थहित हुनेगरी निर्देशन दिनसक्ने कुरा गर्न जान्ने असल व्यक्तिहरूको कथनलाई पनि **सुभासित** नै भन्नुपर्दछ । कुरा गर्न जान्नु, नेता-नाइके बन्नसक्नु, अरुलाई भूलेको बाटो र सही बाटो विभाजन गरी देखाउन जानेर धेरै जनाको अर्थ र हित धारण गर्ने बन्नु, धेरै जनाको श्रद्धा, स्नेह, आदर गौरव ग्रहण गर्न पाउनु आदिद्वारा धेरै लाभहरू छन् । त्यसरी कुरा गर्नजान्नुमा प्रतिसन्धिदेखि उत्पन्न भएका स्वाभाविक कुशल कर्म, सुधार गरेर जानिने सिकिने गरी दुई प्रकारका हुनसक्ने भएकोले प्रतिसन्धिदेखि भएका स्वाभाविक रूपले उम्दाहरूले विशेष कोशिस नगरिकन नै आकर्षित गर्नसक्ने गरी कुरा गर्न सक्ने हुन्छन् । प्रतिसन्धिदेखि रहिआएका स्वाभाविकरूपले जानेको होइन विशेष कोशिस गरिनुद्वारा कुरा गर्न जान्ने हुनसक्छन् । त्यसो हुनाले बहुश्रुत संकलन गर्नु, बोलचाल गर्नु, विधिको अध्ययन गर्नु आदिद्वारा कुरा गर्न जान्ने व्यक्ति भएर उच्च श्रेणीमा उक्लन सक्छन् ।

## जिब्रो नै तलबार



Downloaded from http://dhamma.digital/

'जन्मेदेखि नै मानिसको मुखमा मोटो तलबार पैदा भएको हुन्छ । त्यस तलबारले मूर्ख मानिस आफूले आफैलाई काट्छ ।' भगवान्बाट यो कुरा आज्ञा भएको *सगाथावग्ग ब्रह्मसंयुत्त (१५१-१५४)* मा उल्लेख छ । मोटो तलबार भनेर जिब्रोलाई रुढि अनुसार भनिएको हो । जिब्रोलाई प्रयोग गर्न नजानेर नर्क पुगेका प्रेत बन्नगएकाहरू ग्रन्थअनुसार धेरै भएकाले उनिहरू जिब्रोरूपी तलबारद्वारा काटिएकाहरू हुन् । संसारमा मरणपछि मात्र होइन यसै जन्ममा नै जिब्रोले जथाभावी गर्दा भय उत्पन्न गरी बस्नुपरेको, विकासबाट वंचित भइ बस्नुपरेको आदि रूपले जिब्रोरूपी तलबारद्वारा काटिएका मानिसहरू पनि धेरै नै छन् । मूर्खहरूको लागि जिब्रो तलबार भए पनि पण्डितहरूको जिब्रो फलाममलाई आकर्षित गर्नसक्ने चुम्बक जस्तै नै हुन्छ । मिठो वचन सबैलाई मन पर्छ । कडा वचन मन पर्दैन । अरुलाई पनि त्यस्तै नै हो । त्यसो भएपछि किन अरुलाई आफूलाई स्वीकार्य हुने किसिमको मीठो वचन नदिई आफूलाई स्वीकार्य नभएको कडा वचन बोल्ने त ?

## सुजात जातक

पहिले बोधिसत्व वाराणसी देशमा राजा भएछन् । बोधिसत्वकी आमा भने रिसाहा भएकोले उदण्ड स्वभावकी थिइन् । गाली गर्दथिइन् । बोधिसत्वले पनि आमालाई उपदेश दिनको लागि उपयुक्त कारण वा उपमाको मौका खोजिरहे । एकदिन बोधिसत्व उद्यानमा घुम्न निस्कँदा आमा पनि सँगै आएकी थिइन् । बाटोमा टिट्टिभक पंक्षीका आवाज सुनेर मानिसहरूले 'ए कर्कश बोल्ने पंक्षी, ... तँ नकरा' भन्दै कान थुने । बगैंचामा घुमिरहँदा फूलका बोटबिरुवाहरू पलाएकाले झ्वाम्म परेका शालवृक्षको माथिबाट कोयल कराउँदा 'ए सुमधुर बोल्ने पंक्षी, ! फेरि गाऊ, तिमी फेरि गाऊ' भनी गर्धन तन्काई-तन्काई कान दिएर सुनिरहे । उक्त तथ्यलाई नमूना बनाई बोधिसत्वले 'हे आमा ! टिट्टिभक पंक्षीको बोली सुन्दा सबैले कान थुने । कर्कश बोली वचन कसैले पनि सुन्न मन पराउँदैनन्' भनी भनिसकेपछि 'आमा, रूप लावण्य राम्रो भए पनि आकर्षक भए पनि स्वर नराम्रो भयो भने यस लोकमा र परलोकमा जुनसुकै लोकमा भए पनि कतै पनि कसैले पनि मन पराउँदैनन्, आकर्षक मान्दैनन्; कोइली पंक्षीको रूप कालो भएकोले नराम्रो भए पनि नरम मीठो हुनेगरी बोल्न जानेकोले मानिसहरूले मन पराई मान गरिरहेका छन्, होइन र; त्यसो हुनाले प्रज्ञा ज्ञानले तुलना गरी मिठो राम्रो वचन मात्र बोल्न योग्य छ' भनी भने । त्यसबेलादेखि राजमाताले आ^नो खराब बानी छोडेर राम्रो बानी भएकी बनिन् । *-जातकअट्ठकथा २, सुजात जातक ३१५)*

## १७) मातापितु उपट्ठानं; पुत्तरदारस्स सङ्गहो ।

## अनाकुला च कम्मन्ता; एतं मङ्गल'मुत्तमं ॥

१७) **देवपुत्त**=भो देवपुत्र; **मातापितु=**आमा बुबालाई; **यं उपट्ठानञ्च**=सेवा उपस्थान गर्नु; **पुत्तदारस्स**=सन्तान र स्वास्नीलाई; **यो सङ्गहो च**=जुन सहयोग र संग्रह गर्नु पनि; **अनाकुला=**आकुल-व्याकुल नहुने शुद्ध; **ये कम्मन्ता च**=जुन काम कुराहरू पनि; **अत्थि**=रहेका छन्; **एतं**=यी चारैवटा, **उत्तम**=उत्तम, **मङ्गल**=मङ्गल नै हुन् ।

## चारवटा मंगलको भावार्थ

भो देवपुत्र, आमालाई सेवा-उपस्थान गर्नु, बुबालाई सेवा-उपस्थान गर्नु, सन्तान र स्वास्नी आदिलाई सहयोग र संग्रह गर्नु, आकुल-व्याकुल नहुनेगरी काम-कुरा गर्नु, यी चारवटा उत्तम मङ्गल हुन् ।

## मातापितु उपट्ठान



Downloaded from http://dhamma.digital/

आमा-बुबालाई सेवा उपस्थान गर्नु अति उत्तम कुशल कर्म हुनाले मङ्गल भएको हो । आफ्नोप्रति भएका आमाबुबाहरूका उपकारहरू अति धेरै हुनाले र विशाल गुणयुक्त आमाबुबाहरूलाई सेवा उपस्थान गर्नुद्वारा अति महान लाभ हुने भएकोले  आमा बुबा दुवै साँच्चै नै सेवा उपस्थान गर्न योग्य उपकारक व्यक्तिहरू रहेछन् । महान गुणवान् र महान उपकारक रहेको ढंग देखाउने छु ।-

**ब्रह्मा**

ब्रह्माहरूमा मैत्री, करुणा, मुदिता, उपेक्षा यी चारप्रकारका भावना खाली नभइकन निरन्तर भइरहेजस्तै नै आमा-बुबाहरूमा पनि आफ्ना छोराछोरीहरूप्रति उक्त चारप्रकारका भावना खाली नभइकन सधैं उत्पन्न भइरहेको हुन्छ नै । छोराछोरीहरू गर्भमा बसेदेखि नै आमा-बुबामा 'हाम्रा सन्तान अङ्गले-परिपूर्ण भइ राम्ररी निरोगी-पूर्वक कहिले जन्म हुने होला' भनी मैत्रीचित्त उत्पन्न भइरहने हुन्छ । जन्म भएर आफ्नो छोराछोरीको अनुहार देखिरहने अवस्थामा भन्नै पर्दैन । उत्तानोपरी सुत्न मात्र जान्न-सक्ने कमलो उमेरमा उडुस, उपियाँ, लामखुट्टे आदिको टोकाईले वा बस्ने, सुत्नेमा शास्ती खानाले रोए पनि आमा-बुबामा दयामाया र करुणा उत्पन्न हुन्छ । दगुरी जान सक्यो, उफ्रिन सक्यो, खेली हिंड्नसक्यो भने छोराछोरीहरूलाई हेरेर आमाबुबाको चित्तमा प्रसन्नता हुने मुदिता उत्पन्न हुने गर्दछ । घर-गृहस्थी बसाली भिन्नै घरजम गरिबस्ने बेलामा 'अब मेरो छोरा आफैंले जीवन-यापन गर्नसक्ने भयो ।' यसरी सन्तानको अवस्थाअनुसार आमा-बुबामा चार ब्रह्मविहार धर्म चारथरी उत्पन्न भइरहने हुनाले **'ब्रह्मा'ति मातापितरो**=आमा-बुबा भनेका ब्रह्मा नै हुन् ।' भनी तथागतले उपदेश दिनुभएको हो ।

**पुब्बाचरिय (पहिलो गुरू)**

आमा-बुबाले धेरै सानो उमेरदेखि 'यसलाई के भन्दछन्' आदि भनी भन्न बोल्न जान्ने गरी सिकाईदिन्छन् । बस्न जान्ने, आसनमा बस्न जान्ने, खान जान्ने, पिउन जान्ने गरी सिकाइदिन्छन् । गर्न मिल्छ, गर्न मिल्दैन, संगत गर्न मिल्छ, गर्न मिल्दैन जस्ता तथ्यलाई बुझाई सिकाइदिन्छन् । त्यसपछि मात्र अरु अरु गुरूहरूले शिक्षा, साहित्य, गणित आदि शिल्प-विद्याहरू सिकाउँछन् । यसरी अरु अरु गुरूआचार्यहरूभन्दा पहिला परेका गुरूहरू भएकाले आमा-बुबा पहिला गुरूहरू हुनपाएका हुन् । त्यसैले **'पुब्बाचरियो'ति वुच्चरे**=पहिला गुरूहरू भन्न योग्य छन्' भनी बताउनुभएको हो ।

**धेरै उपकारी**

त्यसरी गौरव राख्नपर्ने भनेको धेरै उपकारी भएकोले नै हो । आमाबुबाहरूले आआफ्ना छोरा छोरीहरूलाई दीर्घायु बनाउनको लागि विभिन्न प्रकारले सेवा-टहल र रेखदेख गर्दछन् । आमाले आफ्नो रगतको दूध खुवाई संरक्षण गरी हुर्काएका हुन् । यो लोकलाई जान्न बुझ्न सक्ने पारी देखाउन जान्दछन् । त्यतिसम्म महान उपकार गर्ने भएकोले नै हो लौकिक विधि अनुसार ऋण तिरे भने कुनै तरिकाबाट पनि तिर्न सकिंदैन भन्ने कुरा भगवान्ले बताइराख्नुभएको हो । 'पूर्णरूपले आमा-बुबाको गुणको बदला तिर्छु' दाहिने काँधमा आमा र बाहिने काँधमा बुबालाई बसाली बोकी सयवर्षसम्म हिंडेर सेवा उपस्थान गरे पनि पूरा ऋण तिरेको नहुने कुरा, श्रद्धा शील आदि सत्पुरुष धर्म भइनसकेका आमाबुबालाई श्रद्धा हुनेगरी, शील हुनेगरी, प्रज्ञा हुनेगरी उपाय गरिदिएर मात्र उपकारको पूरा ऋण तिरेको हुने कुरो बताउनुभएको हो । (*अगुत्तर प. ६३*) त्यस्ता महान उपकारक महान गुणवान्हरू भएकोले आमा बुबालाई अभिवादन गर्नुपर्छ; खानापीना, लुगा गरगहना, ओढ्ने, ओछ्याउने बसोबास ठाउँ दिनु, नुहाइदिनु, हात, खुट्टा, शरीर मिचिदिनु, आदि कर्तव्य व्रतधर्म द्वारा सेवा उपस्थान गर्नुपर्छ । त्यसरी कर्तव्य पूरा हुनेगरी व्रतधर्मद्वारा यसै जन्ममा



Downloaded from http://dhamma.digital/

पण्डितहरूबाट प्रशंसा पाउँदछन् । आगामी जन्ममा देवलोकमा आनन्दमय जीवन यापन गर्न पाउँछन्' भनी तथागतले आज्ञा गर्नुभएको छ । (*अंगुत्तर ५ (१३०-१)*)

## पश्चाताप हुने काम नगरौं

आमा बुबालाई फालेर बस्ने कोही कोही छोराछोरीहरू हुन्छन् । आमाबुबालाई दोषारोपण गर्ने छोरोछोरीहरू त्योभन्दा धेरै हुनसक्छन् । उनीहरू पछि कुनै न कुनै दिन पश्चाताप भोग्नुपर्नेहरू हुन् । तर पश्चाताप हुने बेलामा आमा बुबाहरू बितिसकेको हुने हुनाले पश्चाताप मात्र बाकी भएर जीवनभर मानसिक दुखलाई हृदयमा टाँसेर बस्नुपर्ने हुन्छ । अजातशत्रु राजाले देवदत्तसँग संगत गर्न गएकोले सत्पुरुष पिता विहारदाता बिम्बिसार राजालाई कारागारमा थुनीराखे । पाइतालामा छुरीले चिर्न लगाउने सम्म पनि क्रूर व्यवहार गरे । पछि आफ्नो छोरा जन्मेको सुन्नपाउँदा हृदयको भित्रसम्म नै प्रीति उत्पन्न हुँदा 'मेरा बुबाले पनि मलाई यसरी नै माया गरेका थिए होलान् ।' भनी होस आएर आमासँग सोध्नगए । त्यसबेला आमाले 'नानी, यति मात्र कहाँ हो र, तिमी बच्चा छँदा तिम्रो औंलामा मुसाँकै खटिरा विशेष आएकोले त्यो औंलालाई तिम्रा बुबाले मुखमा राखिरहनुभयो । मुखभित्र खटिरा फुटी पीप निस्कँदा पीप थुक्यो भने तिमीलाई दुखेर रोउला भनेर त्यो पिप-रगत सबै निलिदिनुभयो ।  यतिसम्म माया गर्नुहुन्थ्यो तिमीलाई' भनी सुनाएपछि मात्र पश्चाताप भइ बुबालाई छाडी दिनू' भनी हुकुम दिए । तर समय घर्किसकेको थियो । बुबा स्वगारोहण भइसकेको थिए । यस पश्चातापले अजातशत्रुलाई जीवनभर शास्ती गरिरह्यो ।

## गुणलाई चिनेमा मात्र गुण हो

तथागतले आमा-बुबाको गुण उपकारलाई विशेष गरी प्रशंसा गरी बताउनुभयो । आमा-बुबालाई  सेवा-टहल गरी भय-उपद्रवबाट मुक्त हुनपाएको, लाभ अनुभव गर्न पाएको बताइराखेका जातक- कथाहरू पनि धेरै देखिन्छन् । अरु प्रज्ञावान विद्वानहरूले पनि आमा-बुबाको गुण-उपकारलाई धेरै उच्च प्रशंसा गरिराखेका छन् । सुमेरु पर्वतभन्दा पनि उच्च प्रशंसनीय हो भनी साँच्चै नै गुण देख्नेहरूको प्रशंसा हो । आजकल त त्रिरत्नलाई समेत फाल्नचाहने व्यक्तिहरू कति धेरै भइसकेका हुनाले आमा बुबाको गुण उपकारलाई त भन्ने ठाउँ नै छैन । भौतिकतत्वलाई महत्व दिने युगमा नाम-धातु (आध्यात्मिक) को शक्ति-प्रभाव वा आनुभावलाई स्वीकार गर्न मन पराउँदैनन् । यसरी आमा-बुबा, गुरूजन मात्र होइन कि त्रिरत्नप्रतिको चेतनालाई नै चेतना मात्र हो (अवधारणा) हो, जसबाट कुनै लाभ हुँदैन भनी ठानेर त्यस्तो अवधारणा राखेर कुरा गर्न मन पराउँछन् । यो त अतिवादमा लागेको स्वभावअनुसार भएको हो । जुनसुकै क्षेत्रमा पनि दुवैतिर सन्तुलित हुने गरी बीचमा बसी तौलेर हेर्नजान्नु आवश्यक छ । त्यसरी हेर्दा श्रद्धा र प्रज्ञा सन्तुलनमा राखेर एकपक्षतिर बढी नजाने गरी सुधार गर्नु पनि आवश्यक छ । नत्र भने गुणलाई दोष र दोषलाई गुण धारणा हुनजान सक्छ ।

'नदीहरूमा बग्ने पानी मीठो हुन्छ । तर समुद्रमा पुगेपछि खान अयोग्य हुनजान्छ । गुणहरू गुण चिन्नेहरूको निम्ति साँच्चै नै गुणहरू हुन्छन् । गुण रहित र गुण नचिन्ने व्यक्तिहरूतिर पुगे भने दोष मात्र भइदिन्छ ।' यस नीतिद्वारा मूर्ख र ज्ञानीहरूका हातमा पुगेका गुण उपकारमा पारस्परिक दृष्टि टाढा पर्नजाने ढंगलाई बुझ्न सकिन्छ ।

## पुत्तदारसङ्गह

पुत्त- शब्द कुनै ठाउँमा छोरालाई मात्र जनाए पनि छोरीलाई समेत अर्थ लिनुपर्ने परिस्थिति पनि रहेका छन् । यो 'पुत्तदारस्स सङ्गहो' मा **पुत्त-** को स्वरूप छोरीलाई समेत लिनुपर्छ । छोराछोरी, स्वास्नीलाई संग्रह गर्नु मङ्गल नै हो । त्यसमध्ये छोरा छोरीको संग्रह गर्नु भनेको आमा-बुबाको कर्तव्य नबिगार्नु नै हो ।



Downloaded from http://dhamma.digital/

खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, शिल्प-विद्या सिक्नलगाउनु अनुकूल अवस्थामा सम्पत्ति दिनु, उमेर पुगेपछि विवाह गरिदिनु; यी पाँचवटा आमाबुबाले आचरण गर्नुपर्ने कर्तव्य धर्महरू हुन् ।

यी कर्तव्य-व्रतहरूमा खराबबाट रोक्नु, असलमा निर्देशन दिनु, अध्ययन गर्न लगाउनु, असल छोराछोरीहरू उत्पादन गर्नमा अति महत्वपूर्ण कुरा हुन् । यहाँ *महाधन श्रेष्ठी-पुत्रको कथावस्तु* होश गर्नुपर्छ । सो महाजन पुत्र दम्पतिका आमा बुबा प्रत्येकसँग ४०-४० कोटी धनसम्पत्ति थियो । 'हामीसँग धेरै धन-सम्पत्ति छन् । हाम्रा छोराछोरीले केही काम गर्नुपर्दैन' भनी नाटक, संगीत, वाद्यवादन मात्र सिकाई राखे । आमा-बुबा परलोक भएपछि रक्स्याहाहरूको संगत परी सबै धन-सम्पत्ति सिध्याई जोपायो त्यसको घरदैलोको भरोसा लिई हातमा कतारो बोकी मागेर खाने स्थितिमा पर्न पुगे । उनीहरूले आर्थिक क्षेत्रमा मात्र उद्योग गरेको भए प्रथम श्रेणीका साहु-महाजन बन्नपाउने, धर्म अन्वेषण गरेको भए मार्गफल लाभ गर्न सक्ने असल पृष्ठभूमि भएकाहरू भएर पनि मनुष्य जीवनबाट पराजित भइ बस्नुपरेको ठूलो हानि हो । उनीहरूका आमा-बुबाले छोराछोरीप्रति कर्तव्य (व्रत) धर्म पूरा गरी अनुशासन दिने शिक्षादीक्षा दिने गरेको भए यी महाजनपुत्र दम्पति यति परिहानि हुने थिएन; आमाबुबाहरू माया गर्न नजान्ने भएर अत्यन्त परिहानी सहेर बस्नुपर्‍यो ।

## अनाथपिण्डिक महाजन-पुत्र काल

छोराछोरीहरूलाई संग्रह गर्नमा अनाथपिण्डिक महाजन नमुना लिन योग्य छ । त्रिरत्नप्रति अति श्रद्धावान महाजनका छोरा भए पनि काल बुद्धकहाँ गएनन, उपदेश सुनेनन्, संघको सेवा गरेनन् । महाजनले अह्राए पनि मानेनन् । एकदिन महाजनमा विचार उठेकोले 'तिमी... उपोसथ धारण गरी विहारमा उपदेश सुनेर आऊ; म तिमीलाई सय रूपैंया दिन्छु' भने । पैसा मन पराउने काल उपोसथ धारण गरी विहारमा गई उपदेश नसुनीकन एउटा पायक पर्ने ठाउँमा सुतेर सबेरै फर्किआए । घरमा पुगी जाउलो भात खुवाउँदा पनि नखाई शयरूपैंया हातमा आएपछि मात्र खाना खाए । फेरि अर्को एकदिन 'तिमीले... तथागतबाट उपदेश सुनेर एक-टुक्रा सम्झेर आऊ; म एक हजार रूपैयाँ दिन्छु' भनी पठाइदिए । कालले तथागतकहाँ उपदेश सुन्दा एक टुक्रा सम्झेमा अर्को पद उपदेश नसुनी भागेर जान्छु भन्ने विचारले सुनेको भए पनि सुन्दा सुन्दै उपदेशको घत लागेर स्रोतापन्न हुनपुगे । यसरी महाजनको छोराको प्रसंग सर्वोत्तम संग्रह विधि हुनपुग्यो । (*धम्मपदट्ठकथा २.१२३*)

## ज्ञान अंश दिनुपर्छ

असल आमा-बुबाहरूले आफ्ना छोराछोरीहरूलाई धन-सम्पत्तिभन्दा पनि ज्ञान र बुद्धि दिएर संग्रह गर्ने इच्छा गर्दछन् । चीजवस्तुहरू विनाश भएर जाने हुनाले विनाश नभइ स्थावररूपमा स्थीर हुने असल फल दीर्घकालसम्म दिने उक्त संग्रह सही संग्रह नै रहेको छ । त्यसरी संग्रह गर्ने आमा-बुबाहरू छोरा-छोरीहरूलाई साँच्चै माया गर्ने छोरा-छोरीहरूका कल्याणमित्र हुन्छन् । छोराछोरीहरूलाई पुल्पुल्याउनखोज्ने अनुशासन गर्न नजान्ने आमाबुबाहरू छोराछोरीहरूलाई माया गर्ने नभइ थुनामा पार्ने भएकोले शत्रुहरू नै हुन् । छोरा-छोरीलाई सिधा विधिद्वारा एकथरी, घुमाउरो विधिद्वारा एकथरी उपाय विधिद्वारा अनेक रूपले अनुशासन गर्नु थाम्नुद्वारा असल छोराछोरी बन्ने किसिमले सुधार गरिदिनु आमा-बुबाको अभिभारा नै हो । आमा-बुबाका क्रियाकलाप, बोलीवचन आचरण चिन्तन-मनन नक्कल गर्दै हेरी हेरी सिक्ने हुनाले आमा-बुबाले छोरा-छोरीले राम्रो नक्कल गर्न र राम्रो शिक्षा लिन पाउनेगरी नमुना वा आदर्श भइ सधैं बस्नसक्नु उचित छ । लौकिक विकास मात्र होइन अनाथपिण्डिक महाजनले झैं धार्मिक क्षेत्रमा दिलचस्पी उत्पन्न हुनेगरी फकाई-फुलाई सुधार गर्दै नै जानुपर्दछ । **'यं नवे भाजने लग्गो, सङ्खारो नाञ्ञथ भवे** =नयाँ भाँडोमा



Downloaded from http://dhamma.digital/

टाँसिरहने क्रियाकलापले विचार प्रबन्ध विग्रने, फेरिने भन्ने छैन' नीतिमा भनिए झैं मनचाहे मुताविक इच्छा भएअनुसार ढाल्नसकिने उमेरमा ढालिएको चित्तवृत्ति 'छाया' हरू दरिलो नै हुँदै जान्छ ।

बुद्ध-शासनलाई शिरोपर गरिरहेको एक व्यक्ति तथागतको अववाद अनुशासन अनुरूप आचरण गर्दै गयो भने लौकिक क्षेत्रमा पनि मानसिक सुख पाइन्छ । आचरण राम्रो हुन्छ । उन्नति-वृद्धि हुन्छ । साँच्चै सुख-शान्ति इच्छा हुने बेलामा पनि आधार लिन लायक सितल विश्राम-गृह हुन्छ । यस्तो भएमा आफूले प्राप्त गरिराखेका उक्त अंशलाई छोराछोरीहरूले जीवनभर संरक्षण र सुरक्षा गरिराख्न सक्ने गरी सुम्पेर नदिईबस्न सुहाउँछ र !

## सालिकेदार जातक

आमा-बुबालाई पालन-पोषण गर्नु, छोराछोरीहरूलाई संग्रह गर्नु मनुष्य मात्रले नगरिनहुने अभिभारा नै हो । उक्त अभिभारा पूरागर्ने व्यक्ति मनुष्य श्रेणीमा पुगेको मानिस भएको सार भएका व्यक्ति भइ लोकमा एक शोभायमान व्यक्ति हुन्छ । 'पुरानो ऋण तिरी पठाऊ; नयाँ ऋणको बिउ छर, सुनको घडा भित्र्याऊ' भनी भन्ने परम्परा रहेकोमा उक्त अभिभारालाई इंगित गरिरहेको हो । उक्त कुरा *पकिण्णक निपात, सालिकेदार जातक* (२७६) मा उल्लेख छ । राजगृह नगरको नजिक सालिद्दिय ब्राह्मण गाउँमा कोसिय गोत्त भन्ने ब्राह्मणले आफ्नो अधिनस्थ धेरै खेतहरूमध्ये कतिपय ज्याला दिएर एकजना मानिसलाई जोत्न दिइराखेका थिए । उक्त खेतमा सुगा-पंछीहरू आई चारा खान आउने भएकोले ती सुगाहरूमध्येमा बोधिसत्व सुगाले खाने मात्र होइन धानका बालाहरू चुच्चोले टिपेर पनि लाने गर्थ्यो । ज्यामी किसानले रोक्न नसकेपछि त्यो धानको सट्टा बाली तिर्न नसकिएला भन्ने पीर लागेर जगाधनी ब्राह्मणकहाँ गएर खबर दियो । खेतमालिकले पनि धानका बाला टिपेर लाने सुगालाई जालमा अल्झाई ल्याउन अह्राएपछि किसानले समातेर ल्याई ब्राह्मणकहाँ बुझायो ।

कोसियगोत्त ब्राह्मणले बोधिसत्व सुगालाई 'ए सुगा, अरुको पनि पेट छ नै होइन र ? तैंले धानको बाला टिपेर लग्नुपरेको अरुको भन्दा तेरो पेट ठूलो भएर हो कि ? तेरो भकारी पो छ कि ? अथवा तँ हाम्रो शत्रु भएर पो हो कि ?' भनी सोधे । 'भो ब्राह्मण ! मसँग भकारी पनि छैन; मैले तपाइलाई शत्रु बनाउन चाहेको पनि होइन । मैले पुरानो ऋण तिरेर नयाँ ऋणको बिउ छर्ने, सुनको घडा भित्र्याउने गर्दैछु' भनी बोधिसत्वले भन्दा ब्राह्मणले पुरानो ऋण तिरी पठाउनु, नयाँ ऋणको बिउ छर्नु, सुनको घडा भित्र्याउनुको अभिप्राय सोधे ।

'भो ब्राह्मण, हाम्रा प्वाँख उम्री नसकेका बच्चाहरूलाई पालनपोषण गर्छौं । उनीहरूले पछि हामीलाई पालनपोषण गर्नुपर्ने भएकोले नयाँ ऋणको बिउ छर्नु भन्दछन् । चलफिर गर्न नै नसक्ने गरी बुढा-बुढी भइसकेका आमा-बुबालाई पालनपोषण गर्नु उनीहरूले पहिले हामीलाई पालनपोषण गरिसकेको हुँदा पुरानो ऋण तिर्नु हो । बलशक्ति नभएकोले उड्न नसक्ने बुढाबुढी सुगाहरूलाई पुण्य पाउनको लागि पालनपोषण गर्नु सुनको घडा भित्र्याउनु हो' भनी स्पष्ट गरी बताइदियो ।

ब्राह्मणले पनि 'यो सुगा धेरै धर्मात्मा रहेछ; कतिपय मानिसहरू समेत यस्तो धर्मात्मा हुँदैनन्' भनी विचार गरी अतीव सन्तुष्ट र उत्साहित भइ सुगालाई चाहिने जति लिएर खानको लागि खेतको फाँट समेत दान गरिदिए । एकहजार करीस जति खेतको फाँट सुगालाई दान दिएकोमा बोधिसत्व सुगाले आठ करीस मात्र ग्रहण गर्‍यो । बोधिसत्वले दान पुण्य गर्नको लागि, आमा बुबालाई पालन-पोषण र सेवा-उपस्थान गर्ने उपदेश दिएपछि ब्राह्मणले पनि उक्त धर्मअनुसार अनुशरण गरी धर्माचरण गरिरहेका श्रमण-ब्राह्मणहरूलाई महान रूपमा दानपुण्य गरे ।



Downloaded from http://dhamma.digital/

## दारसङ्गह

स्वास्नीलाई संग्रह गर्नु भनेको लोग्नेको कर्तव्य व्रत-धर्म पूरागर्नु भनेको हो । लोग्नेको कर्तव्य धर्महरू भनेको स्वास्नीको मान गर्नु, अवहेलना नगर्नु, परस्त्री गमन नगर्नु, सम्पत्ति अधिकार सौंपीदिनु, लुगाफाटा र गर-गहनाहरू दिनु गरी पाँचवटा छन् ।

तीमध्ये मान गर्नु भनेको रमाइलो र मिठो वचनद्वारा मनको उत्साह बढ्नेगरी खुशी लाग्नेगरी बोल्नु भनेको हो । अवहेलना नगर्नु भनेको निन्दा गर्नु, नीचा देखाउनु, गाली गर्नु, हकार्नु आदि नगर्नु हो । सम्पत्तिमा अधिकार जिम्मा दिनु भनेको व्यवस्था गर्नको निम्ति घरको अभिभारा सबै सुम्पनु हो । खेतिपाती, व्यापार गर्नु आदि अभिभारहरू लोग्नेको भएकोले त्यसबाट उत्पादन भएको आम्दानी सम्पत्तिलाई सुरक्षितपूर्वक राख्ने संरक्षण गर्ने र घरको प्रबन्ध गर्ने अभिभार स्वास्नीको अभिभार हो भन्ने पुरानो परम्परा रहेको छ । लुगा र गरगहना दिनु भनेको आफ्नो गच्छे अनुसार दिनुलाई भनेको हो ।

कर्तव्य धर्मानुरूप स्वास्नीलाई संग्रह गर्न जान्ने असल लोग्ने एकजनालाई स्वास्नीले पनि आफ्नो कर्तव्य धर्मबाट विमुख नहुनुद्वारा असल परिणाम देखाउन सकेमा मात्र असल स्वास्नी हुनसकिन्छ । स्वास्नीको व्रत धर्म भनेको घरभित्रका कामकाजहरू राम्ररी गर्नु, आफन्तहरूलाई संग्रह गर्नु, आफ्नो पुरुष बाहेक परपुरुषसँग नियम उल्लंघन नगर्नु, धन-सम्पत्ति राम्ररी संरक्षण र संकलन गर्नु, पकाउने तुल्याउने आदि काममा दक्ष भइ अल्छी नमानी काम गर्नुको रूपले पाँचवटा छन् ।

## युगल चारथरी

लोग्ने-स्वास्नी दुवै कर्तव्य व्रत-धर्म पूर्ण गरी आ-आफ्ना शीलाचरणले सम्पन्न भइरहेमा उनीहरूको घर सधैं रमाइलो भइ श्री शोभायुक्त भएको 'श्रीगृह' भइरहन्छ । यस्ता जोडीलाई देव-देवी मिलेको जस्ता युगल (जोडी) भनी भन्नसकिन्छ । *चतुकङ्गुत्तर दुतिय पण्णासक पुञ्ञाभिसन्दवग्ग* (३३८) मा निम्नलिखित चार युगल (जोडी) बताउनुभएको छ । ती युगलहरू-

१) मृत लोग्ने र मृत स्वास्नीको जोडी- लोग्ने पनि चरित्रहीन भएको र स्वास्नी पनि चरित्रहीन भएकी एक जोडी । गुण वृद्धि नभइकन मृत भएको हुनाले मृत भनी भन्नुपर्छ ।

२) मृत लोग्ने र देवी स्वास्नीको जोडी- लोग्ने चरित्रहीन, स्वास्नी शीलवती भएको जोडी ।

३) लोग्ने देवता र मृत स्वास्नी भएको जोडी- लोग्ने शीलवान स्वास्नी दुःशील भएको जोडी ।

४) देवता लोग्ने र देवी स्वास्नी भएको जोडी- लोग्ने स्वास्नी दुवै शीलवान भएको जोडी ।

**सङ्गहवत्थु ४ वटा सङ्गहवत्थु** (=संग्रह गर्ने कारण) चारवटा *चतुकङ्गुत्तर चक्कवग्ग* (३४१) मा बताउनुभएको उल्लेख छ । संग्रह धर्म चार वटा पनि भन्ने चलन छ । ती धर्महरू-

१) **दान**=दिनु,

२) **प्रियवाचा**=प्रिय वचन बोल्नु,

३) **अत्थचरिया**=अर्थ हितकारी व्यवहार गर्नु,

४) **समानतत्ता**=आफूसमान व्यवहार गर्नु; हुन् ।



Downloaded from http://dhamma.digital/

यी चार संग्रह धर्मद्वारा संग्रह गर्नुलाई पनि अरु किसिमले **दारसङ्गह** (=स्वास्नीलाई संग्रह गर्नु) भनेर लिनमिल्ने भएकोले उपरोक्त व्रतधर्महरू परिपूर्ण भएको नै हो ।

**दान दिनु, प्रिय वचन बोल्नु; अर्थाचरण गर्नु र ।**

**आफूसमान व्यवहार गर्नु; चार सङ्ग्रह धर्म हुन् ।**

धर्मानुकूल छोराछोरी र स्वास्नीलाई पालन-पोषण र सेवा-उपस्थान गरिरहनेहरूले शक्र-देवेन्द्रले गरेको नमस्कारलाई समेत ग्रहण गर्न योग्य हुन्छ, लोकमा उत्तम हुने तरिका *सक्क संयुत्त गहट्ठ वन्दना सुत्त*मा तथागतले बताउनुभएको उल्लेख छ । विस्तृत कुरा *संयुक्त पाली*मा हेर्नुपर्छ ।

**अनाकुल कम्मन्त**

**आकुल-नाना जनसमाकुलं** आदिमा **आकिण्ण** =गोलमाल भएको, खाँदाखाँन भएको भन्ने अर्थलाई व्यक्त गर्दछ । *थोमनिधि* मा **आकुललाई व्याकुल**=रोग आदिका कारणले के गरौं, कसो गरौं भइरहेको व्यक्ति, चिन्तित व्यक्ति भनी अर्थ लगाएर अनाकुलको अर्थलाई **अब्यग्ग**=व्यग्र नभएको, हडबड नभएको, **एकग्ग**=एकाग्र भएको, **थिर**=स्थिर भएको, **अब्याकिण्णवाक्य**=गोलमा नभएको वाक्य भनी चारथरी देखाइएको छ । यहाँ गोलमाल नभएको वाक्यलाई मात्र व्यक्त गरेको भए पनि गोलमाल नभएका सबैथोकलाई लिनुपर्छ । **अनाकुलविनिच्छया** -*उदान अट्ठकथा* आदि त्यही त्यही *अट्ठकथा निगमन),* **अनाकुलानमत्थानं;** ***सम्भवा अट्ठसालिनी*** *(अट्ठकथा निगमन),* **यस्स रञ्ञो पभावेन; भावितत्तं यमाकुलं; अनाकुलं दुल्लद्धीहि, पापभिक्खूहि सब्बसो** *(मोग्गल्लान निगमन),* आदिद्वारा स्पष्ट भएका छन् । यस **अनाकुलकम्मन्त-** मा **अनाकुल**-पनि गोलमाल नुहुनु भन्ने अर्थलाई नै ब्यक्त गरी **आकुलभावविरहिता** ( गोलमाल भएको भावबाट अलग्ग भएकाहरू) पनि *अर्थकथा* ले वर्णन गरिराखेका छन् ।

पहिलेको अर्थ **अनाकुल**-विघ्नबाधा नभएको भन्ने हो । **आकुल**को अर्थ बिघ्नबाधा भन्ने अर्थ देखिंदैन । यदि **'आकुल'** ले बिघ्नबाधा अर्थ व्यक्त गरेमा काम कुरा गोलमाल हुने कारणहरू कामकाजमा बिघ्नबाधा नै भएकोले अर्को ढंगबाट उचित हुनसक्छ । तर **'न आकुल-अनाकुला'** भनी विग्रह गरिएको *अर्थकथा*सँग भने अनुकूल छैन । केहीले विनाश हुनु भनेर पनि अर्थ दिने गरेको पाइन्छ ।

Dhamma.Digital

**अनाकुल हुने ढंग**

*अर्थकथा*मा समय नाघ्नु, न सुहाउने गरी गर्नु, हलुका रूपमा गर्नु, ढिलासुस्ति गर्नु आदिलाई काम कुरा गोलमाल हुनुका कारणको रूपमा देखाई कामकाज गोलमाल नहुनुका कारणहरू र उचित समय जान्नु, सुहाउने गरी गर्न जान्नु, अल्छी नहुनु, मेहनती हुनु, विनाश नहुनेगरी गर्नु भनेर पाँच प्रकारका देखाइएका छन् ।

**समय बुझ्नु, उचित काम रोज्नु, अल्सि नहुनु, मेहनती हुनु ।**

**कामकाज विनाश नगर्नु, अनाकुल हुनु हो ॥**

**समय बुझ्नु**

कुनै पनि काम आ-आफ्नो उचित समयमा ढंगपूर्वक गरिएमा उक्त काम सजिलै र हलुकारूपमा निर्विघ्न सम्पन्न हुन्छ । काममा भंग अवस्था हुनुहुँदैन; त्यसो नभइ समय बितेपछि मात्र काम सुरु गरिएमा काम



Downloaded from http://dhamma.digital/

शुद्ध र सुन्दर बन्नसक्दैन; समयमा न सिध्दिएर अधुरै आंशिक मात्रामा नै छोड्नु पर्ने हुनसक्छ; त्यसो हुनाले समय घर्कनु कामकाज अपुरो हुनु काम शुद्ध र सुन्दर नहुनुले काम गोलमाल पार्नसक्ने हुनाले म्यादभित्रै काम गर्नु, शुद्ध र सुन्दर पारेर काम गर्नु, छ्यासमिस हुननदिनु भनेको र काम सिद्ध हुनु भनेको एउटै कुरो हो ।

## अनाकुल हुनेगरी काम गर्नु

त्यसपछि कामसँग अनुकूल स्थान समय आदि रोजेर काम गरेमा मात्र काम सजिलै हलुका ढंगले सिद्ध हुन्छ । त्यसो नभइ वर्षा नाघिसकेपछि खेत खन्नु भन्ने उखान झैं समय अनुकुल नहुनु, मरुभूमिमा धानको बिउ रोप्नु जस्तै स्थान अनुकुल नहुनु पर्‍यो भने काम सिद्ध हुँदैन; सिद्ध भए पनि पूरा हुँदैन; यसरी सिद्ध नहुनु, पूरा नहुनुलाई नै काम शुद्ध र सुन्दर नुहुनु गोलमाल हुनु भनी भन्नुपर्छ ।

## अल्छी हुनु

अल्छी हुनु पनि काम गोलमाल हुनुको अर्को कारण हो । अल्छी व्यक्तिले गर्मी छ, जाडो छ, अबेर भयो, सबेर छ, भोक-प्यास छ, पेट टन्न छ भनेर विभिन्न बहाना राखेर काम छल्ने गर्छ; ढिलासुस्ती पार्ने गर्छ; धेरै जाडो छ, धेरै गर्मी छ लाई त तृण र धूल जति पनि वास्ता नगरिकन कोसिस गरी कामकाज गर्ने व्यक्ति मात्र सुखबाट वंचित हुननपर्ने कुरो *सिङ्गालोवाद सुत्त* मा भगवान् बुद्धले बताउनुभएको उल्लेख छ । त्यसरी अनेक प्रकारले बहाना गरेर वा अरु अरु कारणहरूबाट कामकाज छलेर फासफुस गर्नु सबै नै काम अपूरो हुनु, शुद्ध र सफा नुहुनु हुने हुनाले कामकाजको आकुलभाव (=गोलमाल) हरू नै भएकोले अल्छी नभएको व्यक्तिको कामकाज मात्र शुद्ध सफा भइ चट्ट परेको अनाकुल कार्य हुन्छन् ।

## वीर्यवान हुनु

अल्छी भएन भने उद्योगी हुने काम पनि सिद्ध हुन्छ भनी भन्न मिले पनि कहिले पनि अल्छी नभई गर्ने भए पनि काममा मन नलागेर त्यस बाहेक अरु काममा दिलचस्पी हुनजानसक्ने आदि भएकोले काम हलुका हुनजानु कर्तब्यनिष्ठ नहुनु आदि हुनसक्ने भएकोले वीर्यवान् हुनुलाई अलग्ग देखाउनु परेको छ । वीर्य भने पनि बुझेको, दक्षता भएको आदिलाई समेत लिनुपर्दछ । काम सम्बन्धी बुझाई नभएको अवस्था, दक्षता नभएको अवस्था, आंशिक मात्र ज्ञान हुने अवस्था पनि काम गोलमाल हुनुको कारणहरू भएकोले वीर्य भए पनि नजानेको, नबुझेको, अदक्ष व्यक्तिको कामकाज गोलमाल हुन नै सक्छन् । जानेका बुझेका दक्षता भएका वीर्य भएकाको काम मात्र शुद्ध सफा र हलुका सजिलो हुने भएकोले अनाकुल=कामकाज गोलमाल नभएको हुन्छ ।

## विनाशबाट बचाउनु

काम नगर्नु, राम्ररी नगर्नुलाई काम बिगार्नु भनिन्छ । त्यसो हुनाले **'इत्थिधुत्तो**=रण्डिबाज, **सुराधुत्तो**=रक्स्याहा, **अक्खधुत्तो**=जुवाडे हुनु आदि सम्पत्ति विनाशका कारण कामकाज विनाशका कारणहरूले पनि कामलाई बाधा पार्छ । *संयुक्त निकाय सगाथावग्ग देवतासंयुत्त* मा बताइएका सम्पत्ति बगेर जाने कारणहरू छवटा प्वाल भनेको-अल्छी हुनु, प्रमादी हुनु, वीर्य नहुनु, संयम नहुनु, सुतुवा हुनु, जिउ मात्र तन्काइ बसी जांगरिलो नहुनु पनि कामकाज विनाशका कारणहरू नै भए । त्यस्ता कुलक्षणयुक्त काम नगर्ने व्यक्तिहरू, काम गरे पनि राम्ररी नगर्नाले कामकाज विनाश गर्नेहरू हुन् । काम भनेको जतिजति ठूलो हुन्छ त्यतित्यति नै सबल बनाउनको लागि सम्पत्ति खर्च गर्नु, लगानी गर्नु, खर्च गर्नु आवश्यक हुने भएकोले सम्पत्ति विनाश गर्ने काम काज विनाश गर्ने नै भएकोले काम गोलमाल गर्ने नै भए । सम्पत्ति



Downloaded from http://dhamma.digital/

वृद्धि हुँदै जाँदा मात्र काम उन्नति र वृद्धि हुँदै जाने हुनाले सम्पत्तिवृद्धि हुने कारण सम्पदा-धर्म चारवटा पनि परिपूर्ण हुने गरी उद्योग गर्नुपर्दछ ।

**अल्छी प्रमादी, वीर्यहीन; असंयमी र सुतुवा ।**

**छैन जाँगर आँग तान्छ मात्र; धन बग्ने छवटा प्वाल हुन् ।**

### उट्ठान सम्पदा

उद्योग पूर्ण हुनु हो । यहाँ उद्योग भने पनि काममा दक्षता नै नभएकाको उद्योग लाभ-दायक नहुने भएकोले काममा दक्षता भएकाको उद्योग भन्ने अर्थ समावेस छ । खेती गर्नु, ब्यापार गर्नु आदि कामकाज भए पनि, कुनै एउटा शिल्प-विद्याद्वारा आफ्नो जीवन निर्वाह गर्नेहरूले त्यस काममा दक्षता भइ जानीबुझी अल्छी नभइकन उद्योग गर्नुलाई **उट्ठानसम्पदा** भन्दछन् । सम्पत्ति उत्पादनमा यो **उत्थानसम्पदा** महत्वपूर्ण छ । **'उट्ठाता विन्दते धनं**=वीर्यवान्लाई सम्पत्ति लाभ हुन्छ' भन्ने *सगाथावग्ग मग्गसंयुत्त (२१७)* मा बताइएअनुसार धनसम्पत्ति गुण श्रीशोभा अल्छीलाई सुहाउँदैन, मूल्य छैन, वीर्यवानलाई मात्र सुहाउँछ, मूल्य हुन्छ । त्यसरी उद्योग गर्नमा नसुस्ताइकन बेइमानी नगरिकन नरुकीकन अटुट उद्योग गरिबस्ने माहुरी भमराहरूले फूलको रस जम्मा पारिनुलाई नमूना लिई काम गर्नको निम्ति र धमिराहरूले आफ्नो घर बनाउन काम गर्ने तरिकालाई नमूना लिनको लागि भगवान्ले उपदेश दिनुभएको *सिङ्गालोवाद सुत्त*मा उल्लेख भएको छ ।

### आरक्खसम्पदा

संरक्षण वा सुरक्षा गर्नुबाट पूर्ण हुनु । लाभ गरी जम्मा गरिएका धनसम्पत्तिलाई आगो, पानी, चोर, डाँका आदिद्वारा नाश नहुनेगरी लुट्नननसक्ने गरी बैंकमा राखीराख्नु जीवन बिमा गरिराख्नु आदिद्वारा रक्षा गरिराख्नुलाई **आरक्खसम्पदा** भन्दछन् ।

### कल्याणमित्तता

कल्याणमित्र उपलब्ध हुनु । लौकिक र धार्मिक क्षेत्रमा उन्नति-बृद्धि हुने कारण रहेको असल मार्ग-निर्देशन गर्नसक्ने आदर्शयोग्य गुणांग भएका कल्याणमित्र असल साथीसँग सरसल्लाह गर्नु, स्वीकार गर्नु, सत्संगत ब्यवहार गर्नु नजिक जानुलाई **कल्याणमित्तता** भन्नुपर्दछ ।

### समजीविता

सन्तुलित तरिकाले जीवनयापन गर्नु । आम्दानी थोरै भइ खर्च बढी हुनेगरी चलाउनुलाई सन्तुलित जीवननिर्वाह नभएको भन्नुपर्दछ। कमाउने बढी भएर खर्च हुने कम गरी सन्तुलन गरी खर्च गर्न जान्नुलाई **समजीविता** भन्दछन् । उचित हुने गरी खर्च व्यवहार गर्नु भनेको हो । तथागतले *सिङ्गालोवाद सुत्त* मा सम्पत्ति प्रयोग गर्ने विधि बताइएकोमा लाभ भएको सम्पत्तिलाई चारभागमा विभाजन गरी एक भाग ब्यवहार गर्नु, दुईभाग काममा लगाउनु, एकभाग अपर्झट आपद-विपदमा खर्च गर्नलाई जम्मा गरिराख्नको लागि निर्देशन दिईराख्नुभएको छ । दानप्रदान गर्नको लागि दैनिक व्यवहारमा रहेको एकभागबाट टुक्र्याई गर्नुपर्ने कुरा त्यसको *अर्थकथा*मा बताईएको छ ।

**उद्योग र धन रक्षा; सन्तुलित प्रयोग र ।**



Downloaded from http://dhamma.digital/

**कल्याणमित्र बनाउनु; यी चार सम्पदा हुन् ॥**

## चार प्रकारका सुख

**अनाकुलकम्मन्त-**द्वारा सम्पत्ति लाभ हुनु, उक्त सम्पत्तिको आधार लिई सेवन गर्नु र अनुभव गर्नु, परलोकमा सुख प्राप्तहुनु आदि फलहरू लाभ गर्न सकिने हुनाले यो मङ्गल भयो । विशेषतः यो **अनाकुलकम्मन्त** द्वारा प्राप्त हुने *अङ्गुत्तर चतुक्क निपात आनव्य सुत्र (३८०)* मा उल्लेखित सुख चार प्रकारका लाभ हुनसक्छन्; ती हुन्-

(१) **अत्थि सुख**=मसँग छ भनी विचार गर्न पाउँदा हुने सुख हो । कामकाजमा कोसिस गर्नुले सम्पत्तिहरू लाभ हुनथाल्ने अवस्थामा मसँग सम्पत्ति छ भनी भनी विचार गर्दा प्रत्येक पटक प्राप्तहुने मानसिक सुख हो । यसले आफूलाई हर्षोल्लास भइरहन्छ ।

(२) **भोग सुख**=उपभोग परिभोगका कारणले उत्पन्न हुने मानसिक सुख हो । कामकाजमा उद्योग गर्नाले लाभ भएको सम्पत्ति उपभोग परिभोग गर्न पाउँदा उत्पन्न हुने मानसिक सुख हो । हर्षित हुनु हो ।

(३) **अनण सुख**=ऋण नहुनुको कारणले उत्पन्न हुने सुख हो । ऋणमा डुबेको व्यक्ति उक्त ऋणको कारणले सधैं शोकमा परिरहनुपर्ने, ऋण तिर्न नसक्ने अवस्थामा मानसिक दुःख हुनु, ऋण स्वामीहरूको चोट सहनपर्नु, नालिस मुद्दामा पर्नु आदि रूपले धेरै दुःख छन् । कामकाजमा कोसिस गरी सम्पत्ति पूर्ण भएका व्यक्तिले उक्त ऋणदुख नहुनुले आफू ऋणबाट रहित भइ परिपूर्ण भइरहेको कुरा सम्झँदा प्रत्येक पटक मनमा प्रीति सौमन्य अनुभव गरिबस्न पाउनु मानसिक सुख नै हो ।

(४) **अनवज्ज सुख**=दोष नभएको हुनाले उत्पन्न हुने सुख हो । आफूसँग निर्दोष कायिक, वाचिक, मानसिक अवस्था तीनैवटाले पूर्ण भएको तथ्य मनमा चिन्तन गर्दा उत्पन्न हुने मानसिक हो । सबै सुखहरू धार्मिकपूर्वक लाभ भएको सम्पत्तिका कारणले उत्पन्न भएको सुखहरू हुन् । अधार्मिकपूर्वक सम्पत्ति खोज्ने व्यक्तिलाई आफ्नो अधर्म अन्याय स्मरण हुँदा प्रत्येक पटक अशान्ति हुनसक्ने भएकोले पूर्णरूपले मानसिक सुख कहाँबाट हुनसक्ला र !

## चारमहिनामा दुईलाख

काम सानो भए पनि, ठूलो भए पनि मुख्य कुरो यो होइन । अरुलाई हानी नहुने, अकुशल नभएको काम हो भने असल काम नै हुन्छ । व्यक्तिको उद्योग र दक्षता आदि अनुसार गुण, श्रीशोभा वृद्धि भइ मङ्गल हुन्छ । त्यसैले प्रज्ञावानहरूको निर्देशन ग्रहण गर्नु, काम काजमा दक्षता हुनेगरी काम गर्नु, प्रयास गर्नुद्वारा **अनाकुलकम्मन्त** मङ्गल हुनेगरी सुख शान्ति लिनु योग्य छ ।

बोधिसत्वले वाराणसी देशमा महाजन जन्म भएको अवस्थामा एकदिन राजाको हाजिरीमा जाँदा बाटोमा मूसाको लास एउटा देखेर नक्षत्र हेरी यो मुसाको लास पूँजी लगाउने व्यक्ति कारोवारमा सफल भइ धनी हुन सक्छ, भनी बोले । उक्त कुरा सुनेको एकजना गरीब मानिसले 'यो महाजन प्रज्ञावान भएकोले नजानिकन त्यसै बोलेको होइन होला' भनी सो मूसाको लास लगेर बिरालोको खानाको लागी बेच्दा एकदाम प्राप्त भयो । उक्त एकदामबाट शुरु गरेर सम्पत्ति लाभको निम्ति अटुटरूपमा उद्योग गर्दै लगी चारमहिनाभित्र दुईलाख लाभ भयो । उक्त दुईलाखबाट एकलाख गुरू दक्षिणाको रूपमा महाजनलाई



Downloaded from http://dhamma.digital/

चढाउन जाँदा महाजनले उसको सामर्थ्य देखेर सन्तुष्ट र खुसी भएर आफ्नी छोरासँग विवाह गरी संग्रह गरे । उक्त गरीबले प्रज्ञावानको कुरालाई गौरवपूर्वक स्वीकार गर्नु, सम्पत्ति वृद्धि गर्नको लागि आवश्यक तथ्य र अवस्थालाई बुझ्नसक्नु, अटुटरूपले प्रयास गर्नुको कारणले गरीबको जीवनबाट महाजनको स्थानमा पुग्न पाए ।

**सुझाव**...

यस गाथामा मातुउपट्ठान, पितुउपट्ठान भनी दुईटा छुट्याएर मङ्गल चारवटा छन् । त्यसरी चारवटा हिसाव गर्दा मात्र *अट्ठकथा*मा देखाइएका मङ्गल ३८ वटा पूरा हुन्छन् । फेरि **मातापितु उपट्ठान** लाई दुई थरीले छुटाए जस्तै **पुत्तदार संगह** लाई पनि दुई थरीमा छुटाए भने पाँचवटा मंगल हुन्छन् । त्यसरी दुईदुई थरी नछुटाई जोडेर लिएमा मङ्गल तीनथरी मात्र हुन्छन् । यसरी *अट्ठकथा*मा मङ्गल गणना गर्ने तरिका तीनथरी देखाइएका छन् । यस विभाजनबाट के थाहापाइन्छ भने ३८ वटा भनेको मङ्गलसंख्या नियम ( =निश्चित रूपले ठोकुवा गरी नियमित गरिराखेको) होइन; ३८ वटा भन्दा बढी वा कम पारी हिसाब गरे पनि दोष छैन । मंगल ५ थरी बनाई ३९ भनी गणना गर्नुलाई र तीनथरी बनाएर ३७ वटा भनी गणना गर्नुलाई *अट्ठकथा* मा निषेध गरिराखेको छैन, अनुमति दिइराखेको छ भन्ने भनाइ हो ।

**१८. दानञ्च धम्मचरिया च; ञातकानञ्च संगहो ।**

**अनवज्जानि कम्मानि; एतं मङ्गल मुत्तमं ।**

१८) **देवपुत्त**=भो देवपुत्र; **यं दानञ्च**=जुन दानपुण्य गर्नु; **या धम्मचरिया च**=जुन सुचरित्र धर्मको आचरण गर्नु; **ञातकानं**=ज्ञातिबन्धुहरूलाई; **यो संगहो च**=जुन संग्रह र सहयोग गर्नु; **अनवज्जानि**=दोष नभएका; **यानि कम्मानि च**=जुन कामकाज; **अत्थि**=रहेका छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मङ्गल हुन् ।

**चारवटा मंगलको भावार्थ**

भो देवपुत्र, दानपुण्य गर्नु; सुचरित्र धर्मको आचरण गर्नु; ज्ञातिबन्धु (आफन्त) हरूलाई सहयोग र संग्रह गर्नु; दोषरहित काम गर्नु; यी चारवटा उत्तम मङ्गल हुन् ।

**दान**

दान भनेको **दानं देति=**दान दिइरहेको छ आदि कतिपय क्षेत्रमा दान दिइने वस्तुलाई व्यक्त गर्दछ । ( **दातब्बन्ति दानं** ।-**दातब्बं**=दिनु पर्ने रहेछ; **इति**=त्यसैले; **दानं**=दान भन्दछन् ।) चेतना भएमा मात्र दिने काम हुन्छ । चेतना भएन भने दिइदैन । त्यसैले दान सिद्ध गर्नमा चेतना कारण भएकोले दान सिद्ध हुनुको कारण चेतनालाई पनि दान भन्नुपर्दछ । **दीयति इमिनाति दानं । -इमिना**=यस चेतनाद्वारा; **दीयति**=दिइन्छ; **इति**=त्यसरी दिइनुको कारण भएकोले; **दानं**=दान भन्दछन् ।) फेरि चीज वस्तुमा टाँसिने लोभ हुनेबाट दान हुँदैन । टाँसिने भाव नभएको अलोभ चित्त हुनेबाट मात्र दान हुन्छ । त्यसैले अलोभ पनि दान उत्पत्तिको कारण भएकोले **तं सम्पयुत्तो वा अलोभो**=उक्त चेतनासँग सम्प्रयुक्त भएको अलोभ चित्तलाई पनि **'दान'** भनेर *अर्थकथा*मा वर्णन गरिएको छ ।

**दिने ढंग**

चेतनामा **'दानं नाम**=दान भनेको, **परं उद्दिस्स**=अरुलाई उद्देश्य गरेर; **सुबुद्धिपुब्बिका**=सिधा सद्बुद्धि अगाडि भएको; **अन्नादि दस दानवत्थु परिच्चागचेतना**=अन्न आदि दस प्रकारका दानवस्तु परित्याग गरिनुको कारण चेतना नै हो' भन्ने *अर्थकथा* मा भएको भनाईअनुसार ज्ञान पूर्वगामी भएको दिनुको कारण



Downloaded from http://dhamma.digital/

चेतनालाई दान भनेको हो भनी जान्नुपर्दछ । ज्ञान पूर्वगामी रहेको छ भनेकोमा कर्म, कर्मको फललाई जानेको बुझेको **'कम्मस्सकता सम्मादिट्ठि'** हुनुपर्ने लाई भनेको हो । 'दानको कारणले असल फल लाभ हुन्छ भनी जान्नु हो । ज्ञान पूर्वगामी भएको हुनुपर्दछ भनेकोले यो ज्ञान भएन भने दान भएन भनी सोच्नुहुन्न । सबभन्दा असल ज्ञान सम्प्रयुक्त कुशल बनाउनको लागि मात्र भनेको हो । उक्त ज्ञान नै नभए पनि व्यक्तिलाई श्रद्धा राख्नु आदिद्वारा दिनुले पनि अवश्य दान हुन्छ । ज्ञान विप्रयुक्त दान हो । कतिपय बच्चाहरू, कुनै कुनै प्रदेशका मानिसहरू फल दिन्छ भनी नजाने पनि स्नेह भएकोले, मान भएकोले दिनु; दया-माया राखेर दिनु; लाभको कामना राखेर दिनु आदि हुनसक्ने हुनाले त्यस्ता दिनु दान मात्र हो । दान नभएको जस्तो दिनु पनि छ । ती डराएर दिनु, लाभको आशा राखेर दिनु, मन परेर दिनु जस्ता नै हुन् ।

## आशक्त नहुनु

आफ्नो चीजवस्तुमा आशक्त हुनु त स्वाभाविक नै हो । तर व्यक्तिसँग श्रद्धा-प्रसन्नता हुने बेलामा अथवा मैत्री भएकोले, करुणा उत्पन्न भएर पराईको हितको कामना गर्दा आशक्तिभाव काटिन सक्छ । दिन सक्छ, अर्पण गर्न सक्छ । बोधिसत्वहरू धन-सम्पत्ति मात्र होइन आफ्नो शरीर र प्राण समेत त्याग गर्नसक्ने गरी हृदय उदार भएकाहरू हुन्छन् । त्यसको कारण त मैत्री, करुणा नै हो । उक्त मैत्री, करुणाको कारणले स्वतन्त्ररूपमा परित्याग गर्दै गएर **अलोभज्झासय**=अलोभ अध्यासय वा मनोभावना) परिपक्व हुनथालेपछि आशक्ति भन्ने हुँदैन । मैत्री, करुणा राख्न नसक्नु, श्रद्धा कमजोर हुने कारणले कसै-कसैमा आफ्नो चीजवस्तुप्रति आशक्त हुनजाने, आशक्त नभए पनि दिन मन नलाग्नुले दान नभए पनि श्रद्धा राख्न जान्ने, अरुको लाभको कामना गर्ने व्यक्तिहरूले आफूलाई साह्रै मन परेका चीजवस्तु समेत कञ्जुस्याँई गर्न नजान्ने भएर स्वलत्र रूपले दानदिन सक्छन् । सो तथ्यमा *अङ्गुत्तर एतदग्गवग्गट्ठकथा महाकच्चायन वत्थु*मा उल्लेख भएको एउटी महिलाको कुरो देखाउँदछु ।

## स्वलत्र त्यागी स्त्री

चण्डपज्जोत (चण्डप्रद्योत) राजाले तथागतलाई निमन्त्रणा गर्न कच्चायन (कात्यायन) माणवकलाई पठाउँदा आठजना अरु साथीहरूसँग तथागतकहाँ आइपुगे । बुद्धोपदेश सुन्नपाउँदा सबैजना अरहन्त भए । अरहन्त भइसकेपछि चण्डपज्जोत राजाको निमन्त्रणा निवेदन गर्दा 'तिमी मात्र गए पनि राजाले श्रद्धा राख्नेछन्' भनी कच्चायन स्थविरलाई मात्र पठाईदिनुभयो ।

स्थविर पनि अरु सातजना भिक्षुहरूसँग फर्किनुहुँदा बाटोको बिचमा तेलपनालि भन्ने निगममा पुग्नुभयो । उक्त निगममा दुईजना महाजन पुत्रीहरू रहेकामा एकजनाको सम्पत्ति नाश भएर गरीब भइ परिचारिकाको सहारामा जीवन बिताउनुपर्ने अवस्थामा थिइन् । तर उसको रूप लावण्यको मात्र राम्रो होइन कि केश पनि अति राम्रो थियो । अर्को महाजन पुत्रीसँग भने सम्पत्ति भए पनि केश थिएन । केश राम्रो भएकी महाजन पुत्रीसँग उक्त केश आफूलाई बेच्न सय देखि हजार रूपैयाँसम्म बढाबढ गरेर दिंदा पनि दिएनन् ।

स्थविरहरू पनि उक्त निगममा भिक्षाटन गर्नुहुँदा उक्त राम्रो केश भएकी महाजन पुत्रीले देखेर 'अहो, वहाँहरूलाई भिक्षा पनि प्राप्त भएको छैन, मसँग पनि दान दिने केही छैन ।' भनी मन दुःखित गरिन् अनि आफ्नो केश पहिले साथी महाजन-पुत्रीले किन्नआएको सम्झेर स्थविरहरूलाई निमन्त्रणा गरी घरमा बोलाइन् । त्यसपछि कोठामा गएर परिचारिकाबाट आफ्नो केश काट्न लगाइन् । महाजन पुत्रीमा अति प्रबल चेतना भएकोले आफ्नो अति मेहनत गरी रक्षा गरिएको तथा मन पर्ने केश काट्न परेकोले रत्तीभर पनि प्रभाव नपरे पनि परिचारिका भने यति राम्रो केश काट्नु परेकोमा लोभ लागेर मन दुःखित भएकोले



Downloaded from http://dhamma.digital/

छातीमा हत्केलाले दबाई अविरल आँसु बहाउँदै बसिन् । त्यसपछि स्थविरहरूले नदेख्ने गरी केश छोपेर घरबाट निस्की पहिले केश किन्न चाहेकी महाजन-पुत्रीकहाँ बेच्न जाँदा उक्त महाजन पुत्रीले पनि मूल्य घटाई आठरूपैँया मात्र दिइन् । दिएको जति लिएर घरमा आई एकजनालाई एकरूपैँया मूल्य पर्ने हिसाबले भोजन पकाई पात्रमा राखेर दान दिई पठाइन् । कच्चायन स्थविरले उक्त कारण जान्नुभइ महाजन पुत्रीसँग सोध्नुहुँदा त्यसै बस्न नसकी महाजन पुत्रीले निस्केर आई स्थविरहरूलाई प्रणाम गर्न आईन् । प्रणाम गर्नासाथ उनको केश उम्रेर आई पहिलेको जस्तै भयो । कुशलको दृष्टधर्म फल नै हो । त्यसपछि स्थविरहरू भिक्षा ग्रहण गरी आकाशमार्गबाट चण्डपज्जोत राजाको कञ्चनवन उद्यानमा पुग्नुभइ भोजन गर्नुभयो । उद्यानपालको बिन्तीअनुसार राजा सवारी भयो । स्थविरबाट तथागत आउनुनभएको जान्नुभएर 'आज कहाँ भोजन गर्नुभयो त ?' भनी निवेदन गर्दा कच्चायन स्थविरले महाजनपुत्रीको दुष्करकार्य बताउनुभयो । राजाले त्यही दिनमै महाजन पुत्रीलाई डाक्नपठाई महारानी पदमा नियुक्त गरिदिनुभयो रे । (अं.ट्ठ. १-१६२)

**दानको दृष्टान्त फल**

*पञ्चंगुत्तर (३३) -मा सीह सेनापति*ले 'दानको वर्तमान जीवनमा नै प्राप्त हुने प्रत्यक्ष फल देखाउन सक्नुहुन्छ' भनी निवेदन गर्दा देखाउनसक्ने कुरा आज्ञा भइ भगवान्ले पाँचवटा फल देशना गर्नुभयो । ती हुन्-

(१) धेरै मनुष्यहरूबाट मान-मर्यादा र स्नेह राख्ने होइन्छ । तिरश्चीनहरूले समेत दिनेलाई मन पराउने रहेछन् । मानिसहरूको त कुरै नगरौं । यो फल लाभको कामना गरिने मैत्री फैलाउनुद्वारा प्राप्त हुने फल नै हो ।

२) सत्पुरुषहरू दाताहरूकहाँ नजिक आउँछन् । दान नगर्नेहरूकहाँ कोही पनि जान मन पराउँदैनन् । सत्पुरुषहरू आई नै हाले भने दाताकहाँ मात्र आउनु स्वाभाविक हो । सत्पुरुषहरूको आगमनले गर्दा कुशल उत्पन्नहुने, अमूल्य धर्मको उपहार प्राप्त हुनुबाट धेरै लाभ हुन्छन् ।

३) असल यशकीर्ति फैलिन्छ । अरुको हित हुनेगरी अर्थ वहन गर्ने व्यक्तिले आफैले गुण प्रकाश गर्नु पर्दैन; सबैले नै गुण वर्णन र प्रकाशन गरिरहने हुनाले सधैं गुणगान फिजीरहने हुन्छ ।

४) जस्तोसुकै परिषद्मा पनि निर्भीकरूपमा जानसक्ने हुन्छ । खराब कर्म गरेको व्यक्ति आफ्नो दोष याद गरी डराउन सक्छ; थर्कमान हुनसक्छ; तर अरुको स्नेह-प्रशंसा प्राप्त गरिबस्न पाएको व्यक्ति बिचार गरी डर मान्नुपर्ने थर्कमान हुनुपर्ने नदेखेर सदा निर्भीक भइ बस्दछ । यी चारवटा फल प्रत्यक्ष वर्तमान फलहरू हुन् ।

५) मरण भएमा देवलोकगामी हुनपाउँछ ।

**सबैले मन पराउनु मान पाउनु**; हुन्छ **सामिप्य सत्पुरुषको ।**

**राम्रो कीर्ति फैलिरहनु, गमन निर्भीक संसदमा ।**

**मरणपछि स्वर्ग-गमन**; **फल हुन् यी पाँच दानका ॥**

**दानले संसार लम्बिन्छ कि ?**



Downloaded from http://dhamma.digital/

कोहीकोही दानलाई संसार लम्बिने कुशल-धर्म भनी डरलाग्दो रूपमा चित्रण गर्दछन् । संसार चक्रबाट मुक्तहुने कामना भएका बोधिसत्वहरूले महत् आकांक्षा राखी दान गर्नुभएको संसारचक्रबाट मुक्त हुनुको कारण भएकोले नै हो । तृष्णा मात्र संसार लामो हुने कारण हो । सही बाटोमा सही मार्गमा बसी गरिने दान तृष्णालाई हटाउन समर्थ कारण हो । बोधिसत्वहरूले वर्तमान र भविष्यको जीवन रमाइलो बनाउनको निम्ति र आफ्नो निम्ति केही पनि कामना गर्दैनन् । बहुजन प्राणीहरूको हित र सुखको कामना गरी, चेतना राखी मात्र दान गर्दछन् । यस्तो दानलाई पारमीसिद्ध दान भन्दछन् । यदि प्रार्थना नै गरे पनि संसार चक्रबाट मुक्त हुने प्रार्थना मात्र गर्न योग्य छ । संसार चक्रबाट मुक्त हुनलाई प्रार्थना गर्नु तृष्णा होइन । यस्तो दानलाई विवर्त-निश्रित दान भन्दछन् । तृष्णा छन्दबाट मुक्त नभएको वर्त-निश्रित दान संसार घुम्ने कारण भइराखे पनि तृष्णा-रहित विवर्तनिश्रित दान संसारबाट चाँडै मुक्त हुने कारण नै हो ।

## डराउनु नपर्ने

दानकर्तामा दान दिइरहेको क्षणमा मैत्री, करुणा, मुदिता उत्पत्ति र वृद्धि भइरहने हुनाले दान ग्राहकहरूले दान ग्रहण गरी सेवन गर्नुलाई तृप्त सन्तुष्ट बनाई श्रद्धाले प्रसन्न प्रफुल्लित भइ मनमा आनन्द अनुभव गरिरहन्छ । पछिपछि मनमा सम्झिंदा पनि प्रत्येक पटक हर्ष, प्रसन्न र प्रमुदित भइरहन्छ । यी प्रत्यक्ष अनुभव गर्न पाइने दानका प्रतिफल धर्महरू हुन् । अरूप्रति मैत्री, करुणा, मुदिता वृद्धि गरिरहनाले पनि मान, दोष, लोभ, ईर्ष्या, मात्सर्य आदि खराब धर्महरूबाट मुक्त रहेको हुनाले उक्त खराब धर्महरूलाई पातलो पार्ने कारण भएको दानलाई अनुशरण नगरिकन आचरण नगरिकन बस्नु उचित हुन्छ र ! दान गर्नुदेखि डराउनेहरू बेल खस्दा आकाश खस्यो भनी ठानी भाग्ने मूर्ख खरायो जस्तै डराउनु नपर्नेमा डराइ बसेको मात्र हो ।

## हानी

कोहीकोही दानमा विश्वास नराख्ने हुनाले दानै दिंदैन; आफूले भने उपभोग गर्छ । त्यस्तो व्यक्ति भविष्यको जीवनमा परिहानी गरिरहेको भए पनि यस जन्ममा हानी नभएकोले बेसै छ । कोहीकोही दान पनि गर्दैन, उपभोग पनि गर्दैन; गर्ने आँट गर्दैन; यस्ता व्यक्ति झनै परिहानी गरिरहको हुन्छ । त्यस्ता व्यक्तिलाई सुनारहरूले आगो फुक्ने खलाँती झैं सास फेरे पनि जीवन नभएको (मृत) भनी प्रज्ञावान्हरू भन्ने गर्दछन् ।

*कोसल संयुत्त (९०)* मा उल्लेख छ- एकजना महाजनको छोराछोरी सन्तान थिएन; धनसम्पत्ति भने नगद मात्रै अस्सीलाख कार्षापण; सुन, चाँदी आदिबाट बनेका मालसामान परिभोग्य वस्तुहरू पनि त्यति नै प्रशस्तमात्रामा थिए । यत्रो महाधनी भएर पनि चूकअमिलो तिहुन र कनिकाको भात खाई सधैं झुत्रो रथ चढी, पात गाँसेको छाता ओढी हिंड्न मन पराउँथ्यो । मरण हुँदा सम्पत्ति सबै राजश्व सम्पत्ति हुनगयो । यस घटनालाई कारण गरी तथागतले 'मनुष्यरहित सुनसान जंगलमा कसैबाट प्रयोग गर्न नपाइकनै सुकेर गएको पोखरी जस्तै नीच व्यक्तिहरूले सम्पत्ति लाभ गरे पनि आफूले पनि उपभोग गर्ने आँट गर्दैनन्; ( अरुलाई) दिन पनि कंजुस्याँई गर्दछन् । प्रज्ञावानहरू त आफूले पनि उपभोग गरी; धेरैजनाको काम-काज पनि बहन गरी आफन्त सबैलाई ख्वाई-पिलाई गरी निन्दामुक्त भइ बस्दछन् । प्रशंसा मात्र प्राप्त गरी सुगतिगामी हुनपाउँछन्' भनी आज्ञा हुनुभयो । नीति आचार्यहरूले पनि 'जम्मा गरिएको सम्पत्ति लाई त्याग गर्नुलाई नै मात्र सुरक्षा गर्नु भन्दछन्; पोखरीमा भएको पानी निकाल्ने नली मात्र सुरक्षा गर्नु भनेजस्तै हो' भनेका छन् ।

## धम्मचरिया



Downloaded from http://dhamma.digital/

मार्नु, चोर्नु र अर्काकी स्त्री-छोराछोरीप्रति अपराध गर्नु भनेको काय-दुश्चरित्र तीनवटा, झुठो बोल्नु, झगडा गराउने कुरा गर्नु, कडा वचन बोल्नु र काम नलाग्ने गफ गर्नु भनेको वची-दुश्चरित्र चारवटा; अर्काको सम्पत्ति आफ्नो बनाउने विचार गर्नु, अरुको विनाश गर्ने विचार गर्नु; धारणा गलत हुनु (मिथ्यादृष्टी) भनेको मनो-दुश्चरित्र तीनवटा; यी दशलाई दुश्चरित्र (=खराब आचरण) भनेर र **अकुसल-कम्मपथ** (अपाय जाने बाटो अकुशल कर्म) भनी भन्नुपर्दछ । ती कार्यहरूबाट विरत हुनुलाई **सुचरित** (=असल आचरण) भनेर र **कुसल-कम्मपथ (**=सुगतिगामी मार्ग, कुशलकर्म) भनी भनिन्छ । यो कुशल-कर्मपथ दशवटालाई आचरण गर्नु नै **धम्मचरिया** भनेको हो । (‘धम्मस्स चरिया धम्मचरिया । (**धम्मस्स**=धर्मको; चरिया=आचरण गर्नु; **धम्मचरिया**=धर्माचरण गर्नु हो ।)

**धम्म** भनेको सत्पुषहरूको स्वाभाविक आचरण हो । अर्काको प्राण हनन गर्नु आदि अकुशल धर्मबाट अलग्ग भएका क्रिया-कलापहरू हुन् । हत्या गर्नु आदिबाट विरत हुनु धर्मबाट अलग नभएको आचरण भनेर पनि **धम्मचरिया**को अर्थ बताउनुपर्छ । **(धम्मतो अनपेता चरिया धम्मचरिया । धम्मतो**=धर्मबाट, **अनपेता**=अलग नभएको, **चरिया**=आचरण हो; **धम्मचरिया**=धर्मचर्या हो ।

दान आदि **पुञ्ञकिरिया** पनि **धम्म** नै भए पनि उक्त धर्महरू दान आदि सम्बन्धित मङ्गलमा समावेश भइसकेको हुनाले र **‘धम्मचरिया समचरियाहेतु खो गहपतयो ।’** आदि भनेर *मूलपण्णास सालेय्यकसुत्त* (३५५) मा उल्लेख भएको **धम्मचरिया** को स्वरूप कुशल कर्मपथ धर्म दशवटाको आचरण गर्नु हो भनेर आज्ञा हुनु भएको हुनाले **धम्मचरिया**को स्वरूप त्यही कुशल कर्मपथ दसवटाको आचरण गर्नु मात्र *अर्थकथा* मा वर्णन गरिएको छ ।

## मङ्गल उत्पत्ति तरिका

‘धर्म आचरण गर्नु स्वर्गगामी हुनुको कारण भएकोले मङ्गल भनिन्छ’ भनी *अर्थकथा* मा वर्णन गरिराखेको छ । उपरोक्त *सालेय्यक सुत्त*मा भन्नुभए अनुसार नै हो । यसरी परलोकको मात्र असल फल देखाई राखे पनि यसै जन्ममा विभिन्न सुपरिणामहरू प्राप्त भइरहेका छन् । खराब आचरण गर्ने व्यक्तिले चारवटा भयहरू भोग्नुपर्ने हुनसक्छ, ती हुन्-

१)**अत्तानुवाद भय=**आफूले आफैलाई आरोप लगाउने भय । दुष्कर्म गर्ने व्यक्तिले ‘म खराब छु’ भनी आफूले आफैलाई सधैं दोषारोपण गरी मन बेखुश भइ अशान्त पारी बस्नुपर्ने हुनसक्छ ।

२)**परानुवाद भय**=अरुबाट आरोप लगाइनुको भय । ‘यो व्यक्ति बदमास हो’ भनी अरुबाट विशेषतः प्रज्ञावान सत्पुरुषहरूबाट निन्दा उपहास गरिनु पर्ने भय हो ।

३)**दण्ड भय**=राजअपराध राजदण्ड भोग्नुपर्ने हुन्छ ।

४)**दुग्गति भय=**अपायमा पतन हुनुपर्ने भय । (*अं.१-४३६*)

**आफूले आफैलाई निन्दा; त्यस्तै निन्दा अरुबाट ।**

**राजदण्ड, अपाय-पतन; छोड्नू भयका कारण यी चारथरी ।**

शुरुका ३ वटा भयहरू प्रत्यक्ष-जीवनमा भोग्नुपर्ने भयहरू हुनाले धर्माचरण गरिरहेका व्यक्ति उक्त भयहरूबाट मुक्त भइ कायिक र मानसिक सुख-शान्ति पाउने हुन्छ । धेरै जनाको स्नेह, गौरव, मान-मर्यादा पाउने हुन्छ । मैत्री, करुणा, मुदिता उत्पन्न भएर गहिरो मानसिक सुख-शान्ति प्राप्त भएका व्यक्तिको रूप-लावण्य, बलशक्ति वृद्धि भइ दीर्घायु भइ रहन पाउँछ । सत्पुरुष-धर्म परिहानी भएको युगमा



Downloaded from http://dhamma.digital/

रोग धेरै हुनु, अल्पायु हुनु हुने भएकोले सत्पुरुष धर्म विकास भएको युगमा रोगबाट मुक्त भइ दीर्घायु हुनु **धम्मचरिया**को आनिशंस फल नै हो । **'तयो रोगा पुरे आसुं; इच्छा, अनसनं, जरा**=पहिले पहिले इच्छा हुनु, भोक लाग्नु, यथासमयमा बृद्धबृद्धा हुनु रोग तीनथरि मात्र थिए भन्ने कुरो बताउनुभएको कुरो *सुत्तनिपात ब्राह्मणधम्मिक सुत्त* (३२५) -मा उल्लेख भएको छ । गौ-हत्या शुरु भएदेखि अन्ठान्नब्बे (९८) प्रकारका रोहरू उत्पन्न भएको हो भन्ने पनि उक्त सूत्रमा नै बताउनुभएको छ ।

## धम्मपाल

काशी राष्ट्रका धम्मपाल गाउँमा बस्ने धम्मपाल (धर्मपाल) माणवक तक्षशीला देशका दिशा-प्रामोक्ष आचार्यकहाँ गई विद्या अध्ययन गर्न जाँदा पाँचसय शिष्य विद्यार्थीहरूका नाइके शिष्यको तहमा पुगे । एकदिन आचार्यका जेठा छोरा परलोक भएकोले उक्त विषयमा छलफल गर्न थाल्दा धम्मपालले उनीहरूको वंशमा यसरी बच्चा अवस्थामा मृत्यु हुनेहरू कोही नभएको कुरा सुन्दा आचार्य आश्चर्य मानेर आफैं गएर परीक्षा गर्ने निर्णय गरे । त्यसपछि बाखाको हाड गोजीमा राखेर शिष्यहरूलाई पढाई लेखाई गराउने जिम्मा सबै धम्मपाललाई सिकाई निस्केर आई धम्मपाल गाउँमा धम्मपालको घरमा पुगे । आचार्यलाई घरमा बस्नेहरूले कर्तव्यपूर्वक सेवा-टहल गरे । भोजनपछि आनन्दले विश्राम गरिरहँदा आचार्यले धम्मपालको बुबा ब्राह्मणलाई धम्मपाल परलोक भइसके, संस्कार सबै अनित्य मात्र हुनाले शोक गर्नु नपर्ने कुरो बताए । ब्राह्मण त ताली बजाई बेस्सरी हाँसे । 'किन हाँस्नुभएको' भनी सोध्दा 'हाम्रो छोरा मरेको होइन, आचार्य । अरु नै कोही मरेको होला' भने । 'विश्वास गर्नुस् ब्राह्मण, हेर्नुहोस् यो हो तपाँईको छोराको अस्तु ।' भनी झोलाबाट अस्तुहरू निकाली देखाउँदा आचार्यले देखाएका हाडहरू बाखाको, कुकुरको हाड होला; हाम्रो छोरा मर्दैन; हाम्रो कुलमा सात पुस्ता पहिलेदेखि यसरी बच्चा बेलामा मर्ने कोही छैन, आचार्य' भनी ब्राह्मणले निर्भीक पूर्वक प्रतिकार गरे । आचार्य पनि अति अचम्म मानेर 'तपाइहरूको कुलमा यसरी बच्चा बेलामा नमर्नाको कारण के हो नि' भनी सोधे । ब्राह्मणले सविस्तार बताए ।

'भो आचार्य, हामीले धर्माचरण गरिरहेका छौं । पण्डित आर्यहरूबाट निन्दा गर्न योग्य खराब काम गर्दैनौं । असत्पुरुषहरूको धर्म र सत्पुरुषहरूको धर्म दुवै पक्ष हामी सुन्दछौं । उनीहरूसँग विरोध नहुनेगरी सुन्दछौं, तर असत्पुरुषहरूको धर्मलाई स्वीकार गर्दैनौं; सत्पुरुषहरूसँग मात्र सत्संगत गर्दछौं । हामी दान दिनअगाडि पनि प्रसन्न हुन्छौं, दिइरहँदा पनि प्रसन्न हुन्छौं, दिईसकेपछि पनि प्रसन्न रहन्छौं, पश्चाताप गर्दैनौं । श्रमण, ब्राह्मण, यात्रु, मगन्ते, गरीब-गुरूवाहरूलाई खान-पान दान गर्छौं । हाम्रा जहान-स्त्रीहरूले पर-पुरुषहरूसँग गलत व्यवहार नगरे जस्तै नै हामीहरूले पनि परस्त्रीहरूसँग गलत व्यवहार गर्दैनौं । ब्रह्मचर्य आचरणको आचरण गरिरहेका छौं । हामी अरुहरूको ज्यान-प्राण हनन गर्दैनौं, चोरी गर्दैनौं, झुठा कुरा गर्दैनौं, मद्यपान गर्दैनौं । हाम्रा धर्मात्मा जहानहरूले वेदज्ञ, प्रज्ञावान, असल, उत्तम सन्तान मात्र जन्म दिएका छन् । आमा-बुबा, दाजु-भाइ दिदी-बहिनी, लोग्ने-स्वास्नी, ज्यामी कर्मी, दास-दासी सबैजना आगामी जन्मको निम्ति धर्माचरण गर्नेहरू मात्र हुन् । यी आचरणहरू हामी साना उमेरमा नमर्नाका कारणहरू हुन्' भनी भनेका धम्मपालका बुबा ब्राह्मणका कुरा सुन्न पाउँदा आचार्यले आफू परीक्षण गर्नचाहेकोले आएको कुरा भनी धम्मपाल निरोगी र स्वस्थ रहेको कुरा बताएर ती धर्महरू आफूहरूले आचरण गर्नको लागी लेखेर लिई फर्केर आए । **'धम्मो हवे रक्खति धम्मचारिं** ।=धर्माचरण गर्नेलाई धर्मले अवश्य पनि फेरि रक्षा गर्दछ ।' (*जातकट्ठकथा ४-५८)*

## ञातिसङ्गह

**ञाति**=आफन्त भनेका आमाका तर्फबाट बुबाका तर्फबाट सातसात पुस्ताकालाई भनेको हो । वैभव सम्पत्ति विनाश भएको कारणले वा, रोग शास्तीका कारणले अरु प्रान्तबाट आफूकहाँ आइपुगेका



Downloaded from http://dhamma.digital/

आफन्तहरूलाई, आफ्नो नजिक भएका आफन्तहरूलाई वस्त्र, खानपान, औषधी उपचार आदिद्वारा भरोसा दिनु सहयोग गर्नुलाई **ञातिसङ्गह** भन्दछन् । उपरोक्त चार संग्रह वस्तुद्वारा आफन्त जति सबैलाई भरोसा दिनुलाई पनि संग्रह भन्नुपर्छ । आफन्तहरूलाई भरोसा दिने व्यक्तिलाई 'साह्रै असल मान्छे' भनेर धेरैबाट प्रशंसा पाउँदछन् । आफन्तहरूका गौरव र प्रियपात्र हुनपाउनुको प्रतिफल स्वरूप उनीहरूबाट पनि रक्षा प्राप्त हुन्छ । मैत्री करुणा दया मायाद्वारा संगठित हुनु, आपसी मिलिजुली र सरसल्लाह भएको परिषदद्वारा सदा प्रसन्न प्रफुल्लित र रमाईलो भइरहन्छ । इत्यादि दृष्टधर्म फललाई र सुगति भवमा पुग्न पाउने आगामी जन्मका फल समेत प्राप्त हुनुको कारण असल कर्म भएकोले **ञातिसङ्गह** मङ्गल हो ।

## बोधिसत्वहरूको आचरण

आफन्तहरूलाई सहयोग गर्नु बोधिसत्वहरूको स्वाभाविक आचरण हो । बोधिसत्वहरूले आफन्तहरूको अर्थवहन गर्नु, भय उपद्रवबाट बचाउनु आदिद्वारा सधैं आफन्तहरूको अर्थ हित आचारण गरिआएको हुनाले **ञातत्थचरिया** भनी एउटा चर्याको रूपमा प्रकट रहेको छ । एकचोटि एउटा पुरोहितको टाउकोमा एउटा कागले हगेकोले पुरोहितलाई रिस उठेकोले कागहरूप्रति प्रतिशोधको भाव राखी बस्यो । एकदिन राजाको हस्तिशालामा आगो लागेर हात्तीहरू घाइते भएपछि माहुतेहरूले निको पार्न नसकी राजालाई बिन्ती चढाउँदा राजाले पुरोहितसँग सोधे । पुरोहितले मौका आइपुग्यो भनी विचार गरेर 'कागको बोसो भएमा निको पार्न सकिन्छ' भनी बिन्ती चढायो । राजाले कागहरू मारी बोसो निकाल्न हुकुम भयो । राजाको हुकुम बमोजिम कागहरू मारी बोसो निकाल्न खोजे पनि बोसो निक्लेन, कागका लास मात्र जताततै थुप्रियो ।

त्यसबेला कागहरूका राजा बोधिसत्व ८० हजार कागहरूका साथ मसानमा बसिरहेको थियो । कागहरूलाई आइपरेको भय-उपद्रव सुनेर 'म बाहेक मेरा जातिबन्धुहरूको भय-उपद्रव शान्त गरी रक्षा गर्नसक्ने अरु कोही छैन' भनी विचार उठेकोले आफ्नो पारमिताहरू निरीक्षण गरी मैत्री पारमिता सम्फेर जोडतोडले उडेर गई प्रत्यवेक्षण गरी सिंहासन मुनिबाट निस्की राजालाई निवेदन गरेको कस्तो थियो भने 'महाराज, राजाहरूले निरीक्षण र परीक्षण गरेर मात्र काम-कुरा गर्नु उचित हुन्छ । आफूहरूले गरेको काम साँच्चै फाइदाजनक भएमा मात्र गर्न लायक छ । फाइदा नभइ धेरैलाई दुःख-कष्ट हुने भएमा गर्नहुँदैन । हामी काग जातिमा बोसो छैन । पुरोहितले आघात प्रतिशोधको कारणले फुठो कुरो बोलेको मात्र हो ।' कागबाट यस्तो कुरो सुन्नपाएकोले राजा अतिव प्रसन्न भइ सुनको पिड्कामा बसाली राजपरिभोग्य खानापीना ख्वाई  पिलाइसकेपछि कागहरूमा बोसो नहुनाको कारण सोधे ।

'हामी कागहरू सधैं डराइबस्ने स्वभावका छौं । धेरै सत्वहरूलाई सास्ती गर्ने हौं । त्यसैले हामी कागहरूसँग बोसो नभएको हो' भनेर कागहरूका राजाले बतायो । राजा पनि अतीव सन्तुष्ट भइ प्रसन्न-प्रमुदित भइ कागहरूका राजालाई राज्य समेत सौंपी दिए । कागहरूका राजाले राज्य स्वीकार नगरी फेरि फर्काइदिएर सत्वहरूको निम्ति अभयदान माग्दा मागेको अनुसार नै दिएको मात्र नभइ कागहरूलाई सधैं चारा (खाना) दान दिने गर्नथाले । (*जातकट्ठकथा* १-५१०)

## जाति पूरै लिनु पर्छ

बोधिसत्वहरूले आफ्ना जातिहरूको निम्ति आफूले कष्ट सहेको, सहयोग र रक्षा गरिआएको *जातकअर्थकथा* मा धेरै देखिन्छ । **ञातत्थचरिया** -मा **ञाति** भनेको आफ्ना रगत मासुको सम्पर्क भएको कुललाई मात्र नलिई समान जातिका आफन्त सबैलाई नै जाति पूरैलाई भन्नुपर्दछ । यहाँ पनि आफ्ना जाति समूह सबैलाई नै **ञातक**- को रूपमा लिए भने फन पूरा हुन्छ । आफूलाई मात्र हेर्ने स्वभावको सानो मनोवृत्तिको



Downloaded from http://dhamma.digital/

सकीर्ण व्यक्ति हुन्छ। त्यस्तासँग आफ्ना ज्ञाति आफन्तहरूलाई सहयोग गर्नुमा नै होस् नहुनसक्छ। सम्पूर्ण जातिप्रति त भन्नै पर्दैन। धेरैजनाको अर्थ र हितको कामना भएका स्वभाव मनोवृत्ति विशाल भएका हुन्। यस्ता उदार व्यक्तिले आफ्नो आफन्त मात्र होइन कि सक्ने अवस्थामा सम्पूर्ण जातिलाई नै उपकार गर्नको निम्ति तयार हुन्छन्। आफन्त र आफ्ना जातिलाई असल बनाउन मैत्री, करुणा प्रमुख भएकोले ती धर्महरू विकास भइरहेको युगमा यस **ञातिसङ्गह** का लागि अरुले अनुशासन गरिरहनु पर्दैन। भित्री हृदयमा आशक्त भइरहेको आचरण हुनाले परस्पर सहयोग मदत गरी एकढिक्का भइ मिलिजुली भइ बस्ने भएकोले रमाइलो युग हुन्छ। मैत्री, करुणा अभाव भएको युगमा त सम्पूर्ण जातिलाई त के भन्नु र, आफन्त आफन्तमा नै फूट भइ नरमाइलो भइरहेको हुन्छ। त्यसैले रमाइलो लोक सृजना गर्नको लागि यो **ञातिसङ्गह** मंगल अति नै महत्वपूर्ण छ।

**अनमतग्ग**

**'न सो भिक्खवे सत्तो सुलभरूपो, यो न माता भूतपुब्बो'** आदि अनमतग्ग देशना अनुसार यति लामो घुमीघुमी आइरहेको यो संसारचक्रमा आमा-बुबा, दाजु-भाइ, दिदी-बहिनी आदि भइनसकेका, आफन्त नपरेका कोही छैनन्; सबै नै आफन्त भइसकेकाहरू मात्र छन्। (*स १-३९५*)

यो देशना मनन गऱ्यो भने सबैजना आफन्तहरू नै रहेछन् भन्ने सामिप्यभाव, स्नेह दया-माया-पूर्ण मनोवृत्ति बनाउनसक्ने भई विशाल हृदय भएका बन्न सक्ने भएकोले आफ्नो जातिहरूप्रति मनोवृत्ति ठूलो बनाई, विकास गर्दै लानसक्ने हुनसक्नु पऱ्यो।

**अयं निजो परोवा'ति, गणना लहुचेतिनं।**

**उदारचरितानं तु, वसुधेव कुटुम्बकं।** (*हितोपदेश*)

**अयं**=यो व्यक्ति, **निजो**=आफूसँग नजिकको आफन्त पर्ने व्यक्ति हो; **अयं**=यो व्यक्ति त, **परोव**=पराई/अपरिचित व्यक्ति हो; **इति**= यसरी; **लहुचेतिनं**=हलुका मनोवृत्ति वा अगम्भीर स्वभावका मानिसहरूको; **गणना**=आफन्त र पराई भनी दुई भाग छुटाई हिसाब गर्ने कामे; **होति**=हुन्छ। **उदारचरितानं तु**=मनोवृत्ति उच्च विशाल भएकाहरूका लागि ते; **वसुधा**=सम्पूर्ण विश्व, सम्पूर्ण पृथ्वी नै; **कुटुम्बकं एव**=एउटै परिवार एउटै नाता कुटुम्ब भएको हुन्छ।

**अनवज्जकम्म**

मार्नु, चोर्नु आदि काम-कुराहरूबाट लोकमा राजदण्ड राजआरोप पनि भोग्नुपर्छ। संसारवर्तको दोष भनिने अपाय पतन पनि हुन्छ। त्यसो हुनाले **सावज्जकम्म** (=दोष सहितका कामकाजहरू) भनी भन्नुपर्दछ। ती त्यसरी राजआरोप, राजदण्ड पनि नपर्ने; अकुशल पनि नभएका कामकाजलाई **अनवज्जकम्म** (=निर्दोष कामकाज) भनी भन्नुपर्दछ। त्यस्ता कामकाज भनेका उपोसथ धारण गर्नु, सेवा-टहल गर्नु, सार्वजनिक विश्राम लिन हुनेगरी रुख रोप्नु, धेरैलाई उपयोग हुनेगरी वनउद्यान निर्माण गर्नु, साँघु, नदी खोला तर्ने पुल बनाउनु, बाटो मरम्मत गर्नु, इनार, पोखरी खन्नु आदि असल कामकाजहरू हुन्। खराब कामकाज गरी दुख पाइरहेका, भोग गर्नुपर्ने सबैजनाको मन शान्त हुन्नन्, कष्ट सहनुपर्ने हुन्छन्। अमङ्गल नै हो। उपरोक्त असल कामकाजहरूबाट धेरै प्राणीहरूलाई शारीरिक तथा मानसिक सुख दिन्छ, प्रफुल्लित र रमाइलो बनाइदिन्छ। सार्वजनिक प्रयोजनको निम्ति असल काम गर्ने मानिस हुनुले धेरैका प्रियपात्र बन्नपाउनु, गौरव पाएर प्रशंसा-पात्र बन्दछन्। आफूलाई पनि स्मरण हुँदा प्रत्येक पटक, आरम्मण हुँदा प्रत्येक पटक मनमा सुखशान्ति हुन्छ। मरणासन्न अवस्थामा उक्त कुशल-आरम्मणद्वारा असल निमित्तहरू



Downloaded from http://dhamma.digital/

पाएर सुगति-भूमिमा पुग्नपाउने सुनिश्चित हुन्छ । त्यसैले यी कामकाजहरूलाई उत्तम मङ्गल हो भनी भन्नुपर्दछ ।

## माघ (मघ) माणवक

यस **'अनवज्जकम्म'** को क्षेत्रमा माघ (मघ) माणवक नमूना नै हो । मचल गाउँका माघ माणवक दान दिनु, शील पालन गर्नु, गाउँठाउँ सिंगार्नु, रमाइलो पार्नु कुशल कर्ममा दिलचस्पी भएका व्यक्ति थिए । उक्त गाउँमा ३३ वटा घरपरिवार रहेकामा माघ माणवकको अनुशासनद्वारा आकर्षणद्वारा ३३ वटा घरपरिवारका व्यक्तिहरू नै शरीर र मन एउटै भइ दान, शील कुशलकर्ममा स्थिर भएका मात्र होइनन् कि गाउँठाउँ रमाइलो बनाउने कुशलकर्म पनि गर्दथे । बाटो सम्म पार्न ढुँगा गुड्काएर मरम्मत गर्दथे । रथ गाडा गुड्ने बाटोमा पाँग्रा धुरी अड्कने रुखझाडहरू उखेलेर काटेर सफा गर्दथे । रथमार्ग सम्याउँथे । पूलहरू बनाउँथे । पोखरी खन्ने पाटी धर्मशाला बनाउने गर्दथे । मानिसहरू पनि असल मतिका भएकोले गाउँ, बस्ति पनि रमाइलो र सुन्दर भएर मचल गाउँ दर्शनीय र रमणीय बन्नथाल्यो ।

पहिले उनीहरू जाँड-रक्सी खाने, पशु-पंक्षी मार्ने, माछा मार्ने गरिरहँदा उनीहरूबाट आम्दानी पाइरहेका द्वारेले अहिले कुशल-धर्मी, सज्जन भलादमी मात्र बन्नपुग्दा आम्दानी नपाएकोले यी ग्रामवासीहरू चोर-डाँकाहरू हुन् भनी राजाकहाँ बिन्ती चढाउन गए । राजाले पनि निरीक्षण र परीक्षण नगरिकन नै सबैजनालाई हात्तीबाट कुल्चाई मार्न हुकुम भयो ।  राजपटाङ्गिनीमा सबैजनालाई लडाएर राखी कुल्चाउन हात्तीहरू डोऱ्याएर ल्याए । त्यसबेला माघ माणवकले 'तिमीहरूले आ-आफ्ना शीलको प्रत्यवेक्षण गर । चुगली गर्ने द्वारे, मार्न लगाउने राजा, मार्ने हात्तीहरू र आआफूलाई समेत सबैजनाप्रति समान रूपले मैत्री वृद्धि गर्नू' भनी अनुशासन गरे । माघ माणवकले भनेमुताबिक अनुशरण गर्दा कुल्चाउन ल्याइएका हात्तीहरू कुल्चने आँट नगरी जोरतोरले कराई भागे । फेरि एकपछि अर्को ल्याउँदै कुल्चनलगाउँदा पनि सबै नै त्यस्तै नै भागेर गए । अनि राजाले 'उनीहरूसँग औषधि होला, तलाशी लेऊ' भनी अह्राएपछि तलाशी लिंदा पनि औषधि देखेनन्, भेटाएनन् । 'मन्त्र पढेको होला, सोधपूछ गर' भनी अह्राएपछि सोद्धा माघले मन्त्र रहेको बताए । राजाले सबैलाई बोलाउन लगाई 'तिमीहरूको मन्त्र बताऊ त' भनी भनेपछि  माघ माणवकले 'हामीसँग अरु मन्त्र त छैन; हामी पर प्राणी हत्या गर्दैनौं; पर वस्तु चोरी गर्दैनौं; पर-स्त्रीप्रति अपराध गर्दैनौं; झुठो बोल्दैनौं; जाड-रक्सी खाँदैनौं; दान दिन्छौं; मैत्री वृद्धि गर्दछौं; बाटो मरम्मत गर्ने, पोखरी खन्ने, पाटी-पौवा बनाउने गर्दछौं । यी कामकाजहरू सबै नै मन्त्र भने नि हुन्छ, परित्राण आरक्षा पनि हो' भनी बिन्ती चढाए । राजाले उनीहरू सबैप्रति प्रसन्न र सन्तोष बनाई द्वारेको वैभव सम्पत्ति र गाउँ समेत पूरै उनीहरूको अधिकारमा छोडी दिए । सबैजना कुशल कर्महरू गरेर मरण पछि त्रयस्त्रिशत् देवलोकमा ३३ जना शक्रहरू हुन पुगे । (*धम्मपद १-१६९*)

शोक रहित शान्ति-स्वस्ति

आफ्नो अर्थाचरण मात्र गर्ने (स्वार्थी); अर्काको अर्थाचरण मात्र गर्ने (परार्थी), स्व र पर दुवै पक्षको अर्थाचरण गर्ने, कसैको पनि अर्थाचरण नगर्ने भनी चार प्रकारका व्यक्तिहरू रहेकामा आफ्नो अर्थाचरण मात्र गर्नेलाई सम्पत्ति आदि परिपूर्ण गर्न खोजे भने त्यस्तो भए पनि मनमा आनन्द हुनु हर्ष प्रसन्न हुनु पूर्ण रूपमा पाउन सम्भव हुँदैन । पराईको अर्थाचरण मात्र गर्नेलाई आफ्नो अर्थको निम्ति शोक हुनसक्छ । दुवै आचरण गर्ने व्यक्ति शोकरहित भई शान्ति-स्वस्ति भएको हुन्छ । दुवै आचरण नगर्ने व्यक्ति लोकमा परिहानी पारी बस्ने हुन्छ । धेरै जनाको अर्थ-हित सधैं वहन गर्ने व्यक्ति धेरैको स्नेह-गौरव पाउने मात्र होइन, आफ्नो उक्त कुशल कर्महरू देखेर मनमा सम्झने बेला प्रत्येक पटक मन प्रफुल्लित भइ उल्लासले भरिएर रमाइलो मानी बस्न पाउने हुन्छ । भय उपद्रवबाट अलग्ग भइ मानसिक सुखले पूर्ण भइ सधैं लाभ प्राप्त भइरहन्छ



Downloaded from http://dhamma.digital/

। प्रत्येक ठाउँमा , गाउँ-गाउँमा, शहर-शहरमा त्यस्ता व्यक्तिहरू धेरै भएमा त्यो गाउँठाउँ सधैं रमाइलो भइ स्वच्छ रमणीय शान्ति स्वस्तिले मात्र पूर्ण हुन्छ । त्यस्ता ठाउँमा मनुष्य परस्पर मैत्रीमा आबद्ध भएर भेदभाव रहित भइ एकै रूपले मिलेर एकताबद्ध भइ बस्न पाउने भएकोले **अनवज्जकम्म** भनिने गाउँठाउँ गाउँ शहर रमाइलो पार्ने, मानिसहरू परस्परमा समता र एकता हुनु, सधैं कुशल-कर्म उत्पन्न गर्नको निम्ति गम्भीर रूपमा अनुशरण गर्नुपर्ने कुशल-कर्म हो ।

१९. **आरति विरति पापा; मज्जपाना च संयमो ।**

**अप्पमादो च धम्मेसु; एतं मङ्गल मुत्तम ॥**

१९ **देवपुत्त**=भो देवपुत्र; **पापा**=खराब कर्मबाट; **या आरति च**=जुन मनबाट विरमण भई बस्नु र; **या विरती च**=जुन शरीर र वचनद्वारा विरमण भई बस्नु अनि; **मज्जपाना**=मद्यपान गर्नुबाट; **यो संयमो च**=जुन संयम गर्नु; **धम्मेसु**=कुशल धर्ममा; **यो अप्पमादो च**=जुन अप्रमाद हुनु; **अत्थि**=छन्; **एतं**= यी तीनवटा; **उत्तम**=उत्तम; **मङ्गलं**=मंगल हुन् ।

## तीनवटा मंगलको भावार्थ

देवपुत्र, खराब कामबाट मन, शरीर र वचन विरत हुनु, मादक-पदार्थ खानुबाट संयम हुनु, कुशल धर्ममा अप्रमादी हुनु; यी तीनवटा उत्तम मंगल हुन् ।

## सूचना

कसैकसैले यस गाथा अनुसार **'पाप आरति, पाप विरति'** भनी मंगल दुईथरी छुटाएर मंगल चारवटा भनी ग्रहण गरी **'मातापितुउपट्ठान'** लाई एउटै मंगल मानी ३८ मङ्गल गनेर देखाउँछन् ।। यहाँ त **'आरती विरती पापा'**- को स्वरूप खराबबाट विरत हुनु भन्ने अर्थ समान नै रहेकोले **पापविरति** एउटा मात्र हिसाब गरी तीनवटा मंगल बताइएको *अर्थकथा* अनुसार मंगल तीनवटा मात्र लिएको हूँ ।

## आरति विरति

रमू-धातुको विरत हुनु अर्थअनुसार **आरति र विरति** समान नै भए । **'आ'** र **'वि'** उपसार मात्र फरक रहेको छ । त्यसरी फरक रहे पनि उपसारको निम्ति अर्थभेद नभएकोले **'आरती'ति आरमणं; विरती'ति विरमणं'** भनी विरत हुनु सामान्य शब्दार्थ मात्र वर्णन गरिएको छ । *अट्ठसालिनी लोकुत्तर वर्णन*मा **'आरका रमतीति आरति**=टाढाबाट विरत हुने भएर आरति भन्दछन् । **विना तेहि रमतीति विर**ती= उक्त धर्मबाट अलग्ग हुनेगरी विरत हुने हुनाले 'विरति' भन्दछन्' भनी उपसार दुईटा भेदगरी वर्णन गरिएको छ । यस्तो वर्णनको आधार लिई **'आरति**=टाढाबाट विरत हुनु; **विरति**=विशेष रूपले विरत हुनु' भनेर पनि अर्थ दिने गरिन्छ । *अट्ठसालिनी*मा उपसार अर्थलाई वर्णन गरिएको भए पनि दुईटा पदमा विशेष अर्थ छैन । विरत हुनु मात्र हो भनेर पनि भनिएको छ । यहाँ त शब्दार्थ विशेष नभए पनि स्वरूपार्थ अभिप्राय फरक हुनु पर्ने भएकोले **आरति**=मनबाट विरत हुनु, **विरति**=शरीर र वचनबाट विरत हुनु भनेर विरत हुने ढंग फरक रहेको कुरा *अर्थकथा*मा वर्णन गरिएको छ । यस्तो वर्णन गरिनु दृष्टिपात गर्नुपर्ने क्षेत्र नै हो । **विरति**लाई *अभिधर्म*मा काय-दुश्चरित्र, वची-दुश्चरित्र दुवैमा विरत हुनुलाई मात्र देखाइएकोले **विरति**-को स्वरूप काय र वाक् दवैबाट हुनु मानेर **आरति** को स्वरूप मनबाट विरत हुनुलाई मान्नुपर्दछ । यो भनाई को अर्थ पनि **आरति** द्वारा विरत हुनु, काय, वाक्, मन तीनवटाबाट नै विरत हुनु हो; तर विरतिले काय वाक् दुइटै



Downloaded from http://dhamma.digital/

विरत हुनुलाई जनाइसकेकोले पारिसेस (=बाँकीलाई मात्र ग्रहण गर्नुपर्ने) नय अनुसार **आरति**को स्वरूप मनले विरत हुनुलाई मात्र मान्नुपर्दछ । पुञ्ञञाणसम्भार, गोबलिबद्ध नय पनि भन्दछन् ।

## सूचना

**आरति विरति** -मा गाथामा छन्दको लागि **आरती विरती** भएको पाइन्छ । यस **आरती विरती** पद जस्तै नै पछिपछि अनुवाद गर्दा पालिसँग समान नभइ फरक भइराखेका कुनै-कुनै पदहरू देखिएमा पालि छन्दको लागी परिवर्तन भएका पदहरू भनी बुझ्नुपर्छ ।

## मनले विरत हुनु

अकुशलमा दोष देखिने गरी विचार गरी मनले अकुशल-कर्म नगर्नका निम्ति चिन्तन गर्नु, निरीक्षणद्वारा निर्णय गर्नुलाई मनले विरत हुनु भन्नुपर्दछ । पाणातिपात- आदि खराब कर्मले नर्क, तिरश्चीन, प्रेत योनिमा उत्पन्न गराउँदछ । उक्त कर्मको हलुका दोष उल्लेख गर्ने हो भने प्राणघात गर्ने व्यक्ति अल्पायुको हुन्छ । चोरी गर्ने व्यक्तिको सम्पत्ति विनाश हुन्छ । अर्काका स्वास्नी-छोरा-छोरीलाई दुराचार गर्नेको शत्रु धेरै हुन्छन् । झुठो कुरा गर्ने व्यक्तिले अन्यायपूर्वक लगाईने आरोप खप्नुपर्छ । भगवान्ले इत्यादि तथ्यहरू बताउनुभएको कुरा *अङ्गुत्तर सब्बलहुस सुत्त (अं ३-७७; दुच्चरित विपाक सुत्त)* -मा उल्लेख भएको छ । यी दोषहरूलाई निरीक्षण गरेर मनले विरत हुनु हो । त्यसपछि फेरि *मूलपण्णास सल्लेख सुत्त (५२)* -मा 'चुन्द ....कुशल धर्ममा चित्त उत्पत्ति हुनु मात्र पनि ठूलो उपकारक हो' भनी म तथागत बताइरहेको छु । शरीर र वचनले पनि गर्न पाए भने त कुरै छैन । त्यसैले अरुहरू शास्ति गर्ने, घात गर्ने भइरहन्छन्; यस क्षेत्रमा नै पनि हामी शास्ति नगर्ने भइ बस्नेछौं भन्ने चित्त उत्पन्न गर्नुपर्छ । अरुहरू प्राण घात गर्नेहरू भइबस्छन्; यस क्षेत्रमा हामी प्राणघात गर्नबाट विरत भइ बस्नेछौं, भनी चित्त उत्पन्न गर्नुपर्छ' आदि भनी बताउनुभयो । यो तथ्य पनि मनले विरत हुनुको एक ढंग नै हो ।

## शरीर र वचनले विरत हुनु

**विरति**-मा **सम्पत्त विरति, समादान विरति र समुच्छेद विरति** भनी विरत हुने ढंग तीन थरी *अर्थकथा*मा देखाइ राखिएका छन् । **सम्पत्त**-अगाडि आइपुगेको सम्पर्कमा भेटिएको वस्तुद्वारा; **विरति**=विरत हुनु । शिक्षापद धारणा गरेको नभइ आफ्नो जाति, गोत्र, उमेर बहुश्रुत आदि गुणलाई प्रत्यवेक्षण गरी 'म जस्ताले यस्तो काम गर्न योग्य छैन' भनी विरत हुनु हो । यस क्षेत्रमा *अट्ठसालिनी* -मा चक्कन उपासकको कथावस्तु देखाइएको छ । सो उपासककी आमालाई रोग लाग्दा वैद्यले खरायोको ताजा मासु चाहिन्छ भनी भन्यो । दाजुले अह्राएबमोजिम खेतमा खरायो खोज्न निस्कँदा दूधे धान खाइरहको खरायो मानिसको आवाज सुनेर भाग्दा झारमा अल्झेकोले समातियो । त्यसपछि मेरी आमालाई बचाउनको निम्ति अरुको प्राणघात गर्नु उचित छैन भनी खरायोलाई छोड्दियो । घरमा पुग्दा दाजुबाट हप्काई खानपर्‍यो । उनी आफ्नी आमाकहाँ गएर 'मैले जाने बुझेदेखि जानाजान कहिले पनि कसैको प्राण हनन गरेको छैन' भनी सत्य कराल गरी उभिइरह्यो । उक्त सत्यको कारणले उनकी आमाको रोग तुरुन्त निको भयो । (*अभि. ट्ठ. १-१४६*)

## समादान, समुच्छेद



Downloaded from http://dhamma.digital/

शिक्षापद समादान र धारण गरी विरत हुनु **समादान विरति** हो । उक्त विरतिलाई उत्तर वड्ढमान पर्वत निवासी उपासकको कथावस्तुद्वारा देखाई राखिएको छ । सो उपासकले पिंगल बुद्धरक्खित स्थविरबाट शिक्षापद ग्रहण गरी खेतीपाती गरिरह्यो । त्यसपछि आफ्नो गोरु हराएकोले पर्वतमा चढेर खोज्नजाँदा अजिंगरबाट बेरेर समातिए । आफ्नो साथमा भएकोले कोदालोले सर्पको टाउको काट्ने विचार गरे । 'मैले गौरव राख्न लायक गुरूबाट शील ग्रहण गरी धारण गरिबसेको व्यक्तिले पनि शील बिगारेमा अनुचित हुनेछ' भनी फेरि विचार गरे । त्यसरी तीनपटकसम्म विचार गरिसकेपछि 'मैले बरु प्राण नै त्याग्छु; शिक्षापद त त्याग गर्दिनँ' भनी कोदालो जंगलमा फ्याकिदिए । उही क्षणमा अजिंगर उनलाई छोडेर अन्त गयो । *(अभि. टू. १-२४६)*

मार्ग (ज्ञान) सँग सम्प्रयुक्त भएको विरति **समुच्छेद विरति** हो । उक्त विरति उत्पन्न भइसकेका आर्यहरूसँग अर्काको प्राण हरण गर्छु भन्ने चित्त सम्म पनि उत्पन्न हुँदैन । पञ्चशीलमा रहेका पाणातिपात आदि पाँचैथरीका भय, उपद्रव सबै शान्त भइसकेको हुन्छ ।

## पाप स्वरूप

**पाप विरति**द्वारा कायदुश्चरित्र तीनवटा, वचीदुश्चरित्र चारवटाबाट विरत हुनुलाई लिएर **पाप आरति** द्वारा मनो दुश्चरित्र तीनैवटाबाट विरत हुनुलाई लिए भने **पाप**-को स्वरूपमा दुश्चरित्र दशैवटा समावेस रहन्छ । तर *अर्थकथा*मा पञ्चशीलमा रहेको मज्जपानलाई पछि सोझै उल्लेख गर्ने भएकोले बाकी रहने पाणातिपात आदि चारवटालाई लिएको छ । त्यसरी लिइएका 'आर्यश्रावकहरूमा भय, उपद्रव पाँचवटा शान्त भइसके' भन्ने देशनामाथि विचार गरी र *सिङ्गाल सुत्त* मा आर्यश्रावकहरूले मार्नु, चोर्नु, कामगुणमा मिथ्याचरण गर्नु, झुठो कुरा बोल्नु भन्ने **कम्मकिलेस**=(धमिलो पार्ने कारण कार्य) चारवटालाई हटाईसकेको कुरा देशना गरिएको उपदेशलाई आधार मानेर **पाप**-को स्वरूप उक्त चारवटालाई मात्र गणना गरिएको हो ।

आर्यश्रावक... पिसुण वाचा आदि दुश्चरित्रबाट पनि विरत भएको उक्त देशनाअनुसार स्पष्ट भएको छ । तर 'मुसावाद एउटालाई मात्र उल्लंघन गर्नसक्ने ठगले गर्न नसक्ने अकुशल केही छैन' भन्ने *धम्मपद ( ३१)* अनुसार मुसावादबाट विरत हुनसक्ने व्यक्ति भएमा पिसुणवाचा आदि पनि बोल्दैन । पञ्चशीलले उक्त मुसावादलाई विरमण गर्नुले नै दुश्चरित्रबाट विरत हुने काम सिद्ध भइसकेकोले पञ्चशीललाई आर्यहरूको हातमा सधैं धारण गरिने अरियकन्तशीलको रूपमा नियमित गरिएका छन् । त्यसो भएपछि **पाप** -को स्वरूप उपरोक्त चारवटा लिइएको उचित नै छ ।

## हिरी ओत्तप्प

हिरी, ओत्तप्प धर्म विकास भइ लाज मान्न जानेको, डर मान्न जानेको युगमा अकुशल कर्म गर्न गाह्रो मानी बस्छन्, भारी ठान्दछन् । अकुशल कर्म गर्नलाई लाज मान्नुपर्दछ; डराउनु पर्दछ भनी नजानेको युगमा अकुशल धर्महरू विकास हुन्छन् । हिरी, ओत्तप्प कुशल धर्मको, विशेषतः शीलको पृष्ठभूमि मूल कारण नै भयो ।

आफ्नो कुल, बाजे बज्यै आमा-बुबा परम्परादेखि बुद्धधर्मावलम्बीहरू भएकोले खराब काम नगरेको भनी विचार उठ्दा कुलको गुणलाई आरम्मण गरी अकुशल कर्म गर्नमा लाज लाग्नथाल्छ । आफ्नो उमेर, आफ्नो शिक्षा, बहुश्रुत गुण आदि विचार गर्दा पनि अकुशल काम गर्न लाज लाग्न थाल्छ । त्यसैले कुल, जाति, उमेर, श्रुतगुण आदि **हिरी** (=लज्जा) उत्पन्न गराउने कारणहरू हुन् । एकजना बुद्धधर्मावलम्बी भएकाले तथागतको अप्रिय अकुशल कर्म गऱ्यो भने सबैले उपहास गर्छन् । विशेषगरी प्रज्ञावानहरूले



Downloaded from http://dhamma.digital/

निन्दा गर्छन् । अपायमा पनि पतन हुनपुग्छ । यी तथ्यहरू विचार गर्नेहरूमा **ओत्तप्प** (=त्राश) उत्पन्न हुन्छ । अकुशल गर्न डराउनेछन् । त्यसैले हिरी ओत्तप्प धर्म दुइटालाई लोकपाल (=लोकवासी सत्वहरूलाई अकुशलबाट संरक्षण र सुरक्षा गर्ने धर्म) भनेर र **देवधम्म** (=कुशल उत्पत्ति गर्नलाई, सम्मुति, उपपत्ति, विशुद्धि देव बन्ने कारण भएकोले ती देवताहरूको धर्म) भनी तथागतले आज्ञा हुनुभयो । *(जा.ट्ठ. १-१४९)* त्यसो हुनाले हिरी, ओत्तप्प विहीन हुनु, अकुशल उत्पतिको कारण विभिन्न भय विभिन्न दुःख उत्पत्तिको कारण खराब अमंगल मात्र हुन् । लज्जा भय युक्त हुनु कुशल उत्पत्तिको कारण, सुख उत्पत्तिको कारण असल श्री-शोभा मंगल भएकोले हिरी व ओत्तप्प द्वारा पाप विरति मंगललाई कहिल्यै नछुट्ने गरी संरक्षण गरिराख्न योग्य छ ।

## मज्जपान संयम

**मज्ज=**नशा लाग्ने कारण भएका अनेक प्रकारका रक्सी । मात लाग्ने कुहाएर उमालेर बनाइने अनेक ढंगका रक्सी; कुहाउनुनपर्ने गरी उमाल्न नपर्ने गरी स्वभावतः कडा हुनपुग्ने ताडको रस, नीपताडको रस आदि र मात लाग्ने गाँजा आदि सबैलाई नै **मज्ज** भनी भन्दछन् ।

**सेवन मादक चीज; विकाल भ्रमण अझ ।**

**हेर्नु तमासा, खेल्नु जुवा; संगत मूर्खसँगको ।**

**आलस्य सहित ६ वटा; छोड विनाश कारण ॥**

अनुसार जाँड-रक्सी खानु, रातको अबेलाकुबेलामा घुम्नु, जात्रा, उत्सवमा भुल्नु, बाह्रमासे खेली हिंड्नु, कुमित्र संगत गर्नु, अल्सी हुनु, यी छवटा सम्पत्ति विनाशका कारण हुन् भनी भगवान्ले बताउनुभएको *सिङ्गाल सुत्त (दी. ३-१४८)* मा छ । यस देशना अनुसार जाँड-रक्सी खानु सम्पत्ति विनाशका कारण हो भनी थाहा पाइन्छ ।

## ६ वटा दोष

यस बाहेक जाँड-रक्सी खानाले ६ वटा दोषहरू हुनसक्ने तथ्य पनि भगवान्ले बताउनुभएको छ । ती छवटा दोषहरू हुन्- १) सम्पत्ति सिद्धिएर विनाश हुनु, २) झैझगडा पर्छ, ३) विभिन्न रोगहरू उत्पन्न गराउँदछ, ४) श्रीशोभा, गुण, यशकीर्ति हीन पार्छ । ५) लुकाएर गोप्य गरिराख्नुपर्ने शारीरिक अंगहरू खोली देखाउने, ६) ज्ञानबुद्धि कमजोर हुनेगरी काम गर्नपुग्नु ।

**सम्पत्ति नाश, झगडा वृद्धि; अनेक रोग कारण ।**

**फैलिने बदनामी; गुह्य अंग उघार्नु ।**

**प्रज्ञा ज्ञान हुन्छ दुर्बल; मद्य सेवनका ६ दोष हुन् ।**

## सम्पत्ति विनाश

रक्सीले मात्तिएर बेहोस भइरहेको रक्स्याहामा आफ्नो सम्पत्तिको संरक्षण र सुरक्षा गर्नुपर्छ भन्ने ज्ञान नभइराख्ने हुनाले ऊ चोरिने, लुटिने अवस्थामा परी सम्पत्ति नाश हुनसक्छ । सामान्य प्रकृति मन नभइ फरक भइ विपरीत भइरहनाले अरुबेला कंजूस भए पनि त्यस अवस्थामा जोगाउनु पर्छ भन्ने कुरा जान्दैन, खर्चबर्च छुट्याउन जान्ने भए पनि त्यसबेला खर्च बढी गर्ने हुन्छ । रक्स्याहासँग अरु अरु रसरंग गर्नु, जुवामा थाप्नु आदि जोडिएर आउनसक्ने हुनाले रक्सी खर्च मात्र होइन अरुअरु खर्च पनि बढ्न गई सम्पत्ति



Downloaded from http://dhamma.digital/

सिद्धिन्छ । पहिले बताइसकिएको महाधन महाजन पुत्रको कथालाई नमूना लिनुपर्‍यो । पहिले बोधिसत्व महाजन कुशल कर्महरू गरी शक्रत्वमा पुग्न गएका थिए । तर बाँचेको महाजनको एक्लो छोरो रक्स्याहा भइ अनेक प्रकारले सम्पत्ति हिनामिना गरी अन्तमा चालिसैकोटी सम्पत्ति सबै सिद्धिनाले कतारो बोकी मागेर खानु पर्ने स्थितिमा पुग्न गयो । शक्र देवेन्द्रले इच्छा गरेको सबै दिनसक्ने घडा दिएर 'यो घडा नफुटुन्जेलसम्म सम्पत्ति सिद्धिनेछैन, तिमीले होश गर' भनी सुझाव दिएर फर्के । त्यसबेलादेखि फेरी रक्सी खाई सम्पत्ति सिध्याउँदै एक दिन रक्सीले मातेर घडा फाली फाली समाती समाती चलिरहँदा हातबाट खस्किनगई झरेर घडा फुट्यो । त्यसबेलादेखि फेरि मागी-मागी खानुपर्ने स्थितिमा पुगी सबैजनाका पर्खालमा अडेस लिएर अनाथ भइ मर्नु पर्‍यो । *(जातकट्ठकथा २-३८८)*

## झैझगडा वृद्धि

रक्सीले मात लाग्नु भनेको एकप्रकारले बहुलाउनु नै हो, मादक पदार्थ सेवनद्वारा विभिन्न दुश्चरित्र उत्पन्न गर्ने खराब क्रिया हुनाले *(अङ्गुत्तर सब्बलहुस सुत्त (अं.३-४८)* -मा बारम्बार मादक पदार्थ सेवन गर्ने व्यक्ति नर्क, तिरश्चीन, प्रेतयोनिमा उत्पन्न हुनजाने, सुरापानको सबभन्दा हलुका दोष नै बहुलाउनु हो भनी भगवानले बताउनुभएको छ । बहुलाहरू अरुलाई गाली गर्छन्, कुटपिट गरी झैझगडा गरी हिंड्ने झैं नशा लागेको व्यक्ति अघिपछि स्वाभाविकरूपले सभ्य भई बसे पनि नशा लागेको अवस्थामा शरीर र वचन दुइटैद्वारा नै जथाभावी गरिहिंड्ने हुन्छ । त्यसबाट फेरि कुटाई खानु, गाली खानु आदि हुने हुनाले उसका शत्रु धेरै हुने मात्र होइन कि राजअपराधका राजदण्ड समेत भोग्नु पर्ने भएकोले धेरै दोषहरू छन् ।

## रोग उत्पत्तिको कारण

अत्याधिक रक्सी, जाँड आदि मद्य सेवनले अनेक प्रकारका रोग हुन सक्ने कुरालाई आजकल औषधिका ज्ञाताहरूले स्वीकार गरेका छन् । कसैकसैले ठीक तरिकाबाट मात्रा मिलाई मद्य खायो भने औषधि हुन्छ भनेर बहाना बनाउँछन् । तर मात्रा मात्रले सन्तोष हुनसक्नेहरू पाउन गाह्रो छ । **'न किरत्थि रहेसि पापियो**-रस तृष्णाभन्दा नीच विषय अरु छैन' भनी भगवान्ले भन्नुभएको *एकनिपात-वातमिग जातक (४)* मा उल्लेख भएजस्तै भय छोपिएर नदेखिने गरी आशक्त भइरहँदा सन्तुष्ट भयो, पुग्यो भन्ने नै नभइ अतिक्रमण र उल्लंघन हुनजानु स्वाभाविक छ । *तिक अंगुत्तर (२६३)* -मा **'तिण्णं भिक्खवे पटिसेवनाय नत्थि तित्ति'** आदि द्वारा निदाउनु, जाँडरक्सी खानु, मैथुन सेवन गर्नु भनेका कहिल्यै तृप्त र सन्तोष नलाग्ने तथ्यको रूपमा बताउनुभयो । कसैकसैमा रोगको स्थिति बिग्रेर डाक्टर बैद्यहरूले छोड्ने सल्लाह दिए पनि छोड्न नसकी ज्यानसँग साटेर मृत्युवरण सम्म पनि गर्नपुग्ने गरी आशक्त हुनजाने रस तृष्णाको भयंकरता नै हो ।

पहिले वाराणसी देशमा पञ्चशील पालन गर्ने सोत्थिय भन्ने एउटा कुल रहेकोमा उक्त कुलमा एक्लो छोरो त्रिवेद पारंगत भएका प्रज्ञावान थिए । उसले मद्यपान गर्नेहरूबाट गरिएको जालझेल तथा छलकपटमा परी ठगेर लगेको अनुसार मद्यपानमा भुलिरहेकोले उनको बाबुले कुल विनाश हुने, सम्पत्ति विनाश हुने विषयहरू देखाई रोक्दा पनि मानेनन् । मद्यपान सेवन नछोडेमा घरबाट निकालीदिन्छु, भनी धम्क्याउँदा पनि भएन । जति सम्झाई बुझाई गरे पनि नमानेपछि अन्तमा बुबाले अदालतमा लगी बाबु-छोराको नाता तोडेर घरबाट निकालिदिए । पछि मागीमागी खानुपर्ने जीवनमा पुगेपछि अनाथ भइ मृत्यु हुनपुग्यो । (विस्तृत जानकारीको लागि *असीति महासुतसोम जातकअट्ठकथा* मा हेर्नुस् ।)

## बदनाम होइनु



Downloaded from http://dhamma.digital/

मद्यपानमा भुलेकाले गर्न नसक्ने गर्न लाज मान्ने विषय भन्ने छैन । जाँडरक्सी सेवनकार्य दुश्चरित्र समूहमा खराब दोषयुक्त कार्य सबैको उत्पत्तिको कारण भएकोले अकुशल कर्म भयो । नशालु पदार्थ सेवनले महान उपकारक आमा-बुबा, गुरू-आचार्यहरूलाई समेत कुट-पिट गर्न सक्छ मार्न सक्छ । अति प्रेम भइरहेका पत्नी, छोराछोरीहरूलाई समेत कुटपिट गर्न सक्छ, मार्न सक्छ । मद्यपान गर्नेले सम्पूर्ण खराब कामकाज अवश्य गर्न सक्छ, बोल्न सक्छ । पूर्वकालमा मासु-बिना भोजन नगर्ने एकजना रक्स्याहा राजाले रक्सीले मात्तेको बेलामा मासु किन्न नसकिएको कुरा बिन्ती गर्दा बिन्ती गर्ने भान्छेलाई आफ्नो काखमा बसाली राखिएको राजकुमारको घाँटी निमोठी मारेर तरकारी बनाउनको लागि फालिदिए । भोलिपल्ट रक्सीको अम्मलले छोडेपछि होश आएदेखि अत्यन्त संवेग उत्पन्न गरी असह्य पीडा भोग्नुपऱ्यो । (*जातकट्ठकथा २-२७७*) त्यसैले मद्यपानका कारणले मानिसहरूबाट हुने निन्दा-उपहास सहनुपर्ने र राजदण्ड भोग्नुपर्ने आदि खराब अपयश  अकीर्ति मात्र फैलिइरहन्छ ।

## गुह्यांग उघार्न सक्छ

गुणवान सु-सभ्य व्यक्तिहरूले अरुका अगाडि लुगाफाटाद्वारा गोप्य गर्नुपर्ने शारीरिक अंगहरू छोपेर जाने बस्ने गर्दछन् । जाँड-रक्सीले मातेकाको लागि त्यस्ता देखाउन लाज मान्नुपर्ने अंगहरू भन्ने नै हुँदैन । खराब कर्मको अवरोधक लज्जा र भय भएको हुनाले मातेकासँग लज्जाभय खाली हुने भएकोले लाज मान्नुपर्ने भन्ने नै हुँदैन । सामान्य व्यक्तिहरूलाई त छोडौं । आयुष्मान भिक्षु सागत जस्ता पृथग्जन ध्यान-अभिज्ञा-लाभी ऋद्धिवान स्थविरलाई समेत रक्सीले लज्जा भय विहीन बनाइदिन सक्छ । महान ऋद्धिवान नागराजालाई ऋद्धिद्वारा दमन गर्न सकेकोले मानिसहरू प्रसन्न भएकोले घरैपिच्छेबाट रक्सी दान दिएकोले उक्त रक्सी सेवन गरिआएका आयुष्मान सागत शहरको ढोकामा पुग्दा पछारिए । तथागतले देख्नुभइ भिक्षुहरूलाई बोकाई पठाउनुभयो । विहारमा पुगेर तथागतको अगाडि तथागततिर शीर पार्दा पनि उनी आयुष्मानले घुमेर तथागततिर पाउ पारे । पहिले पहिले तथागतप्रति अति आदर राखी लज्जा-भय धेरै मान्ने आयुष्मान सागतले आदर गर्नुपर्छ लज्जा भय मान्नुपर्छ भन्ने समेत जान्न नसक्ने अवस्थामा पुग्नुपरेको भयंकर रक्सीको प्रभावले गर्दा नै हो । (*वि. २ -१४५)*

## प्रज्ञा दुर्बल बनाउने

प्रज्ञा भनेको स्मृतिसंज्ञासँग संयुक्त भइरहेको हुनाले संज्ञा-रहित भएका रक्स्याहामा उचित ढंगले स्मृति नभएको हुनाले प्रज्ञा पनि कमजोर हुन्छ । आयुष्मान सागत ज्ञान-बुद्धि विहीन हुनपुगेको  लज्जा-भय विहीन हुनपुगेको आदर-गौरव विहीन हुनपुगेको स्मृति कमजोर हुनपुगेकोलाई नै उदाहरण लिन सकिन्छ । त्यसैले भूत, भविष्य र वर्तमान जुनसुकै युगमा र अवस्थामा पनि प्रज्ञावान सत्पुषहरूका अप्रिय, विरत भइआएको, घृणा गरिआएको मद्यपानलाई सदा-सदा नै विरत गरिराख्न योग्य छ ।

## अप्पमाद धम्म

**अप्पमाद=** बिर्सने काम नहुनु बेहोश नहुनु भनेको स्मृति नै हो । लोकमा आफ्नो कामकाजमा दिलचस्पी नभइ अरु -अरु रसरंग र खेल-क्रीडा क्रिया आदिमा मात्र लागिरहने, कामकाजमा अल्छी, वीर्यहीन व्यक्ति प्रमादी हो । आफ्नो कामकाजमा दिलचस्पी राखी उद्योग गरि बस्ने व्यक्तिहरू अप्रमादी स्मृतिवानहरू हुन् ।

शिक्षा, स्वास्थ्य, आर्थिक आदि जुनसुकै क्षेत्रमा पनि अप्रमाद महत्वपूर्ण रहेको छ । लोकमा उन्नति र विकास भएकाहरू स्मृतिवान व्यक्तिहरू स्मृति अटूट हुनेहरू हुन् । हानी भोगिरहेकाहरू, विनाश भोगिरहेकाहरूलाई हेर्‍यौं भने प्रमादीहरू भएको देख्नसक्छौं । त्यसरी उन्नति हुनु, उन्नति नहुनुलाई आधार



Downloaded from http://dhamma.digital/

मानेर नै 'बेहोश नभएको मर्दैन, बाँचिरहने भएकोले, बेहोशी मरेको तुल्य हो' भनी भन्नुभएको *धम्मपद (१६)* मा उल्लेख छ । त्यसपछि फेरि बल-शक्ति सम्पन्न भएकोले दगुर्न सक्ने असल जातको घोडा बल शक्तिहीन दुर्बल घोडालाई उछिनेर अगाडि बढ्नेजस्तै बेहोशी, सुताहा धेरै मानिसहरूमध्ये, होशियार र जाग्रत प्रज्ञावान व्यक्तिले उनीहरूलाई उछिनेर अगाडि बढ्ने कुरा बताउनुभएको *धम्मपद (१७)* मा उल्लेख छ ।

धर्मको क्षेत्रमा त यो स्मृति झन आवश्यक छ । महत्वपूर्ण भएकोले नै सम्यकसम्बुद्ध तथागतले दिनहुँ भिक्षाटनबाट फर्की खुट्टा धुने पिर्कामा उभेर **'अप्पमादेन सम्पादेथ'** आदि भनी दुर्लभ धर्म पाँचवटा सधैं उपदेश दिनुहुन्थ्यो । अन्तिम अवस्थामा परिनिर्वाण हुनलाग्दा पनि यस **'अप्पमादेन सम्पादेथ'** लाई अन्तिम निगमनको रूपमा सर्वान्तिममा धर्म-उपहारको रूपमा दिई परिनिर्वाण हुनुभयो ।

## स्मृति

श्रद्धा र प्रज्ञा, समाधि र वीर्य यी धर्महरू एकअर्कासँग बराबर नभइकन एकभन्दा अर्को घटी बढी भइरह्यो भने लाभ सिद्ध नभइ अझ दोष समेत हुनसक्छ । स्मृति त बढ्ता हुनु भन्ने छैन । प्रत्येक कामकाजमा दरिलो स्मृति आवश्यक नै हुन्छ । तसर्थ **'सतिं च ख्वाहं भिक्खवे सब्बत्थिकं वदामि**=स्मृतिलाई, भिक्षुहरूहो, जुनसुकै क्षेत्रमा पनि आवश्यक रहेको धर्मको रूपमा म भन्दछु' भनी *महावग्ग बोज्झंग संयुत्त (१००)* -मा उल्लेख भएको हो । स्मृति अपरिहार्य छ, महत्वपूर्ण भएकोले नै तथागतले सम्पूर्ण स्थलचर सत्वहरूका पाइलामा हात्तीको पाइला सबभन्दा ठूलो हुने भएकोले त्यसमा सबैका पाइलाचिन्ह अट्ने जस्तै सम्पूर्ण कुशल धर्म अप्रमादमा अटिरहने कुरा बताउनुभएको *महावग्ग बोज्झंग संयुत्त* मा उल्लेख छ । त्यसपछि फेरि यस जन्मको फल, आगामी जन्मको फल दुवै थरीका फललाई प्राप्त गर्ने धर्म अप्रमाद भएको तथ्य बताउनुभएको *सगाथावग्ग कोसल संयुत्त (८७)* मा उल्लेख छ । होशरहित भई बस्ने व्यक्तिमा कुशल-धर्म उत्पत्ति र वृद्धिको निम्ति अवसर नहुने भएकोले कुशल धर्म उत्पत्ति र बृद्धिको लागि अप्रमाद अति ठूलो आधार रहेछ । त्यसैले अतिउपकारक-धर्म एउटा अप्रमाद भएको कुरा बताउनुभएको *पाथिक दसुत्तर सुत्त (२२७)* मा उल्लेख छ ।

## धर्म हस्तगत पार

**धम्मेसु** -को स्वरूप बेहोश नहुनु धर्ममा सम्पूर्ण किसिमका कुशल-धर्म समाहित भएको हुँदा दान, शील मात्र होइन त्रिरत्नको गुण आरम्मण गर्नु, मैत्री फैलाउनु, मरण धर्म सम्झनु, स्मृतिप्रस्थान भावना वृद्धि गर्नु आदि मनमा राखिराख्नयोग्य धर्महरू हस्तगत गरिराख्नै पर्छ । धर्म भनेको अर्को जन्मसम्म पर्खिरहनुपर्ने होइन; धर्मपालकलाई यसै जन्ममा मानसिक शान्ति उत्पन्न गरिदिनु, मनोवृत्ति बलियो पारिदिनु, लोकधर्मलाई सामना गर्ने क्षमता दिनु, आफूले विशेष प्रयत्न गऱ्यो भने मार्गफल समेत प्राप्त गर्न सक्ने बनाइदिनु आदिद्वारा रक्षा गरिदिन्छ । त्यसबाहेक फेरि एउटा न एउटा भावना आफ्नो हातमा पारी वृद्धि गरिबस्ने व्यक्तिमा धर्मको सम्बन्धमा अनुभूति गर्नु, सम्झनु, बृद्धि हुँदै आउनु, विचार-धारणा उच्च भइ धनी हुनथाल्नु, प्रज्ञा-ज्ञान परिपक्व हुनथाल्नु आदि धेरै लाभ हुने गर्दछ ।

## जुलाहाकी छोरी

तथागत आलवी देशमा पुग्नुहुँदा आलवी-वासीहरूले भोजन आदि दान गरे । तथागत आउनुभयो भन्ने खबर सुनेर एउटी जुलाहाकी छोरीलाई उपदेश सुन्न मन लागेको, तथागत दर्शन गर्न मन लागेको भए पनि बुबाले अह्राएको काम थियो । धागो बेरिएका तुकी (कुल्फी, बबिन) हरू तान भएको ठाउँमा पुऱ्याइसकेपछि मात्र उपदेश सुन्छु भनी काममा ब्यस्त हुनुपऱ्यो । सिद्धिसकेपछि कुल्फीहरू ढकीमा राखी



Downloaded from http://dhamma.digital/

काखमा बोकी तान (कारखाना) मा जानको लागि आउँदा उपदेश सुन्नलाई भेला भएको परिषदको छेउमा पुगी उभिइ हेरिरहिन् । तथागतले हेर्नुहुँदा मलाई तथागतले आओस् भनी इच्छा गरिरहनुभएको छ भनी बुझेर परिषद्को भित्र पसिन् । तथागतले उनलाई चारवटा प्रश्न सोध्नुभयो । 'ए नानी, तिमी कहाँबाट आएकी हौ ?' भनी सोध्नुहुँदा 'थाहाछैन, भन्ते' भनेर नै जवाफ दिइन् । 'कहाँ जानलागेकी त' भनी सोध्नुहुँदा 'थाहा छैन' भनी जवाफ दिइन् । 'तिमीलाई थाहा छैन र' भनी सोध्नुहुँदा 'थाहा छ, भन्ते' भनी निवेदन गरिन् । 'तिमीलाई थाहा छ र' भनी फेरि सोध्नुहुँदा 'थाहा छैन, भन्ते' भनी जवाफ दिईन् । परिषद असन्तुष्ट भयो । तथागतलाई यो केटी जिस्काउने जस्तै गरी निवेदन गर्दैछिन भनी ठानी उपहास गरिरहे ।

त्यसबेला तथागतले 'कहाँबाट आएकी हौ' भनी मैले सोधेकोलाई तिमीले किन 'थाहा छैन, भन्ते' भनी जवाफ दिएकी नि' भनी सोध्नुभयो । 'म जुलाहाको घरबाट आएकी कुरा तपाँइले जानिसक्नुभएकोले यस विषयमा सोध्नुहुन्न होला; 'कुन जन्मबाट आएकी हौ' भनी सोध्नुभएको होला भनी मैले ठानेकी छु । आफू आएको जन्म थाहा नभएकोले 'थाहा छैन, भन्ते' भनी जवाफ दिएको कुरा निवेदन गरेकी हूँ । 'साधु, साधु, नानी'; मेरो सोधाईको नै जवाफ दियौ भनी साधुकार दिनुभइसकेपछि 'कहाँ जाँदैछ्यौ नि' भनी सोधेकोमा कारण फेरि सोध्नुभयो । 'मैले बबिनको ढकी लिएर आइरहेकी देख्नु नै भएको हुनाले म तानमा जान लागेको कुरा बुझिसक्नुभएको हुनाले यस विषयमा सोध्नुहुन्न; यो जन्मबाट च्यूत भएँ भने कुन जन्ममा जाने हो भनेर सोध्नु भएको हो भनी ठानेर आफू जाने अर्को जन्म थाहा नभएकोले गर्दा 'थाहा छैन, भन्ते' भनी निवेदन गरेको कुरा बिन्ती गर्दा फेरि साधुकार दिनुभयो ।

त्यसपछि 'थाहा छैन र तिमीलाई' भनी सोध्दा 'थाहा छ, भन्ते' भनी किन जवाफ दिएकी त भनी सोधेपछि यो प्रश्न मृत्यु हुनेबारेमा सोधेको भनी बुझेँ । एकदिन मर्नुपर्ने थाहा भएकोले 'थाहा छ' भनी निवेदन गर्दा पनि साधुकार दिनुभयो । 'थाहा छ त तिमीलाई' भन्ने प्रश्नलाई किन 'थाहा छैन ।' भनेको त ? भनी सोध्नु हुँदा 'मर्नुपर्ने त थाहा छ; कुनदिन, कुन महिना, कुन बेला मर्ने हो थाहा नभएकोले 'थाहा छैन' भनी जवाफ दिएको निवेदन गरिन् । तथागतले फेरि साधुकार दिनुभइसकेपछि **अन्धी भूतो** - आदि देशनाद्वारा यो लोक अन्धा मात्र भएका छन् । यी अन्धाहरूको समूहबाट एक दुईजना मात्र आँखा हुनेहरू उत्पन्न हुने गर्दछन् । व्याधाको जालबाट मुक्त हुने पंक्षीहरू पाउन गाहारो भएजस्तै स्वल्प मात्र स्वर्गगामी र निर्वाणगामीहरू हुन्छन् भनी परिषद्हरूलाई देशना गर्नुहुँदा जुलाहाकी छोरी स्रोतापन्न भइन् । *(धम्मपद २-१११)*

## सूचना

यस जुलाहाकी छोरीमा धर्म सम्बन्धी विचार र धारणा प्रज्ञा-ज्ञानबाट परिपक्व छ । धेरै जनाले बुझ्न नसक्ने तथागत भगवान्लाई निर्भीक-पूर्वक स्पष्टरूपमा उल्लेख गरी देखाउन सकेकोले धेरै आश्चर्य-चकित भए । यसरी अरुसँग समान नभएको उनको प्रयत्नको कारणले गर्दा नै हो । विगत तीन वर्षभन्दा पहिले पनि तथागत त्यहाँ आलवीमा एकचोटी आइसक्नुभएको थियो । त्यसबेला परिषद्लाई मरणानुस्मृति धर्म-देशना दिनुभएको थियो । अरुहरूमा सुनियो काम सिध्दियो गरी होशियारीका साथमा नराखिएको भए पनि जुलाहाकी छोरीले त त्यसबेलादेखि नै सधैं रातमा पनि दिनमा पनि समय पाउने बित्तिकै मरणानुस्सति भावना वृद्धि गरिरहेकी थिइन् । उक्त भावनाको प्रभाव शक्तिले गर्दा नै व्यापक प्रज्ञा-ज्ञान वृद्धि भइ दृष्टि विशाल बनाई अरुभन्दा अब्बल भएकी हुन् ।



Downloaded from http://dhamma.digital/

**(२०) गारवो च निवातो च; सन्तुट्ठि च कतञ्ञुता ।**

**कालेन धम्मस्सवनं; एतं मङ्गल'मुत्तमं ।**

२०) **देवपुत्र**=भो देवपुत्र; **यो गारवो च**=जुन गौरव राख्नुपर्नेलाई गौरव राख्नु; **यो निवातो च**=जुन आफूलाई विनम्र बनाउनु; **या सन्तुट्ठि च**=जुन सजिलै सन्तुष्ट हुनु; **या कतञ्ञुता च**=जुन पहिले गरिएका उपकारलाई बुझ्नेको भाव र; **कालेन**=अनुकूल समयमा; **यं धम्मस्सवनं च**=जुन उपदेश सुन्नु; **अत्थि**=रहेका छन्; **एतं**=यी पाँचवटा; **उत्तमं**=उत्तम; मङ्गलं=मंगल नै हुन् ।

### पाँचवटा मंगलको भावार्थ

भो देवपुत्र; गौरव राख्नुपर्नेलाई गौरव राख्नु, विनम्र हुनु; सन्तुष्ट हुनु, उपकारलाई बुझ्नु, अनुकूल समयमा उपदेश सुन्नु; यी पाँचवटा उत्तम मङ्गलहरू हुन् ।

### गारव

**गरूनं भावो गारवो । गरूनं**=गौरव राख्न योग्यहरूको; **भावो**=भाव हो; **गारवो**=गौरव राख्न योग्य व्यक्तिको भाव । गौरव राख्नलायक भएका त्रिरत्न, गुरू-आचार्य, आमा-बुबा आदि गुणमहान र वयोवृद्धहरू हुन् । भिक्षुहरूमा जन्म उमेर अनुसार नभइ भिक्षुको वर्षावास धेरै भएकाहरू गरू (=गौरव र मान राख्नुयोग्यहरू) हुनुपर्छ । यी व्यक्ति गौरव र सम्मान राख्नलायक हुन् भनी जान्नु गौरव राख्नु सन्मान राख्नुबाट जान्नपाइने हुनाले गौरव राख्नुलाई **गारव** (**=**गौरव राख्नलायक हुनुको भाव) भनी भन्नुपर्दछ । आदर-गौरव गर्ने आकार-प्रकारद्वारा उत्पन्न हुने कुशल-चित्त नै हो ।

### मंगल हुने ढंग

गौरव राख्नलायकहरूलाई गौरव राख्नु सन्मान गर्नु नगर्ने व्यक्ति सत्पुरुषहरूलाई रुचिकर हुँदैनन् । साह्रै जंगली स्वभावको भनेर निन्दा गरिन्छन् । गौरव राख्न जान्ने सन्मान गर्न जान्नेलाई त रुचाउँछन्, मन पराउँछन् । साह्रै ज्ञानी मानिस भनी प्रशंसा गरिन्छन् । यस तथ्यद्वारा नै **अगारव** -को अमंगल भाव, **गार**व-को मंगल भाव स्पष्ट भइराखेको छ । तथागतले वयोवृद्धहरूलाई गौरव राख्नेहरू यस जन्ममा पनि प्रशंसा पाउने तथ्य, पछिका जन्महरूमा पनि सुगति भवमा पुग्न पाउने कुरा बताउनुभएको *एकनिपात तित्तिर जातक (९)* -मा उल्लेख भएको छ । त्यसपछि फेरि वयोवृद्ध, गुणवृद्धहरूलाई अभिवादन गर्ने बानी भएकाहरू, गौरव राख्ने बानी भएकाहरूलाई दीर्घायु हुने, रूप लावण्य राम्रो हुने, सुख हुने, बलशक्ति-पूर्ण हुने भन्ने चारप्रकारका फलहरू वृद्धि हुने कुरा बताउनुभएको *धम्मपद (२९)* मा उल्लेख भएको छ । उपरोक्त तथ्य *चक्कवत्ति सुत्त* अनुसार पनि जान्नसकिन्छ । यसका अतिरिक्त जेष्ठहरूका स्नेह, गौरव, सहयोग, सुरक्षा प्राप्तहुनु आदि लाभ हुने प्रतिफलहरू धेरै छन् । मूलधन लगानी गर्ननपर्ने गरिकन नै शरीरलाई निहुराई कोमली भइ प्रयोग गर्नाले मात्र पनि धेरै ब्याज फल्ने, नाफा हुने यो गारव मंगललाई धारण नगरी बस्न योग्य हुन्छ र ?

### वंश कुलीन हुनु

*उपरिपण्णास चूलकम्मविभङ्ग सुत्त (२७७)* -मा 'माणवक...यस लोकमा कोही कोही पुरुष महिलाहरू कडा स्वभावका भइ अति अभिमानी भइ अभिवादन गर्नुपर्नेलाई अभिवादन गर्दैनन्; अगवानी गर्न योग्यलाई अगवानी गर्दैनन्; बास दिन योग्यलाई बास दिँदैनन्; बाटो छोड्नुपर्नेलाई बाटो छोड्दैनन्; राम्ररी सेवा



Downloaded from http://dhamma.digital/

गर्नुपर्नेलाई सेवा गर्दैनन्; गौरव राख्नुपर्नेलाई गौरव राख्दैनन्; मान राख्नुपर्नेलाई मान राख्दैनन्; पूजा गर्नुपर्नेलाई पूजा गर्दैनन्; उनीहरूले आशक्तिपूर्वक धारण गरिरहेको कर्मअनुसार च्युतिपछि नर्कमा जानुपर्ने हुन्छन् । नर्कमा नगइकन मानिस नै भएर जन्मे पनि जहाँ-जहाँ जन्म हुन्छ त्यहाँ त्यहाँ हीन, नीच कुलमा जन्मने हुन्छन् । माणवक ...यो अभिवादन नगर्नु आदि गौरव नराख्नु नीचकुलमा उत्पन्न हुनजाने आचरण हो' भनी बताउनुभयो । त्यसपछि त्यसको विपरीत किसिमले गौरव राख्नयोग्यहरूलाई गौरव राख्नु आदि गर्ने व्यक्ति देवलोकगामी हुने, देवलोकगामी नभए पनि जहाँ जहाँ जन्म हुन्छ उच्च श्रेष्ठ उत्तम कुलमा जन्म हुन पाइने कुरा फेरि बताउनुभयो ।

यस देशनाद्वारा अभिमानीहरूको भविष्य भारी नै हुने हुन्छ । त्यसैले भविष्यको जीवनलाई विचार गरेर पनि गौरव राख्न योग्यहरूलाई गौरव राख्नु नै पर्दछ । कोही-कोही गौरव राख्नमा लाज मानेर बस्दछन् । यो त अवश्य पनि लजाउनु नपर्ने विषयमा लजाएको हो । वास्तवमा **'अगारव**=गौरव नराख्नमा मात्र लजाउनु पर्छ । उक्त व्यक्तिलाई प्रज्ञावान सत्पुरुषहरूले निन्दा उपहास गर्ने भएकोले उक्त निन्दा गरिनुलाई मात्र विचार गरी लजाउनुपर्दछ ।

## ब्रह्म विहार वृद्धि

गौरव राख्नु सन्मान गर्नु उक्त व्यक्तिप्रति मान भएको स्नेह भएकोले नै हो । आदर-गौरव पाएका व्यक्तिले पनि मान राख्ने, स्नेह राख्ने नै हुन्छ । त्यसरी मैत्री भाव रहिरह्यो भने परस्परमा दुःख हुँदा करुणा पनि उत्पन्न हुन्छ । मैत्री भईरहँदा परस्परमा एउटाको उन्नति हुँदा अर्कोले मुदिता उत्पन्न गरी खुसी हुन पाउँछन् । केही अलिकति भूलचुक भएमा पनि उपेक्षा गर्न सकिन्छ । यसरी गौरव राख्ने काम ब्रह्म विहार धर्महरू अभिवृद्धि हुने, ईर्ष्या, मात्सर्य, मान, दोष आदि हट्ने कारण एउटा अतिराम्रो सभ्यता भएकोले उक्त सभ्यता भएका व्यक्तिहरूमा दीर्घायु हुनु आदि उत्पन्न हुने भनेको उपरोक्त प्रतिफलहरू तथ्यपूर्ण रहेछन् । लोकलाई रमणीय बनाउनलाई पनि एउटा महत्वपूर्ण सभ्यता हो ।

## धर्म जानेपछि गौरव वृद्धि

धर्म नचिन्नेको मनमा गारव कार्य नीच भनी गलत धारणा र दृष्टि भईरहे पनि **गारव** अति श्रेष्ठ र पवित्र धर्म भएकोले धर्म जानेदेखि क्रमशः गारव धर्म झन झन वृद्धि भएर आउँदछ । आयुष्मान सारिपुत्र आयुष्मान अस्सजिको उपदेशबाट स्रोतापन्न हुनपाएदेखि आयुष्मान अस्सजि बस्नुभएको दिशातर्फ उद्देश्य राखी हात जोडेर नमस्कार गरी उहाँ जतातिर हुनुहुन्छ उतातिर शिरान पारेर सुत्ने चलन भएका हुनुहुन्थ्यो । नबुझ्ने भिक्षुहरूले आयुष्मान सारिपुत्र अझसम्म पनि दृष्टिभ्रममा परिबसेका छन्; दिशाहरू नमस्कार गरिरहन्छन् भनी तथागतलाई निवेदन गर्दा तथागतले 'सरिपुत्रले दिशा नमस्कार गरेका होइनन्; आफ्ना गुरू अस्सजिलाई नमस्कार गरेका हुन् ' भनी आफूलाई धर्म बुझ्ने गरी बाटो देखाइदिने व्यक्तिलाई 'अग्नि पूजा गर्ने ब्राह्मणले अग्निलाई नमस्कार गर्नेझैं नमस्कार गर्नुपर्दछ' भनी भन्नुभएको *(धम्मपदट्ठ. २-४०१) ब्राह्मण वग्ग* -मा उल्लेख छ ।

## निवात

**नि**=तल पर्ने गरी; **वात**=उत्पन्न हुने । **निवात**-लाई '**नीचमनता निवातवुत्तिता**' भनी *अर्थकथा* मा वर्णन गरिराखिएको छ । **नीचमनता**=तल परेको चित्त भएको व्यक्तिको भाव; शरीरलाई निहुराउनु चित्तलाई निहुराएर मात्र गर्न सम्भव छ । अभिमान भएको चित्त ठिंग ठाडो तन्केर बस्ने स्वभाव भएकोले मान निहुराई राख्नुलाई नै **नीचमनता** भनिएको हो । चित्तलाई निहुराई राखियो भने शरीर र वचन सबै निहुराउने काम पूरा भइसक्ने भएकोले **निवात वुत्तिता**=निहुराउने वृत्ति भएको भाव ब्यक्त गरिराखिएको हो ।



Downloaded from http://dhamma.digital/

**निवात** सम्पन्न व्यक्तिको विपरीत स्वभाव **थद्ध**=कस्सिनु टम्म पर्नु कडा स्वभावको व्यक्ति, **अतिमान**=अति अभिमानी भाव भएका हुने हुनाले ती व्यक्तिहरूको बोली वचन पनि ताइँफाइँ उच्च भएको हुनसक्छ । आफूले आफैलाई उच्च पारी अरूलाई नीच पार्न सक्छ । कुल, शिक्षा, सम्पत्ति आदि गुणद्वारा अरुलाई हेप्ने गर्दछन् । शरीरको हाउभाउ पनि कसैलाई वास्ता नराख्ने जस्तो भइ ठाडो ठाडो हुन्छ । ती सबै हाउभाउहरू सबैजनालाई अप्रिय हुने हुनाले अमङ्गल नै भयो । **निवात** हुनेको त शरीरको हाउभाउ लचिलो सूक्ष्म, कोमल हुने मात्र नभइ बोली-वचन पनि सबैका कान हलुका मन आनन्द हुने गरी मधुर हुन्छन् । त्यस्ता व्यक्तिहरूलाई धेरैजनाले मन पराउने र मान राख्ने मङ्गल हुने नै भयो ।

## गारव र निवात

**गारव** र **निवात** लाई जोडेर नै बताउनुभएको छुट्टिन नमिल्ने धर्महरू भएकोले हो । **निवात** हुनेसँग मात्र **गारव** युक्त हुनसक्छ । अभिमान चर्केको व्यक्ति 'मै हुँ, कसलाई के मतलब' भन्ने भैं भइरहने हुँदा अरूलाई कहाँ गौरव राख्नसक्ला र ? कुल, सम्पत्ति, गोत्रबाट स्तब्ध भएको व्यक्तिले आफ्ना आफन्त बन्धु बान्धवहरूलाई समेत हेप्नसक्ने हुनाले उक्त कार्य विनाशको कारण हुन्छ भनी आज्ञा भएको *सुत्तनिपात पराभव सुत्त (२६९)* मा उल्लेख भएको छ । आफन्तहरूले आफूलाई वास्ता नराखी चोइट्याइने मात्र होइन कि आफू विनाश हुने गरी समेत गर्नपुग्न सक्ने भएकोले विनाशको कारण हो भनी बताउनुभएको हो । यो स्तब्ध व्यक्तिलाई हावा भरिएको छालाको थैलीसँग तुलना गर्ने चलन छ । छालाको थैली हावा नभरिएसम्म लचिलो र नरम भइरहे पनि हावा भरिएपछि कस्सिएर टम्म हुनपुग्नु अभिमानीको लक्षण जस्तै हो । कतिसम्म निहुरिनु पर्छ भन्दाखेरी 'पाउ पुछ्ने पाउदानी, सिंग भाँचिएको गोरु, दाँत भाँचिएको सर्प समान' भनी भनिएको छ । साँच्चै धर्म पालन गर्नेले आफूलाई त्यतिसम्म पनि निहुराई राख्न सक्छन् । अभिमान बढाएर बस्नुलाई विनाशको कारण भए पनि **निवात**युक्त हुनु उन्नति वृद्धिको कारण हो । **'निवातवुत्ति अत्थद्धो; तादिसो लभते यसं**=निहुरने भाव युक्त भइ स्तब्धता नभएको व्यक्तिले परिवार यशकीर्ति लाभ गर्न सक्छन्' भनी भन्नुभएको *सिङ्गाल सुत्त (१५६)* मा छ ।

## आयुष्मान सारिपुत्रको निवात

एकदिन आयुष्मान सारिपुत्रको चीवर लगाइराख्नुभएको नमिलेको देखेका सात वर्षका बालक श्रामणेरले 'भन्ते, चीवर लगाइराख्नुभएको मिलेन' भनी निवेदन गरे । आयुष्मान सरिपुत्रले ' बालक श्रामणेरले मलाई यस्तो भन्न मिल्छ र' भनेर नसोची एकातिर गई फेरि चीवर ठिकसँग मिलाइसकिएपछि श्रामणेरकहाँ फर्केर गई हात जोडेर 'आचार्य, यति मिलेपछि ठिक छ कि' भनी आज्ञा भइसकेपछि 'त्यही दिनमा मात्र श्रामणेर भएका सात वर्ष मात्र उमेरका बालक श्रामणेरले उक्त अनुशासनलाई शिरमा थापी लिनेछु' भनी उदान व्यक्त गर्नुभयो । धर्मलाई गौरव राख्ने जति सबैले वहाँ महास्थविरको यस **निवात**गुण सधैं मन पराई आदर्श लिईबस्नुपर्‍यो । (*मिलिन्द ३८ । सं. इ.१-११४)*

## आयुष्मान राहुलको निवात

आयुष्मान राहुल शाक्य राजकुलका भएकोले चक्रवर्ती राजा हुने भाग्य कर्म लक्षण भएका विशिष्ट व्यक्ति थिए । तथागतका पुत्र पनि भएकोले अभिमान नै गरे भने अरुभन्दा धेरै बढी अभिमान गर्न मिल्ने गरी उच्च श्रेणीमा पुगेका भए पनि उहाँको निवात स्वभाव उदानको रूपमा प्रख्यात भइसकेको छ । भिक्षुहरूले श्रामणेर राहुललाई परीक्षण गर्न चाहेकोले वहाँ आइरहनुभएको टाढैबाट देखेर कुचो र धुलो थुपार्ने डालाहरू बाहिर फालेर फालिराख्थे । 'यो कसले फालिराखेको नि' भनी कुनै भिक्षुले सोधेभने 'यहाँ राहुल आउजाउ



Downloaded from http://dhamma.digital/

गरिरहेका थिए; राहुलले पो फालिराखेको हो कि' भनी अरु भिक्षुहरूले भन्ने गर्दथे । श्रामणेर राहुलले 'मैले गरेको होइन' भनी कहिल्यै नभनी राम्ररी सच्याएर राखिसकेपछि भिक्षुहरूसँग क्षमा समेत मागी वन्दना गरेर जाने गर्थे ।

एक पटक तथागतले 'भिक्षुहरूलाई गृहस्थी श्रामणेरहरूसँग एउटै छत भएको विहारमा सँगै सुत्नहुँदैन' भनी शिक्षापद प्रज्ञप्त गर्नुभयो । भिक्षुहरूले 'राहुल, तथागतले शिक्षापद प्रज्ञप्त गरी राख्नुभएकोले आफू सुत्ने ठाउँ खोज' भनी भने । वास्तवमा बुद्धप्रति गौरव राखेर तथा श्रामणेर राहुलको आचरण, शिक्षा, गुणहरू अनुसार वहाँलाई भिक्षुहरूले सधैं प्राथमिकता दिन्थे । शिक्षापद प्रज्ञप्तिअनुसार यस्तो भनेका हुन् । श्रामणेर राहुलले कहिले पनि जवाफ फर्काएनन् ।

आयुष्मान सारिपुत्र, आयुष्मान मौद्गल्यायन, आयुष्मान आनन्द आदि महास्थविरहरूलाई पनि दुःख नदिई तथागतको चर्पीमा गई बसीरहे । विहानपख तथागत पाइखाना जानुहुँदा श्रामणेर राहुल चर्पीमा सुत्नुपरेको कुरा जान्नुभइ गृहस्थी, श्रामणेरहरूसँग तीनरातसम्म सँगै सुत्ने अनुमति दिई शिक्षापदलाई फेरि संशोधन गरी प्रज्ञप्त गर्नुभयो ।

श्रामणेर राहुलले भावना धर्म प्रयत्नपूर्वक अभ्यास गरिरहनुभएकोले उक्त धर्मले उहाँको अभिमानलाई दबाइराखेको रहेछ । धर्मप्रति गौरव नहुनेहरूको निम्ति मनमा दोष नदेखी असल, उच्च भनी ठानी अभिमान चढिरहने भए पनि धर्मलाई गौरव राख्नेहरूले त आफ्ना अभिमानलाई त धेरै दबाउने कोसिस गरिरहन्छन् । भद्दिय, अनुरुद्ध, आनन्द, भगु, किमिल र देवदत्त यी शाक्य राजकुमारहरू उपालि हजामसँग भिक्षु बन्नलाई तथागतकहाँ पुगेर उनीहरूले तथागतलाई कसरी निवेदन गरे भने - 'तथागत, हामी शाक्यहरूसँग जातीय अभिमान बढी छ । उपालि हजाम हाम्रा सेवकको रूपमा धेरै पहिलेदेखि काम गर्दै आएका हुन् । उनलाई पहिले भिक्षु बनाउनुपर्ला । उनलाई हामीले वन्दना गर्ने, अगवानी स्वागत गर्ने, हात जोड्ने, गौरव राख्ने गर्नेछौं । यसरी हामी शाक्यहरूको अभिमान घटेर जानेछ' भनी निवेदन गरेअनुसार तथागतले उपालिलाई पहिले प्रव्रज्या र उपसम्पदा गरिदिनुभयो ।

## सन्तुष्टि

**सं**=आफ्नो सम्पत्तिले, अथवा उपलब्ध सम्पत्तिले; **तुट्ठि**=आश्वस्त हुनु, सन्तुष्ट हुनु । उपलब्ध भएकोले, लाभ भएकोले सन्तोष मान्नु, पर्याप्त पार्नुलाई **सन्तुट्ठि** भन्नुपर्दछ । यो सन्तुट्ठि नहुनेसँग कमसल खराब खानपिन, वस्त्र आदि प्रयोग गर्नु पऱ्यो भने मनमा अशान्ति र दुख हुने गर्दछ । असल असल राम्रा राम्रा वस्तुहरू किनी उपभोग गर्नाले सम्पत्ति खेर पठाउने गर्दछन् । आर्थिक आर्जन गर्नेहरूमा सन्तुष्टि भएन भने सम्पत्ति आर्जन गर्न सक्दैनन् । त्यसैले **सन्तुट्ठि** लौकिक क्षेत्रमा धेरै आवश्यक छ । धर्ममा मात्र उद्योग र अभ्यास गर्नेहरूमा त झनै आवश्यक छ । आवश्य हो, **सन्तुट्ठि**को विपरीत लोभी हुनु, महेच्छुक हुनु भएकोले धर्म प्राप्तिमा भयंकर बिघ्नबाधा रोकावट हुने गर्दछ । त्यसैले तथागतले उक्त महिच्छा (=ठूलो इच्छा) लाई नीच बताई सन्तुट्ठिलाई अति प्रशंसा गर्नुभयो ।

## परमोत्तम सम्पत्ति

**'सन्तुट्ठि परमं धनं**=सन्तुष्टि परम उत्तम धन हो' भनी बताउनुभएको *धम्मपद (४३)* मा उल्लेख छ । पहिले पहिलेका नीति आचार्यहरूले पनि **'सन्तोसतुल्यं धनमत्थि नञ्ञं**=सन्तोष समान धन अरु छैन' भनेका छन् । लोकमा सम्पत्ति भयो भने जे पनि पूर्ण हुन सक्ने जस्तै सन्तोष मान्नसक्नेसँग सबै परिपूर्ण भइरहने हुनाले सन्तोषलाई सम्पत्तिको रूपमा आरुढ गरिराखेका हुन् । तर सम्पत्तिले भर्न नसकिने सम्पन्नता सन्तुष्टि भएका व्यक्तिसँग उपलब्ध हुने हुनाले सन्तोषलाई परम धनको रूपमा प्रशंसा गरिएको हो ।



Downloaded from http://dhamma.digital/

'जसको चित्त सन्तुष्ट भइरहन्छ, उसँग सबै सम्पत्ति सम्पन्न भइरहन्छ । खुट्टामा जुत्ता लगाई राखेकालाई धरती पूरै छालाले ढाकीराखेको जस्तै भइरहन्छ ।' *हितोपदेश*को यस भनाई अनुसार **सन्तुट्ठि** नभएका कुनै-कुनै सम्पत्तिवालाहरूले समेत लाभ गर्न नसक्ने जस्ता सम्पत्ति **सन्तुट्ठि** भएका गरीबले हासिल गर्न सक्दछ भनी जान्नुपर्‍यो ।

## सन्तोष हुन अयोग्य क्षेत्र

सन्तोष भएमा धेरै स्वादिलो हुन्छ भने झैं सन्तोषी व्यक्तिसँग सधैं मानसिक सुख भइरहने हुनाले लौकिक आचार्यहरूले **'सन्तोसमूलं हि सुखं**=सुखको मूल भनेको नै सन्तोष हो' भनी भनेका छन् । तर शिक्षाको क्षेत्रमा कसैकसैले 'उँ... यति भएपछि पुग्यो नि' भनेर वा आर्थिक क्षेत्रमा 'यति जम्मा भएपछि पुगिहाल्यो नि' भनी शिथिलता ल्याउन सक्छ । यसरी शिथिलता ल्याउनु सन्तुष्टि होइन, पछि हट्नु मात्र हो; धार्मिक क्षेत्रमा र लौकिक क्षेत्रमा समान रूपले निश्कर्ष निकाल्न योग्य छैन । धर्ममा मात्र उद्योग र अभ्यास गरिरहने भिक्षु-श्रामणेरहरूका निम्ति भए सम्पत्ति सम्बन्धी जति-जति अल्पेच्छा हुन्छ, उति-उति नै राम्रो हुन्छ । लौकिक गृहस्थीहरूको निम्ति त्यस्तो होइन । धार्मिक क्षेत्रमा नै पनि ग्रन्थ-साहित्यमा विद्वान बन्दैमा सन्तोष मानीरह्यो भने त्यो कमजोर र पछि हट्नुको भाव मात्र भयो । प्रमादी स्वभाव भयो । मार्ग र फल लाभ हुने अवस्थामा नपुगुन्जेलसम्म अटुटरूपमा उद्योग गरिरहनुपर्दछ । त्यस्तै नै सांसारिक मानिसहरूका लागि अझै कर्तव्यहरू रहेका छन् । पारिवारिक कर्तव्य, कुलवंश कर्तव्य, देशप्रति कर्तव्य भन्ने रहेको हुँदा ती कर्तव्यहरूका लागि सम्पत्ति खोज्नै पर्दछ । केहीगरी सकिएन भने जसरी हुन्छ त्यसरी सन्तोष मान्नु परे पनि सक्षम हुँदा पनि उन्नति र विकास ठप्प रोकिने गरी **सन्तुट्ठि** हुनु साँच्चिको वास्तविक **सन्तुट्ठि** नभइ हतोत्साह, निष्क्रियता मात्र ठहरिने छ ।

## अधार्मिकताले भंग

धार्मिपूर्वक सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग नभए पनि धेरै लोभी हुनगई अधार्मिकरूपले सम्पत्ति खोज्नेसँग **सन्तुट्ठि** भंग हुन्छ । सम्पत्ति धेरै भएपछि **सन्तुट्ठि** भंग भएका व्यक्तिले मनपरि सम्पत्ति खर्च गरे पनि **सन्तुट्ठि** भएकाले कुशल कर्म मानिने कुलको निम्ति, देशको निम्ति लाभ हुने राम्रा कुशल कामकाजमा मात्र महत्व दिएर खर्च गर्न जान्नेछ । अति लोभी भएर सन्तुष्टि भंग हुनगएको खण्डमा एकदिन विनाश र परिहानीसँग सामना गर्नपर्नु स्वभाविक रहेछ ।

पहिले एकजना ब्राह्मणकी पत्नी र तीनजना छोरीहरू थिए । उक्त ब्राह्मण परलोक भइ सुवर्ण हंस भइ जन्मेको हुनाले बेला बखतमा आई सुवर्णमय प्वाँख एउटा-एउटा दिइराखेको हुनाले पत्नी र छोरीहरू गरीब अवस्थाबाट मुक्त भइ उनीहरूको जीवन क्रमशः सहज हुनथालेको थियो । तर त्यतिले सन्तोष नभइ सरसल्लाह गरी एकदिन सुवर्ण हंस आउँदा उसलाई समाती उसका सबै प्वाँख उखेलेर लिए । तर उखेलिएका सबै प्वाँख सुन नभइ सबै बकुलोको प्वाँख जस्तै मात्र हुनगयो । पछि उसलाई माटोको भाँडामा राखेर पालिराख्दा पनि उम्रेका प्वाँखहरू सेतो मात्र भए तथा सबै प्वाँख उम्रेपछि आफ्नो ठाउँमा उडेर गयो ।

'यं लद्धं तेन तुट्ठब्बं, अतिलोभि हि पापको-लाभ भएकोमा सन्तोष मान्न सक्नुपर्छ; अति लोभी व्यक्ति त पापी नै हो ।'

*(एकनिपात सुवण्णहंस जातक ३२)*

## कतञ्ञुता



Downloaded from http://dhamma.digital/

अरुले पहिले गरेको उपकार बुझ्नुलाई **कतञ्ञुता** (कृतज्ञता) भन्दछन् । उपकार भनेको सम्पत्ति दिनु, शिल्प सिकाइदिनु, अनुशासन गर्नु, उपद्रवबाट, भयबाट रक्षा गर्नु, आदिद्वारा आफूप्रति गरिराखेको अरुको कुशल कर्म नै हो । उक्त उपकारलाई धेरै वा थोरै जेजति भए पनि स्मरण गरी जानिराख्नुलाई **कतञ्ञुता** भन्दछन् । जान्नु भनेको हुनाले जानि मात्र राख्नेलाई **कतञ्ञू** (उपकार चिन्ने) भनिन्छ । कसैकसैले आफूप्रति उपकार गरिराखेका कसैलाई सहयोग अवश्यक पर्ने अवस्थामा आफूसँग सामर्थ्य भएता पनि मुखले मात्र ठिक पारी हात अगाडि नबढाइकन बस्नसक्छ । यस्ता त **अकतञ्ञू** (उपकार नचिन्नेहरू) नै भए । कतिपयले यसरी उपकार नचिन्ने मात्र होइन उपकार गर्नेलाई नै अनर्थ गर्न सक्छ । उपकारीलाई अपकार गर्ने व्यक्ति मूर्ख नै भयो । त्यस्ता मुर्खहरू *तिंसनिपात महाकपि जातक (३८०)* -मा देख्नपाइन्छ । उक्त *जातक*मा मूर्ख ब्राह्मणले आफ्नो ज्यान बचाइदिने बोधिसत्व वानरराजको टाउकोमा ढुँगाले हानी फुटाई दियो । सत्पुरूषहरू भने उपकारलाई चिन्दछन् । उपकार नचिन्ने मूर्ख मात्र हुने भएकोले उसले प्राप्त गर्ने लाभ त भावी-जन्ममा नर्कमा पतन हुने, यस जन्ममा उपहास गरिनु, उपकारकहरूबाट पर हटाइनुले दुःख भोग्नु आदि खराब परिणामहरू मात्र हुन्छन् ।

## दुर्लभ दुई व्यक्ति

१) **पुब्बकारी**=पहिले उपकार गर्न जान्ने व्यक्ति; (२) **कतञ्ञुकतवेदी**=अरुले गरेको उपकारलाई जान्नसक्ने, व्यक्त गर्न जान्ने व्यक्ति ।

यी दुईप्रकारका व्यक्तिहरू दुलर्भ हुने कुरा बताउनुभएको *दुकङ्गुत्तर ततियपण्णासक पठम सुत्त ( ८६)* मा उल्लेख छ । तीमध्ये पहिला उपकार गर्ने व्यक्तिले ऋण दिन्दैछु भन्ने संज्ञा (करार) गर्छ । पछिल्लो व्यक्तिले ऋण तिर्नेछु भन्ने संज्ञा गर्नेछ भनी सम्बन्धित *अर्थकथा* मा वर्णन गरेका छन् । कसैले ऋण दियो भने ऋण लिने व्यक्तिले ऋण लाग्यो भनी भन्दछ । त्यस्तै नै कसैले उपकार गर्‍यो भने उपकार पाउने व्यक्तिले उपकार लाग्यो भनी भन्नुपर्दछ । ऋण लागेको फर्काउनुलाई ऋण तिर्नु भन्नुजस्तै फेरि उपकार गर्नुलाई प्रत्युपकार गर्‍यो भन्दछन् । यसमा पहिले उपकार गर्ने व्यक्तिले बदला पाउने इच्छाले गरेको नभए पनि कर्तव्य बुझ्नेले पछि फेरी उपकार गर्ने भएकोले ऋण दिनु ऋण तिर्नु समान भएकोले ऋण तिर्नेछु भनी संज्ञा गरेजस्तै  हुनुलाई संज्ञा राख्नु (करार गर्नु) भनी अर्थकथाचार्यले भनेका हुन् । सत्पुरुषहरूले उपकारलाई देख्नसक्नु र असतपुरुषहरूले उपकारलाई देख्न नसक्नुमा सत्पुरुषहरूले धर्मलाई देखेको हुनु तथा असत्पुरुषहरूले धर्मलाई नदेखी अधर्म भित्रिनु नै कारण हो । *(अ.१-८६; अं.टु. २-५७)*

## सत्पुरुषले मात्र जान्दछ

राध ब्राह्मण इच्छा भए तापनि भिक्षु बन्न नपाउँदा तथागतले 'यस ब्राह्मणको उपकार कसलाई याद छ नि' भनी सोध्नुहुँदा 'मैले सम्झेको छु' भनी आयुष्मान सारिपुत्रले निवेदन गर्नुभयो । 'त्यो कस्तो उपकार हो नि त' भनी फेरि सोध्नुहुँदा 'राजगृह नगरमा भिक्षाटन जाँदा एकदाडू भोजन दान दिएको थियो' भनी निवेदन गरे । 'साधु साधु सारिपुत्र; सत्पुरुषहरूले अरुको उपकार जान्दछन्; याद गर्न जान्दछन्' भनी साधुवाद दिनुभयो । धन-सम्पत्ति दिनुभन्दा पनि बुद्धि विचार, ज्ञान प्रज्ञा दक्षता दिने गुरू आचार्य आदिहरू झन बढी उपकार गर्ने हुन्छन् । विशेषतः धर्मबाट उपकार गर्नेहरूको उपकार पार लाग्नेगरी प्रत्युपकार गर्न नसकिनेगरी विशाल भएको कुरा बताउनुभयो । त्यसैले साँच्चै महान उपकारक आमा-बुबा गुरू र आफूलाई रक्षा गर्ने सबैको उपकारलाई यदि तिर्न सकेको छैन भने पनि सधैं सम्झेर सकेजति प्रत्युपकार गरे मात्र सत्पुरुष हुनसक्छ । *(वि. ३-७०)*

## अंकुर र ब्राह्मण



Downloaded from http://dhamma.digital/

राजकुमार अंकुरले पाँचसय गाडावानहरूसँग भई व्यापार गरिरहँदा अर्को पाँचसय गाडावानहरूसँग भई व्यापार गरिरहेका एकजना ब्राह्मण पनि थिए । बाटो भुलेर खाने पिउने वस्तु सिद्धिएपछि एउटा ठूलो पिपलको रुख भेटाएर विश्राम लिइबसे । उक्त पिपलमा रहेका अति ऋद्धिवान देवताले उनीहरूलाई करुणा राखी आफ्नो दाहिने हात पसारी पहिले पानी; त्यसपछि चाहिने सबै चीजबीज दिएर उनीहरूलाई आनन्द र सुख दिए । उक्त आकार-प्रकार र गतिविधि देखेका ब्राह्मणले आफूहरू धन-सम्पत्ति आवश्यक भएर व्यापार गर्न हिंडेको भएर 'चिताएका जति सबै दिनसक्ने यी देवतालाई बलजफ्ति तानेर भए पनि सँगै लैजाउँ' भनी अंकुरसँग सल्लाह गरे । त्यसबेला अंकुर राजकुमारले कुनै रुखमुनि बसी विश्राम लिइसकेपछि त्यो रुखको हाँगा पनि भाँच्नु हुदैन; मित्रद्रोही भएको व्यक्ति असत्पुरुष हुन्छ' भनी सत्पुरुष धर्म अनुसार जवाफ दिए । 'तर कुनै रुखको छाँयामा बस्न पाए पनि सुत्नपाए पनि यदि लाभ हुनेभए रुख नै काट्न सकिने कुरा नीतिको विधि देखाई ब्राह्मणले जवाफ दिए । त्यसबेला 'आफूले विश्राम लिएको रुखको एउटा पात पनि बिगार्न हुन्न; मित्रद्रोही व्यक्ति असत्पुरुष हुन्छ' भनी फेरि जवाफ दिंदा ब्राह्मणले 'फाइदा हुने भए जरैदेखि उखेल्न पनि हुने' जवाफ दोहऱ्याए । त्यस अवस्थामा अंकुरले 'नीति भनेको आफ्नो लाभ मात्र हेर्ने भएकोले सत्य होइन, धर्म स्वभाव मात्र सत्य हो' भन्ने कुरा सम्झाउने इच्छा भएकोले फेरि यस्तो बोले- 'भो ब्राह्मण, अर्काको घरमा एकरात बिताएर त्यहाँबाट खानापिना प्राप्त भयो भने उक्त घरपतिप्रति मनले समेत अहित चिताउनु हुँदैन; उपकार नजान्नेलाई सत्पुरुषहरूले प्रशंसा गर्न योग्य छैन । आफूलाई बास दिएर, खानापीना दिने, सास्ती नगर्ने, संरक्षण र संयम गर्ने हात भएको मित्रले मित्रद्रोही भएकालाई भष्म पारिदिनसक्छ; पहिले उपकार गर्नेलाई पछि कष्ट दिएर सास्ती गर्ने व्यक्ति भिजेको हात भएको मित्रको विनाशको सामना गर्नुपर्ने भएकोले असल आरम्मण अनुभव गर्न पाउनेछैन । यसरी धर्म देखाई बोलेपछि मात्र उक्त ब्राह्मण चूप भएर बोल्न छोडे ।

**सूचना** यहाँ कृतघ्न हुनेले भोग्नुपर्ने दोष वा अपराध उपकार गर्नेले गर्नुपर्ने नभए पनि उनलाई अपराध गर्नपुग्नाले हुनजाने भएकोले उनैले गरेको जस्तो गरी उनैलाई पोलेको जस्तै र विनाश गरिदिए झैं रुढि अनुसार आरुढ गरी भनिएको हो । यहाँ उपकार गर्नेलाई **'अल्लपाणी**=भिजेको हात भएको' भनी भनिएको छ । 'त्यसो हुनाले भिजेको हात सुकाउनु हुँदैन' भनी भन्ने चलन छ । (*पेतवत्थु अट्ठकथा, अंकुर पेतवत्थु १०६*)

## कालेन धम्मस्सवनं

मन विक्षिप्त भइरहेको बेलामा, काम वितर्क आदि एउटा न एउटा वितर्कद्वारा दबिएर बस्नुपरेको अवस्थामा उपदेश सुन्नलाई अनुकूल भएको **काल** भनी *अर्थकथा* मा भनिएको छ । त्यसपछि फेरि प्रत्येक पाँचदिनमा एकचोटी उपदेश सुन्नुलाई **कालेन धम्मस्सवन** भनी अरु आचार्यहरूको मत वर्णन गरिएको छ । *मूलपण्णास चूलगोसिङ्ग सुत्त (२६८)* मा आयुष्मान अनुरुद्धले 'भगवान, हामीले पाँचदिनको एकचोटी जम्मा भइ रातभर धर्म छलफल गर्ने गर्दछौं' भनी निवेदन गर्नुभएको अनुसार भनिएको हो । *'तिकङ्गुत्तर पठमपण्णासक गिलानसुत्त अट्ठकथा (८९)* -मा **'मासस्स अट्ठवारे धम्मकथा अनुञ्ञाता**=महिनाको आठपटक उपदेश दिने अनुमति दिएको छ' भनी भनिएको छ । आठपटक भनेको शुक्लपक्ष र कृष्णपक्षका पञ्चमी, अष्टमी, चतुर्दशी र पूर्णिमा (पञ्चदशी) दिनहरूलाई भनिएको हो ।

त्यसपछि फेरी *अर्थकथा* मा जहिले पनि कल्याणमित्र भेटेर आफ्नो द्वन्द संशयलाई हटाउन सक्ने धर्म उपदेश सुन्ने काम गर्न सकिन्छ; त्यस बेला उपदेश सुन्नु पनि **'कालेन धम्मस्सवन'** नै हो भनिएको छ । यस भनाईअनुसार दिन वा समय किटान गर्नु मुख्य होइन; उपदेश सुन्नको लागि उचित दिन वा



Downloaded from http://dhamma.digital/

समय भन्ने छैन; उपदेशक तयार भएको र आफूलाई मौका परेको समय नै उपदेश सुन्नलाई अनुकूल उचित समय हो भनी जान्नुपर्‍यो ।

## उपदेश सुन्नुको फल

*पञ्चकङ्गुत्तर पञ्चपण्णासक किमिलवग्ग धम्मस्सवन सुत्त (२१६)* मा उपदेश सुन्नुका पाँचवटा फल उल्लेख भएका छन् । ती पाँचवटा फल हुन्-

१) नसुनिएको सुन्न पाइनु;

२) सुनिएको स्पष्ट हुनु;

३) द्वन्द-संशय हटाइदिनु;

४) दृष्टि सही रूपले सिधा पारिदिनु;

५) चित्त विशुद्ध हुनु हुन् ।

**नसुनिएको सुन्न पाइनु; सुनिएको स्पष्ट हुनु ।**

**संशयहरू हट्नु; दृष्टिहरू सोझो हुनु ।**

**चित्त विशुद्धि पार्नु; यी पाँचवटा धर्म सुन्नुका फल हुन् ।**

यी पाँचवटा फलहरूमध्ये चित्त प्रसन्न प्रफुल्लित हुनु फल अत्यन्त महत्वपूर्ण छ । आर्थिक, शैक्षिक, स्वास्थ्य, आफन्त ज्ञातिबन्धु आदिहरूको कारणले चित्त अशान्त पारी शोकाकुलित भइरहने समय उपदेश सुन्नको निम्ति अति अनुकूल समय हो । धर्मकथिक समर्थवान भयो भने भएभरका शोक तुरुन्त हराएर निको हुन सक्छ ।

## मुण्ड राजाको शोक

आयुष्मान नारद पाटलिपुत्र नगरमा बसोबास गरिरहनुहुँदा मुण्ड राजाकी अतिप्यारी महारानी भद्दा परलोक भइन् । मुण्ड राजाले स्नान पनि गरेनन्; शरीर सजधज पनि गरेनन्; अतिशोक गरी खानपिन पनि गरेनन्; कामधाम पनि नगरिकन दिनरात भद्दाको शरीरमा मात्र डुबेर बसे । भद्दाको लाशलाई धेरै कालसम्म हेरिराख्नको लागि फलामको तेलभाँडोमा डुबाई माथि फलामको पाताले छोपेर राख्न भण्डारी पियकलाई हुकुम दिई त्यस्तै गरिराख्न लगाए । त्यसपछि राजाको शोक हटाउन आयुष्मान नारदकहाँ जानको लागि सुझाव दिई निवेदन गरेपछि राजाले पनि स्वीकार गरी आयुष्मान नारदकहाँ पुगे । आयुष्मान् नारदले 'महाराज, संसारमा श्रमण, ब्राह्मण, देव, मार, ब्रह्मा कसैले पनि लाभ गर्न नसकिने क्षेत्र पाँचवटा छन् । ती हुन्- 'जीर्ण हुने स्वभाव क्षेत्रलाई जीर्ण नहोस्' भनी कसैले लाभ गर्न नसकिने क्षेत्र भयो । रोग लाग्ने स्वभाव, मरण हुने स्वभाव, सिद्धिएर जाने स्वभाव भएका क्षेत्रहरूलाई रोग नहोस्, मरण नहोस, नसिद्धियोस्, विनाश नहोस् भनी कसैले लाभ गर्न नसकिने क्षेत्र भयो' भनी बताइसकिएपछि साथसाथै पृथग्जन र आर्यहरू त्यस्ता स्वभावहरूसँग सामना गर्नुपर्दा फरक किसिमले अनुभव गर्ने तथ्य पनि बताउनुभयो । सारांशमा पृथग्जनले आफूसँग सम्बन्धित चीजवस्तुहरू जीर्ण हुनु, रोग हुनु, मरण हुनु, सिद्धिनु, विनाश हुनुसँग सामना गर्नुपर्दा यो जीर्ण हुनु आदि म एकजनाले मात्र सामना गर्नुपरेको हैन, सबैले नै सामना गर्नुपर्ने हो; म शोक-सन्ताप गरी रोइकराई हिंडेँभने खानपिन रुचि नभएर, कामधाम नुक्सान भएर, रूपलावण्य नराम्रो भइ जाने मात्र हुन्छ; शत्रुहरू खुसी पार्नु मात्र हुन्छ; इष्टमित्रहरू मन दुःखित गरी मन



Downloaded from http://dhamma.digital/

अशान्त पारी बस्नु पर्ने मात्र हुन्छ भनी विचार गर्न नजानेर शोक सन्ताप र विलाप गरी बस्नुपर्ने हुन्छ। विलाप गरी हिंड्नाको कारणले बिष लेपिएको शोकरूपी काँढाले घोचिनुपर्ने हुन्छ। आर्यश्रावकहरू भने त्यसरी विचार गर्न जान्ने हुनाले रुदैनन्, शोक गर्दैनन्; दाह हुँदैनन्; शोकरूपी काँढालाई उखेलेर फाल्नसक्ने हुन्छन्। शोक काँढाले घोचिनाले डाह गरी बस्छन्। शोकरूपी काँढा नरहनाले आर्यहरू सीतल शान्त भइ बस्छन्। यो उपदेश सुन्नपाउँदा राजाले 'यो कुन उपदेश हो भन्ते ?' भनी सोधे। 'शोककाँढा उखेली पठाउने उपदेश हो' भनी जवाफ दिएपछि 'साँच्चै नै शोककाँढा उखेलिदिने उपदेश रहेछ, भन्ते; यो उपदेश सुन्न पाएर मेरो शोकरूपी काँढा उखेली सकेँ' भनी निवेदन गरी पियकलाई 'भद्दाको यो लाशलाई दाहसंस्कार गरिदेऊ; मैले आजदेखि नुहाई धुवाई गरी श्रीखण्ड लेपी खानपिन गरी कामकाजमा जानेछु' भनी हुकुम भयो।

(*पञ्चकङ्गुत्तर, पठमपण्णासक, मुण्डराजवग्ग, नारदसुत्त (५१)* -मा विस्तृत रूपले हेर्नुस्)

२१) **खन्ती च सोवचस्सता; समणानञ्च दस्सनं।**

**कालेन धम्मसाकच्छा; एतं मङ्गल मुत्तमं।**

२१) **देवपुत्त**=भो देवपुत्र; **या खन्ति च**=जुन क्षान्ति (सहनु); **या सोवचस्सता च**=जुन अनुशासन गर्न सजिलो हुनेको स्वभाव; **समणानं**=श्रमण भिक्षुहरूलाई; **यं दस्सनञ्च**=दर्शन गर्नु; **या धम्मसाकच्छा च**=जुन धर्म छलफल गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम, **मङ्गलं**=मंगल नै हुन्।

## चारवटा मंगलको भावार्थ

हे देवपुत्र; सहनु; अनुशासन गर्न सजिलो; भिक्षु श्रमणहरूको दर्शन गर्नु; धर्म छलफल गर्नु; यी चारवटा मङ्गल हुन्।

## खन्ति

अरुले गाली गर्नु, पिट्नु कुट्नु गर्न आएमा प्रतिकार नगरिकन विपरीत स्वभाव नबनाइकन सन्तोष पूर्वक स्वीकार गर्नुलाई सहनु भन्दछन्। खन्तिको स्वरूप **अधिवासन खन्ति**लाई ग्रहण गर्नु पर्ने कुरा *अर्थकथा* मा वर्णन गरिएको छ। कुनै कुनै ठाउँमा लोभ लाग्नु, मन पर्नु, प्रिय लाग्नुलाई **खन्ति** शब्दले व्यक्त गर्ने गर्दछ। **दिट्ठिनिज्झानक्खन्ति** भनेको प्रज्ञा ज्ञानले निरीक्षण गरी सन्तोष मानी निर्णय गर्नु **खन्ति** पनि छ। त्यस्तो किसिमको **खन्ति** होइन सहनु **खन्ति**लाई मात्र यहाँ ग्रहण गर्नुको निम्ति **अधिवासनक्खन्ति** भनी वर्णन गरेको हो। **अधि**=आफूप्रति; वासन=बास गराउनु; अरुले गाली गर्नु आदिका कारणले प्रतिकार गरी गाली गर्नु कुट्नु गरे भने त्यस्ता क्रियालाई आफूले स्वीकार नगरी हटाई सारेको भन्दछन्; त्यस्तो नभइ सारेर पठाएन; विरोध नगरिकन सहेर बसेमा उक्त गाली गर्नु आदिलाई आफूमा बास दिइराखेको भनी भनिन्छ। त्यसैले **अधिवासन** भनेको पनि सहनु नै हो। चिसो, तातो, कीरा, लामखुट्टे आदिले टोक्नु आदिलाई सहनु पनि **अधिवासन खन्ति** नै हो। यो त्यो विषयका कारणले रिसाउनु, मन अशान्त बनाउनु आदि हुनसक्ने हुनाले त्यस्तो स्थिति सामना गर्ने अवस्थामा पनि सहनु नै पर्दछ।

## गाह्रो आचरण

यो **खन्ति** पूरा गर्नु साह्रै गाह्रो आचरण हो। **खन्ति**द्वारा विजयी हुन सक्नुलाई साँच्चै विजयी हुनसकेको भनी नियमित गरिराखेको छ। सहन गरेमा निर्वाण पुग्छ भन्ने भनाई छ। यो साँच्चै निर्वाण पुग्ने कारण



Downloaded from http://dhamma.digital/

भएको आचरण नै हो । शील, समाधि र प्रज्ञा सहन नगर्नेसँग हुनसक्ने आचरणहरू होइनन्; तसर्थ **खन्ति** शील, समाधि प्रज्ञाको मूलभूत कारण रहेको छ । सबै प्रकारका कुशल **खन्ति** हुनेसँग मात्र उत्पन्न हुने हुनाले सम्पूर्ण कुशलसँग सम्बन्ध भएको धर्म नै हो । **अदोस** (मैत्री) प्रधान भएको कुशल धर्म समूहको नाम भएकोले सबैले **खन्ति** (क्षान्ति) धर्म हस्तगत गरिराख्न सकेमा परस्पर झगडा कलह हुने भेदभाव बनाएर बस्नुपर्ने अवस्था नआई मेलमिलाप सम्झौता बनाई लोक रमाइलो मात्र भइरहने हुन्छ । हरेक रमाइलो युगमा क्षान्तिधर्म विकास भइरहनु स्वाभाविक नै हो ।

## शक्र देवेन्द्रको क्षान्ति धर्म

एकचोटी त्रयस्त्रिंशत् र असुरहरूको युद्धमा त्रयस्त्रिंशत् देवताहरू विजयी भएर पकडेर ल्याइएका वेपचित्ति असुरेन्द्रलाई सुधम्म सभामा बाँधेर राखे । वेपचित्तिले शक्र देवेन्द्र सुधम्म सभामा भित्र बाहिर ओहरदोहर गर्दा प्रत्येकपल्ट अनेक प्रकारले गाली गर्थे । शक्र देवेन्द्रले सहेर बसे । यो घटना देखिरहेका मातलीले वेपचित्तिको कडा बोली वचनलाई स्पष्टरूपले सुनिए पनि सहेर बसेको 'डराएर हो कि, दुर्बल भएर हो' भनी सोधे । 'मैले सहिबसेको डराएर पनि होइन; दुर्बल भएर पनि होइन; म जस्ता प्रज्ञावानले मूर्खसँग किन प्रतिस्पर्धा गरिबस्नु' भनी भने । मूर्खहरू त उनीहरूलाई रोकेन दबाएन भने झन घमण्डी हुनथाल्ने भएकोले प्रज्ञावानले मूर्खलाई तीव्र दण्डद्वारा दबाई रोकी राख्नयोग्य भएको कुरा मातलीले भनेपछि 'अरु कुपित भइरहेको जानेर कोप शान्तगरी बस्नेको उक्त शान्ति नै मूर्खलाई रोकिरहेको हो' भनी देवेन्द्रले भने । 'यसरी सहनुमा दोष देखिन्छ; भो शक्र, ...मूर्खले आफूदेखि डराएर सहेर बसेको हो भनी ठान्ने अवस्थामा भागिरहेको साँढेलाई अरु साँढेहरूले झन लखेटेझैं आफूलाई दबाउन खोज्न सक्छ' भनी मातलीले बिन्ती गरे । त्यसबेला शक्र देवेन्द्रले विस्तृत रूपमा धर्म बताएको कस्तो हो भने चाहे मैले डराएर सहिबसेको हो भनी ठानोस् वा अन्यथा ठानोस्; क्षान्तिभन्दा उच्च सबभन्दा ठूलो आत्मलाभ (आफ्नो फाइदा) मैले अर्को देखेको छैन । दुर्बलले सधैं सहेर बस्नसक्ने भएकोले बलशक्ति भएर पनि निर्बलप्रति सहनेको जस्तो सहनुलाई सर्वोत्तम भनी प्रज्ञावानहरूले भनिराखेका छन् । मूर्खको जस्तो बलशक्ति सम्पन्न भएको भयो भने उक्त बलशक्ति अवास्तविकलाई बलशक्ति भनिएको हो; धर्म रक्षकको बलशक्तिलाई त्यस्तो भन्नसक्ने कम्पित गर्न सक्ने कोही हुँदैन ।

'आफूप्रति कोप गर्नेमाथि फेरि कोप गर्ने व्यक्ति अवश्य पनि झन नीच र हीन हुन्छ । रिसाउनेसँग नरिसाउने व्यक्ति जित्न गहारो संग्राम विजयी हुन्छ । अरु रिसाएको जानेर सहेर शान्त भइरहेका व्यक्ति आफू र अरु दुवै पक्षको लाभ हुने आचरण गर्ने व्यक्ति नै हो । उक्त आफू र अरु दुवै पक्षको लाभलाई सिद्ध गर्नेलाई धर्म नजान्ने मूर्खहरू मूर्ख (बाल) भनेर ठान्दछन् ।' यो  शक्र देवेन्द्रको वचन सहनशील व्यक्तिको प्रशंसा नै भएकोले लौकिक क्षेत्र र धार्मिक क्षेत्र दुवैतिर विकास गर्ने आकांक्षा भएका सबैले सम्झी पालन गर्नयोग्य छ ।

## गुण र दोष

नसहनेलाई पाँचवटा दोष[८] र सहनेलाई पाँचवटा लाभ (गुण) हुन्छन् भनी बताउनुभएको *पञ्चकङ्गुत्तर पञ्चमपण्णासक अक्कोसवग्ग (२२२)* मा उल्लेख छ । त्यसमध्ये सहनशीलता नहुनेलाई दोषहरू १) धेरै मानिसहरूका अप्रिय (शत्रुभाव हुने) हुनु; २) शत्रु बढ्नु; ३) दोष धेरै हुनु [८५]; ४) मोहित भएर मरण हुनु; ५) मरेपछि अपायमा पुग्नु अवश्यम्भावी । त्यसको विपरीतक्रमले सहनशील व्यक्तिलाई १) धेरै मनुष्यहरूबाट मन पराइनु; २) शत्रु कम हुनु; ३) दोष कम हुनु; ४) होसपूर्वक मरण हुनु; ५) मरणपछि सुगति बास हुनु यी पाँचवटा फल लाभ हुन्छन् ।



Downloaded from http://dhamma.digital/

**नसहने भयो भने; अरुले मन पराउँदैन ।**

**शत्रु बढ्छ; दोष वृद्धि ; मोहमा मरण हुन्छ ।**

**अपाय मरणपछि; बुझ्नू उल्टो क्षान्तिको ।**

## धर्मयुक्त भएमा

तथागतले *मूलपण्णास ककचूपम सुत्त (१८१)* -मा दुवैतिर धार भएको करौंतीले चोरहरूले अंग-प्रत्यंगहरू काटे पनि ती चोरहरूप्रति क्रोध उठायो भने म तथागतको अनुशासन पालन गर्ने हुँदैन भनी त्यतिसम्म भगवान्ले सहनशीलताको अभिलाषा राख्नुभयो । गाली गरेको आवाज; उपहास गरेको आदि अवाज नआइपुगेसम्म सहनसक्नु साँच्चैको सहन सकेको होइन; त्यस्ता आवाजहरू आइपुगेर (सुनेर) अनुभव गरी सामना गर्ने अवस्थामा मात्र सहनसक्नेको रूपमा प्रकट हुन्छ । दोषको अवगुण र सहनुको गुणलाई देखेर सहने व्यक्तिको सहनु मात्र स्थीर हुन्छ । भावना कार्यको प्रभावले लाभ भएको सहनशीलता त झन विश्वस्त हुने ठाउँ छ । नत्र छरछिमेकी असल भएको अवस्थामा सहन सक्ने भनी मानिए पनि कुनै दिन आक्रमणमा पर्दा आफूले सहिरहेको गुण बगेर जान्छ ।

## वेदेहिका

पहिले श्रावस्तीमा वेदेहिका भन्ने एउटी गृहिणी थिइन् । तिनी आचरण राम्री, निहतमानी, स्थीर, शान्त, दान्त छिन् भनेर प्रशंसिता थिइन् । तिनी गृहिणीकी कामधाममा दक्षता भएर अल्छी नमानी कर्तव्यनिष्ठ भएकी काली भन्ने एउटी दासी थिइन् । कालीले 'मेरी मालिकनीका असल प्रशंसा शब्दहरू सबैले बोल्दछन् । मेरी मालिकनीमा साँच्चै दोष नभएको हो कि, वा म जाति भएकीले तिनी पनि भलादमी भएकी हुन्' भनी परीक्षा गर्ने विचार आयो । भोलिपल्ट अबेर मात्र बिछ्यौनाबाट उठी । 'ए...काली, किन उठ्न अबेर भएको हँ' भनेर सोध्दा 'मालिकनी केही भएको छैन' भनी जवाफ दिई । वेदेहिकाले रिसाएर आँखीभौं चढाइन् । त्यसबेला कालीले मेरी मालिकनी रिसाउन जान्ने रहिछिन्; म जाति भइरहेकोले तिनी पनि जाति भएकी रहिछिन्' भन्ने कुरा याद गरी । पछि एकदिन फेरि परीक्षण गर्ने मन भएकोले पहिलेको पटकभन्दा पनि अबेरसम्म सुतिरही । त्यसबेला आँखिभौं मात्र चढाएको होइन कि मुखै थरथराई हप्काउने अवस्थासम्म रिसाइन् । त्यसपछि झन अबेलासम्म सुतिरहेपछि त्यसपटक त मुख मात्र होइन कि हात समेत चलाउन थालिन् । खापाको आग्लोले टाउकामा हान्दा कालीको टाउकोमा प्वाल पर्‍यो ।

अनि कालीले प्वाल परेर रगत बगिरहेको टाउको यथावतै लिई छरछिमेकीकहाँ गई 'लौ हेर्नुस् आचरण जाति छ भनिने मेरी मालिकनीको कर्तूत; एक्ली दासीलाई अबेला उठी भनी खापाको आग्लोले टाउको प्वाल पारिदिएकी' भनी उपहास गर्दै भनी । त्यसबेलादेखि वेदेहिका चण्ड, अभिमानी, कचमच गर्ने आइमाई हो भनी खराब शब्दहरू फेरि प्रचार भयो । धर्मले युक्त क्षान्ति होइन भने यस्तै हुनसक्ने घटना देखाईरहेको यो एउटा साधक नमुना नै भन्न सकिन्छ । (*म.१-१७६-७*)

उपकारिसु यो साधु; साधुत्ते तस्स को गुणो ।

अपकारिसु यो साधु; सो साधु सब्भि उच्चते ।

*(पञ्चतन्त्र)*



Downloaded from http://dhamma.digital/

**यो**=जो व्यक्ति; **उपकारिसु**=उपकार गर्नेप्रति; **साधु**=असल हुन्छ; **तस्स**=उसको (उपकार गर्नेहरू प्रति असल हुने व्यक्तिको); **साधुत्ते**=राम्रो भावमा; **गुणो**=गुण; **को**=कहाँ हुन्छ र ? **यो**=जो व्यक्ति; **अपकारिसु**=अपकार गर्नेहरूप्रति; **साधु**=असल हुन्छ; **सो**=उही अपकार गर्नेहरूप्रति असल हुनेलाई; **साधु**= साँच्चै असल भनी; **सब्भि**=सत्पुरुषहरू; **उच्चते**=भन्दछन् ।

## सोवचस्सता

**सुवच**=सरल कुरा गर्ने; अववाद अनुशासन गरिनुलाई सजिलै कुरा सुन्ने व्यक्ति । **'सुखं वचो एतस्मिन्ति सुवचो ।' एतस्मिं**=उक्त व्यक्तिसँग; **सुखं**=सरल; **वचो**=कुरा; **अत्थि**=छ; **इति=**त्यसैले; **सुवचो**=सुवच भन्दछन् । दुब्बच (=कुरा मनाउन गहारो हुने व्यक्तिले) व्यक्तिलाई गौरव गर्दैन; धर्मलाई गौरव राख्दैन; विरोध गर्ने मनसाय भएका अनुशासन गर्न गाह्रो व्यक्ति भयो । त्यसो नभइ व्यक्तिलाई गौरव राखेर धर्मलाई आदरपूर्वक अनुसरण गर्न जान्नेलाई सुवच भनिन्छ । **'सोवचस्स**=कुरा मनाउन सजिलो व्यक्तिको क्रिया ।' अनुशासकको अनुशासनलाई गौरव गर्ने, सन्मानपूर्वक अनुशरण गर्नुलाई नै अनुशासन गर्न सजिलो व्यक्तिको सरल क्रिया भनेको हो । **(सुवचस्स कम्मं सोवचस्सं । सुवचस्स**=अववाद अनुशासन गर्न सजिलो व्यक्तिको; **कम्मं**=काम हो; **सोवचस्सं**=अनुशासन गर्न सजिलो व्यक्तिको काम) ।

**सोवच्चस्स भावो सोवचस्सता । सोवचस्स**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको; **भावो**=उत्पत्ति कारण हो; **सोवच्चस्सता**=अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण । अनुशासन गर्न सजिलो व्यक्तिको कामको उत्पत्ति कारण भनेको वचन बोली मीठो बोल्नु अववाद दिनु गर्न सजिलो पार्ने कामलाई उत्पन्न गर्न जान्ने चेतना समूह कुशल धर्म नै हो । यो **सोवचस्सता निवात**सँग सम्बन्धित हो । **निवात** नरहेमा **सोवचस्सता** रहन सक्दैन । निहतमानी हुन नजान्नेले अरुको अनुशासन ग्रहण गर्न सक्दैन । त्यसैले **निवात**को क्षेत्रमा देखाइएका आयुष्मान सारिपुत्र, आयुष्मान राहुलहरूको विषय प्रसंग यहाँ पनि उल्लेख गर्नुपर्छ । यस **सोवच्चस्सता**द्वारा गुरू आचार्य आमा-बुबाहरूबाट अनुशासन प्राप्त हुनु; उक्त अववाद अनुशासनलाई पालन  र आचरण गरेर निर्दोष हुनु; विभिन्न गुणद्वारा अनेक फल लाभी हुनुको कारण हुनाले मङ्गल होस् ।

## असली सुवच

*मूलपण्णास ककचूपम सुत्त (१७८)* मा उल्लेख भएको तथागतबाट आज्ञाभएको कस्तो भने 'चीवर, पिण्डपात्र, सयनासन, भैषज्र्य चतुःप्रत्यय लाभ गर्ने मनसाय राखी सिकाउन बताउन सजिलो हुने व्यक्तिलाई म तथागत **सुवच** भन्दिनँ । कारण किनभने सो व्यक्ति चीवरादि प्राप्त भएन भने अववाद अनुशासन गर्न सजिलो नहुने भएर हो । धर्मलाई आदर गौरव राखी, धर्मलाई सत्कार गरी, धर्मलाई पूजा गरी सिकाउन बताउन सजिलो व्यक्तिलाई मात्र असली **सुवच** भनेर भनिन्छ भनी म तथागत भन्दछु ।' यस देशनाद्वारा अनुशासन आफ्नो निम्ति अति लाभकारी हो भनी बुझ्नेसँग मात्र असली **सुवच** हुनसक्छ । *धम्मपद (२४)* मा 'दोष देखाई अनुशासन गर्नेलाई सुनको घडा देखाइदिने जस्तै हुन् भनी मान्नुपर्दछ । निहतमानी भइ बोल्ने प्रज्ञावानको मात्र सेवन गर्नुपर्दछ । त्यस्ता प्रज्ञावानलाई सेवन गर्ने व्यक्ति हीन र नीच बन्न सक्दैन, श्रेष्ठ र उत्तम व्यक्ति मात्र बन्दछ' भनी बताउनुभयो ।

**नीतिकारहरूको भनाई** यस्तो छ- 'मन पर्ने कुरा गर्ने व्यक्ति पाउन सजिलो छ । मन नपर्ने तर लाभकारी कुरा गर्न जान्ने सुन्न मन पराउने व्यक्ति पाउन गाह्रो छ । लोकमा अप्रिय भए पनि लाभकारी कुरा गर्न जान्ने व्यक्ति साँच्चैका मित्र हुन् । अरु व्यक्तिहरू नाम मात्रका साथीहरू हुन् ।'



Downloaded from http://dhamma.digital/

आयुष्मान राहुलले हातमा बालुवा मुठी पारी 'यो बालुवाका कणजति (धेरै) मलाई अनुशासन गर्नेहरू पाए भने साह्रै राम्रो हुनेथियो' भनी प्रार्थना गर्दथे । उहाँले अनुशासनको मूल्य बुझेकोले नै त्यस्तो भन्नुभएको हो । अनुशासनको मूल्य बुझ्ने जतिले अनुशासनको इच्छा र आकांक्षा राखिरहन मन पराउँछन् नै ।

## अनुशासन प्रिय व्यक्ति

एउटा भिक्षुले भिक्षाटनबाट फर्केर आई पोखरीमा ओर्ली नुहाईरहँदा कमल-फुलको सुगन्ध अनुभव गरिरहे । एउटा देवताले 'भन्ते …अरुले नदिइकन नै कमल फूलको गन्ध सुँघी बस्नु पनि एकप्रकारको चोर्नु नै हुनाले गन्धचोर भन्न मिल्छ' भनी दोष लगाए । 'कमलको कन्द उखेली, फूल टिपिरहेकोलाई त्यस्तो नभनी भाँच्ने टिप्ने केही नगरी टाढा बसी गन्ध सुँघी मात्र रहेको मलाई किन गन्धचोर भनेको हो भनिरहेको हो नि' भनी भिक्षुले सोधे । 'ध्वाँसो मोसो धेरै लागेको कमारीको लुगाझैं धेरै दोषहरू भएकोलाई भन्नु नै छैन । तपाँईलाई मात्र भन्न सुहाउँछ । तपाँइ त निर्दोष, परिशुद्धता मन पराउने, पशुको रौंको टुप्पो जति दोषलाई पनि बादलको ढिक्का जति ठान्ने भएकोले हो' भनी देवताले भनेपछि 'तिमि मप्रति करुणा राख्नजान्ने भएकोले  पछि यस्ता दोषहरू देखेमा भन है' भनी भिक्षुले आमन्त्रण गरे । देवताले भने 'मलाई बताउनेवाला छ'  भनी उद्योगहीन बन्लान भनी डराएर अस्वीकार गऱ्यो । 'म तपाँईको आधार लिई जीवन यापन गरिरहेको पनि होइन; सुगतिमा पुग्ने धर्मलाई तपाँइले नै जानेर उद्योग गर्नुहोस्' भनी अन्तरधान भयो । उनी भिक्षुले सानो दोषलाई ठूलो दोष बनाई बोलिरहेका देवतालाई लाभकामीको रूपमा राखी कुरा सुनिरहेको उत्साहित हुन लायक छ । (*सगाथावग्ग वन संयुत्त गन्धत्थेन सुत्त-२०६*)

## अनुशासन अप्रिय

सत्पुरुषहरू अनुशासनप्रिय हुने भएकोले अनुशासन गर्नेलाई उपकार गर्न जान्दछन् भने पनि बाल मूर्खहरूले भने अनुशासनलाई जाति मान्दैनन्, अनुशासन गर्नेलाई नै वैरभाव राख्नसक्छन् । पहिले हुरी-बतासले गर्दा थरथर काँमिरहेको बाँदरलाई बोधिसत्व सिंगील पंछीले 'तिमिमा मान्छेमा जस्तै नै हात, खुट्टा, टाउको रहे पनि घर किन छैनन नि' भनी सोध्यो । 'मान्छेमा जस्तै हात, खुट्टा, टाउको भए पनि ममा मान्छेमा जस्तै प्रज्ञा छैन' भनी जवाफ दियो । त्यसबेला बोधिसत्वले 'चित्त स्थीर नभइ प्रमादी भएका, मित्रद्रोही, शीलहीन प्राणी सुखी हुन सक्दैन; आफ्नो आचरणद्वारा सामर्थ्य प्रकट गरेर जाडोको दण्ड, हावाको दण्डबाट रक्षा गर्न सक्ने घर बनाऊ' भनी असल र निको सल्लाह दियो । बाँदरले निको मानेन । 'मलाई तैंले भन्नुपर्छ र' भनी रुखमा चढेर गुँड बिगारी दिएकोले बोधिसत्व पनि भाग्नुपऱ्यो । *(जातक प्र. चतुक्क कुटिदूसक १०३)*

## अवारियपिता

पहिले नौका खियाउने अवारियपिता भन्ने माझी एकजना थियो । उ रिसाहा थियो । उता पारी पुगेपछि मात्र नौकाको भाडा माग्ने बानी भएकोले सँधैं ग्राहक यात्रीसँग उसको झगडा पर्थ्यो । एकदिन बोधिसत्व ऋषि उसको नौका चढेर पारी पुगेपछि भाडा माग्यो । त्यसबेला ऋषिले 'पार नतर्दै वारी नै नौकाभाडा माग्नुपर्ने कुरा, मान्छे भनेका पार तर्न अगाडि एउटा चित्त पार तरिसकेपछि अर्कै चित्त भएका हुने कुरा, लोक व्यवहारको लागि बाटो देखाई उपदेश दिइसकेपछि गाउँमा, वनमा, स्थलमा वा जलमा जहाँ बसे पनि नरिसाउनको लागि र द्वेष ननिकाल्ने धार्मिक क्षेत्रको लागि उपदेश दिए । 'के यो मेरो नौकाको भाडा हो ?' भनी सोधेपछि  'मसँग नौकाभाडा छैन; मैले दिनसक्ने यही उपदेश नै हो' भनी भनेपछि 'नौकाभाडा नहुने नौकामा बस्न मिल्छ र' भनी बोधिसत्वलाई पछारी जिउमा चढेर मुखै मुखमा



Downloaded from http://dhamma.digital/

पिट्यो। भात पुऱ्याउन आएकी उसकी श्रीमतीले देखेर 'उहाँ राजाका गुरू भएकोले यस्तो गर्न नहुने कुरा' भन्दा श्रीमतीलाई समेत 'तैंले भन्नुपर्छ र' भनी पिट्दा भातको भाँडा पनि फुट्यो स्वास्नीको पनि गर्भपतन भयो। मूर्ख माझीले पनि राजदण्ड भोग्नुपऱ्यो। (*'जातक प.छक्क अवारिय १३७)*

यो द्वेषशमन उपदेश राजालाई बताउँदा एकलाख कर आम्दानी हुने ठूलो गाउँ बक्सिस पाए पनि मूर्खलाई दिंदा मुड्की दण्ड मात्र भोग्नु पऱ्यो।

'सर्पलाई दूध ख्वाउनु विष वृद्धिको लागि मात्र हुन्छ; मूर्खहरूलाई अववाद अनुशासन दिनु रिस उठाउनको लागि मात्र हुन्छ; शान्त गर्नलाई हुँदैन। (*नीति*)

## समणदस्सन

**समण**=क्लेशलाई शान्त गर्ने व्यक्ति। बिल्कुल क्लेश शान्त भइसकेका अरहन्तहरू र क्लेश शान्त हुने गरी उद्योग गरिरहेका सम्पूर्ण भिक्षुहरूलाई पनि **समण** भन्नुपर्दछ। राम्ररी अभ्यास, उद्योग, पालन र आचरण गरिरहेका पृथग्जन भिक्षुहरू क्लेश शान्तहुनेगरी आचरण गरिरहेकाहरू भएकोले **समण** नै हुन्। श्रद्धा धर्म सम्पन्न व्यक्तिमा आचरण राम्रो भइ शिक्षा इन्द्रीय संयम भएका भिक्षुहरूको दर्शन गर्न पाउँदा मन प्रसन्न प्रफुल्लित भइ कुशल बृद्धि भइ मंगल उत्पन्न हुन्छ। यहाँ **दस्सन** भनेको कमसे कम निम्न अनुसार बताइराख्नुभएको देशना भएकोले दर्शन गर्नु मात्र नभइ सेवन गर्नु, पालन पोषण गर्नु, सम्झनु, सुन्नु समेत पनि दर्शनको रूपमा समावेश गरी लिनको लागि *अर्थकथा*मा वर्णन गरिराखेको छ।

## मङ्गल उत्पत्ति

नजिकै बसेर सत्संगत गर्नुद्वारा कर्तव्यनिष्ठ भिक्षुहरू भए भने लोक र धर्म दुवै क्षेत्रमा वृद्धि हुने कारण असल उपदेश बताउने देखाउने हुनाले रत्न लाभ भएको जस्तै लाभ पाउने भएकोले मंगल हुन्छ। पालन पोषण गर्नु भनेको भोजनद्वारा सेवा गर्नु, व्रतद्वारा सेवा गर्नु, दुवै नै कुशलधर्म भएकोले मंगल नै हुन्छ। आफूले श्रद्धा राखेका भिक्षुको इन्द्रीय शिक्षा सम्पन्न आचरण असल गुणलाई चिन्तन मनन गर्दा अत्यन्त प्रमुदित भइ प्रीति उत्पन्न हुने हुनाले लाभदायक भएकोले स्मरण गर्नु पनि मंगल नै हो। फलानो व्यक्ति यति आचरण शिक्षा सम्पन्न हुन्' भनी सुन्न पाउँदा सुन्नुद्वारा नै श्रद्धा उत्पन्न हुनसक्छ। शीलवन्त व्यक्तिले सुनेर मात्र पनि चित्तलाई प्रसन्न प्रभासित बनाउन सक्ने भएर उसको खबर सुन्नपाउनु पनि मंगल नै हो।

## आँखा राम्रो हुनु

भिक्षुहरूलाई दान गर्ने वन्दना गर्ने अवसर नमिलेर मान-मर्यादापूर्ण आँखाले हेरेर प्रसन्नता अनुभव मात्र हुँदा पनि धेरै जन्मसम्म आँखाको रोग-दोष निवारण भइ परिशुद्ध भइ सफा भइ चट्ट परी शोभायमान हुने लाभ पाइने कुरा *अर्थकथा* मा उल्लेख गरिएको छ।

तथागतको **अभिनीलनेत्त** (=कालो हुनुपर्ने भागमा निख्खर कालो भइ शोभायमान आँखा भएको) लक्षण, **गोपखुम** (=भर्खर जन्मेको बाछा-बाछीको जस्तो शोभायमान आँखा भएको) लक्षणहरू सत्वहरूलाई प्रेमपूर्ण आँखाले हेर्नुभएको कारणले भएको हो भनी बताउनुभएको *पाथिकवग्ग लक्खणसुत्त (१३६)* -मा उल्लेख छ। त्यसैले *अर्थकथा* मा आँखा राम्रो हुनु, निर्दोष हुनु, लाभ देखाइराखेको उक्त पाली अनुरूप नै रहेको छ।

## यथार्थ ज्ञान दर्शन



Downloaded from http://dhamma.digital/

श्रमण दर्शन गर्नुमा चक्षु-दर्शन र ज्ञान-दर्शन दुईप्रकारका रहेकोमा ज्ञान दर्शनले श्रमणलाई देख्नेले मात्र वास्तविक रूपमा देख्नेछ। चक्षु-दर्शन मात्रले हुँदा खराबलाई असल भनी ठान्न सक्दछ। अस्सजि पुनब्बसुक भिक्षुहरूले कीटागिरी जनपदमा श्रमणहरूलाई नसुहाउने काम सबै नै गरिरहे । तर त्यहाँका अधिकांश ग्रामीण जनताहरूले ती खराब भिक्षुहरूलाइ नै मात्र श्रद्धा राखी बसे। आचरण शिक्षाले सम्पन्न एकजना भिक्षु अरु ठाउँबाट आइपुग्दा पनि भिक्षाटन गर्नजाँदा पनि कसैले भिक्षा दान दिएनन्। एकजना दाताले निमन्त्रणा गरी भोजन दान दिंदा मात्र उक्त भिक्षुले भोजन गर्न पाए। ज्ञान दर्शन भएका दाता एकजना बाकी रहेको भेटेकोले मात्र उक्त भिक्षु भोकै बस्नुपरेन । मार्ग ज्ञान फलज्ञानद्वारा धर्म देखिसकेको भए उक्त व्यक्ति अवश्य पनि उच्चस्तरबाट बुद्धलाई देख्ने श्रमणलाई देख्ने हुन्छ। त्यस्तो दर्शन भए मात्र बुद्ध फेर्दैन पनि, श्रमण फेर्दैन पनि। साँच्चै बुद्धलाई देख्ने श्रमणलाई देख्ने हुनुपर्‍यो भन्ने मतलब भयो ।

**पस्सति पस्सो पस्सन्तं; अपस्सन्तञ्च पस्सति ।**

**अपस्सन्तो अपस्सन्तं; पस्सन्तञ्च न पस्सति ।**

(*वप्पत्थेर गाथा*)

**पस्सो**=सही धर्मलाई देख्ने व्यक्तिले; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सति**=देख्न सक्छ । **अपस्सन्तो**=सही धर्मलाई नदेख्ने व्यक्तिले; **अपस्सन्तञ्च**=धर्म नदेख्नेलाई पनि; **पस्सन्तञ्च**=धर्म देख्नेलाई पनि; **न पस्सति**=देख्दैन, देख्नसक्दैन । (पृथग्जनले यथार्थ रूपमा केही पनि देख्दैन; आर्य भएमा मात्र सबै स्पष्ट हुनेगरी देख्ने हुन्छ भन्ने भाव हो ।)

**धम्मसाकच्छा**

(**'सह कथनं साकच्छा ।' सह**=सँगै; **कथनं**=बोल्नु भन्नु; **साकच्छा**=सँगै बोल्नु भन्नु । '**धम्मस्स साकच्छा धम्मसाकच्छा ।' -धम्मस्स**=धर्मलाई; **साकच्छा**=सँगै बोल्नु भन्नु; **धम्मसाकच्छा**=धर्मलाई सँगै बोल्नु भन्नु हो ।) सँगै बसेर बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ। एक अर्कासँग परस्परमा प्रश्न-उत्तर गर्नु परस्परमा बोल्नु भन्नुलाई छलफल गर्नु भनिन्छ । धर्मको छलफल गर्नाको लाभ छन् । उपदेश सुन्नुका लाभमा देखाइएका लाभ धर्मको छलफलबाट प्राप्त गर्न सकिन्छ ।

**मंगल सभा**

धर्म छलफल वयस्कहरूले मात्र गर्ने बानी भएकोले आजभोली युवक-युवतीहरूले छलफल गर्ननहुने जस्तो भइरहेको छ। वास्तवमा धर्म भनेको मन असल बनाउन जान्नु, अधर्मलाई हटाई धर्मलाई गौरव राख्न सिक्नु, वीर्य, स्मृति, समाधि, प्रज्ञा आदि धर्महरू बृद्धि गर्नुद्वारा लौकिक उन्नति धार्मिक उन्नति दुवैतिर सहयोग गर्ने हुनाले युवक-युवतीहरूले मात्र नजानी कहीं सुख छ र ! त्यसो हुनाले धर्म छलफल गर्नु गोष्ठी (धर्मसाकच्छा सभा) बरोबर संचालन गरी बोल्नेहरूले बोलेर सुन्नेहरूले सुनेर धारण गरेमा अतिव लाभ प्राप्त हुन्छ। त्यस्ता सभा गोष्ठी मंगलमय सभा, गोष्ठी भयो । '**नेसा सभा यत्थ न सन्ति सन्तो**; **सन्तो न ते ये न वदन्ति धम्मं**=सत्पुरुषहरू नभएको सभा सभा होइन; धर्मको कुरा नगर्ने व्यक्ति सत्पुरुष होइन' भन्ने कुरा *सगाथावग्ग ब्राह्मणसंयुत्त (१८६*) अनुसार त्यो सभामा सदा धर्मको कुरा बताउने सत्पुरुषहरू हुनु पर्दछ। तर **सन्त** भन्नेले आफूले सहीरूपमा जान्ने चाहना हुनु, सुन्ने चाहना हुनु, यथार्थता प्रकट गरी देखाउने बेलामा धन्यवाद दिन जान्नु, अरुले पनि बुझोस्, जानोस् भन्ने इच्छा सहितको चेतना, मैत्री सम्पन्न हुने किसिमले मति राम्रो भएका हुने भएकोले त्यस्तो नभइ आफू विद्वान् भएको देखाउन



Downloaded from http://dhamma.digital/

चाहनु, अरुलाई दबाउने इच्छा हुनु, भूल देखायो भने सहन नसकी रिसाउनु आदिद्वारा सन्त स्वभावरहित व्यक्ति भए भने उक्त सभा मंगल नभइ अमंगल हुन सक्छ ।

**काल**

उपदेश (धर्म) छलफल गर्न उपयुक्त समय बेलुका र सबेरै भनी *अर्थकथा*ले देखाइसकेपछि मन दु:खित भइरहेको समय, चित्त विक्षिप्त र अस्थिर भइरहने समय, द्वन्द-संशय भइरहने समय, त्यस्ता त्यस्ता चित्तहरू हटाउनको लागि जुनसुकै समय भए पनि धर्म छलफल गर्नु **'कालेन धम्मसाकच्छा'** हो भनी उल्लेख गरिएको छ । त्यसैले आफूलाई कामकाजबाट फुर्सद भएको अनि धर्म छलफल गर्न साथीभाई पनि जम्मा भइरहेको समय धर्म छलफल गर्नको लागि सुहाउँदो अनुकूल समय हो ।

(२२) **तपो च ब्रह्मचरियञ्च; अरियसच्चान-दस्सनं ।**

**निब्बान सच्छिकिरिया च; एतं मङ्गल'मुत्तमं ।**

(२२) **देवपुत्त**=भो देवपुत्र; **यो तपो च**=जुन तप भनिने आचरणलाई आचरण गर्नु र, **यं ब्रह्मचरियञ्च**=जुन ब्रह्मचरिय भनिने उत्तम आचरणलाई आचरण गर्नु; **अरियसच्चानं**=आर्यसत्यलाई; **यं दस्सन**ञ्च=जुन देख्नु जान्नु र; **या निब्बान सच्छिकिरिया च**=जुन निर्वाणलाई साक्षात्कार गर्नु; **अत्थि**=छन्; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल नै हुन् ।

**चारवटा मंगलको भावार्थ**

भो देवपुत्र, तप भनिने आचरणलाई आचरण गर्नु; ब्रह्मचर्य आचरणलाई आचरण गर्नु; आर्य सत्यलाई जान्नु बुझ्नु र निर्वाण साक्षात्कार गर्नु यी चारवटा उत्तम मंगल हुन् ।

**तप आचरण**

विभिन्न आचरणहरूलाई नै **तप** भनी भन्न सकिन्छ । कतै-कतै सहनु **खन्ति** लाई **तप** भनेका छन् । **'खन्ती परमं तपो तितिक्खा** (*धम्मपद-४१*) धुतांग आचरणलाई **तप** भनिराखेको क्षेत्र पनि छ । **'नाञ्ञत्र बोज्झा तपसा'** *(सगाथावग्ग देवपुत्त संयुत्त ५२*) -परियत्ति अध्ययन गर्नु, धुतांग धारण गर्नु, श्रमण धर्म उद्योग र अभ्यास गर्नुलाई **तप** -को रूपमा पनि देखिन्छ । **'समग्गानं तपो सुखो'** (*धम्मपद-४२*) **'तपो च ब्रह्मचरियञ्च**; **तं सिनानमनोदकं**' (*सगाथावग्ग, देवतासंयुत्त-३५* -मा इन्द्रीयसंवर, धुतांग, वीर्य, दुष्कर चर्या, आचरणहरूलाई **तप** भन्नुपर्ने कुरा उक्त *अर्थकथा*मा वर्णन गरिराखेको छ । त्यसरी विभिन्न आचरणलाई ब्यक्त गर्नसक्ने भए पनि यहाँ दुष्कर चर्या आचरण बाहेक क्लेशलाई शमन गर्ने आचरण जति सबैलाई **तप** भनेर मान्नुपर्छ भनी *अर्थकथा*मा वर्णन गरिएको छ । चक्षु आदि छ द्वारबाट **अभिज्झा** (अभिध्या) **दोमनस्स** (दौर्मनस्य) उत्पन्न नहुनेगरी स्मृतिद्वारा रक्षा गर्नु, रोक्नुलाई **इन्द्रीयसंवर** (=इन्द्रीयलाई संयम गर्नु) भन्दछन् । वीर्य अत्यधिक रूपले उद्योग र अभ्यास गर्नु हो ।

**ब्रह्मचरिय आचरण**

**ब्रह्म**=उत्तम भएको; **चरिय**=आचरण, चर्या । उत्तम चर्या, आचरण । **ब्रह्मचरिय** भनेको पनि क्षेत्रअनुसार विभिन्न आचरणहरू नै हुन् । यहाँ *अर्थकथा*मा मैथुनबाट अलग हुनु, श्रमण धर्म, शासन, मार्गको नाम भएको कुरा वर्णन गरिएको छ । तीमध्ये **'अरियसच्च दस्सन'** द्वारा मार्गलाई ग्रहण गरिसकेको हुनाले बाकी तीनवटालाई **ब्रह्मचरिय**को रूपमा ग्रहण गर्नको निम्ति सूचित गरिएको छ । *सीलक्खन्धट्ठकथा* आदि मा अझ योभन्दा पनि बढी अर्थ उल्लेख भएका छन् । **'तपसाति ब्रह्मचरियेन'** भनी *पेतवत्थु अट्ठकथा*मा फरक



Downloaded from http://dhamma.digital/

फरक गरी वर्णन गरिराखेकोलाई आधार मानेर, **ब्रह्मचरिय** आचरणहरू **तप** मा समावेश भएकोलाई आधार मानेर **तप** र **ब्रह्मचरिय**मा त्यति खासै फरक देखिंदैन । उक्त दुईटा पदमा रहेका अन्तरअनुसार अभिप्राय ग्रहण गरेमा *अर्थकथा* मा देखाइएको **तप**द्वारा शीलविशुद्धि, **ब्रह्मचरिय**द्वारा चित्तविशुद्धि आदि विशुद्धि पाँच प्रकारका रहेछन् भनी भनिएको अनुसार ग्रहण गरेपछि कुरा स्पष्ट हुनेछ । **तप**द्वारा शील, आचरण ग्रहण गरी **ब्रह्मचरिय**द्वारा शमथ, विपश्यनालाई ग्रहण गर्नुपर्दछ । **तप,** र **ब्रह्मचरिय** दुईवटा **'अरिय सच्च दस्सन** -को निम्ति भएको हुनाले आर्यसत्य दर्शनमा उपरोक्त शील, समाधि, प्रज्ञाबाट अलग्ग अरु केही छैन ।

### अरियसच्च

**अरिय**=भूलचुक नभएको, यथार्थ भएको; **सच्च**=सत्य । **अरिय**-शब्दले भूलचुक नहुनेगरी यथार्थ अर्थ व्यक्त गर्ने हुनाले सही भएको भूलचूक नभएको सत्य भन्ने अर्थ रहेको छ । चटक देखाउनेहरूले माटोका डल्लालाई सुनको डल्ला गरी देखाउँछन् । नजान्नेहरूले साँच्चैका सुन नै भनी ठान्दछन् । सम्मुति प्रज्ञप्तिहरू उक्त चटक जस्तै नै यथार्थमा नभएको नरहेको भए पनि साँच्चैको होइन भनी नजान्नेहरूको बुझाई भ्रम मात्र भयो । सत्य धर्महरू त प्रज्ञादृष्टिले हेरेमा साँच्चै भएको धर्मको रूपमा देखिएर चटकजस्तो अयथार्थ होइन; वास्तविक स्वभावहरू मात्र रहेछन् । मृगतृष्णालाई नजान्नेहरूको लागि पानी भनी मान्नुपरे पनि गएर हेर्ने बेलामा मनले सोचेजस्तो नभइराखेको; त्यस्तो केही पनि नदेखिने हुन्छ । तैर्थिकहरूले कल्पना गरिराखेको अधिकारी आत्म, ज्ञानले हेर्दा त्यो मृगतृष्णा समान यथार्थमा उक्त विषय केही पनि होइन रहेछ । **दुक्खसच्च** (=साँच्चैको दुःख नाम र रूप), **समुदयसच्च** (=साँच्चैको दुःख उत्पत्तिका कारण तृष्णा र विपश्यना ज्ञानले वास्तविक रूपमा देख्न सकिने धातुसार भएका धर्महरू रहेछन् ।), **निरोधसच्च** (=निरोध र शान्त भएको यथार्थ निर्वाण) मार्गज्ञान प्राप्त भएपछि प्रत्यक्ष देखिने भएर साँच्चै वास्तविक रूपमा रहेको धर्म नै हो । **मग्गसच्च** (=निर्वाणगामी यथार्थ भएको आर्यअष्टांगिक मार्ग धर्म) आफ्नो सन्तानमा प्रकटरूपले उत्पन्न भइआउने धर्म भएकोले साँच्चै रहेको धर्म भएको कुरा  दोहर्‍याउनु पर्दैन । त्यसैले **अरियसच्च** (=सही सत्यहरू) भनी भन्नुपर्दछ ।

### विभिन्न अर्थहरू

अर्को तरिकाबाट **अरिय** शब्द **परिसुद्ध** (=सफा) अर्थ व्यक्त गर्ने हुनाले परिशुद्ध व्यक्तिहरू बुद्ध, प्रत्येकबुद्ध, श्रावकहरूलाई **अरिय** भन्नु पर्दछ । चार सत्य जानेमा मात्र उक्त आर्यभाव प्राप्त हुने सुनिश्चित भएर आर्यहरूले जान्नुपर्ने सत्य भनेर पनि अर्थ वर्णन गरिएको छ । **(अरियवटिविद्ध-सच्च** भनी भन्नुपर्ने भएकोले पनि **पटिविद्ध** पद लोप भएको छ ।

लोकमा तथागतलाई **अरिय** भनी व्यक्त गरिएको पालिअनुसार **अरिय** नामकरण प्राप्त गर्नुभएकोले **अरिय** हुनुभएका तथागतको सत्य भनेर पनि फेरि अर्थ ब्यक्त गरिएको छ । तथागतले गुरू बिना स्वयम् आफैले प्रतिवेध ज्ञानले जान्नुभइसकेपछि वेनेय्यहरूलाई बताउनुभयो । तथागतले बताउनुभएकोले श्रावकहरूले जान्न पाए । त्यसैले तथागतको सत्य भनी भन्नुपर्दछ ।

यी सत्यहरू बुझेमा भने मात्र आर्य हुनपाउने भएकोले आर्यभावलाई सिद्ध गर्ने सत्य भनेर पनि भन्नसकिन्छ । (**अरियसाधक**=आर्यत्वलाई सिद्ध गर्ने; **सच्च**=सत्य भनी भन्नुपर्ने भए पनि **साधक** लोप भएको छ ।)

### ज्ञान दुईथरी



Downloaded from http://dhamma.digital/

सत्यलाई बुझ्नुमा अनुबोध-ज्ञान र प्रतिवेध-ज्ञान भनी दुईथरी छन् । गुरू आचार्यहरूबाट अथवा ग्रन्थहरूबाट बुझ्नु एक तह, अर्को तह सुनेकोको आधारमा चिन्तन-मनन गर्नुद्वारा बुझ्नु, चिन्तन मनन गरिसकेको विषयलाई आफ्नो ज्ञानले रोजेर निर्णय गर्नुलाई **अनुबोध** ज्ञान भन्दछन् । **अनु**=बारम्बार; **बोध**=जान्नु । जान्नु पूरा भइनसकेको भएकोले बारम्बार जान्नुपर्ने भन्ने मतलब हो ।

त्यसरी जान्ने कार्य सिद्ध भइनसकेको भएकोले बारम्बार जान्ने नगरी एकैचोटीमा वारपार हुनेगरी जान्नुलाई प्रतिवेध ज्ञान भनिन्छ । यो मार्ग ज्ञानद्वारा जानिने हो । मार्ग ज्ञानले कृत्यअनुसार चारसत्यलाई एकैचोटी एकैपाखमा बुझ्दछन् । दुःखलाई परिच्छेद गर्नु, समुदयलाई हटाउनु, निरोधलाई साक्षात्कार गर्नु, मार्गलाई वृद्धि वा भाविता गर्नु भनी चारवटा कृत्य रहेकामा उक्त चारवटा कृत्यलाई एकैचोटी प्रयोग गर्नुद्वारा मार्गज्ञानमा चारसत्य प्रकट हुनुपर्छ । संस्कारहरूलाई छोड्न नसकेका ज्ञानहरूले यी चार कृत्यलाई एकैचोटी गर्न सक्दैन । मार्ग ज्ञानले त संस्कारहरूलाई छोडेर संस्कारहरू निरोध भइरहेकोलाई आरम्मण गर्नसकेको हुनाले चारकृत्यलाई एकैचोटी बोध गर्न सक्छ । अवश्य पनि हो; मार्गज्ञान लाभको निम्ति पूर्वभाग विपश्यना-मार्गलाई भाविता गर्नुपर्ने भएकोले उक्त पूर्वभाग मार्गले दुःखलाई जानेर समुदयलाई हटाईराख्ने गर्दछ । तर आत्म भनेको मार्ग भावनाले पनि सम्पन्न भइनसकेको सिद्ध भइनसकेको हुनाले निर्वाणलाई देख्न सक्दैन । दुःखलाई जान्नु, समुदयलाई हटाउनु पनि पूर्णरूपले सिद्ध भइनसकेको हुनाले कृत्य पूरा भएको छैन । मार्गमा पुगेपछि मात्र सबै कृत्य पूर्णभइ मार्गले जान्नु कृत्य सिद्ध भएको रूपमा सबैलाई एकै पटकमा धमिलो नहुने गरी स्पष्ट हुनेगरी जान्न सक्दछ । यहाँ **दस्सन** भनेको **अनुबोध** ज्ञान होइन; प्रतिवेधज्ञान रहेको मार्गलाई वारपार हुनेगरी देखिनुलाई लिनुपर्दछ । चारसत्यलाई देख्नुभन्दा विशिष्ट भएको कुशल-कर्म भनेको अब अरु हुननसक्ने भएकोले अत्यन्त लाभकारी सत्यलाई बुझ्नु सबभन्दा उत्तम भएको मंगल हो ।

## निब्बान सच्छिकिरिया

निर्वाण साक्षात्कार गर्नु भने पनि **अरियसच्चदस्सन** -मा निरोध सत्य भनेको असंस्कृत निर्वाणमा समावेश भइसकेको हुनाले यस **निब्बानसच्छिकिरिया** मा निर्वाणको स्वरूप उक्त असंस्कृत निर्वाणलाई लिननपर्ने भइसकेको हुनाले अरहत्त-फल लिनको निम्ति *अर्थकथा* मा वर्णन गरिएको छ । असंस्कृत निर्वाणलाई **वान** भन्ने तृष्णाबाट मुक्त रहेकोले गर्दा निर्वाण भन्नुपरे जस्तै अरहत्त फलमा पनि तृष्णारहित भइसकेको हुँदा तृष्णा **वान** बाट निस्कने अर्थ अनुसार अरहत्त फल लाभ हुने, प्रत्यवेक्षण ज्ञानद्वारा निरीक्षण गर्नुलाई **निब्बान सच्छिकिरिया** भनिने कुरा*अर्थकथा* मा वर्णन गरिएको छ ।

अर्को तरिकाबाट **निब्बानसच्छिकिरिया** -मा निर्वाणलाई असंस्कृत निर्वाण भनेर नै मानी **अरियसच्चदस्सन** -मा निर्वाण साक्षात्कार गर्ने मार्गको साक्षात्करण भइ **निब्बानसच्छिकिरिया** -को स्वरूपअनुसार निर्वाण साक्षात्कार गर्ने फल, प्रत्यवेक्षणको साक्षात्करण गर्नु हो भनी ग्रहण गरेमा उचित हुन्छ । यसरी लिएमा **अरियसच्चदस्सन** -मा चारवटै मार्गको साक्षात्करण-कृत्य लाभ हुने जस्तै **निब्बानसच्छिकिरिया** -मा पनि चारवटै फलसँग प्रत्यवेक्षणको साक्षात्करण-कृत्य सबै लाभ भइसकेको हुनाले झन अभिप्राय पूर्ण भएको छ भनी पनि भन्न सकिन्छ । **सच्छिकिरिया** भनेको **अत्तपच्चक्ख**=स्वयम् आफैले बुझ्नु हुनाले लौकिक ध्यान ज्ञानमा समेत साक्षात्करण ज्ञान प्रयोग रहेकोले फलको साक्षात्करण कृत्यमा केही द्वन्द संशय रहन सक्दैन ।

## (२३) फुट्ठस्स लोकधम्मेहि; चित्तं यस्स न कम्पति ।



Downloaded from http://dhamma.digital/

**असोकं विरजं खेमं; एतं मङ्गल'मुत्तमं ।**

(२३) **देवपुत्त**=भो देवपुत्र; **लोकधम्मेहि**=लोक धर्मद्वारा; **फुट्ठस्स**=स्पर्शित भएका व्यक्ति; **यस्स**=जुन व्यक्तिको; **चित्त**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक गर्नु पनि छैन; **विरजं**=राग आदि धूल पनि छैन; **खेमं**=भय पनि छैन; **एतं**=यी चारवटा; **उत्तमं**=उत्तम; **मङ्गल**=मंगल हुन् ।

## चार मंगलको भावार्थ

भो देवपुत्र; ... लोकधर्मसँग सामना गर्नुपर्ने व्यक्तिको चित्त कम्प नहुनु, शोक सन्ताप नहुनु, राग आदि धूल नहुनु, भय उपद्रव रहित हुनु, यी चार उत्तम मंगल हुन् ।

## अर्थ दिने विधि

नियमलाई **अपेक्षा नराख्ने अनियम 'य' शब्द पनि रहेकोले यस्स**=लाई नियत **'त'** आदि नराखी जस्तो छ त्यस्तै अर्थ दिएको छ । त्यसपछि फेरी नियमलाई राख्ने मन नभएमा नराखेर पनि काम चल्ने भए पनि राख्ने इच्छा भएमा राख्न पनि सकिन्छ नै । त्यसो हुनाले **खेमं**=भय पनि छैन, बोलिसकेपछि **'तस्स**=उक्त व्यक्तिको, **एतं**=यस अडिग भएको चित्त, शोकरहित चित्त, राग आदि नभएको चित्त, भयरहित भएको चित्त; **उत्तमं**=उत्तम; **मङ्गलं**=मंगल हो' भनी अर्थ दिनुपर्दछ ।

*परित्त टीका* -मा **'फुट्ठस्स**-लाई **फुट्ठो अस्स** भनी र यस्स -लाई **यो-अस्स** भनी पद विच्छेद गरी '**यो**=जुन व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहेको छ । **अस्स**=उक्त व्यक्तिको; **अशोकं**=शोक नभएको; **विरजं**=राग आदि धूलो नभएको; **खेमं**=भय नभएको; **चित्तं**=चित्त; **न कम्पति**=अब कम्प हुने छैन भनी दिइराखेको हूँ । आचार्यवरहरूले यसरी नै पद विच्छेद गरी राखे पनि टीका अर्थ स्पष्ट गर्न नजानेर अर्को तरिकाबाट दिइएको छ । '**यो**= जो व्यक्ति; **लोकधम्मेहि**=लोक धर्महरूसँग; **फुट्ठो**=स्पर्शित हुनु; **अस्स**=भइरहन्छ; **अस्स**=उक्त व्यक्तिको; **चित्तं**=चित्त; **न कम्पति**=कम्प हुँदैन; **असोकं**=शोक छैन' आदि । *परित्त टीका* -मा **यस्स**-लाई **यं-अस्स** भनी अर्कै एक ढंगले पद विच्छेद गरी **'लोकधम्मेहि...** सँग; **फुट्ठस्स**=स्पर्शित हुनुपर्ने व्यक्तिहरूको; **असोकं**... नभएको; वि**रजं**... नरहेको ; **खेमं**... नरहेको; **यं चित्तं**=जुन चित्त; **अस्स**=उत्पन्न हुने हो; **तं चित्तं**=...चित्त; **न कम्पति**=कम्प हुँदैन ।' कसैकसैले भने यस्तै नै पद विच्छेद गरी **'लोकधम्मेहि=...**द्वारा; **फुट्ठस्स**=...व्यक्तिको; **यं चित्तं**=...चित्त; **न कम्पति**=... हुँदैन; **यञ्च चित्तं**=...पनि; **विरजं**=... छैन; **यञ्च चित्तं**=...पनि; **खेमं=**...छैन; **एतं चित्तं**=...चित्त; **उत्तमं=...भएको**; **मङ्गलं=**...हो' भनेर पनि अर्थ दिने गरिन्छ । गाथामा पालिगति नियमको आधार लिएमा उपदेशक तथागतको मनोभावना **'यस्साति नवस्स वा थेरस्स वा मज्झिमस्स वा'** भन्ने *अर्थकथा* वर्णनअनुसार हुनु पर्दछ ।

## लोकधर्म

(१) **लाभ** (२) **अलाभ**=लाभ प्राप्त नहुनु; (३) **यस**=यश परिवार धेरै हुनु; (४) **अयस**=यश परिवाररहित हुनु; (५) **निन्दा**=आफूलाई निन्दा उत्पन्न हुनु, (६) **पसंसा**=प्रशंसा प्राप्त हुनु; (७) **सुख**=सुख हुनु (८) **दुक्ख**=दुःख हुनु लोकधर्महरू हुन् ।

यी आठवटा स्वभाव धर्महरू चक्रजस्तै घुमी घुमी आलोपालो गरी उत्पन्न हुने स्वभावका रहेछन् । लोकमा बस्नुपर्ने भयो भने निश्चित रूपले सामना गर्नुपर्ने स्वभाव भएकोले लोकधर्म भनेको हो ।



Downloaded from http://dhamma.digital/

तथागत समेत यसबाट मुक्त हुनुभएन । तथागतसँग एकदुई पटक भ्याइनभ्याई हुने गरी अनगिन्ति रूपले चतुःप्रत्यय धेरै उपलब्ध भए पनि एकदुई पटक भने दुर्लभ भइरहन्थ्यो । वेरञ्जा देशमा वर्षावास बस्नुभएको बेलामा कोदोको खस्रो भोजन सेवन गर्नुपऱ्यो ।

एकपल्ट एकनाल ब्राह्मण गाउँमा भिक्षाटन जानुहुँदा त्यहाँका वासिन्दाहरूमा मार पसेर भिक्षा दान गर्न बिर्सिरहेकोले खाली पात्र नै बोकेर निस्कनुपऱ्यो ।

देव मनुष्य ब्रह्माहरूका अतुलनीय प्रशंसा शब्द ग्रहण गर्न पाए पनि चिञ्चमाणविकाको दोषारोपण; सुन्दरी परिब्राजिकाको दोषारोपण आदिका कारणले गर्दा अवांछित व्यक्तिहरूबाट निन्दा पनि भोग्नुपऱ्यो ।

फलसमापत्ति सुख, निरोध समापत्ति सुख भन्ने पूर्ण सुख अनुभव गर्नपाएका तथागतले एक दुई पटक कम्मर दुख्ने, पखाला लाग्ने आदि दुःख पनि सामना गर्नुपरेको थियो ।

बुद्धले समेत सामना गर्नुपरेका ती स्वभावहरूलाई जस्तोसुकैले पनि पछि सामना गर्नुपर्ने भएकोले **'लोकस्स धम्मा लोकधम्मा'** -लोकको धर्म; लोक रहिरहेसम्म अलग्याउन नसकिने, हटाउन नसकिने छलेर पठाउन नसकिने धर्महरू भनी बुझ्नुपर्दछ ।

## अरहन्तको चित्त

यहाँ लोकधर्मको कारणले कम्प नहुनेलाई अरहन्तको चित्त मात्र; अरुको चित्त होइन भनेर *अर्थकथा*मा वर्णन गरिएको छ । सबभन्दा असल, सबभन्दा पूर्ण, कम्प नहुनेलाई ग्रहण गर्न चाहेकोले उत्कृष्ट निर्देश नय अनुसार वर्णन गरिराखिएको हो । अरहन्त वरपुद्गलहरू इष्ट आरम्मण, अनिष्ट आरम्मणसँग सामना हुने बेलामा इष्टलाई अनिष्टको रूपमा, अनिष्टलाई इष्टको रूपमा आफ्नो इच्छा अनुसार बदलेर भाविता गर्नसक्ने गरी चित्त अधिनमा रहेको तादिगुणले सम्पन्न भएकाहरू भएकोले शैल पर्वत हावाले हल्लाउन नसकिनेजस्तै नै निन्दा गरिनु, प्रशंसा गरिनुका कारणले कम्प हुनु अभाव भएकाहरू प्रज्ञावानहरूको रूपमा तथागतका प्रशंसा ग्रहण गर्न पाउनेहरू हुन् ।

## अरु व्यक्तिहरू

अरहन्तमा बाहेक अरु आर्य पृथग्जनहरूमा पनि दोश्रो तहअनुसार योग्यता अनुसार प्राप्त हुन सक्छन् नै । *अङ्गुत्तर पठमपणासक पठमवग्ग लोक सुत्त* (७) -मा पृथग्जन र आर्यश्रावकहरू लोकधर्मको सामना गर्नुपर्ने बेलामा फरक रहेको कुरा बताउनुभयो । पृथग्जनले उत्पन्न भइआएको लोकधर्म नित्य नभएको ढंग; दुःख भइरहेको ढंग, परिवर्तन भएर विनाश हुने ढंगलाई निरीक्षण गर्न जान्दैन; त्यसो हुनाले उनीहरूको चित्तले लोकधर्मबाट बिल्कुल छोप्न आउने दबाबलाई खप्नुपर्ने हुन्छ । असल लोकधर्मसँग सामना हुँदा उक्त लोकधर्म अनुसार रमाइलो मान्नसक्दछ । खराब लोकधर्मसँग सामना गर्नुपर्दा मनमा दुःख सहेर बस्नुपर्ने हुन्छ । आर्यश्रावकले त लोकधर्मको **अनिच्च**=विनाशशील स्वभावलाई; दुःख हुनसक्ने स्वभावलाई विचार र निरीक्षण गर्न जान्दछन् । त्यसरी निरीक्षण गर्न जानेकोले लोकधर्मले उनको चित्तलाई अभिभूत गर्न सक्दैन । असलसँग सामना भए पनि असलको रूपमा सिमाना नाघ्ने गरेर रमाइलो मान्नु छैन । खराबसँग सामना भए पनि खराबको प्रतिरोधमा गएर मन बिग्रने रीस उठ्नेवाला छैन । यहाँ आर्यश्रावकलाई मात्र लोकधर्मबाट कम्प नभएको भाव बताउनुभयो । पृथग्जनलाई त कम्प भएका रूपमा बताउनुभयो । तर बिल्कुल विचार गर्न नजान्ने पृथग्जनलाई मात्र भनेको भइ आर्यको स्तर भेटाउन नसके पनि कुनै-कुनै पृथग्जनहरूमा धर्म स्वभाव विचार गर्नु निरीक्षण गर्नु भइरहनसक्ने भएकोले केही मात्रासम्म लोकधर्म सामना गर्नसक्नेहरू पनि देखिन सक्छन् ।



Downloaded from http://dhamma.digital/

## विचारवानहरू

बुद्ध-वचन **'कम्मस्सका'** स्वभाव लोकधर्मका कारणले मनलाई कम्प हुननदिनको लागि उपचारक औषधि समान रहेछ। बुद्धधर्मावलम्बीहरूमा खराब लोकधर्मसँग सामना गर्नुपर्दा **'कम्मस्सका'** त हो नि, कर्मअनुसार हो, कर्मलाई कसले नाघेर जान सकेको छ र' आदि विचारद्वारा कसै-कसैले चित्तलाई दमन गर्ने बानी छ । पछि समय बित्दैगएपछि मनोवृत्ति परिपक्व हुँदै आउँछ। खराब लोकधर्मसँग सामना गर्नुपर्दा कम्प नभए झैं असल लोकधर्मसँग सामना हुँदा पनि 'कर्म रहुन्जेलसम्म मात्र हो, कर्म सिद्धेपछि त फेरी पछि बिग्रनेछ नै' भन्ने विचार गरी ठाडो बन्नु, रमाइलो मान्नु नहुनसक्छ ।

उपरोक्त आर्यहरूले अनित्य स्वभाव, विनाश-शील स्वभावलाई बुझ्नेजस्तै कतिपयमा अनित्य, दुःख र अनात्म स्वभावलाई विचार गर्नु, मनन गर्नुद्वारा पनि मन शान्त गर्ने बानी रहेका छन् । 'सबै अनित्य छन्, कहाँ नित्य हुन सक्ला र ? आफ्नो अधिनमा बिल्कुल छैन; त्यसको आफ्नो स्वभावअनुसार उत्पन्न भइरहने त हो नि' आदि विचारद्वारा चित्तलाई दबाउने बानि रहेका छन्। दबाउने बानी वृद्धि भएर पछि हुँदाहुँदा झन झन सहनसक्ने हुन्छ। असल भेटिए पनि अन्तसम्म रमाइलो मान्दैनन्; घमण्ड गर्दैन । खराबसँग सामना भए पनि मन आनन्द रही कम्प हुनु छैन ।

'तथागत समेत छुट्न नसकिएको भएपछि हामी जस्ताको त के कुरा भनी भन्ने चिन्तन मननले पनि कतिपयले मन हलुका गरीबस्छ। इत्यादि रूपले मन हलुका पार्ने धर्म स्वभावको चिन्तन मननद्वारा लोकधर्मको दण्डलाई सहन सक्ने हुन्छ। त्यसरी धर्म स्वभावद्वारा मन हलुका पार्न सकेर प्रकृति स्वभाव इन्द्रीय नबिगारिकन बस्नु मंगल नै रहेछ। असल लोकधर्मसँग सामना हुँदा घमण्ड गर्नु, होशहवास गुम्नु, अपार रमाइलो मान्नु, इन्द्रीय बिग्रनु भनेको विपरिणत भइ कम्प हुनु नै हो । त्यसैले मंगल भएन । खराबसँग सामना गर्नुपरेकोले मनमा दुःख हुनु, शोक हुनु, विरह हुनु, मन ओइलाउनु अवश्य पनि अमंगल हुने नै भयो ।

## निन्दा प्रशंसा

कोही-कोही लाभ नपाउनु आदि लोकधर्मलाई सकभर सामना गर्न सक्ने भए पनि निन्दा र प्रशंसाको कारणले चित्त कम्प नगरी बस्न नसक्ने हुन्छन् । कोही अरूबाट निन्दाको सामना गर्नुपर्दा 'अँ... प्रशंसा, र निन्दा भनेको त सातदिन त हो नि, के चिन्ता लिइबस्नु नि' भनी वास्ता नगरी बस्नेसक्नेहरू पनि छन् । यो कुरो बुद्धोपदेश अनुसार नै भयो। तथागत राजगृहमा विराजमान हुनुभएको बेलामा आयुष्मान सारिपुत्र आदि धेरै मानिसहरू भिक्षु बन्न आए। त्यसबेला धेरै मानिसहरूले उपहास गरिरहे । उक्त कुरा भिक्षुहरूले निवेदन गर्दा तथागतले 'भिक्षुहरू,... त्यो आवाज धेरै दिनसम्म टिक्दैन; सातदिनसम्म मात्र रहन्छ' भनी आज्ञा हुनुभयो । (*विनय महावग्ग ५५*)

## अतुल उपासक

अतुल उपासकले तथागतलाई आफू उपदेश सुन्न चाहेको कुरा निवेदन गरे । 'उपदेश सुनिसक्यौ त ?' भनी सोध्नुहुँदा 'भगवान, आयुष्मान रेवतकहाँ जाँदा वहाँले कुरा गर्नुभएन; आयुष्मान सारिपुत्रले भने अभिधर्मका उपदेश धेरै लामो देशना गरिरहनुभयो । आयुष्मान आनन्दकहाँ पुग्दा वहाँले अलिकति मात्र उपदेश दिनुभयो। त्यसैले उहाँ आयुष्मानहरूप्रति रीस उठेकोले तथागतकहाँ आइपुगेको हूँ' भनी निवेवदन गरे । त्यसबेला तथागतले 'अतुल,... लोकमा राजालाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ । सूर्य, चन्द्र, पृथ्वीलाई पनि कसैले निन्दा गर्छ, त कसैले प्रशंसा गर्छ। म तथागतलाई समेत निन्दा गर्नेहरूले गरिरहन्छन् प्रशंसा गर्नेहरूले गरिरहेका छन् । मुर्खहरूले निन्दा गर्नु ठूलो कुरो होइन; प्रज्ञावानहरूले निन्दा



Downloaded from http://dhamma.digital/

नगर्ने गरी प्रशंसा गर्ने गरी मात्र होश गर्नुपर्दछ। यो निन्दा गर्ने स्वभाव धर्म आजको युगमा मात्र उत्पन्न भएको होइन। पुरानो सनातन स्वभाव-धर्म हो। चुप लागेर बस्नेलाई पनि निन्दा गर्दछन्; बढी बोल्नेलाई पनि निन्दा गर्दछन्; मात्रा जानेर कुरा गर्नेलाई पनि निन्दा गर्दछन्। लोकमा निन्दा नगरिने कोही छैन। साँच्चै निन्दा नगरिने र साँच्चै प्रशंसा मात्र गरिने पहिले पनि थिएन; पछि पनि हुनेछैन; अहिले पनि छैन' भनी बताउनुभयो। यो उपदेश निन्दाको उपचारक एक प्रकारको असली औषधी नै हो। (*धम्मपदट्ठकथा २-२०९*)

## सामना गर्न सक्ने भिक्षु

पहिले एकजना भिक्षु एउटा घरमा भिक्षाटन जाने गर्दागर्दै उक्त घरमा सम्पर्कमा रहिरहे। पछि भावना अभ्यास र उद्योग गरी अरहन्त भए। उक्त घरमा उनी आयुष्मान घनिष्ठ सम्बन्ध राखेर आउजाउ गरिरहेको देखीरहेका एउटा देवताले उनी भिक्षु विनाश हुनु मन पराएनन्; लाभ-कामी भइ उक्त घरकी गृहपत्नीको भेष लिएर भिक्षुकहाँ गई 'भन्ते ...घाटमा, शहरको ढोकामा, मूलबाटोमा, सभामा जतातत तपाँई र मेरो विषयमा यस्तो उस्तो भनी कुरा काटिरहेका छन्' भनी निवेदन गरे। भिक्षुले जवाफ दिएको कस्तो भने 'विरोधाभास हुनेगरी प्रतिध्वनि आउने आवाजहरू धेरै धेरै छन्; भिक्षुहरूसँग उक्त शब्दहरूलाई सामना गर्नसक्ने शक्ति चाहिन्छ। उक्त शब्दका कारणले मलीन हुनसक्दैन; जंगलमा हावा चल्यो कि थर्किने मृग जस्तै शब्ददेखि थर्कमान हुने भिक्षुलाई चित्त कमजोर भएका भन्दछन्। त्यस्ता भिक्षुहरूसँग आचरण पूर्ण हुँदैन' भनी आज्ञा हुनुभयो।

यिनी भिक्षुको उपदेश निन्दा गऱ्यो भन्दैमा आफूलाई केही बिग्रिदैन; निन्दा शब्द सुनेर थर्कमान भयो भने काम कुरा बिग्रनु पक्कपक्की छ भनी विचार गर्नुपर्दछ। निन्दा सिद्धि एकप्रकारको औषधि नै भन्नुपर्दछ। (*सगाथावग्ग-वन-संयुत्त-कुलघरणी सुत्त २०३*)

## शोक मुक्त

शोक भनेको आमा-बुबा आफन्त विनाश हुनु, धन-सम्पत्ति विनाश हुनुद्वारा वा एक न एक दुःखद्वारा सामना गर्नुपरेका व्यक्तिको मनमा डाह हुनु चित्त अशान्त हुनु हो। उक्त शोकसँग सामना गर्नुपर्दा निको पार्ने औषधि नभएको व्यक्ति अति नै डाह भोगी रहनुपर्नेछ। धर्म स्वभाव चिन्तन गर्नुद्वारा मात्र निको पार्न सक्छ। शोक परिदेव हटाउनु, मेटाउनु कारणको रूपमा तथागतले जीवन बीमा दिइराखिएको स्मृतिप्रस्थान धर्म आदिद्वारा शोक बिल्कुल हटेर हराएर शान्त भएर जान सक्छ।

## मल्लिका

बन्धुल सेनापतिकी पत्नी मल्लिकाले एकदिन संघलाई भोजन दान दिंदै थिइन्। त्यसबेला उचाली ल्याइएको घिउको भाँडा खसेर फुट्यो। आयुष्मान सारिपुत्र महास्थविरले 'फुट्ने स्वभाव भएको चीजवस्तुहरू फुट्ने, विनाश हुने नै गर्दछ भनी विचार गरी शोक नगर्नू, मल्लिके' भनी आज्ञा हुनुभयो। त्यसबेला मल्लिकाले आफ्नो कम्मरमा रहेको पत्र निकाली देखाई 'भन्ते, मेरा स्वामी सहित तीसजना छोराहरू सबै मारिएको पत्र हातमा पर्दा पर्दै पनि इन्द्रीयलाई नबिगारी शोक नगरी बस्ने म यो घिउको भाँडो एउटाको लागि कहाँ शोक र डाह अनुभव गर्नेछु र' भनी निवेदन गरिन्। उनी मल्लिकाले शोक नगरेको धर्म स्वभावलाई देखिरहेको हुनाले त्यसबाट लाभ भएको शक्ति सामर्थ्य हो। (*धम्मपद विडूडभ २२४*)

## उरग जातक



Downloaded from http://dhamma.digital/

पहिले एकजना ब्राह्मणको छोरो मरेकोले परिवार सदस्यहरूले सँगै बसी दाहसंस्कार गरिरहे । कसैमा पनि शोक परिदेव थिएन; शान्त-दान्त-पूर्वक बसिरहेका थिए । त्यसबेला शक्र देवेन्द्रले बटुवाको भेष धारण गरेर आई उनीहरू नरुनाको कारण हरेकसँग सोधे । ब्राह्मणले 'सर्पले आफ्नो पुरानो काँचुली फेरेर जानेजस्तै उसले पनि पुरानो शरीर छोडेर गएको हो । मरेर काम नलाग्ने भइसकेको यस शरीरले आगोले पोलेको पनि थाहा पाउँदैन । आफन्त रोइरहेको पनि थाहा पाउँदैन । आफ्नो गतिअनुसार गईसकेको हुनाले मसँग शोक-सन्ताप नभएको हो' भनी भने । आमाले 'उ हामीले नबोलाइकन नै अन्तबाट आइपुग्यो । अब हामीले नछोड्दा नै गयो । आफ्नो स्वेच्छाले आए झैं आफ्नो स्वेच्छाले नै गएको हुनाले रोइबसेर के लाभ होला र ?' भनी भनिन् । त्यस्तै बहिनीले 'म रोइरहेँ भने शरीर मात्र दुब्लाउँछ; केही लाभ हुँदैन; आफन्त इष्ट मित्र बन्धु बान्धवहरू झन् मनमा अशान्ति बोकेर बस्नेछन्' भनी भनिन् । पत्नीले 'बच्चाले (आकाशमा) गइरहेको चन्द्रमा प्राप्त गर्नको लागि प्रार्थना गरी रोईरहे झैं मरिसकेकोलाई सम्झेर प्रार्थना गरी रोइरहने व्यक्ति प्राप्त हुन नसक्नेलाई प्रार्थना गरिरहने बच्चा समान हुनेछ' भनी भने । दासीले 'फुटिसकेको घडालाई फेरि जोड्न नमिल्ने जस्तै मरिसकेकोलाई सम्झेर प्रार्थना गरी शोक सन्ताप गरी बस्नु त्यो फुटिसकेको भाँडो जोड्नखोज्नु जस्तै लाभ नहुने भइसक्यो' भनी प्त्यत्तर दिइन् । (*पञ्चक निपात-उरग जातक १२२*)

### टिप्पणी

उनिहरूको चिन्तन मनन कति हो कति अति उच्च छ । उक्त चिन्तन-मनन उनिहरूको प्रज्ञा ज्ञान परिपक्व भएको मनोवृत्तिले उपलब्ध भएको हो । त्यसरी सहनशक्ति युक्त मनोवृत्ति भएको धेरै समय पहिलेदेखि अटुटरूपले अभ्यास गरिआएको मरणस्सति भावनाको कारणले गर्दा नै हो भनी थाहा पाइन्छ । त्यसैले मरणस्सति आदि भावनाहरू वृद्धि गर्नु शोक शान्त हुने औषधि नै हो ।

### विरज

यहाँ रज (धुलो) भनेको राग, दोष, मोहहरू नै हुन् । प्रकृति धुलो शरीरमा पर्दा फोहर पारे जस्तै ती ( मनका) धर्महरूले पनि सत्वहरूलाई फोहर बनाउने भएकोले **'रजो वियाति रजो'** अनुसार धुलो समान भएको हुनाले **रज** भन्दा रहेछन् । राग आदि फोहर गर्ने ती धर्महरू रहित भएर सफा भएको चित्तले मंगल हुनेछ । सम्बन्धित मार्गद्वारा हटाएर नपठाउन्जेलसम्म बिल्कुल रहित भने हुनसक्ने छैन; तर सत्पुरुषहरूसँग भने ती धर्महरूका दोष देखेर रहित बन्दै जाने किसिमले उद्योग गर्ने बानि रहेका हुन्छन् । सबभन्दा राम्रो त भावना कार्य उद्योग गर्नु नै हो । त्यसैले राग आदि लाई भावना कार्यद्वारा जोरतोरले फुकेर निकाली पठाउन पर्‍यो ।

### खेम

खेम-भनेको भय उपद्रव रहित हुनु, शान्त शीतल हुनु हो । *अर्थकथा* मा **योग** चारवटै भय रहित भएको कुरा वर्णन गरिराखिएको छ । योग भनेको काम, भव, दृष्टि अविद्याहरू भएकोले धर्म स्वरूप अनुसार लोभ, दृष्टि, मोहहरू नै हुन् । ती धर्महरू क्लेश भएकोले चित्तलाई फोहोर पार्ने, दाह गर्ने भएकोले उक्त धर्मबाट अलग्ग नभएको चित्त भय रहित हुन्न; शान्त र शीतल हुन्न । ती धर्महरू बिल्कुल रहित भएको अरहन्तहरूको चित्त सधैं शान्त, शीतल र रमणीय भइ रहने हुँदा मंगल हुने भयो । यो मंगल अरहन्तहरूसँग मात्र सम्बन्धित भएको भए पनि सामान्य व्यक्तिहरूमा पनि योग्यताअनुसार उपलब्ध हुन सक्दछ । भावना कार्यद्वारा अकुशलहरूलाई निकाली बस्ने व्यक्तिको चित्त उक्त क्षणमा ती धर्महरूबाट अलग्ग भएको र रहित भएको हुनाले मंगल नै हो । बेहोशी, प्रमादीको चित्तमा यो मंगल उत्पन्न हुने आशा छैन । त्यसैले



Downloaded from http://dhamma.digital/

भावना कार्य एक न एकवटाद्वारा आफ्नो चित्तमा शान्त शीतल भएको मंगल उत्पन्न हुनेगरी अटुटरूपमा निरन्तर अभ्यास, उद्योग र प्रयत्न गरिरहनु नै पर्दछ ।

२४) **एतादिसानि कत्वान; सब्बत्थ मपराजिता ।**

**सब्बत्थ सोत्थिं गच्छन्ति; तं तेसं मङ्गल'मुत्तमं ।**

२४) **देवपुत्त**=भो देवपुत्र; एतादिसानि=यी माथि बताइसकिएका ३८ वटा मंगल धर्महरू; **कत्वान**=आचरण गरी; **सब्बत्थ**=सबै ठाउँहरूमा; **अपराजिता**=नहार्ने भइ विजयी हुनसक्ने गरी; **सब्बत्थ**=सबै ठाउँहरूमा; **सोत्थिं**=स्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्न पाउँछन्; **तेसं**=ती मंगल आचरण गरिरहेकाहरूलाई; **तं**=ती ३८ वटा मंगलहरू; **उत्तमं**=उत्तम भएको, **मङ्गलं**=मंगल नै हुन् ।

**भावार्थ**

भो देवपुत्र; यी मैले बताएका मंगलहरू आचरण गरे भने शत्रु सबैमाथि विजयी भइ जस्तोसुकै ठाउँमा होस् स्वस्ति अवस्थामा पुग्न पाउँछन् । ३८ ओटा मंगलहरू उक्त मंगल कार्य गरिरहेकाहरूका निम्ति उत्तम मंगल नै हुन् ।

**अन्तिम स्तुति**

माथि बताइएका ३८ वटा मंगलहरूलाई अन्तिम निगमनअनुसार परिणाम देखाई स्तुति गर्न चाहेकोले **'एतादिसानि कत्वान'** आदि आज्ञा हुनुभयो ।

**सब्बत्थ अपराजिता**

**'पराजिको होती'ति पराजितो होति; पराजयमापन्नो ति वुत्तं'** *कंखा अट्ठकथा* अनुसार **अपराजिता**=पराजय नहुने (विजय) स्थितिमा पुग्नु भन्ने अर्थ हुनसक्ने हुनाले उक्त अर्थअनुसार **सब्बत्थ** आधार हुनसक्ने हुनाले आधार अर्थ दिएको हूँ । **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति; **अपराजिता**=पराजित नहुने (विजय) स्थितिमा पुग्ने हुनाले' भनी अर्थ दिनुपर्छ ।

*अर्थकथा* मा **'सब्बत्थमपराजिता'ति सब्बत्थ खन्ध, किलेसाभिसङ्खार, देवपुत्तमारप्पभेदेसु चतूसु पच्चत्थिकेसु, एकेनापि अपराजिता हुत्वा सयमेव ते चत्तारो मारे पराजेत्वाति वुत्तं होति'** भनिएको छ । *अर्थकथा*को भनाईअनुसार **अपराजिता** कारित कर्म रूप भएकोले पराजित नपारिकन भनी (अर्थ) दिनु पर्ला । **'चतूसु पच्चत्थिकेसु एकेनापि अपराजिता'** द्वारा **सब्बत्थ**को निद्धारण भावलाई र **अपराजिता-**को कारित कर्मरूप भावलाई विदित गराइरहेको/प्रकट गरिरहेको छ । त्यसैले **'सब्बत्थ**=सम्पूर्ण देवपुत्र, स्कन्ध, क्लेश र अभिसंस्कार मार भनिने चारथरी शत्रुहरू मध्यमा; **एकेनापि**=कुनै एउटा शत्रुद्वारा समेत पनि; **अपराजिता**=पराजित नपारिकन' भनी (अर्थ) लगाउनुपर्छ । अथवा **'एकेनापि'** नराखी **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरू मध्यमा; **अपराजिता**=कुनै एउटा शत्रुद्वारा पनि विजय प्राप्त गर्न नसकिने भइ' भनेर पनि अर्थ लगाउनुपर्छ । **सब्बत्थ**-को स्वरूप देवपुत्र; स्कन्ध, क्लेश, अभिसंस्कार-मार गरी चारथरीका शत्रुहरूलाई ग्रहण गर्नुपर्ने भएकोले; त्यसमध्ये स्कन्ध, क्लेश, अभिसंस्कारहरू आन्तरिक शत्रुहरू भएकोले बाह्य शत्रु देवपुत्र मार एकथरी मात्र छन् । यी मंगलहरू आचरण गर्ने व्यक्तिसँग देवपुत्र मार मात्र होइन अरु अरु बाह्य-शत्रुहरूमाथि पनि विजयी बन्नसक्ने (सामर्थ्य भएको) हुनाले **'सब्बत्थ**=सम्पूर्ण शत्रुहरूप्रति' भनी सामान्य अर्थ दिएको हूँ ।

**सोत्थिं**



Downloaded from http://dhamma.digital/

*अर्थकथा* को भनाईअनुसार **सोत्थि** प्रथमान्त भएकोले **'सोत्थिं=**श्वस्ति अवस्थामा; **गच्छन्ति**=पुग्दा रहेछन्' भनी (अर्थ) दिनुपर्ला । **'अनुनासिको चेत्थ गाथाबन्धसुखत्थं वुत्तोति वेदितब्बो'** द्वारा **सोत्थिं**-को **निग्गहित** (बिन्दु) गाथाबन्धको सिलिष्टताको निम्ति बताउनुभएको कुरा पनि भनिएको छ । गाथाबन्धसुख भने पनि छन्दको निम्ति भनेको त होइन जस्तो छ; **सोत्थि** भनी भन्दा **'य'** गण भएकोले गण हिसाबले उचित नै छ । गाथामा **'सोत्थिं गच्छन्ति'** बोल्यो भने पढ्दा चट्ट नपरी **'सोत्थिं गच्छन्ति'** भनी पढ्दा सलल परी सजिलै सुखुच्चारण हुनुलाई नै गाथाबन्ध-सुख भनी भनेको हो ।

**'सोत्थि पस्सामि पाणिनं** (*सगाथा देवपुत्त*) **सोत्थिनाम्हि समुट्ठितो'** (*सुवण्णसाम जातक*) मा **सोत्थिं सोत्थिना**-भनी द्वितीया तृतीया विभक्ति देखिएको हुनाले **सोत्थि**लाई नामपद भन्नुपर्ने जस्तो भएको छ; तर बाँकी भएको विभक्तिद्वारा रूप भंगहुनु नभएकोले अब्यय नै भइरहेकोले निपातमा नै समावेश गर्नुपर्दछ भन्ने *सद्दनीति*को भनाईअनुसार निपात भनी भन्नुपर्‍यो । **सोत्थिं** भनी द्वितीयान्त भएकोले यहाँ *अर्थकथा* ले (अर्थ) लगाइराखेको प्रथमान्त भन्दा द्वितीयान्त सबभन्दा सिलिष्ट हुन्छ भन्ने विचार उत्पन्न भएकोले गाथामा द्वितीयान्त (अर्थ) नै दिइ आएको हूँ ।

## निगमन

यो *मंगल-सूत्र* उक्त देवपुत्रलाई तथागतले बताइसकेपछि त्यसको भोलिपल्ट आयुष्मान आनन्दलाई सिकाइदिई भिक्षुहरूलाई अध्ययन गराउनको निम्ति आज्ञा गर्नुभयो । आज्ञाअनुसार आफूले सिकीराखेको *मंगल सूत्र* भिक्षुहरूलाई सिकाइदिएका थिए । यसरी आचार्य परम्परा अध्ययन मनन गरी सम्झिराखेको *मंगल सूत्र* देशना आजसम्म पनि सम्पूर्ण विश्वमा स्पष्ट रूपले स्थीर भइरहेको छ । उक्त ३८ वटा मंगल देशना दिन पर दिन उन्नति प्रगति र विकास हुँदै जाओस् ।

*स्मरणीय अभिप्राय सहितको मंगल-सूत्र* नयाँ निश्रय समाप्त भयो ।

Dhamma.Digital



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतन"

# अनागारिका धर्मशीला

## परियत्ति सद्धम्म पालक उपाधि

### (कक्षा ७, प्रथम पत्र)

(प.स.पा. को सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital

## लेखक - तिलकमान गुभाजु



Downloaded from http://dhamma.digital/

# अनागारिमा धर्मशीला

## १. अनागारिमा धर्मशीलाको सक्षिप्त परिचय

करीब चार दशक पहिलेदेखि थेरवादी बुद्ध धर्मको वक्ता, प्रवक्ता एवं आधिकारिक व्याख्याताका रूपमा सेवा गर्दै आउनुभएका, अग्रणी समाजसेवी, शैक्षिक सामाजिक संघ सस्थाहरू स्थापना गरेर त्यसबेला पोखराले बामे सर्न लागेको विकासमा महवपूर्ण योगदान पुऱ्याउनु भएका तत्कालीन राजनीतिको बलियो सूत्रधार मानिनु हुने अथक परिश्रमी प्रभावशाली व्यक्तित्वलाई हामी किन हो "गुरु" भन्ने गथ्यौ । पोखराका उपासक उपासिकाहरू बीच उहाँ 'गुरु' को नामले नै बढी परिचित हुनुहुन्थ्यो । अरू शुभचिन्तक मित्रहरू उहाँलाई "दिदी" भन्ने गर्दथे । अग्लो कद भउकी, साधारणतया हल्का पहेंलो चीवर धारण गर्ने आकर्षक एवं फरासिलो स्वभाव भएकी उहाँको नाम थियो धर्मशील, अनगारिका धर्मशीला ।

धर्मशीला, गुरुमाले जीवनमा अनेका झरिबादलका दिनहरू देख्नुभएको थियो, सुख, दुःखहरू भोग्नु भएको थियो । कहिलेकाही उहाँ कसैको दृष्टिमा फेरि उत्तिकै लोकप्रिय र स्नेह पात्र भएर रहनुभएको थियो । जीवनमा आइपरेका त्यस्ता उतार चढावहरूले उहाँलाई संयमी स दृढ निश्चयी पुरूषोचित गुणहरूले युक्त पारिदिएको थियो । भगवान बुद्धको "अप्प दीप भव" "आफैं आ ̂नो प्रदीप बन" भन्ने उपदेशले उहाँलाई शुरूमा नै गहिरो प्रभाव पारेको थियो । त्यसैले उहाँ कसैको भाग्याको भरमा जीवन यापन गर्न चाहनु हुन्नथ्यो। स्वतन्त्रतापूर्वक आ ̂नो खुट्टामा उभिने प्रयास गर्नुभयो । उहाँ किशोरावस्थामा नै आ ̂नो घरबार छोडेर प्रवज्जित हुनु पुग्नुभयो र तत्पश्चात् अरूहरू झैं धेरै समय काठमाडौंमा नबसी आ ̂नै किसिमले पोखरामा नै बस्नुभयो एक्लै, केवल आफू एक्लै ।

## २. जन्म र बाल्यावस्था

धर्मशीला गुरुमा वि.सं. १९७४ साल जेष्ठ १७ गते बुधबार शुक्लपक्षको नवमी तिथिमा पोखराको तेर्सापट्टी निवासी श्री धनबहादुर र धनकुमारी ताम्रमकारको कोखबाट जन्मनुभएको थियो । बाल्यावस्थामा उहाँको नाम टेकलक्ष्मी राखिएको थियो । बालिका टेकलक्ष्मी अरूभन्दा चलाख, छिटो बुझ्न सक्ने र आमा बाबुको पनि उत्तिकै प्रिय पात्र भएर हुर्कनुभएको थियो ।

## ३. किशोरावस्था र बुद्धधर्ममा प्रवेश

यस्तैमा वि.सं. १९८५ सालतिर भिक्षु महादान पोखरा आउनुभयो । उहाँले हालको वडा नं. ३ को कार्यालय भवन देखि उत्तर पूर्वमा रहेको सानो पौवामा बालबालिकाहरूलाई अक्षर पढाउने गर्दै बुद्धधर्मका कुराहरू सिकाएको थाहा पाएर तत्कालीन प्रशासनले उहाँलाई पक्रयो । आइन्दा बुद्धधर्मको त्यसरी प्रचार नगर्नू भन्ने आ ̂नो सिद्धान्त र आदर्शमा अडिग हुनुहुन्थ्यो र छुटेर आई फेरि त्यही पौवामा माटोको सानो बौद्ध चैत्य बनाएर बालबालिकाहरूलाई पूर्ववत् रूपमा अक्षर चिनाउने गर्नुहुन्थ्यो । त्यहाँ बालबालिकाहरूको आवत जावत क्रमशः बढ्दै गयो । उनीहरूको खेल्ने, रमाउने र सिक्ने ठाउँ नै त्यही भयो । धर्मशीला गुरूमा पनि त्यहाँ जाने गर्नुहुन्थ्यो र बुद्ध धर्मका कुराहरू अत्यन्त रूचि लिएर सिक्नुहुन्थ्यो । उहाँ बालककालदेखि नै अति चलाअ, जिज्ञासु र छिटो पढुँ सिकुँ भन्ने स्वभावकी हुनुहुन्थ्यो । भिक्षु महादानको शिक्षाले भरखरै किशोरावस्थामा पदार्पण गरिरहेकी उहाँलाई ज्यादै असर पऱ्यो । उहाँले रहन सहन र शील स्वभावमा पनि परिवर्तन आउन थाल्यो । उहाँ नक्कल झक्कल पार्नुको साटो सादा भेपाभूषातिर



Downloaded from http://dhamma.digital/

बढी आकर्षित हुने, चञ्चल स्वभाव त्यागेर एकाग्र हुन खोज्ने र बाल्यकालदेखि पूजाआजा गरस् आएको महादेव र कृष्णको मूर्तिलाई छोडेर बुद्धको तस्वीरलाई वन्दना गर्न थाल्नुभयो । त्यो उहाँको जीवनको सबभन्दा महत्तवपूर्ण परिवर्तन थियो जसको फस्वरूप उहाँको सम्पूर्ण जीवन बुद्धधर्म र संघमा समर्पित भयो । भिक्षु महादानले दिएको धर्मदानको परिणाम स्वरूप नै उहाँको नाम भर्मशीला रहन गएको थियो ।

भिक्षु महादानको समक्ष शील प्रवर्थना गर्ने उपासक उपासिकाहरू मध्ये धर्मशीला गुरूमाको आचरण व्यवहारहरू अनुकूल किसिमले परिवर्तन भैहेकोले उहाँप्रति भिक्षु पनि निकै खुशी हुनुहुन्थ्यो । भिक्षुबाट आ ̂नो छोरीको राम्रो प्रतिभा भएको कुरा सुनेर आमा बाबु पनि दङ्ग हुन्थे । तर पछि अरूहरूले "तिम्री छोरी जोगिनी भएर जानेछ" भनेर भनिदिदा आमा बाबु दुवै खिन्न भएर उहाँलाइै भिक्षु कहाँजान प्रतिबन्ध लगाइदिए । उहाँ भने लुकिछिपी भिक्षु कहाँजानुहुन्थ्यो । केही धमोएमदेशको हभ्यास गरेपछि उहाँले साँच्चै नै शिर मुडाई अनगारिका बन्नृ इच्छा गनुएभयो । वि.सं. १९९१ सालमा १७ वर्षको कलिलो उमेरमा भिक्षु महादानसँग काठमाडौं जानका लागि घर छाडेर हिड्नुभयो । परिवारमा खैलाबैला मच्चियो । समाजमा अनेक अपवाहहरू फैलिए । तुस्न्त परिवारका सदस्यहरू गएर उहाँलाई बाटोमा फेला पारी घरमा फर्काइ ल्याए । अनि समाजमा जातपातको कुरा चल्यो । उहाँलाई जातिच्यूत गर्ने धम्की आयो, सामाजिक बहिस्कार गर्ने प्रयास भयो । माता-पिता र सम्पूर्ण परिवार खिन्न भए । त्यो परिवारमा व्यवहारिक आपत्ति आयो । इज्जतको प्रश्न उठ्यो ।

त्यो बेलामा वर्णाश्रम व्यवस्था ज्यादै कडा थियो । धर्मशीला गुरूमाले जीवनमा वर्णाश्रम व्यावस्थाको तीतो अनुभव गर्नुपऱ्यो । उहाँले आफूलाई जातिच्यूत गरिएको विरोधमा स्थानीय प्रशासनबाट पतिया लिनुभयो । पतिया भनेको जातभातबाट पतित भएका व्यक्तिलाई आ ̂नो जातमा फर्काउनका निम्ति धर्माधिकारीका निर्देशन अनुसार सरकारी अड्डबाट दिइने पुर्जीलाई भनिन्थ्यो । त्यो पुर्जी पाएपछि त्यो व्यक्ति पुरानै जातमा फर्किन्थ्यो । नेपालमा नयाँ मुलुकी ऐन लागु हुनुभन्दा पहिने त्यस्तो चलन थियो । उहाँले त्यो पुर्जी पाएपछि आ ̂नो विरोध गर्नेहरू सबैलाई बोलाएर आ ̂नै हातले पकाएको भात खान बाध्य गर्नुभयो र जातीय भेदभावको बन्धनलाई समाजले त्यति ठूलो महत्तवको सम्झको थियो त्यो कागजको सानो टुक्राले तोड्न सक्ने रहेछ भने त्यसैको आडमा खडा भएको हाम्रो जीवन पद्धति कति सफलिभूत होला ? आदि इत्यादि कुराहरू उहाँको मनमा तर्कना हुन्थ्यो । उहाँ संवेदनशील हुनुहुन्थ्यो र विचार गर्नुहुन्थ्यो-जहाँ जातीय भेदभाव हुँदैन, उचनीच हुँदैन, समताकोव्यवहार हुन्छ, त्यो समाज कस्तो होला ? कति राम्रो होला ? कति व्यवस्थित होला ? उहाँको मनमा यस्ता प्रश्नहरू मनमा आइरहन्थो , उति-उति बुद्धधर्मको सुन्दर र सुव्यवस्थित चित्र उहाँको दिल र दिमागमा प्रस्ट भएर आउने गदैथ्यो । यो एक आश्चर्यको कुरा थियो कि त्यत्ति नै बेला उहाँले आफूलाई जातिच्यूत गर्ने, आ ̂नो परिवारको बेइज्जत गर्ने तथा सामाजिक बहिस्कार गर्न खोज्ने कसैमाथि पनि पूर्वाग्रह राख्नु भएन, द्वेषभाव राख्नु भएन र वैरभाव गर्नुभएन । वैरभावले वैरभाव शान्त हुँदैन भन्ने उहाँलाई राम्ररी थाहा थियो । बुद्धको अमर वाणी छः

**नहि वेरेन वेरानि सम्मन्तीध, कुदाचनं**
**अवेरेन च सम्मन्ति एसधम्मो सनन्तनो ।**

### ४. प्रवज्या लिन कुशीनगर प्रस्थान

धर्मशीला गुरूमामा त्यस्तो परिवर्तन आइरहेको बेला उहाँका केही साथीहरूले उहाँलाई थाहै नदिई भारतमा तीर्थव्रत गर्न गएको र फर्केर बौद्ध स्थल कुशीनगरमा भएको बुद्धको सुन्दर मूर्ति र बौद्ध स्थल कुशीनगरमा भएको बुद्धको सुन्दर मूर्ति र बौद्ध वातावरणको कुरा सुनाए । साथीहरूले त्यसरी आफूलाइै छाडेर छकाएर तीर्थव्रत गर्न



Downloaded from http://dhamma.digital/

गएकाृ र आपू:ले भन्दा पहिले त्यस्तो पवित्र कुशीनगर र भगवान बुद्धको राम्रो मूर्तिको दर्शन गरेकामा उहाँलाई केही खिन्नता र कही इर्ष्या भयो । त्यसपछि उहाँ कहिले छिटो गएर बुद्ध धर्म र संघमा आफू पूर्ण रूपले समर्पित हुन पाउँछु भन्ने ताकमा रहनुभयो । उहाँ पोखराबाट अनेक डाँडाकाँडा, खोलानाला पार गर्दै बन्दीपर र त्यसपछि झन ज्यान हत्केलामा हालेर बाघ, भालु आदि हिंस्रक जानवरहरू भएको भिखना ठोरीको घना जंगल हुँदै अनेक दु:ख, कष्ट र यातना सहेर भारततिर पस्नुभयो । भारतमा पनि डर, त्रास, भोक, तिर्खा सहेर बल्लतल्ल कुशीनगर पुग्नुभयो । उहाँ आफैंले त्यो यात्रालाई जीवनको सबभन्दा खतरनाक, दर्दनाक एवं जोसिमपूर्ण मान्नुहुन्थ्यो भने त्यही बेला पहिलो पटक कुशीनगर पुग्न पाएकोमा ठूलो भाग्यको कुरा सम्झनुहुन्थ्यो ।

कुशीनगरमा बुद्ध भगवानको प्रतिमाको दर्शन गरे पश्चात उहाँले आˆनो अभिनिस्क्रमणको उद्देश्य भिक्षु चन्द्रपणि महास्थविरज्यू समक्ष राखी आफूलाई प्रवज्जित गराइदिन आग्रह गर्नुभयो । भिक्षु चन्द्रमणिज्यूले त्यस्तो कलिलो उमेरमा आमा-बाबुसँग नसोधी आएकीले प्रवज्जित गर्न इन्कार गर्दै घरमा सोधेर पछि फेरी आउन भन्नुभयो । बुद्ध धर्ममा प्रवज्जित हुन अभिभावकको इजाजत चाहिने प्रावधान छ । अभिभावकको इजाजत विना जिम्मोवार भिक्षुहरूले कसैलाई पनि प्रवज्जित गर्दैनन् । बुद्ध धर्ममा विद्यमान त्यही नीति नियम अनुसार भिक्षु चन्दमणि महास्थविरले उहाँलाई प्रवज्जित गराउन इन्कार गर्नुभएको थियो । गुरूको त्यस भनाइले उहाँलाई ज्यादै अप्ठ्यारोमा पार्‍यो । कुशीनगर पुगे पश्चात् आˆनो उद्देश्य पूरा हुने जुन मीठो कल्पना उहाँले गर्नुभएको थियो, त्यो कल्पनामा मात्रै सीमित रह्यो, व्यवहारमा आउन सकेन । जुन उत्साह एवं उमंग लिएर उहाँ भोक प्यास नभनी, डर त्रास नमानी जानुभएको थियो, त्यो काम नहुँदा स्वभावतः केही खिन्नताबोध भयो । तैपनि उहाँले गुरूको त्यस भनाइलाई उक परीक्षा सम्झनुभयो, कठिन परीक्षा र त्यस परीक्षाको तैयारीमा उहाँ अरू तत्परतासाथा लाग्नुभयो ।

उहाँ कुशीनगरबाट पोखरा फर्कनुभयो । तर, पोखरा फर्केर धर्मशीला गुरूमालाई पटक्कै चैन भएन । रातो दिन कुशीनगरकै सपना भैरह्यो । पछि दाज्युहरूले बोलाएको बहाना गरेर एक बूढीका साथ उहाँ बुटवल जानुभयो । त्यहाँ भिक्षु विशुभानन्दज्यूबाट अभिधर्म र मज्झिम निकायको शिक्षा सिक्नुभयो, ध्यानको महत्त्व थाहा पाउनुभयो र ध्यान गर्न सिक्नुभयो । भिक्षु विशुधानन्दज्यूको शिक्षा दीक्षाले झन उहाँलाई गहिरो प्रभाव पार्‍यो । त्यतिबेलासम्म उहाँले गहना त्यागिसक्नु भएको थियो । सेतो लुगाकात्र लगाउने धर्मशीला गुरूमाले कपालमा तेल हालेर कपाल कोर्न पनि छोडिसक्नु भएको थियो । उहाँको शील स्वभाव ज्यादै नरम, अनुशासित, हिंड्ला पनि टाढा टाढासमम आँखा नलगाई बढीमा पाँच कदमसम्म हेर्ने गरेर शान्तसँग हिंड्ने गर्नुहुन्थ्यो । उहाँको त्यस्तो शील वभाव र व्यवहार देख्दा कतिपय बौद्ध विद्वानहरूले उहाँलाई 'श्रोतापत्ति फल' प्रप्त गनै योग्य व्यक्तिको रूपमा लिने गरेका थिए ।

दोस्रो पटक फेरि धर्मशीला गुरूमा भिक्षु विशुधानन्द र रत्नमुनि तुलाधरका साथ कुशीनगर पुग्नुभयो । त्यहाँ भिक्षु चन्द्रमणि महास्थविरज्यूले भिक्षु विशुधानन्दज्यूको उपस्थितिमा बुटवल निवासी सत्नमुनि तलाधरको दायकत्वमा १९९६ सालमा उहाँर उहाँलाई त्यसबेला खोज्न गएकी उहाँकी सहोदर बहिनी यशोमतिलाई विधिवत् प्रवज्जित गराइदिनुभयो । त्यहाँ धर्मशाीला गुरूमाले आˆना गुरू चन्द्रमणि महास्थविरज्यूबाट बुद्धधर्मको सिद्धान्त, आदर्श र व्यावहारिक ज्ञानगुणका कुराहरू सिक्नुभयो । विशेषतया त्यसबेला गुरूज्यूबाट उहाँले धम्मपदको र त्यहाँ रहनुभएका भिक्षु वरसम्बोधिबाट पनि अभिधम्मको गहन अध्ययन गर्ने मौका पाउनुभयो । त्यस्तै अध्ययनकै क्रममा पछि उहाँले तानसेन, पाल्पा निवासी श्री अयाध्याप्रसाद सट्टी पठानको शिक्षा हासिल गनुएभयो । उहाँसँगको मित्रतव पछिसम्म लाभप्रद, उपयोगी र सहयोगपूर्ण रहिरह्यो । गुरूमा कुशीनगर रहँदा बस्दा गुरू चन्द्रमणि महास्थविरज्यूको महानता, सद्चरित्रता र कार्यपटुताले धर्मशीला गुरूमालाई सकारात्मक प्रभाव पार्दै लगेको थियो भने गुरूमाको आदर सत्कार गर्ने स्वभाव, वाक्पटुता र अरूसँग मान्छे अनुसारको व्यवहार गर्न सक्ने उहाँको बानी शैलीले गुरूलाई उत्तिकै खुशी



Downloaded from http://dhamma.digital/

र सन्तुष्ट पारेको थियो । संक्षिप्तमा भन्ने  हो भने धर्मशीला गुरूमाको यस पटकको कुशीनगर बसाई ज्यादै सुखद्, सौहार्द एवं सद्भावनापूर्ण रह्यो, जसलाई उहाँ अविस्मरणीय मान्नुहुन्थ्यो ।

धर्मशीला गुरूमा कुशीनगरमा बस्नुहुँदा उहाँको साथ लामो समय बिताउनुभएकी कुशीनगर निवासि डा. चन्द्रशीला शाक्य जाउ प्रवज्जित जीवनका शुरूमा त्यहाँ धर्मशीला गुरूमाको अत्यन्त नजिम र अभिन्न मित्र भैसक्नुभएको थियो, ले गुरूमाको सम्बन्धमा भन्नुहुन्छ आत्पीय मित्र धर्मशीला अनगारिका सबैसँग मिल्न सक्ने, सबैलाई खुशी पार्न सक्ने प्रतिभावान, बहुआयामिक पुरूषोचित गुणले युक्त भएकी व्यक्तित्व हुनुहुन्थ्यो । स्मरणी छ, डा. चन्द्रशीला शाक्य धर्मशीला गुरूमा जस्तै प्रखर प्रतिभावान दृढ निश्चयी हुनुहुन्छ र उहाँले १४ वर्षको प्रवज्जित जीवन यापन गरेर महत्त्वपूर्ण अनुभव हासिल गर्नुभएका चन्द्रशीला शाक्यले आ̂नो रोचक कथा सुजाउँदै व्यक्त गर्दा सद्धर्मको मार्गमा जान पनि हामी जस्ताले किन पछि पर्ने, किन ढिलाई गर्ने भनेर भन्नुभए पश्चात् नै-आफू छिट्टै प्रवज्जित भएको कुरा बताउनु भएको थियो ।

कुशीनगरबाट बर्तमान डा. महानायक आचार्य भिक्षु अमृतानन्दज्यू (तयतिखेर श्रामणेर) का साथ धर्मशीला गुरूमा काठमाडौं जानुभयो । दिवंगत भिक्षु धम्मालोककाके रेखदेखमा उहाँले कटिबद्ध नियम पालना गर्नुभयो । सुयोग्य भिक्षुको छत्रछायामा उहाँले धेरै कुरा जान्ने मौका पाउनुभयो । त्यहाँ प्राप्त गर्नुभएका अनुभवहरू धेरै कुरा जान्ने मौका पाउनुभयो । त्यहाँ प्राप्त गर्नुभएका अनुभवहरू धेरै उपयोगी भएको कुरा उहाँले पछिपछि पनि सुनाउने गर्नुहुन्थ्यो । त्याहाँबाट उहाँ पोखरा फर्कनुभयो । भगवान बुद्धले के भन्नुभएको छ भने जब कुनै तरूण भिक्षु भिक्षुणी बुद्ध शासनको सेवामा तत्परतासाथ समर्वित हुन्छ, तब उसले बादलबाट मुक्त भएको चन्द्रमाले झैं यस संसारलाई प्रकाशित गर्दछ । धर्मशीला गुरूमाले पोखरा र त्यसको वरपर बुद्धधर्मको प्रचार-प्रसार गर्न जसरी रफलता प्राप्त गर्नुभयो, यहाँको शैक्षिक सामाजिक क्षेत्रमा जुन योगदान दिनुभयो- पारिवारिक भैँ झगडा मिलाउनेदेखि व्यक्तिगत सुख-शान्तिका लागि उहाँले पुऱ्याउनुभएको योगदानलाई हेर्दा भगवान् बुद्धको भनाई ज्यादै उचित देखिन्छ । धर्मशीला गुरूमाले वास्तवमा आफू शीतल चन्द्रमा नै बनेर हामी सबैलाई प्रकाश दिनुभएको थियो, प्रकाशित गरिदिनु भएको थियो ।

## ५. विहारको स्थापना

भरखरै अनगारिका भएर पोखरा फर्कंदा धर्मशीला गुरूमांको सामु अनेक समस्याहरू, चुनौतीहरू तथा अवरोधहरू आएका थिए । पहिलो त उहाँका लागि बसोबासकै समस्या थियो । विहार भन्ने त्यसबेला पोखरामा छँदै थिएन । त्यसकारण केही समय उहाँलाई आ̂नै पुरानो घरमा रहन बाध्य हुनुपऱ्यो । घरैमा बसेर उहाँले बुद्धधर्मको सिद्धान्त, आदर्श सम्बन्धी उपदेश दिने गर्नुहुन्थ्यो । उहाँको धर्मोपदेश सुन्न, पञ्चशील, अष्टशील ग्रहण गर्न आउने उपासिकाहरूको संख्या क्रमशः बढ्दै गए । ६० जना भन्दा बढी उपासिकाहरूको त्यहाँ आवत-जावत हुन थाल्यो र त्यो ठाउँ ज्यँादै सानो, साँघुरो र अप्ठेरो भयो र उहाँले कुशीनगर फर्केर जाने विचार गर्नुभयो । तर उहाँका तेर्सापट्टी निवासी धर्मएनदी नामक एकजना चेलीले उहाँलाई फर्कन दिनुभएन । धर्मनदीले आ̂नो गुरूमाको लागि आवश्यक पर्ने एउटा विहार बनाइदिने अठोट गर्नुभयो । उहाँले त्यसको लागि आ̂ना बा-बाजेसँग अनुनय विनय गर्नुभयो । फलतः श्री सिद्धिमान र श्री बुद्धिलाल कायस्थले हाल बुद्ध विहार रहेको पोखरा नगरपालिका वडा नं. ३ वडा समिति कार्यालय भवनको पछाडि तेर्सापट्टीबाट नारायण स्थान कन्या स्कूल जाने लिंकरोडदेखि दक्षिणतिर करीब डेढ रोपनी जमीनमा १८'x२८' को ढुङ्गा माटोको दुईतले विहार बनाइदिनु भयो । त्यसमा ढलोटको एउटा सुन्दर बुद्धमूर्ति स्थापित गरियो । पोखराको बुद्धधर्मको इतिहासमा त्यो एक अत्यन्त महत्वपूर्ण ऐतिहासक दान मानिन्छ । यो बुद्ध विहार पोखराको पहिलो विहार हो । यससले बुद्धधर्मको प्रचार-प्रसार गर्न गराउनमा महत्वपूर्ण भूमिका खेल्दै आएको सर्वविदित कुरा हो । शुरूमा झटपटमा बनाएको त्यस विकारमा रहेको झ्यालहरू सानो र थोरै भएकोले धर्मशीला गुरूमांले



Downloaded from http://dhamma.digital/

आ ँनै तर्फबाट आ ँनै किसिमले केही परिवर्तन गरेर झ्यालहरू केही ठूलो र धेरै राखेर भित्र खुल्ला र उज्यालो हुने किसिमको बनाउनुभयो । विहारको निर्माणले उहाँको उत्साह खुब बढेर यो र निर्माण सम्बन्धी काममा नपुग रकम उहाँले आ ँना बा-आमाहरूले पहिले दिनुभएको सुनका गर-गहनाहरू बिक्री गरेर खर्च टार्नुभयो ।

धर्मशीला गुरूमाको त्यस किसिमको आस्था, निष्ठा, तत्परता, आचरण, व्यवहार तथा स्वच्छ सेवा भाव देखेर त्यस बेला पोखरा आउनु भएका भिक्षु महाप्रज्ञा ज्यादै प्रभावित हुनुभयो र उहाँले भिक्षु प्रज्ञारश्मि र कविवर चित्तधर हृदयका दुई बहिनीहरू मोतीलक्ष्मी र न्हुछेलक्ष्मीको सहयोगले माटोको सफेद सुन्दर कलात्मक बुद्धमूर्ति बनाइदिनुभयो । त्यो मूर्तिको स्थापनाले विहारमा नयाँ जोशको सञ्चार भयो । पञ्चशील, अष्टशील ग्रहण गर्नेहरूको संख्या अरु बढ्दै गयो । धर्म देशनाको काम नियमित रूपले चल्दै गयो ।

त्यसरी बौद्ध गतिविधि बढाउँदै लैजान धर्मशीला गुरूमालाई वर्तमान उपसंघनायक शाक्यानन्द महास्थविरज्यूबाट पनि ठूलो सहयोग प्राप्त भएको थियो । भिक्षु शाक्यानन्द २००१ सालतिर पोखरा आउनु भएको थियो । उहाँले गर्नुभएको धर्म देशनाबारे एक-दुई ठाउँमा चर्चा परिचर्चा भयो । अनि उहाँलाई बुद्धधर्म प्रचार गरेको आरोपमा पक्राउ गरियो र तुरून्त पोरखा छाडेर जाने आदेश दिइयो । किनभने त्यसबेलासम्म पनि बुद्धधर्म प्रचार गर्नु एउटा अपराध झैं नै मानिन्थ्यो । अहिले यो उल्लेख गर्दा धेरैलाई आश्चर्य लाग्न सक्छ कि बसद्ध धमैको प्रचार गर्न पनि किन दिइएन भनेर । तर, तयसबेला वर्णाश्रम धर्म ज्यादै कडा थियो र शासकहरू त्यही धर्म अनुसार शासन गर्दथे । बुद्ध धमैलाई उनीहरू हनिश्वरवादी भमै भनेर व्यवहार गर्दथे । बुद्ध धर्मले जनचेतना बढाउँछ, ज्ञान फैलाउँकट र अप्रत्यक्ष रूपमा वर्णाश्रम धर्मको विरोध गदैछ भन्ने उनीहरूको विचार थियो । भिक्षु शाक्यानन्द भूमिगत किसिमले करीब दुई वर्ष जति पोखरामा नै बस्नुभयो । उहाँले करीब ६/८ महिना तेर्सापटी निसासी श्री उदयमात उदासको घरमा बिताउनुभयो । पछि त्यो ठाउँ अनुकूल नभएकोले भर्मशीला गुरूमाले उहाालाई कहिले यता घर र उता घर तथा कहिले यता गाउँ र कहिले उता गाउँ-टोलमा लुकाउँदै राख्नु भएको थियो ।

भिक्षु शाक्यानन्द वर्णाश्रम धमएको पनि ज्ञाता हनुहुन्थ्यो । उहाँले वेद, उपनिषद, पुराणको धेरै कुराहरूको अध्ययन गर्नुभएको थियो । उहाँ शास्त्र शास्त्रार्थ गर्न पनि कस्सिनु हुन्थ्यो । त्यसबेला उहाँ हलि आक्रामक स्वभावका हुनुहुत्थ्यो । पोखराका ठूल्ठूला पण्डितहरूसँग उहाँले वादविवाद गर्नुभएको थियो । उहाँसँग वादविवाद गर्दा पण्डितहरू हैरान हुन्थे । त्यसैले पनि हो कि उहाँलाई पोखरामा बसेर धर्म प्रचार गर्नमा रोक लगाएको ।

देशमा प्रजातन्त्र आउनु भनदा पहिले बुद्धधर्मलाई हनिश्वरवादी, अनात्मवादी र नास्तिक संज्ञा दिएर बुद्धधर्मको प्रचार गर्न दिइदैनथ्यो । आज यो कुरा लेख्दा सबैलाई आश्चर्य लाग्न सक्छ कि त्यसबेला कतिपय भिक्षुहरूलाई देश निकाला गरिएको थियो । कतिलाई जेलमा राखिएको थियो । १९९३ सालमा भिक्षु महाप्रज्ञा र वर्तमान डा. महानायक अमृतानन्द महास्थविरलाई भोजपुर जेलमा हतकडी लगाएर राखिएको थियो । त्यस्तो अवस्थामा बुद्धधर्ममा लाग्नु र बुद्धधर्म प्रचार गर्नु कुनैपनि हालतमा सजिलो थिएन । तैपनि धमैशीला गुरूमा आ ँनो महान अभियानमा अविरल रूपले लाग्नुभयो। लागेको लाग्यै गर्नुभयो । बुद्ध विहारको क्रियाकलापलाई अगाडि बढउँदै लैजानुभयो । पछि भिक्षु अनिरूद्ध पनि पोखरा आउनुभयो । धर्मशीला गुरूमाले उहाासँगको सत्संगबाट पनि अरू धेरै कुरा सिक्ने, बुझ्ने मौका पाउनुभयो ।

## ६. शैक्षिक, सामाजिक र राजनीतिमा योगदान



Downloaded from http://dhamma.digital/

नवनिर्मित विहारको चहल-पहल अरू बढ्दै गयो । धर्मशीला गुरूमामा दायित्व माथि दायित्व थपिदै गयो । विहारको आ ैनै क्रियाकलापहरू एकातिर त्यसरी बढ्दै गएको थियो भने अर्कोतिर शैक्षिह सामाजिक दायित्व पनि उहाँ माथि पर्न गएको थियो । धार्मिक क्रियाकलापमा मात्र सीमित भएर उहाँलाई साध्य भएन । शैक्कि, सामाजिक एवम् अन्य क्षेत्रको काम गर्न पनि उहाँ बाध्य हुनुपरेको थियो । त्यस बेलाको अशिक्षित एवम् असङ्गठित समाजलाई केही चेतना जगाएर सङ्गठित जनशक्तिलाई रचनात्मक कार्यमा लगाउनुपर्ने देखियो । त्यसबेलाको चेतनशील समूहले गुरूमाबाट त्यस्ता धेरै कुराहरूको अपेक्षा गरेको थियो । त्यो समयको माग थिया, युगको पुकार थियो । समयको प्रवाहमा प्रवाहित भएर उहाँ कहिले शैक्षिक संस्था स्थापना गर्ने काममा सूत्रधार हुनु परेको थियो । कहिले महिला सङ्गठनको नेतृत्व पनि उहाँ आफैले गर्नुमर्ने आस्था आएको थियो ।

देशमा प्रजातन्त्र आउनु भन्दा पहिले त्यसरी शैक्षिक, सामाजिक काम गर्नु एक किसिमले राजनीति गर्नु जस्तै थियो र राजनीतिकै आरोपमा उहाँ थुनुवामा समेत पर्नुभयो । कविवर श्री माधाप्रसाद घिमिरे, श्री मीनबहादुर गुरूङ, बैदाम निवासी श्री विष्णु पहारी र श्री सन्दरप्रसाद मर्सानीका साथ उहाँ ९ निसम्म जङ्गी परेडको कोत गारतमा थुनिनुभयो । त्यसपछि झन बुद्ध विहार चेतनशील व्यक्तिहस्को सम्पर्क स्थल र्न भयो र धर्मशीला गुरूमा सबैको केन्द्रविन्दु बन्नुभयो । यहाँमात्र होइन, उहाँले बन्दीपुरमा भएको क्रान्तिमा पनि योगदान गर्नुभएको थियो र बन्दीपुरमा उहाँलाई ठूलो स्नेह र श्रद्धा गरिन्थ्यो । उहाँलाई रामकुमार जीवन मित्र, साहु हरिकुमार बडेबाबु, शशिकला, मिठु, मैया, बुद्धिमानहरूले ठूलो सहयोग गरेका थिए । २००७ सालको क्रान्तिमा पोखरामा पहिलेदेखि सङ्गठन गर्नेतिर लाग्नुभएका र सर्वाधिक महत्त्वपूर्ण भूमिका खेल्नुभएका प. श्री ऋषिकेशव पराजुलीको विचारमा धर्मशीला गुरूमा अत्यन्त आपद् विपद्को बेलामा निडरतापूर्वक सहयोग गर्ने, भरोसा लाग्दो, विश्वासिलो, संरक्षण गरेर योगदान पुऱ्याउनुभएको थियो त्यो अद्वितीय अवम् प्रशंसनीय मानिन्छ ।

धर्मशीला गुरूमाको राजनीतिमा संलग्नता भएको सम्बन्धमा बौद्ध जगतभित्र र बाहिर धेरै चर्चा परिचर्चा भएको सुनिन्छ । एकजना धार्मिक व्यक्ति सामान्यतया साजनीतिमा संलग्न हुनुलाई त्यति उचित सम्झदैनन् । तर देशको संकटको घडीमा ऐतिहासिक मोहको अवस्थामा तथा जर्जर परम्पराबाट आधुनिकतातिर लैजाने क्रममा के धार्मिक व्यक्तिले राष्ट्रको पुकार सुनन अपराध ठहर्दछ र ? त्यास्तो अवस्थामा धार्मिक व्यक्तिले पनि अन्य नागरिक सरह राष्ट्रप्रतिको आ ैनो भूमिका निर्वाह गर्नुपर्दैन र ? राष्ट्रको सङ्कटको घडीमा अन्य धर्मका गुरू पुरोहितहरू एवम् धर्मका ठेकेदारहरूले बेवास्ता गरिदिंदा ‘कोइ नृप होए हमे क्या हानी भनेर एकाताबद्ध गर्न नसक्दा छिमेकी देशहरू विधर्मीहरूको उपनिवेश भएर सयौं वर्ष गुलाम भएर रहनुपरेको तीतो अनुभव छिमेकी नागरिकहरूलाई छ । त्यो कुरालाई धर्मशीला गुरूमाले कुशीनगरमा रहँदा आफैले देख्नुभएको थियो, भोग्नुभएको थियो र नजिकैबाट अध्ययन गर्नुभएको थियो । त्यसैले उहाँ राष्ट्र र राष्ट्रियता सम्बन्धमा संवेदनशील हुनुहुन्थ्यो, राष्ट्रप्रतिको आ ैनो कर्तव्य निभाउन सदा तत्पर देखिनुहुन्थ्यो र तत्परतासाथ प्रत्यक्ष संलग्न हुनुहुन्थ्यो ।

अर्को कुरा राणा जहानियाँ शासनले बुद्ध धर्मको प्रचार गर्न दिएको थिएन । बौद्ध भिक्षु बनेको आरोपमा कतिपय भिक्षुहरूलाई देश निकाला गरिएको थियो, हतकडी पहिराइएको थियो, बौद्ध किताबहरू सडकमा मिल्काइदिएका थिए, ज्ञानमालाका किताब बेच्ने व्यापारीको सर्वस्व हरण गरिएको थियो भने त्यस्तो शासन समाप्त गर्ने अभियानमा सरिक हुनु पनि अपराध ठहर्छ र ?

यस दृष्टिले हेर्दा धर्मशीला गुरूमाले आ ैनो धर्मको हितको लागि जनताको सुखमय भविष्यको लागि गर्नुभएको त्यो निर्णय ज्यादै उपयुक्त र आवश्यक देखिन्छ । धर्मको मर्मलाई बुझ्दा तथा राष्ट्रको पुकारलाई सुन्दन कहिलेकाहीं ऐतिहासिक निर्णय लिनुपर्ने हुन आउँछ । धर्मशीला गुरूमाल् २००७ सालमा त्यस्लै निर्णय लिएर परिवर्तनको पक्ष



Downloaded from http://dhamma.digital/

लिनुभएको थियो, जुन ज्यादै सराहनीय छ, प्रशंसानीय छ । उहाँले २००७ सालमा प्रजातन्त्र ल्याउन पुऱ्याउनुभएको योगदानको कदर गरेर नेपाली कांग्रेसले उहाँलाई मरणा मरान्त "प्रजातन्त्र सेनानीद" उपाधिद्वारा सम्मान गरेको छ । त्यसबेलाका त्यस किसिमका चेतनशील व्यक्तिहरूको अतिरिक्त ठूल्ठूला ओहदामा आसीन व्यक्तिहरूको ध्यान पनि बुद्ध विहारतिर आकर्षित भएको थियो । विहारमा आवत जावत खुब बढेको थियो । मान्छे अनुसारको स्वागत सत्कार गरेर जलपान गराउने बानी परेका धर्मशीला गुरूमाका लागि तयो बेला खर्च पुऱ्याउन ज्यादै कठिन भयो । धमैको त्यतिको व्यापक प्रचार प्रसार नभएको, दानको महत्त्व त्यत्ति नबझेको बेलामा विहारको आम्दानी नै के हुन सक्थ्यो र ? कसले दान दिन ल्याउँथ्यो ? तैपनि उहाँले आ`नो लत्ता कपडा बिक्री गरेर, कहिले थाल कचौरा बिक्री गरेस, आफूले दिनु भएन । यो उहाँकृ महानता थियो। विशेषता थियो । पछि पिन विहारमा आयोजित बुद्ध जयनती आदि समारोहहरूमा खर्च का गर्नका लागि तथा धेरै-धेरै प्रसाद वितरण गरिराख्नु आवश्यक छैन भनेर जसले जति भने पनि उहाँको आ`नो हात मुट्ठी पार्नुभएन । उहाँले सधैं खुल्ला दिलले, खुल्ला मनले उदारतापूर्वक दिने गर्नुहून्थ्यो । समारोहमा, प्रसाद वितरण आदिको लागि अरूले के कति आर्थिक चन्दा दिए या दिएन भन्ने कुरामा उहाँले कहिले खास मतलब राख्नु भएन । जति दियो त्यति लिएर अरू सबै खर्च आ`नै किसिमले पुऱ्याउने गर्नुहुन्थ्यो । यस पंक्तिका लेखकको २५ वर्षभन्दा बढी समयको सत्संगतमा उहाँले उस कामलाई यति पुगेन, यति चाहिन्छ भनेस कहिले भन्नुभएको सुनिएन, थाहा पाइएन । उहाँले अरूहरूलाई दुःख दिई बोझ बोकाऊँ भन्ने भावना कहिल्यै राख्नुभएन, कसरी अरूलाई सन्तुष्ट पारी राखौं भन्ने भन्ने मात्र उहाँको सपना जपना हुन्थ्यो ।

धर्मशीला गुरूमाले दुःखीभन्दा दुःखीको दुःख सुन्न सक्नु हुन्थ्यो, पीडित भन्दा पीडिल परिवारको पीडालाई आत्मसात् गर्नुहुन्थ्यो र अर्काको घरभित्रका बलह झैं-झगडाका कुरा पनि शान्तसंग सुनेर धेरैका घर परिवार मिलाई दिनुहुन्थ्यो । सबैको समस्या सुल्झाई दिनुहुन्थ्यो । त्यस्तो खुबी उहाँमा थियो । कतिपयले विहारमा गएर आ`नो दुःख पीडा सुनाउन मात्र पाए पनि आ`नो तनमन हलुका भएको अनुभूत गर्दथे । पोलेको मनलाई विहारमा शीतल पार्ने वातावरण थियो । कलषित मनलाई शुद्ध गर्ने क्षमता थियो । पापीहरूका लागि पनि त्यो उपयुक्त शरणस्थल थियो । त्यहाँ प्रायश्चिल गर्न पाइन्थ्यो । त्यासैले उहाँको पालामा बुद्ध विहार सबैको दुखसो पोख्न आउने उपयुक्त स्थल पनि भएको थियो ।

धर्मशीला गुरूमाले पोखराको शैक्षिक सामाजिक उत्थानमा अहम् भूमिका निभाउनु भएको थियो । बजार वरपरका कुनैपनि विद्यालय, महाविद्यालयको स्थापना एवम् सञ्चालनमा उहाँको योगदान रहेको छ । पोखरामा त्यसबेका कुनै विद्यालय थिएन, विद्यालय खुलाउनु खोज्नु नै 'अराष्ट्रिय' काम मानिन्थ्यो, त्यस्लो समयमा पोखरामा विद्यालय सुलाउने पहिलो बैठक बुद्ध विहारमा भएको थियो । पं. श्री मुक्तिनाथ तिमिल्सिनाका अनुसार त्यस भेलमा इन्जिनियर मेदिनीनाथ भट्टराई, पं. ऋषिकेशव पराजुली, साहु भैरवलाल मायस्थ, श्री सुन्दरप्रसाद मर्सानी, पं. मुक्तिनाथ र धर्मशीला गुरूमाको उपस्थितिमा छलफल भएको थियो र त्यसको काम कार्वाहीको फलस्वरूप नारायण स्थानमा आजको राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालय मिडिल स्कूलको रूपमा २००६ सालमा जन्म भएको थियो ।

धर्मशीला गुरूमाले पोखराको शैक्षिक, सामाजिक एवम् राजनीतिक क्षेत्रमा पुऱ्याउनुभएको योगदानमा विष्यमा यहाँका वरिष्ठ पत्रकार केशवराज पराजुलीले "पाखरालाई एक हकिञ्चन भक्तिनी अवादान" शीर्षकमा एक लेख पनि प्रकाशित गर्नुभएको छ । आ`नो लेखमा सहाँले स्कूल स्थापनामा सम्बन्धमा लेख्नुभएको छ-अपरान्ह ४ बजे पछि पण्डित मुक्तिजाथ तिमिल्सिना, स्कूल इन्स्पेक्टर सामसिंह ठकुरीलाई लिएर भक्तिनीको आश्रममा पुगे । त्यहाँ पं. ऋषिकेशव पराजुली लगायतमा ज्यक्तिहरू पहिलेदेखि नै भएको उहाँले उल्लेख गर्नुभउको छ । पं. मुक्तिनो सबैको परिचय दिएपछि "उहाँहरू पोखरामा एउटा अंग्रेजीस्मूल स्कूल खोल्न प्रयत्नशील हुनुहुन्छ । उहाँहरूको त्यसको निम्ति



Downloaded from http://dhamma.digital/

सरकारको अनुमति प्राप्त गर्नै प्रविधि र प्रक्रिया के छ, त्यो जान्न चाहनुभएको छ, तपाईले तयो प्रक्रिया उहाँहरूलाई बुझइदिनुहोस् उहाँहरूले त्यो गर्नुहुन्छ,सरकारबाट अनुपति दिलाउने जिम्मेवारी तपाईको । अनुमति प्राप्त हुनासाथ यहाँ स्कूल स्थापना भैहाल्छ" भनी इन्स्पेक्टर ठकुरीलाई भन्नुभएको थियो ।

पं. ऋषिकेशव पराजुलीले हामीले एउटा बिन्थीपत्र लेखेका छौं भन्दै बिन्तीपत्र स्कूल इन्स्पपेक्टर ठकुरीको हातमा बुझाएको र एन्स्पेक्टर ठकुरीले बिन्तीपत्र हेनुएभयो र "ठीह छ, भब विद्यालय संचालनका निम्ति रू ५/१० हजार कोष जम्मा गर्नुहोस् र यो पत्रमा त्यो कुरा उल्लेख गर्नुहोस् । म भरपुर प्रयास गर्छु" भन्नुधएको उल्लेख गरिएको छ ।

त्यति भएपछि लेखमा धर्मशीला गुरूमा र उहाँहरूका बीच भएको वार्तालाप पनि लेखिएको छ । जुन यहाँ छोटकरीमा उद्धउत गरिन्छ ।

भक्तिनीले भनिन्-इन्स्पेक्टर साहेबले हामीलाई जो सल्लाह र सहयोग गर्ने वचन दिनुभयो, त्यसबाठ हामी अत्यन्त उत्साही भएका छौं । पोखरेली जनताका छोराछोरी पढ्नृ स्कूल पाए भने तपाईको ठूलो गुण सम्झनेछन् र तपाईलाई ठूलो पुण्य लाभ हुनेछ । इन्स्पेक्टर साहेब र हाम्रो भेट गराएर आज पं. मुक्तिनाथजीले पोखरामा सार्वजनिक विद्यालय स्थापना गर्ने कार्यमा जुन योगदान गर्नुभयो, त्यसका लागि उहाँलाई मुरीमुरी धन्यवाद ।

पं मक्तिनाथले भने- भिक्षुणीले के भन्नुभएको, म पोखरेली होइन र ? यसको विकासका निम्ति काम गर्नु मेरो पनि कर्तव्य होइन र ?

भक्तिनी- मैले माने, पण्डितजीसँग क्षमा चाहन्छु ।

सबैजना  हाँसे । भक्तिनीले विहारमा भएको प्रसाद सबैलाई प्रदान गरे, सबैले प्रसाद खाए ।

पोखराको जेठो विद्यालयको उठान यसरी भएको थियो । भक्तिनी र बुद्ध विहार विद्यालय स्थापना कार्यको केन्द्र थियो भनेर पराजुलीको लेखमा उल्लेख गरिएको छ ।

पद्दि कन्या स्कूल खुलाउनका लागि पनि उहाँलाई नै घच्घच्याइयो । श्री ५ रत्नराज्यलक्ष्मी कन्या स्कूलको त उहाँ संस्थापक सचिव भएर २०१४ सालमा स्कूल स्थापना गरिदिनुभयो । भवनको अभावमा कतिपय समय त्यस विद्यालयका कक्षाहरू बुद्ध विहारमा नै सञ्चालन गरिएको थियो । उहाँकै अग्रसारितामा भवन निर्माण भयो । त्यो बेलाको चलन अनुसार बडा हाकिमले अध्यक्षतामा सञ्चालक सकिति बनाइन्थ्यो । कन्या स्कूलका सम्बन्धमा पनि वरिष्ठ पत्रकार केशवराज पराजुलीले आˆनो लेखमा उल्लेख गर्नुभएको छ– समाजले भक्तिनीलाई संचालक सकितिको सचिव बनायो । उनीले बजारमा घर-घर गएर छोरीलाई विद्यालय पठाऊ भन्ने अभियान नै चलाइन् । अभियानको रिणम केही छात्राहरू जम्मा भए । शुरूमा ती छात्राहरूलाई आˆनै विहारको दललनमा आफैंले पढाइन् । छात्राको संख्या बढ्दै गएपछि नारायण स्थानको पौवामा कक्षा चलाउने काम भयो । "

राष्ट्रिय बहुउद्देश्यीय विद्यालयबाठ कनया स्कूलको लागि नदीपुरमा जग्गा उपलब्ध गर्ने काममा पनि धर्मशीला गुरूमाको योगदान रहेको छ । यस सम्बन्धमा पराजुलीले लेख्नभएको छ– "सबैको सहयोगले जग्गा उपलब्ध गरी भवन निर्माण निम्ति आर्थिक सहयोग जुटाउने र निर्माण कार्य सम्पादन गर्ने जिम्मेवारी पनि भक्तिनीले निर्वाह गरिन् । यसरी यो कनया स्कूल अकिञ्चन बौद्ध भिक्षुणी अनगारिका धर्मशीलाको अवदान हो ।"

अनगारिका धर्मशीलाले कन्या माविका लागि पुऱ्याउनुभएको गोगदान धेरैले सम्झने गरेका छन् । कन्या माविका पूर्व विदर्थी एवम् पृथ्वीनारायण क्याम्पसका सह-प्राध्यापक ज्योति भट्टचनले कन्या स्कूलबाट प्रकाशित  स्वर्ण महोत्सव



Downloaded from http://dhamma.digital/

स्मारिकामा "श्री रत्न साज्यलक्ष्मी कनया माविको समाजमा योगदान" शीर्षकमा लेख्नुभएको लेखमा - यस कन्या पाठशालाको स्थापनको छलफल बौद्ध भिक्षुणी धर्मशीलाको कोठाबाट प्रारम्भ भएको थियो भनी उल्लेख गर्नुभएको छ ।

शिक्षासेवी एवम् पृथ्वीनारायण कलेजका संस्थापक प्रिन्सिपल जर्ज जोनको "पृथ्वीनारायण कलेज कनया स्कूल" शीर्षकमा लेख्नुभएको लेखमा पनि "कन्या स्कूल त्यसबेलाको पोखराको नाम चलेको संस्था थियो । स्वर्गीय धर्मशीला अनगनारिका विद्यालय सञ्चालक समितिको सचिव थिईन्" भनेर सम्झनुभएको छ । उहाँलाई यस्तो काममा ई मेदिनीनाथ भट्टराई, श्री अयाध्याप्रसाद प्रधान, श्री पूर्णसिंह वडा हाकिम ई कुलरत्न तुलाधर र पछि श्री त्रैलोकयनाथ श्रष्ठे र उहाँकी श्रीमती, ततकालीन एस.एस.पी नारायणसिंह र उहाँकी श्रीमती ज्याति कुमारी शाहका अतिरिक्त स्थानीय साहु महाजन, उहाँहरूका अत्यधिक सहयोग पुर्‍याइ दिनुभएको थियो । जसको लागि उहाँ आजीवन ऋणी भएको कुरा बराबर सुनाउने गर्नुहुन्थ्यो । त्यस्तै भैरवलाल, पूर्णलाल कायस्थ, दयाशंकर, प्रदिपशंकर पालिंखे, अमृतप्रसाद शेरचन, वमिल प्रेमबहादुर कुँवर, प्रेमराज मुल्मी, जितप्रसाद द्वा, मथुरालाल श्रेष्ठ, मीनबहादुर गुरूङ, प्रेमबहादुर प्रजू आदिका परिवारसँग उहाँको पारिवारिक सम्पर्क र सम्बन्ध रहिरहेकाले गुरूकमाका लागि त्यो सम्बन्ध विद्यालय स्थापना र सञ्चालनमा ज्यादै उपयोगी र सहयोगपूर्ण रहेको थियो ।

धर्मशीला गुरूमाले कन्या स्कूल र राष्ट्रिय व्यावसायिक माध्यमिक विद्यालयका लागि मात्र काम गर्नुभएको होइन, पोखराको बालमन्दिरको स्थापना र सञ्चालनमा पनि उहाँको महत्त्वपूर्ण भूमिका रहेको छ । उहाँले बालमन्दिर सञ्चालक समितिमा लामो समय रहेर पनि सेवा पुर्‍याउनु भएको स्मरणीय छ । तयस्तै आदर्श पुस्तकालयदेखि पृथ्वीनारायण कलेनको संस्थापना सञ्चालन र सावर्द्धनका लागि पनि चन्दा बटुलेर, यत्रतत्र दौडधूप गरेर थुप्रै योगदान गर्नुभएको थियो । जसले गर्दा उहाँ शिक्षाप्रेमी एवम् समाजसेवीका रूपमा पनि उत्तिकै परिचित र प्रतिष्ठित हुनुहुन्थ्यो । पृथ्वीनारायण क्याम्पसले आˆनो स्वर्ण जयन्तीको अवसरमा उहाँलाई एक सम्मान-पत्र प्रदान गरेको छ, जसमा लेखिएको छ-"यस पृथ्वीनारायण क्याम्पस (तत्कालीन कलेज) पोखराले स्थापना तथा विकासमा उस क्षेत्रका सबै पक्षका लागि प्रेरणादायी भूमिका निर्वाह गर्नुभई उल्लेखनीय योगदान पुर्‍याउनुभएकाले यस कयाम्पसको स्वर्ण जयन्तीको उपलक्ष्यमा सम्माननीय राष्ट्रपति डा. रामवरण यादवका समुपस्थितिमा यहाँलाई पृथ्वीनारायण कयाम्पस स्वर्ण जयन्ती सम्मान प्रदान गरिएको छ ।

## ७. बुद्ध जयन्ती मनाउने परम्पराको शुरूवात

धर्मशीला गुरूमाको अर्को विशेषता के हो भने शैक्षिक, सामाजिक अर्थात् राजनीतिमा त्यसरी संलग्न हुनु भएर पनि उहाँले कहिल्यै धर्मको आˆनो लाइन छोड्नु भएन । बरू उहाँले जीवनका ती पक्षहरूमा कार्य गर्दा प्राप्ल सम्पकै, समबन्ध र अनुभवहरूलाई एकत्रित पारेर बुद्धधर्मको विकास र बिस्तार गर्ने काममा लगानुभएको पाइन्छ । बुद्धधर्म सम्बनधमा बिल्कुल अनभिज्ञ रहेको तयसबेलाको पोखरामा, यहाँको जन्मजात बौद्ध भन्नेहरूको समेत आˆनो मौलिक बाटवे पत्रन नसकेको पोखरामा बुद्धधर्मको विशुद्ध किसिमले प्रचार गर्नु त्यति सरल र सजिलो हुने कुनै थिएन । त्यसबेला बुद्धधर्मको सिद्धान्त र आदर्श सुन्न चाहनेहरूको संख्या नै कति थियो होला र ? बुद्धधर्मको अनिश्वरवाद, अनात्मवाद र शूनयवादको प्रसंग नै अप्रासागिक जस्तो लागेको कुरा त्यति बेलाका मानिसहरूले आजभोली पनि सुनाउँछन् । मोहरिया टोल निवासी दिवगत श्री डिल्लीमान बुद्धाचार्य शाक्य समाजमा पहिलो व्यक्ति थिए जसले धर्मशीला गूमासँग सम्पर्क राखी विहारमा र उहाँको घरमा बरावर आवत जावत शुरू गर्नुभएको मानिन्छ । त्यस्तो बेला धर्मशीला गुरूमाले आˆनो क्षेत्र व्यापक बनाई यत्रतत्र सर्वत्रका मानिसहरूलाई आˆनो बनाउने प्रयास गनैभएको ज्यादै व्यावहारिक मान्नु पर्दछ । उहाँको त्यही व्यावहारिक कार्य कुशलता, सहयोगपूर्ण व्यवहार तथा मैत्रीभान र



Downloaded from http://dhamma.digital/

समाजोपयोगी सक्रियातले गर्दा थुप्रै-थुप्रै मानिसहरू बुद्ध विहारमा आवत जावत गर्ने गरेका बुझिन्छ । पछि क्रमश सबै पक्षका बौद्धहरू बुद्ध विहारको क्रियाकलापहरूमा सम्मिलित हुँदै गए र आज-भोति यो क्रिया तीब्र गतिले बढ्दो छ ।

धर्मशीला गुरूमाले वैशाख पूर्णिमालाई सिद्धार्थ गौतमको जन्म, बुद्धत्व प्राप्ति र महापरिनिर्वाण दिवसको रूपमा भव्यरूपले मनाउन २/३ पटक प्रयास गर्नुभएको थियो । बुद्धको मूर्ति खटमा राखी बजार परिक्रमा गर्नुभयो । तर यो क्रमलाई नियमित पारी राख्न कठिन भयो । २०१८ सालमा एक पटक सशक्त प्रयास भयो । राष्ट्रियव्यावसायिक माध्यमिक विद्यालय, श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कूल, स्थानीय समाजसेवी, साहु महाजनहरू सबैको सहयोगले वैशाख पूर्णिमा विभिन्न कार्यक्रमहरू राखी भव्य रूपले मनाइयो । तयसबेला पोखराको भ्रमणमा आउनुभएका अष्ट्रेलियन भिक्षु क्षान्ति पालज्यूले विभिन्न ठाउँहरूमा प्रवचन दिएर उचित सल्लाह र सुझाव दिएर समारोह सफल पार्न धेरै सघाउ पुऱ्याउनु भएको थियो । उहाँको धर्मदेशना र प्रवचनको डा. राधेश्याम कायस्थे नेपालीमा अनुवाद गरी सहायोग गर्नुभएको थियो । त्यसबेलाका नेपालीमा अनुवाद गरी सहयोग गर्नुभएको थियो । त्यसबेलाका प्रधानाध्यामक श्यामप्रसाद पन्त र सहयोगी डा. कायस्थबाट प्राप्त सहयोग स्मरणीय छ । त्यर्स वर्षदेखि प्रत्येक वैशाख पूर्णिमाका दिन बुद्धको मूर्ति रथमा राखी बजार परिक्रमा गर्ने, ज्ञानमाला भजन गाउने काम निरन्तर चलिरहेको छ । समयको क्रमसँगै पोखरामा गुम्बाहरू बढ्दै गएको र ती गुम्बाहरूसँग निकटको सम्पर्क र सम्बन्ध राखी अनगनरिका धर्मशीलाले बुद्धधर्मको प्रचार र प्रसारमा गति ल्याउन बुद्धजयन्तीलाई सप्ताहव्यापी रूपमा मनाउन थाल्नु भएको थियो ।

यस पंक्तिकारलाई यहाँनेर के संस्मरण हुनछ भने २०१८ सलमा बुद्धजयन्ती मनाउन बुद्ध विहारमा बोलाइएको पहिलो बैठकमा राष्ट्रिय बहुउद्देश्यीय उच्च माविका प्रधानाध्यापक श्यामप्रसाद पन्तले त्यसै स्कूलको ठूलो कक्षाका मोहरिया टोल निवासी गोपालमान बुद्धाचार्य र अलि सानो कक्षाका यस पक्तिकारलाइै कार्यालयमा बोलाएर वैशाख पूर्णिमामा बुद्धजयन्ती मनाउने सम्बन्धमा बैठक बोलाइएको छ, तिमीहरू जाऊ भन्नुभएको थियो । उहाँको त्यही आदेशले मलाई आˆनो धर्मको पहिचान भएको तथा सक्रियतापूर्वक संलग्न हुने अवसर र प्रेरणा मिलेको थियो । जसको लागि म हेडमाष्टर पनतज्यूप्रति हार्दिक आभार एबम् कृतज्ञता ज्ञापन गर्दछु ।

गुरूमाकै सक्रियताको केही वर्ष यत वैशाख पूर्णिमाको उपलक्ष्यमा सप्ताहव्यापी कार्यत्रःम राखेर प्रतयेक गुम्बा, चैत्य, शान्ति स्तूपमा प्रत्येक दिन पालैपालो गरेर पूजा अर्चना गर्ने, धर्मदेशना र प्रवचन गोष्ठी आदि गरेर मनाउने गरिएको छ । त्यसबाट बौद्ध गुम्बा र जिहारहरू तथा बौद्ध संस्थाहरू बीच सकझदारी, सौहार्द्रता र सद्भावना बढेको सबैले कहशुर गरेका छन् । त्यस्तो बौद्ध क्रियाकलापहरूमा पोखरा उद्योग वाणिज्य संघ र पोखरा नगरपालिकाले सहयोग गर्दै आएको कुरा पनि उल्लेखनीय छ ।

### ८. ज्ञानमाला संघको गठन

त्यसपछि धर्मशीला गुरूमाले ज्ञानमाला भजनमृ माध्यमले बुद्धधर्मको प्रचारमा सघाउ पुग्न जाने कुरा महशुस गर्नुभयो । उपासक उपसिकाहरूलाई एकत्रित पारेर संस्थागत काम गर्न प्रेरित गर्ने अभिप्रायले २०२२ सालमा ज्ञानमाला संघको गठन गरिदिनु भयो । त्यस संघको गठनले बुद्धकर्मको प्रचारमा पअपरू गति थपियो । तयस कार्यका संस्थापक सभापति प्रज्ञारत्न बज्राचार्य। उप-सभापति धनबहादुर उदास, सचिव रत्नकुमार कायस्थ (भिक्षु श्रद्धानन्द), भैरवबहादुर आदिको योगदान महत्त्वपूर्ण रहेको छ । केही वर्ष यतादेखि श्री कृष्ण उदास, श्री सुवर्ण बज्राचार्य र श्री सोम बज्राचार्यले पनि उत्तिकै सहयोग पुऱ्याउनु भएको छ । साथै यस विहारमा ज्ञानमाला संघको अन्य सदस्यहस्को निस्वार्थ परिश्रम ज्यादै उल्लेखनीय छ ।



Downloaded from http://dhamma.digital/

ज्ञानमाला भजनको चर्चा गर्दा एउटा के कुरा पनि उल्लेखनीय हुन्छ भने ज्ञानमाला भजनहरू परम्परागत रूपमा नेपाल भाषामा पमत्र गाउने गरिएकोमा पोखरामो ज्ञानमाला संघले त्यो परम्परा तोडेर नेपाली भाषामा गाउन थाल्यो । नेवरीमा रचाना गरिएको ज्ञानमाला भजनमो नेपालीमा अनुवाद गरेर तथा  केही नेपाली भाषामा नै रचना गरी प्रज्ञारत्न बज्राचार्यले गाउन थालेपछि त्यसको लोकप्रियता अरू बढ्न गयो । त्यसकृ अतिरिक्त, नेपाली भाषामा गाइएका भजनलाई नेपालीमा पहिलोपटक सोम बज्राचार्यको स्वर क्यासेटमा भरेर प्रचार गर्ने काममा पनि पोखराले कीतिएमान कायम गरेको छ । पोखराको ज्ञानमाला संघको सो कार्यबाट गैर नेवार भाषाको क्षेत्रमा पनि ज्ञानमालाको सन्देश पगेको, बुद्धधर्मको प्रचार-प्रसार बढेको तथा ज्ञामाला भजन गाउने, लेख्ने र संगीत भर्ने कामना गति थपेको अनुभव गरिएको छ ।

## ९. प्रथम महापरित्राण र बौद्ध सम्मेलन

धर्मशीला गुरूका सकारात्मक र रचनात्मक विचारका हुनुहून्थ्यो । त्यसो भएकाले उहाँले एउटा न एउटा बौद्ध गतिविधिहरू गर्दै जानुभएको पाइन्छ । एक पटक उहाँमा महापरित्राण गर्ने तीब्र इच्छा उत्पन्न यो । त्यसलाई सम्पनन गनए उहाँले अथक पपरश्रम गनुएभयो । लातावरण मिलाउने प्रयास गर्नुभयो । तत्कालीन गण्डकी अञ्चलाधीश दानबहादुर शाक्यको अध्यक्षतामा आयोजक समिति गठन भयो र २०२० साल कार्तिक २९ गतेदेखि मंसिर १ गतेसम्म पोखरामा महापरित्राण तथा पहिलो बौद्ध सम्मेलनको भव्य आयोजना गरियो । मापरित्राण आफैंमा बौद्धकर्मको एक महान अनुष्ठान हो । त्यसलाई अरू महत्त्वको पार्ने, आकर्पाक एवम् अविष्मरणीय गराई राख्ने अभिप्रायले अन्य विभिन्न कार्यक्रमहरू पनि समावेश गरिएको थियो । महापरित्राणको सिलसिलामा एकातिर रोचक एवम् ज्ञानवर्द्धक बौद्ध पोष्टर प्रदर्शनी भैरहेको थियो भने अर्कोतिर बौद्ध सम्मेलनको आयोजनाले कार्यक्रमको गरिमा अरू बढाएको थियो । त्यो बौछ सम्मेलन आ ँनृ हिसिमको नेपालमा नै पहिलो अवधारणा आएको थिएन ।

महापरित्राणको उपलक्ष्यमा आयोजक समितिले पभक्षु सुदर्शनद्वारा लिखित बुद्धधर्म र बौद्ध संस्कृति नामक किताब प्रकाशित गरेको थियो । पोखराबाठ प्रकाशित भएको बुद्धधर्म सम्बन्धी त्यो पहिलो हिताब हो । त्यास महापरित्राण र बौद्ध सम्मेलनमा काठमाडौं, पाटन, भक्तपुर लगायत त्रिशुली, नासेन, बुटवल, सिद्धार्थनगर र नारायणघाटका सयौं उपासक उपासिकाहरू सम्मिलित हुन आउनु भएको थियो । संस्थागत रूपमा हेर्ने हो भने त्यस पहापरित्राण र बौद्ध सम्मेलनमा भाग लिने संस्थाहरूमा अखिल नेपाल भिक्षु महापरित्राण र बौद्ध सम्मेलनमा भाग लिने संस्थाहरूमा अखिल नेपाल भिक्षु महासंघ, अखिल नेपाल बौद्ध संघ, नेपाली बौद्ध समाज, काठमाडौं युवक बौद्ध मण्डल, लुम्बिनी विकास सहयोग समिति,  सुगतपुर बौद्ध मण्डल, त्रिशुली ज्ञानमाला संद्बहरू, धर्म संघ बुद्ध विहार पोखरा र महापरित्राण आयोजक समिति पाखरा मुख्य थिए । ती विभिन्न संघ संस्थाहरूले भाग लिएको त्यस बौद्ध सम्मेलनको पूर्ण सभाले काम छिटो छरितो किसिमले सम्पादन गर्न विभिन्न शीर्षकमा ४ उप-समितिहरूको गठन गरिएको थियो ।

१. विश्वशान्ति र बौद्धधर्म उपसमितिमा सर्वश्री भिक्षु अमृतानन्द महास्थविर, भिक्षु शाक्यनन्द महास्थविर, शान्ति सुरभ (काठमाडौं) र मक्तिलाल श्रेष्ठ

२. नेपाली बौद्ध साहित्य र संस्कृति उप-सतितिमा भिक्षु ज्ञान पूर्णिक, भिक्षु विवेकानन्द, श्री साजमान उपासक र श्री सुन्दरप्रसाद मर्सानी

३. लम्बिनी विकास गुरूयोजना र राष्ट्र संघ उपसमितिमा भिक्षु अनिरूद्र महास्थविर, भिक्षु सुदर्शन, श्री प्रेमबहादुर शाक्य। श्री पुण्यरत्न शाक्य र श्री तिलकमान गुभाजू



Downloaded from http://dhamma.digital/

४. बौद्धधर्म र आजको समाज उप-समितिमा भिक्षु कुमार काश्यप, श्री केशवराज पराजुलस् र श्री कालु उपासक रहनुभएको देखिन्छ ।

धर्मशीला गुरूमाको सदिच्छा अनुसार सम्पन्न भएको त्यस महापरित्राण र बौद्ध सम्मलेनको महत्त्व र उपादेयता के रहेछ भनेर खोतल्यौं भने यी पंक्तिहरूलाई अरू लम्ब्याउनु पर्ने, अरू विस्तृत पार्नू मर्ने हुन जान्छ। त्यसको महत्त्व र उपादेयताका सम्बन्धमा यति नै भन्नु पर्याप्त हुन्छ । कि श्री ५ महाराजाधिराज सरकारबाट स्वयम् कारणवशः त्यस महापरित्राण र बौद्ध सम्मेलन समारोहमा सरिक हुन असमर्थ भएको कारणले मौसूफबाट समारोहको सफलताको कामना गरी शुभकामना सन्देश पठाई बक्सेको थियो । मौसूफको शुभकामना सन्देशले वौद्ध सममलेनलको गरिमा अरू बयेको थियो । तत्कालीन खाद्य तथ कृषिमन्त्रश्र श्री रविन्द्रनाथ शर्माद्वारा उद्‌घाटित त्यस बौद्ध सममेलनले भगवान बुद्धको जम्मस्थल लुम्बिनीको छिटो विकारको लागि तीनवटा जाडदार प्रस्तावहरू पारित गरेको थियो भने विद्यालयको प्रारम्भिक कक्षालेखि उच्च कक्षासम्मको पाठ्‌यक्रममा बौद्धकर्मको नैतिक शिक्षा सम्मावेश गर्न श्री ५ को सरकारसँग माग गर्ने, रुडियो नेपालबाट बौद्ध धर्मको प्रचार प्रसारको व्यवस्था मिलाउन श्री ५ को सरकारसँग अनुरोध गर्ने, बौद्धधर्मको विशेपा पर्वहरूमा मासु बिक्री गर्न र शराव बिक्री गर्नमा कषईपूर्वक रोक लगाउने, बौद्ध राहित्यको उत्थान र प्रोच्साहनको लागि राजकीय प्रज्ञा प्रतिष्ठानमा बौद्ध साहित्य सम्बन्धी विद्वान विशेपाज्ञलाई पन्सिदस्यता पाउनुपर्ने भनेर माँग गर्ने आदि प्रस्तावहरू पारित गरेको पाइन्छ । ती प्रस्तावहरू बुद्धधर्मको उन्नति, प्रगाति र विकासका लागि के कत्ति आवश्यक छन्। समसामयिक छन् भन्ने प्रश्नको जवाफ नै सम्मेलनमो एक उपादेयता हो । महापरित्राणको उपादेयता सम्बन्धमा एकजना विदेशी नागरिकको प्रश्नको जवाफ नै सम्मेलनको एक उपादेयता हो । महापरित्राणको उपादेयता सम्बन्धमा एकजना विदेशी नागरिकको प्रश्नको जवाफमा धर्मशीला गुरूमाले के जवाफ दिनुभएको मैले सुनेको थिएँ भने पोखरामा महापरित्राण गरेर क-कसले के-के फल पाए, त्यसको हिसाब मसँग छैन । तर मैले भने होटल न्यू क्रिष्टाका मालिक श्री सानु रत्न स्थापितले बनाइदिनु भएको नयाँ चिटिक्क परेको विहार पाएको छु भनेर उहाँले हँसाउनुभएको मलाई याद छ । मएकै कुरा चर्चा हुँदा एउटा अर्को घटना याद आउँछ त्यो के भने यस पत्तिका लेखकले त्यस समारोहको सचिव भई काम गरेर सम्मलेलन सफल पारेको भनेर भिक्षु सुदर्शनलृ समापन समारोहमा अप्रत्यसित किसिमले यस पत्तिका लेखकलाई अपूल्य चीवर पुरस्कार दिनुभएको थियो । छारिएर रहेको बौद्ध धर्मावलम्बीहरूलाई एकत्रित गर्ने काम भएको छ र बुद्धधर्मको विकासमा अरू तीब्रता आएको अनुभव भएको छ ।

### १०. जयलाल लम्साल बुद्धधर्ममा प्रवेश

त्यस महापरित्राण्को लगतै पछि धर्मशीला गुरूमासँग बुद्धधर्मका किताब लिदै केही वर्षदेपख अध्ययन गर्दै आउनुभएका तथा उहाासँग बुद्धकर्म सम्बनधी शिक्षा सिक्नु भएका कास्की जिल्ला अन्तर्गत घाचोक निवासी श्री जयलाल लम्साल बौद्ध गतिविधि देखेर ज्यादै प्रभावित भई आफू प्रवज्जित हुन् निर्णय गर्नुभयो । एउटा ब्रामहण कुलमा जन्मेका बयोवृद्ध समाजसेवी एवम् साजनैतिक कार्यमर्ता श्री जयलाल लम्साल प्रवज्जित हुनु एक ठूलो उपलब्धि सम्झेर भिक्षु अमृतानन्द महास्थविरज्यूसँग आवश्यक सर सल्लाह भयो । भिक्षु अमृतानन्दको निर्देशन अनुसार कुशीनगरमा गएर २०३५ सालमा ७५ वर्षको उमेरमा उहाँ प्रवज्जित हुनुभयो । त्यसबेला त्यहाँ धर्मशीला गुरूमा, मीनबहादुर गुरूङ र उहाँकी श्रीमती वसन्तकुमारी गुरूङ पनि जानुभएको थियो । प्रवज्जा पश्चात उहाँ भिक्षु सुभद्र नामले परिचित हुनुहुन्छ । २०३५ सालमा उहाँले गुरूमाकै दायकत्वमा काठमाडौंमा उप-सम्पदा प्राप्त गर्नुभएको थियो ।



Downloaded from http://dhamma.digital/

जयलाल लम्साल बुद्धधर्ममा कसरी प्रवज्जित कुनुभयो् भन्ने कुरा एउटा रोचक विषय छ । उहाँ एउटा प्रतिष्ठित जिमुवाल पुरेत परिवारमा जन्मनुभएकाले समाजम उहाँको मान, सम्मान र मर्यादा थियो । इज्जत र प्रतिष्ठा थियो र समाजमा हाँक र ढाँक थियो । सम्पत्ति र वैभवको कुनै कमी थिएन र उहाँको भौतिक पइच्छा र चाहना पूरा हन त्यति कठिन थिएन । तर पनि उहाँ सादा जीवन यापन गर्न चाहनुहुन्थ्यो । उहाँको उद्देश्य ठूलो थियो । विशाल थियो । देश आत्मनिर्भर हुनुपर्दछ भनेर उहाँले २००७ सालदेखि नै आˆनै गाउँम बनेको खस्रो घरबुनाको लुगा लगाउने गर्नुभयो । उहाँको त्यो पहिरन बुद्धधर्ममा प्रवज्जित नभएसमम कायम थियो । उहाँले जे कुराको पनि आफै उदाहरण बनेर देखाउने गर्नुहून्छ । यो  उहाँको बानी हो, स्वभाव हो ।

पछि पनि उहाँले कर्मशील गुरुमाबाट बौद्ध दर्शन सम्बन्धी किताब लगेर हेर्नुभयो । उहाँले बुद्धधर्म र हिन्दूधर्मको भनाई र गराई तथा सिद्धान्त र व्यवहारको तुलनात्मक अध्ययन गर्नुभयो विहारमा उहाँको आवत जावत अरू बढ्न लाग्यो । केही ब्राम्हणहरू बुद्धलाइै विष्णुको नवौं अवतार भन्छन् तर कहिल्यै विहारमा गएर धर्मश्रवण गर्ने, बुद्धको पञ्चशील प्रचार गर्न मन पराउँछन् तर उनीहरूले कहिल्यै एउटा बोटले आˆनो शाखालाई दिने जस्तो टेवा (सहयोग) बुद्धधर्मलाई दिएको उहाँले देख्नुभएन । त्यसको विपरीत, आफू बुद्ध विहारमा गएकोमा पनि आपत्ति जनाए झैं गरी असन्तुष्ट प्रकट गर्दछन् । उहाँलाई यो आश्चर्य लाग्दछ । आश्चर्य नलागोस् पनि किन ? उहाँलाई पो बुद्ध विष्णुको नवौं अवतार भन्ने मात्र थाहा छ । विद्वानहरूले त 'हस्तिना ताड्ये मानोपि नगच्छेत् बौद्ध मन्दिरम्' अर्थात् हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नजाऊ भनेर आदेश भएको पनि त थाहा पाएका छन् । शास्त्र पनि कति जटिल । कति जेलिएको एकातिर भगवान बुद्धलाई विष्णुको अवतार भन्ने अर्कोतिर हात्तीले कुल्चे पनि बुद्ध मन्दिरमा नजाऊ भनेर निषेधाज्ञा जारी गर्ने । कसलाई मान्ने ? कसलाई नमान्ने ? कुन सत्य ? कुन असत्य ? कस्तो रनभुल्लमा पार्ने कुरा ? तैपनि ब्राम्हणहरूलाई थाहा छ- आदेश भनेको आदेश हो । त्यो आदेशको शिरोधार्य गरेर ब्राम्हणहरू बुद्ध विहारमा त्यसरी नआउने गरेको हुन् कि ? त्यो जे भए  पनि जयलाल लम्सालज्यूले त्यो रहस्यको कुरा बुझ्न उहाँले अरू अध्ययन गर्नुभयो । उहाँले जति अध्ययन गर्दै जानुयो , उति बुद्धर्धर्म प्रति आकर्षित हुँदै जानुभयो । धम्मपदमा लखिएको छ 'न जच्चा वसलो होति, न जच्चा होति ब्रामहण, कम्मना वसलो होति कम्मना होति ब्राम्हणद'  हुन्छ भन्ने बुद्ध वाक्यले उहाँको हृदयलाई छोयो । उहाँमा एक किसिमको सवेग उत्पन्न भयो र एक दिन उहाँले आफूले वर्षौंदेखि लगाउँदै आएको जनैको कुनै औचित्य नभएको महशुस गरी ७२ वर्षको उमेरमा जनै लगाउन नै छोड्नुभयो । उहाँको त्यो व्यवहारले ब्राम्हण समूहलाई विचार विमर्शको लागि नयाँ खुराक प्राप्त भएको अनुभूति भयो । त्यसबेला त्यो घटना सनसनीपूर्ण समाचार बनेर फैलिएको कुरा आजभोलि पनि कही कतै चर्चा परिचर्चा भएको सुनिन्छ ।

बुद्धधर्मतिर अग्रसर हुने उहाँको त्यो एउटा ठूलो साहसिक पाइला हो । किनभने कतिपय बुद्धिजीवी विद्वान्हरू छन् जो गौतम बुद्धलाई महामानव भनी स्वीकार्दछन् र बुद्धधर्मलाई शान्तिवादी धर्म, अहिसात्मक धर्म, वैज्ञानिक किसिमको धर्म भनेर पनि व्याख्या गर्दछन्। बुद्धको शाश्वत सनदेशलाई ग्रहण गर्न साहस जुटाउन सक्दैनन् । यो एक किसिमको मावनीय कमजोरी हो ।

प्राय मानिसहरू युवावस्थामा क्रान्तिकारी विचारका हुन्छन् । उनीहरू परिवतैन चाहन्छन् र खुब सुभार गर्न खोज्दछन् । साहसिक व्यक्तिहरूले केहीले गरेर देखाउँछन् पनि तर जब बुढेसकाल लाग्छ तब उनीहरूको क्रान्तिकारी भावना सेलाउँदै जान्छ । परिवर्तनको चाहना त्यसै अधुरो रहन्छ र सुधारको नाममा ठोस काम कुरा गर्न नसकी जीवन त्यसै बर्बाद भएर जानछ । त्याग र तपूया हराउँछन् । इतिहास मेटिन्छ । यो कालचक्रको साधारउा नियम हो । यो परिस्थितिको दास हुनेहरूका लागि लागु हुने शाश्वत धर्म हो । तर जयलाल लम्सालले ७५ वर्षको बृद्ध उमेरमा पनि युवा जोश कायम राखी परिवर्तन चाहनुभयो । पारिवारिक घुर्की अवरोधलाई अस्थायी समझेर, सामाजिक



Downloaded from http://dhamma.digital/

बहिष्कारको कुरालाई अनर्गल प्रलाप मात्र ठानेर, पम्पराको बन्धनलाई तोड्नुभयो परिस्थितिको दासताबाट आफूलाई मुक्त पार्नुभयो, विवेकको आवजलाई पूरा गरिदिनुभयो र शाश्वत सत्य कुरा अंगाल्ने साहस गर्नुभयो र बुद्धधर्ममा उहाँ प्रबज्जि हुनुभयो । बौद्ध भिक्षु हुनुभयो । ७५ बर्षको उमेरमा उहाँ बौद्ध भिक्षु हुनुभयो ।

भिक्षु सुभद्र अहिले ८६ वर्षका हुनुहुन्छ । नम्रबोली, शीलयुक्त स्वयाव र सापदा जीवन यापन गर्न रूचाउने उहाँलाई झट्ट हेर्दा उहाँको जीवन दर्शन कस्तो छ भनेर अड्कल गर्न सकिंदैन । उहाँमा देखावट गर्ने प्रवृत्ति छैन, लामो लामो कुरा गरेर आ̂नो विचार प्रकट गर्ने स्वभाव छैन र ठूलठूलो स्वरले बोलेर प्रचार गर्ने बानी पनि छैन । उहाँ आ̂नो काम आ̂नै किसिमले खुरूखुरू गर्नुहुन्छ, अथक परिश्रमले । यस्तो बयोवृद्ध अवस्थामा पनि उहाँले थाक्यो भनेर विश्राम लिन जान्नुहुन्न । आ̂नो जन्मस्थान घाचोक र पोखराको ४/५ घण्टाको पैदल हिंड्नुपर्ने बाटोमा पनि उहाँ कतै विश्राम नगरी सजिलै आवतजावत गर्नुहुन्छ । उहाँ जोश छ, जाँगर छ र अदम्य साहस छ । त्यो जोश र जाँगर देखेर उहाँका निकटतम सहयोगी पं. मुक्तिनाथ तिमिल्सिनाले उहाँलाई ८५ वर्षका "युवा" भन्नुभएको थियो । हुन पनि उहाँमा युवाचित गुणहरू पर्याप्त छन् । उहाँ युवासरह दौडधुप गर्न सक्नुहुन्छ र युवा जस्तै क्रान्तिकारी विचार लिनुहुन्छ ।

भिक्षु सुभद्रले माछापुच्छ्रे हिमालको काखमा रहेको आ̂नो गाउँमा २०४५ सालमा माछापुच्छ्रे विहार स्थापना गर्नुभएको छ । त्यहाँ त्यो विहार स्थापना भए पश्चात धर्मको अभिवृद्धि भएको मात्र होइन, विहारको माध्यमबाट समाजसेवाका कामहरू पनि भएका छन् । त्यसलाई अरू विस्तृत र व्यापक पार्न सकिन्छ । संक्षिप्तमा भनौं भने माछापुच्छ्रे बुद्ध विहारलाई केन्द्रविन्दु मानेर त्यसको माध्यमबाट त्यहाँ धेरै जनोपयोगी कार्यक्रमहरू लागु गर्न सकिन्छ । तर त्यस्ता कार्यक्रमहरू माथिबाट लाद्नु भन्दा स्थानीय जनताकै सक्रियतामा हुनु धेरै राम्रो हुन्छ । त्यो भएमा सम्बन्धित पक्षहरूबाट सहयोग र सहायताका अपेक्षा पनि गर्न सकिन्छ र त्यसो भएमा त्यो बुद्ध विहार घाचोकको लागि सामाजिक दृष्टिले पनि वरदान सावित हुन सक्छ ।

त्यो जे भएपनि धर्मशीला गुरूमाले जयलाल लम्साललाई बुद्ध धर्ममा प्रव्रज्जित गराउने र उपसंपदा गराउने जुन भूमिका खेल्नुभयो, त्यो ज्यादै प्रशंसनीय छ, सामयिक छ । उहाँको त्यस कार्यबाट यस क्षेत्रमा बुद्ध धर्मको अभिवृद्धि गर्नमा ठूलो सघाउ पुग्न गएको छ ।

### ११. **विहारमा निर्माण कार्यहरू :**

धर्मशीला गुरूमां विकासप्रेमी हुनुहुन्थ्यो । उहाँ विकास र निर्माणका काम कुराहरूमा अत्यधिक रूचि राख्नुहुन्थ्यो । कहीं न कहीं, केही न केही भैरहोस् भन्ने चाहनुहुन्थ्यो र आफू स्वयं पनि केही न ही गरिरहनु नै हुन्थ्यो । बुद्ध विहारको हाताभित्र सिंहावलोकन गऱ्यों भने त्यहाँ केही न केही काम भैरहेको नै पाउँछौं । ती सबै उहाँकै प्रेरणा, प्रोत्साहन र अथक परिश्रमका प्रतिफल हुन् भन्नु अतिशयोक्ति हुने छैन ।

### १२. **सानुरत्न स्थापितद्वारा विहार निर्माण :**

पहिलो महापरित्राण भएको बेलामा अन्य उपासक-उपासिका झैं न्यू होटल क्रिष्टलका मालिक काठमाडौं निवासी श्री सानुरत्न स्थापित आ̂ना परिवार सहित पोखरा आउनु भएको थियो र उहाँहरूले बुद्ध विहारमा यताउता सबै निरीक्षण गर्नुभयो । उहाँहरू गुरूमाको शील, स्वभाव, कथावाचन शक्ति देखेर निकै प्रभावित हुनुभयो । तर त्यहाँ गुरूमाको लागि सुत्ने बस्ने कुनै छुट्टै कोठा देख्नुभएन । आगन्तुक अतिथि भन्तेहरूका लागि पनि त्यहाँ बास बस्ने उचित एवम् पर्याप्त स्थान पाउनु भएन । पोखराको विहारको त्यो स्थिति देखेर उहाँहरूले गुरूमाको लागि चारवटा



Downloaded from http://dhamma.digital/

कोठा भएको एउटा विहार बनाइदिने वचन दिनुभयो । फलतः २०३३ सालमा चारवटा कोठाहरू, एउटा प्रार्थना हल र छुट्टै आधुनिक शौचालय समेतको व्यवस्था भएको विहार बनाइदिएर उहाँले ठूलो उदारता देखाइ दिनुभएको छ । त्यस विहारको निर्माणले अतिथिहरूको बसोबास र बुद्ध पूजाको लागि मात्र सुविधा पुगेको होइन, बुद्ध धर्मको प्रचार प्रसारमा समेत त्यसले ठूलो टेवा पुऱ्याएको छ । त्यस विहारमा सम्वत २०४० सालमा स्थापित, थाइल्याण्डमा निर्मित बुद्धको ठूलो मूर्ति र सारिपुत्र तथा मौद्गल्यानका प्रतिमा थाइल्याण्डका भिक्षु श्री सोमछाइ प्रेमक्षुक र उहाँका सहयोगीको सौजन्यबाट प्राप्त भएका हुन् । ती सुन्दर एवम् भव्य मूर्तिहरूले विहारको शोभा एवम् गरिमा बरू बढाएका छन् र ती मूर्तिहरू आज थाइ-नेपाली जनस्तरमा भएको मित्रता, सहयोग र सद्भावनाको अमर प्रतीक भएर रहेका छन् । साथै विहार निर्माता सानुरत्न स्थापितले प्रदान गर्नुभएको बुद्ध मूर्ति पनि त्यही स्थापित छ ।

## १३. देश विदेशमा आयोजित बौद्ध गतिविधिहरूमा सहभागिता :

धर्मशीला गुरूमाले पोखरामा आफूले महापरित्राणको आयोजना गरेर मात्र आफ्नो इच्छा पूर्ति भएको सम्झनुभएन । महापरित्राणलाई उहाँले बौद्ध धर्मावलम्बीहरूको आवत जावत गर्ने एक माध्यम, सम्पर्क र सम्बन्ध बढाउने एक अवसर, सबै बौद्धहरू एकै पटक भेला हुने एउटा उपयुक्त ठाउँको रूपमा पनि लिनुहुन्थ्यो । त्यसैले उहाँ अन्य ठाउँहरूमा सम्पन्न भएका महापरित्राणहरूमा पनि आफू स्वयम् जाने र आफू जान नसके बुद्ध विहारको तर्फबाट उपासक-उपासिकाहरू, ज्ञानमाला भवन टोली पठाएर सम्मिलित गराउनु हुन्थ्यो । विभिन्न समयमा लुम्बिनी, कुशीनगर, नारायणघाट, तानसेनमा सम्पन्न भएका महापरित्राणहरूमा पोखराबाट भाग लिएको त्यसको ज्वलन्त उदाहरण हुन् ।

महापरित्राण समारोहहरूमा मात्र होइन, देश विदेशमा भएका अन्य गोष्ठी सम्मेलनहरूमा पनि धर्मशीला गुरूमाले सकारात्मक भूमिका खेल्नुभएको थियो । त्यस्ता कतिपय समारोहरूमा उहाँ आफै उपस्थित भएर सक्रियता देखाउनु भएको थियो । कथंकदाचित आफू उपस्थित हुन असमर्थ भए विहारको प्रतिनिधि पठाएर सहभागी बनाउने गर्नु भएको थियो ।

त्यसमध्ये जापानका बयोवृद्ध भिक्षु श्री निचिदात्सु फुजीले पटनाको राजगीरमा, श्रीलंकाको श्री पादमा र बेलायतको व्याटर्सी पार्कमा निर्माण गर्नुभएको विश्व शान्ति स्तूपको उद्घाटन समारोहहरूमा उहाँको उपस्थिति विशेष उल्लेखनीय मानिन्छन् । २०३८ सालमा जापानको राजधानी टोकियोमा विश्वका सबै प्रमुख धर्मावलम्बीहरूले भाग लिएका विश्व शान्ति सम्मेलनमा बुद्ध विहारको तर्फबाट भूतपूर्व उपमन्त्री श्री मीनबहादुर गुरूङ र उहाँकी धर्मपत्नी बसन्तकुमारी गुरूङका साथ धर्मशीला गुरूमा आफै त्यहाँ जानुभएको थियो । त्यहाँ आफ्नो उदार मैत्री भावले गर्दा उहाँले उहाँका नजिक आउने धेरै जापानीहरूको मन जित्नुभएको थियो र थोरै समयमा नै धेरै जापानी मित्र बनाउनु भएको थियो । उनीहरू मध्ये टोकियो स्थित हिडियो फुजी र उहाँकी धर्मपत्नी, शिङ्जुकुवाका एम. नारीमत्सु र उहाँकी धर्मपत्नीसँग उहाँको आत्मीय सम्बन्ध थियो । छोटो समयको अन्तरालमा नै यति घनिष्ठता कायम भयो कि जापान बसाईबाट फर्कदा दुवै तर्फबाट अविरल आँसु वर्षेको र बिछोडको वेदनाले दुवैको मन पग्लेको दृश्य ज्यादै संवेदनशील एवं हृदय विदारक भएको कुरा त्यहाँ उपस्थित सहयोगीले बताउनु भएको थियो ।

जापानको कुदानकिता विहारका कुमांगाई अञ्जुसाँसँग उहाँको यस्तो घनिष्टता र आत्मीय सम्बन्ध स्थापना भयो कि कुमागाई अञ्जुसाँले मरणोपरान्त उहाँलाई सम्झिरहन र सम्मान व्यक्त गर्न उहाँ सुत्नुभएको आफ्नो विहारको कोठामा उहाँको फोटो राख्नुभएको छ र त्यसमा प्रत्येक दिन धुप बाल्ने गर्नुहुन्छ । नेपालीहरू कोही त्यहाँ गएमा उहाँले ती नेपालीहरूलाई धुप बाल्न लगाउनुहुन्छ ।



Downloaded from http://dhamma.digital/

त्यस्तै गरेर धर्मशीला गुरूमा २०४२ सालमा बेलायतको ब्याटर्सी पार्कमा निर्मित विश्व शान्ति स्तूपको उद्‌घाटन समारोहमा पनि श्री मीनबहादुर गुरूङका साथ जानुभएको थियो । त्यहाँबाट फर्केर २/३ दिनमै उहाँहरू फेरि जापानमा श्रद्धेय गुरू श्री निचिदात्सु फुजीको परिनिर्वाण भएको औपचारिक समारोहमा भाग लिन जापान जानुभयो । त्यस्तो दुःखको घडीमा टाढा टाढादेखि समवेदना प्रकट गर्न त्यसरी सहभागी बन्नुभएकोमा जापानी मित्रहरूले धेरै सराहना गरेका थिए । सुखको बेलामा मात्र होइन, दुःखको बेलामा पनि त्यसरी साथ, समर्थन र सहभागी हुनुभएकोमा जापानी सहयोगीसँगको उहाँको मित्र अरू गहिरो र आत्मीय हुँदै गएको थियो । उहाँको त्यो सहयोगपूर्ण भावनाले गर्दा जापानी साथीहरूको समूहमा नेपाल र नेपालीको छाप राम्ररी परेको थियो ।

त्यसभन्दा पहिले श्री फुजी गुरूज्यू जीवित भएको बेलामा उहाँकै उपस्थितिमा उहाँ १०० वर्ष पुग्नुभएको उपलक्ष्यमा जापानमा भएको भव्य समारोहमा धर्मशीला गुरूमा आफै उपस्थित हुनु, असमर्थ हुनु भएकाले उहाँले विहारको तर्फबाट श्री पुष्करमान बुद्धाचार्य, श्री प्रकाशमान गुभाजू, श्री तेजमान बुद्धाचार्य र श्री कृष्णबहादुर गुरूङलाई पठाउनु भएको थियो । त्यस्तै आफू अशक्त भएको बेलामा पनि उहाँले पटनाको राजगीरमा भएको शान्ति पदयात्रा र शान्ति स्तूपको १७ औं वार्षिक समारोहमा ३८ जनाको टोली पठाएर समारोहको शोभा बढाइ दिनु भएको थियो । त्यसैगरी अन्तर्राष्ट्रिय शान्ति वर्षको उपलक्ष्यमा २०४३ सालमा काठमाडौंमा आयोजित 'विश्व शान्ति र बुद्धधर्म' विषयक गोष्ठीमा गुरूमाले यस पंक्तिका लेखकलाई भाग लिन पठाउनु भएको थियो ।

त्यस सम्बन्धमा पछि भएका २/४ कुराहरू यहाँ थप्नु प्रासाङ्गिक हुन्छ होला । २०४४ सालमा धर्मशीला गुरूमाको पुण्य स्मृतिमा उहाँकै पुण्य तिथिमा पोखरामा सम्पन्न भएको दोश्रो महापरित्राण तथा बौद्ध सम्मेलनमा शान्तिस्तूप सम्बन्धमा विस्तृत विचार विमर्श भए पश्चात् शान्ति स्तूप पुनः निर्माण गर्न भिक्षु श्री सुदर्शन महास्थविरज्यूको अध्यक्षतामा राष्ट्रिय समिति गठन भएको छ । त्यस समितिमा श्री मीनबहादुर गुरूङ, लोकदर्शन वज्राचार्य र सानुरत्न स्थापित तीनजना उपाध्यक्ष हुनुहुन्छ भने कोषाध्यक्षमा श्री प्रकाशमान गुभाजू र सदस्यहरूमा श्री विष्णुदेवी श्रेष्ठ ( धरान), श्री चकोरमान शाक्य (पाल्पा, तानसेन) र श्री बिलबहादुर गुरूङ (पोखरा) रहनु भएको छ भने यस पंक्तिका लेखक तिलकमान गुभाजू त्यस समितिका सदस्य सचिव तोकिएको छ ।

पछि त्यस समितिको काठमाडौंमा भएको बैठकले समितिलाई अरू व्यापक गर्ने अभिप्रायले समितिमा अनागारिका धम्मवती गुरूमा, प्रा. आशाराम शाक्य र श्री पुष्करमान बुद्धाचार्यलाई सम्मिलित गरेको छ ।

२०४६ सालमा त्यस शान्ति स्तूप वरपर स्थानीय सक्रिय उपासक उपासिकाहरूको प्रयासबाट वृक्षारोपण कार्यक्रम भएको छ ।

धर्मशीला गुरूमा शान्तिस्तूप कहिले पुनः निर्माण होला भनेर सधैं चिन्तित रहनु हुन्थ्यो, कहिले त्यहाँ शान्ति स्तूप निर्माण गर्न पाउँला, बुद्ध धर्मको अभिवृद्धि होला र पोखराको गरिमा र महत्व अरू बढ्ला भन्ने प्रतीक्षामा रहनुहुन्थ्यो ।

पोखराको विश्वशान्ति स्तूप समितिले स्तूप स्थापनामा अतुलनीय योगदान पुऱ्याएकोमा जापानका गुरू निशिदातसु फुजी र मीनबहादुर गुरूङका साथ उहाँलाई आˆना संस्थापक घोषणा गरी सम्मान गरेको छ ।

## १४. ध्यान शिविरको आयोजना :

बुद्धधर्ममा ध्यानको महत्वलाई मनन गरेर २०४१ सालमा धर्मशीला गुरूमाले पोखरामा एउटा ध्यान शिविरको आयोजना गर्नुभयो । बर्माका भिक्षु श्री ओसीन थोन डोराद्वारा सञ्चालित त्यस ध्यान शिविरमा काठमाडौं र पोखराका



Downloaded from http://dhamma.digital/

गरेर २५ जना उपासक उपासिकाहरूले भाग लिएका थिए । त्यस ध्यान शिविरले पोखराको बौद्ध समाजलाई ध्यानको केही चिनारी गराइदिएको र केही व्यक्तिहरू ध्यान बस्न प्रेरित भएको प्रतीत हुन्छ । पोखरामा आयोजित त्यो पहिलो ध्यान शिविर हो ।

### १५. उपत्यकाव्यापी बुद्ध पूजाको संयुक्त आयोजना :

पोखरामा बौद्ध जात जातिको संख्या बढ्दै गए अनुसार विहार, गोम्बा र चैत्यहरूको संख्या पनि क्रमशः थपिंदै गएको छ । ती सबै गोम्बा, चैत्य र विहारहरूलाई एक सूत्रमा गाँसेर राख्न सके कार्यक्रम नजुध्ने, एक अर्काको बीच मेलमिलाप, सहयोग र समभ्रूदारी बढ्ने भएकाले संयुक्त रूपले पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने परिकल्पना उहाँले र जापानका भिक्षु मोरियाकाले गर्नुभयो । त्यसलाई साकार रूप दिन धर्मशीला गुरूमाको सभापतित्वमा बुद्ध विहारमा बैठक भयो । त्यस बैठकमा धर्म संघ बुद्ध विहार, मोहरियाटोल, बौद्ध अर्घो सदन रामघाट, कर्मशिद्ध परम्परा धर्मचक्र द्विपस्य विहार माटेपानी, स्याङ्ग गाधेन छोयखोर्लिङ गोम्बा पृथ्वीचोक, धार्केलिङ गोम्बा छोरेपाटन, ध्ये छ्ये लिङ गोम्बा दीप, इयाङ्ग इयुप छ्यो लिङ गोम्बा हेम्जा, थकाली समाज, मार्फाली परिवार, ताङवेतानी परिवार र बुद्ध विहार ज्ञानमाला संघका प्रतिनिधिहरू उपस्थित भएर नजिकै आएको २०४१ सालको आषाढ पूर्णिमाको उपलक्ष्यदेखि प्रत्येक वर्ष प्रत्येक विहार गोम्बाले पालैपाले गरेर उपत्यकाव्यापी बुद्ध पूजा आयोजना गर्ने निर्णय गरियो । त्यस निर्णय अनुसार पहिलो उपत्यकाव्यापी बुद्ध पूजाको भव्य आयोजा बुद्ध विहारले गऱ्यो । पोखराका सबै बौद्ध जातजाति र अन्य श्रद्धालु मानिसकहरू सम्मिलित भएको एउटा भव्य एवम् विहाल शान्ति पदयात्रा नदीपुर स्थित बुद्ध विहारबाट शुरू भई प्रत्येक गोम्बा विहारको पूजा दर्शन गरी बुद्ध विहारमा नै फर्केर बिसर्जन गरियो । त्यसबेला त्यस शान्ति पदयात्रा आकर्षक एवम् सफल पार्नमा जापानका भन्ते श्री मोरियोका सोनीको अथक परिश्रम स्मरणयोग्य छ ।

बुद्धधर्ममा बैशाख पूर्णिमाको जस्तै आषाढ पूर्णिमाको पनि ठूलो महत्व छ । तर, नेपालमा आषाढ पूर्णिमाका दिन यसरी उत्सव गरेर मनाउने चलन छैन । पोखरामा आषाढ पूर्णिमाको महत्व दर्शाएर पोखरा उपत्यकाव्यापी बुद्ध पूजाको आयोजना गर्ने गरिएको छ । त्यसले नयाँ अवधारणा ल्याएको टिप्पणी धेरै गरेका छन् । यस आयोजनाले एकातिर बुद्ध धर्मको प्रचार-प्रसारमा गति थपिएको छ भने अर्कोतिर यसले यहाँका जनजाति-आदिवासी बौद्धहरू तथा विहार र गुम्बाहरू बीचको सम्बन्ध र सम्पर्क अरू गाढा घनिष्ट बनाएको छ । जसले बौद्ध एकतालाई सुदृढ पार्ने काममा ठूलो सघाउ पुऱ्याएको छ ।

### १६. दायक सभाको गठन

बुद्ध विहारलाई सुचारू रूपले सञ्चालन गर्दै लैजानका लागि आ ैनै कोष हुनु नितान्त आवश्यक सम्झेर विहारमा एउटा अक्षयकोष खडा गरियो । काठमाडौं निवासी श्री हरिभक्त रञ्जितकार (जो सहायक अञ्चलाधीश भएर पोखरामा कार्यरत हुनुहुन्थ्यो) ले त्यो कोष स्थापना गर्न र कोषमा रकम सङ्कलन गर्नमा ठूलो तत्परता देखाउनुभएको थियो । २०४० सालमा खडा भएको त्यस कोष सञ्चालनका लागि धर्मशीला गुरूमाको संरक्षकत्वमा एउटा दायक सभा २०४३ बैशाख ६ गते गठन गरियो । श्री खिलेन्द्रमान बुद्धाचार्यको सभापतित्वमा गठित त्यस दायक सभाको सचिव श्री पुष्करमान बुद्धाचार्य हुनुहुन्थ्यो । दायक सभाले धर्मशीला गुरूमालाई विहार सञ्चालन, सवर्द्धन गर्ने तथा अतिथिहरूलाई आतिथ्य प्रदान गर्ने काममा सघाउ पुऱ्याउने काम गर्दै आएको छ । श्री खिलेन्द्रमान बुद्धाचार्यको देहावसान पश्चात् उहाँका ज्येष्ठ सुपुत्र श्री शेरमान बुद्धाचार्य त्यस सभाको सभापति हुनुभएको छ र साथै बुद्ध



Downloaded from http://dhamma.digital/

विहारको कोष वृद्धि गर्नका लागि श्री चेतराज शाक्यको दायित्वमा बोधिसत्व नामक ढिकुटी सञ्चालन गरिएको थियो ।

## १७. खिलेन्द्रमान बुद्धाचार्यद्वारा विहारको थप भवन निर्माण

हाल पुरानो विहारको पछाडि फेरि अर्को एउटा विहार निर्माण भएको छ । मोहरिया टोल निवासी श्री खिलेन्द्रमान बुद्धाचार्यले आ ँनो करीब १ लाख रूपैयाँ खर्च गरेर बनाउनुभएको त्यस विहारमा डायनिङ्ग हल तथा किचन सहितको तीन कोठाहरू छन् । त्यसको निर्माणले गुरूमा र अतिथि गुरूमाहरूका लागि भोजन गर्ने, सुत्ने, बस्ने सुविधा सहुलियत पुऱ्याएको छ ।

## १८. अन्य कार्यहरू

केही वर्ष यता विहारमा केही न केही बनाइ दिनका लागि धेरै दाताहरू अग्रसर हुनुहुन्छ । तैपनि, कम्पाउण्ड वाल एउटा नभएकोले विहारको बगैंचाको समेत सुरक्षा र शोभा नभएको जस्तो अनुभव भएको बेलामा श्री गर्भकुमार गुभाजू, श्री चेतराज शाक्य, श्री पुष्करमान बुद्धाचार्य, श्री हेरारत्न ताम्राकार र श्री अशोकमान बुद्धाचार्यको संयुक्त प्रयासले विहारको अगाडि र पूर्वी भागमा कम्पाउण्ड वालको निर्माण गरिदिनुभयो भने दक्षिणतिरको वाल सानुरत्न स्थापितले बनाइदिनु भएको छ । कम्पाउण्ड वालमा आवश्यक पर्ने २ वटा फलामे गेटहरू श्री तिलकमान गुभाजू र श्री चेतमान बुद्धाचार्यले प्रदान गर्नुभएको हो ।

त्यस्तै काठमाडौं निवासी श्री पूर्णमान चित्रकारले पुरानो विहारको झ्यालमा ग्रिल राखिदिनु भएको छ भने जसपुरका बुद्धिश्री गुरूङले भऱ्याङको बन्दोवस्त गरिदिनु भएको छ । रामबजार निवासी श्रीमती बिनु गुरूङले पुरानो विहारमा रहेको सफेद बुद्ध मूर्तिको सुरक्षाको लागि फलामको फ्रेम भएको ऐनाको बार बनाईदिनु भएको छ भने तुलामान बुद्धाचार्यले पंखा राखिदिनु भएको छ । त्यस्तै उपासक श्री रत्नकुमार कायस्थले शुरूदेखि विहारको बिजुका सामान, जडान तथा महशुल खर्च आ ँनै तर्फबाट तिरेर उदारता देखाउनु भएको छ । यस किसिमले सम्झदै जाँदा र हेर्दै जाँदा विहारमा धेरै दाताहरूद्वारा प्रदान गरिएको चिज वस्तुहरू यत्रतत्र देखिन्छन् । फेरि कतिपयले त्यहाँ बौद्धिक सल्लाह सुझाव दिनुभएको छ । केही चिज वस्तुमा दाताको नाम समेत उल्लेख गरिएका छन् । दान एवम् चन्दाको रूपमा सङ्कलित ती सामानहरूले गर्दा विहारको भौतिक उन्नति एवम् बौद्ध गतिविधि बढाउनमा टेवा पुग्न गएको छ । ५० वर्षको दौरानमा कसले के कति योगदान दिएको छ भन्ने कुरा अवलोकन गर्दै गएमा एउटा लामो फेहरिस्त बनाउनुपर्ने हुन्छ । यो लेख त्यस किसिमको फेहरिस्त होइन । त्यसकारण यसमा उल्लेख नभएका दाताहरूसँग क्षमा याचना गर्दछु ।

## १९. विश्वशान्ति स्तूपको निर्माण

बौद्ध गतिविधिहरूको चर्चा गर्दा पोखरा फेवाताल पारि अनदु थुम्कीमा २०३० सालमा निर्माण भैरहेको विश्वशान्ति स्तूपको कुरा बिर्सन सकिंदैन । एकपटक जापानका श्रद्धेय गुरूज्यू श्री निचिदात्सु फुजीसँग श्री प्रेमबहादुर शाक्य मार्फत धर्मशीला गुरूमाको भेटघाट हुन्छ । संसारभरि विश्वशान्ति स्तूपको निर्माण गर्दै हिंड्नु भएका, आणविक हातहतियारको विरूद्धमा विश्वभर पदयात्रा गर्दै हिंड्नु भएका, शान्तिकामी बयोवृद्ध गुरूज्यूले पोखरामा पनि शान्ति स्तूपको निर्माण भए बुद्धधर्मको विकासमा महत्वपूर्ण योगदान हुने र त्यसमा आफूले पनि सक्दो आर्थिक प्राविधिक सहयोग दिने विचार प्रकट गर्नुभयो । गुरूज्यूको त्यस भनाइले धर्मशीला गुरूमाको मनमा गहिरो छाप पऱ्यो । फेरि पोखराको लागि त्यो एक ठूलो गौरवको कुरा हुने भएकाले धर्मशीला गुरूमा त्यसमा एकदमै तत्परतासाथ लाग्नुभयो



Downloaded from http://dhamma.digital/

र विभिन्न उपयुक्त ठाउँहरू देखाउनु भयो । त्यसरी देखाइएका ठाउँहरू मध्ये अनदु डाँडाको थुम्की सबभन्दा उपयुक्त जाँचिन्छ । त्यो थुम्कीको केही भाग श्री मीनबहादुर गुरूङको भएकोले उहाँसँग त्यस विषयमा विचार विमर्श गरियो । उहाँले पनि गुरूज्यूको कोमल स्वभाव, नम्र व्यवहार र बुद्धधर्मप्रति समर्पित सेवाबाट प्रभावित भई सहयोग पाए आफैले त्यो काम गर्ने अठोट गर्नुभयो । श्रद्धेय गुरूज्यूको हार्दिक सहयोग तथा श्री मीनबहादुर गुरूङको अथक परिश्रमले उहाँको आ ैनै जग्गा अनदु थुम्कीमा विश्वशान्ति स्तूपको निर्माण कार्य शुरू भयो । सबभन्दा पहिला त्यहाँ ठूलो एउटा प्रार्थना हल तयार गरियो । पाहुना घर र गुरूको लागि अर्को विहार गरेर तीनवटा भवनहरू तैयार गरिए ।

निर्माणको सिलसिलामा त्यहाँ श्रमदान गर्नेहरूको ओइरो लाग्यो । काठमाडौं, पाटनबाट समेत उपासक-उपासिकाहरू समूह-समूह गरेर ४/६ दिन श्रमदान गर्न आए । जापानी स्वयं सेवकहरू र भिक्षुहरूसँग मिलेर नेपालीहरूले यति जोश र जाँगरमा साथ रमाइ रमाइ काम गरेको क्षण सम्झदा आज पनि ती श्रमदान गर्नेहरू उत्साहित हुन्छन् । त्यहाँ काम ज्यादै छिटो, छरितो र सिलसिलाबद्ध भैरहेका थिए । त्यृ देखेर कतिपय विदेशी पर्यटकहरूले टिप्पणी गरे कि यति राम्ररी परिश्रम गर्ने नेपालीहरूले पनि किन आ ैनो देश बनाउन सकेनन् । यति द्रुततर गतिले काम सम्पन्न भएका त्यस ठाउँमा स्थापना गर्नको लागि पाटनमा बनाइएको ढलोटको सिद्धार्थको जन्ममूर्ति ल्याइयो । सार्वजनिक रूपले त्यो जन्मपूर्तिलाई बजार परिक्रमा गरेर फेवाताल पारी लागी नवनिर्मित प्रार्थना हलमा २०३० मार्ग १३ गतेका दिन अनावरण गरि विधिवत् स्थापना गरियो । त्यसले बौद्ध जगतमा ठूलो उत्साह उमङ्गको लहर ल्यायो । बौद्धहरूका लागि एउटा तीर्थस्थल थपियो । नेपालमा पहिलो शान्ति स्तूप आफूमा पाए पोखरा हर्षले गद्‌गद् भयो । यहाँको पर्यटन क्षेत्रले आफूमा एउटा नयाँ अध्याय, नयाँ आमर्षण थप भएको अनुभव गऱ्यो । फेवातालमो सौन्दर्य र महत्त्व अरू बृद्धि भएको प्रतीत भयो । वरपरका बासिन्दाहरू आ ैनो व्यवसाय व्यापक हुने, राम्रो हुने मीठो कल्पना गर्न थाले । केही आ ैनो ठाउँ महत्त्वपूर्ण हुन गएको र आ ैनो ठाउँको पुगेर सन्तोष जाहेर गरेका थिए । यतिसम्म कि मन्त्री परिषद्का सदस्य वन सहायक पन्त्री बहादुरसिंह एतवालले समेत त्यस कामको प्रशंसा गरेर आगन्तुक पुस्तिकामा हस्ताक्षर गरेका थिए ।

यस किसिमले जतातातैबाट प्रशंसा भैरहेको बेलामा ३५ फिट अग्लो भैरहेको शान्ति स्तूपमाथि बज्रपाकत भयो । शान्ति स्पूपका निर्माता श्री मीनबहादुर गुरूङलाई पनि अप्रत्याशित रूपले २०३१ कार्तिक २६ गतेका दिनदेखि थुनियो । र ६ महिनाको लागि बेसीशहर लमजुङ जेलमा पठाइयो । शान्ति स्पूप भत्काउने बैठक भयो । त्यहाँ वन काटेको आरोप लगाइयो तर शान्ति स्तूप भत्काउन त्यो आरोप उचित मानिदैन, रूख त्यसरी काटिएकै थिएन । अनि जगर योजना कार्यान्वयन समितिको स्वीकृति नलिई बजाइएको आरोप जबर्जस्ती लगाइयो । त्यसबेला त्यो ठाउँ नगर योजना क्षेत्रभित्र नै पर्दैनथ्यो । नगर योजनाभित्र नपरेको र नगर योजना लागु हुनुभन्दा पहिले नै निर्माण भै बुद्धपूर्ति समेत स्थापना भएको ठाउँमा नगर योजनामो स्वीकृति नलिएको भन्ने आरोप लगाइयो । जब कि त्यस गाउँ पञ्चायत क्षेत्रमा त्यसबेला घर आदि बनाउन कुनै स्वीकृत लिनुपर्ने प्रावधान नै थिएन । तैपनि प्रशासनले जबर्जस्ती आ ैनो मान्छे लगाएर निर्ममलापूर्वक त्यहाँका तीनैवटा भावनहरू, निर्माण भैरहेको शान्ति स्तूप भत्काइदियो । प्रशासनले त्यसरी शान्ति स्तूप विगार्नु बौद्धहरूको लागि ठूलो चुनौती हो । बुद्धधर्मको विकासमा गम्भीर अवरोध हो । यो भवितव्य होइन । नबिगारी नहुने विषय होइन । त्यो बद्ध धर्मप्रति भविष्यमा के कस्तो व्यवहार हुन्छ भन्ने कुराको पूर्व सङ्केत हो । त्यसलाई श्री मीनबहादुर गुरूङ्गको मात्र हो भनेर कानमा तेल हालेर बस्नु गलत हो । त्यो एक सतही विचार मात्र हो । शान्ति स्तूप सम्पूर्ण बौद्धहरूको साझा समपित्ति हो र त्यसमा उत्पनन समस्या सम्पूर्ण बौद्धहरूको साझा समस्या हो ।



Downloaded from http://dhamma.digital/

अर्कोतर्फ त्यसले बुद्धध राको एउटा आकर्षण हटाएको छ, एउटा सिङ्गो क्षेत्रको विकास अबरूद्ध भएको छ र कतिपय मानिसको रोजगारी गुमेको छ । अन्तर्राष्ट्रिय क्षेत्रमा नराम्रो असर पर्न गएको छ भने राष्ट्रिय सम्पत्तिको दुरूपयोग भएको छ ।

यस किसिमले हेर्दै गएमा त्यसरी भत्काउनुलाई कुनैपनि हालतमा न्यायसगत र बुद्धिमानी मान्न सकिदैन । प्रशासनको बनाउन नदिने विचार हो भने त्यहाँ प्रार्थना हल शुरू गर्दा किन रोक लगाइएन ? ३/३ वटा भवनहरू निर्माण हुँदासम्म के हेरेर बस्यो ? एउटा साधारण घरको पनि छाना हालेपछि भत्काउन कठिन हुन्छ भन्ने बुद्ध मूर्ति विधिवत् स्थापना गरेपछि त्यसरी जबर्जस्ती हात हाल्नुको तात्पर्य के हुन सक्दछ ? यी यस्ता प्रश्नहरू हुन् जसको जवाफ सम्बन्धित पक्षले अझसमम चित्त बुझ्दो किसिमले दिएको छैन ।

त्यसो भएकाले बौद्ध जगतले यो बुझ्नु पर्दछ कि यो एक ठूलो विडम्बना हो । बुद्धको देशमा, बुद्ध जन्मेको देशमा, बुद्धको नाममा बनाइएको शान्ति स्तूप विगार्दछ । एउटा दुर्भाग्यपूर्ण स्थितिको सिर्जना हुन्छ । नेपालको इतिहासमा कहिल्यै नघटेको अविवेकपूर्ण घटना घट्दछ । वातावरण भयपूर्ण हुन्छ । भर्मशीला गुरूमालाई पनि पक्रने हल्ला हुन्छ । विहारमा कडा निगरानी हुन्छ । धर्मशीला गुरूमाले अरू अप्रिय कार्यवाही नहोस् नहोस् भनेर राजधानीमा धाउनुभयो त्यस काममा उहाँलाई चीरपरिचित श्री गुणविक्रम अधिकारीले सहयोग गर्नुभएको थियो । धर्मशीला गुरूमाले त्यो कुरा भिक्षु महासघमा राख्नुभयो । भिक्षु सुदर्शनले निकै सहयोग गर्नुभयो । उता राष्ट्रिय पञ्चायतका माननीय सदस्य श्री पूर्णमान शाक्यले आˆना सहयागीहरूसँग पमलेर त्यस विषयलाइ सावजनिक महत्त्वको विषय बनाएर राष्टिय पञ्चायतमा प्रश्न गर्नुभयो र आफैं घटनास्थलमा आएर निरीक्षण गरी श्री ५ को सरकारलाई तीन सूत्रीय सुझाव पेश गर्नुभयो ।

## २०. शान्ति स्तूप पुनः निर्माण गर्ने स्वीकृति

केही महिना पछि २०३१ साल कार्तिक महिनाको ५ गते श्री ५ को सरकारले १२/१५ फिटसम्म उचाइको शान्ति स्तूप निर्माण गर्ने स्वीकृति पत्र लिएर भिक्षु श्री सुदर्शन र श्री लोक दर्शन बज्राचार्य पोखरा आउनुभयो । तर त्यस बेलासम्म श्री मीनबहादुर गरूङ जेलमै हुनु भएकाले उहाँको अनुपस्थितिमा, उहाँकै जमीनमा र उहाँको स्वीकृति विना शान्ति स्पूप बनाउन उपयुक्त नहुने भएकाले तथा त्यति ठूलो योजनाको साटो सानो स्तूप निर्माण गर्ने काम त्यत्ति उत्साहप्रद नभएकाले त्यो काम त्यत्ति उत्साहप्रद नभएकाले त्यो काम आजसम्म त्यसै रहिरहेको छ ।

पहिले तयहाँ हेरेर गएका विदेशि पर्यटकहरू जसले त्यत्तिको काम गर्ने नेपालीहरूले किन आˆनो देश विकास गर्न सकेनन् भनेर आश्चर्य प्रकट गरेका तिए भने हब ती पर्यटकहरूले फेरि यहाँ आएर हेरेमा देशमा किन विकास नहुने रहेछ भनेर प्रस्ट थाहा षउनेछन् । नेपालमा विकासमा काम कुराहरूमा के कसरी बाधा अड्चन आुने रहेछन् काम गर्ने मानिसहरूको जोश र जाँगर के कसरी सेलाएर जाने रहेछन्, काम गर्ने मानिसहरूको जोश पर जाँगर के कसरी सेलाएर जाने रहेछन् र उत्साह उमङ्ग के कसरी विलाएर जाने रहेछन् भन्ने कुरा राम्ररी थाहा पाउनेछन् । श्र मादानको फल कसरी बालुवामा पानी हाले जस्तो हुने रहेछ भन्ने कुराको शान्ति स्तूप एक अद्वितीय नपूना हुन गएको छ । यो एक ज्यादै दुःखको. कुरा भएको छ र यस स्थितिको सकेसम्म छिटो अन्त गरे त्यहाँ छिटो भन्दा छिटो शान्ति स्तूप निर्माण गरेर देखाउनु आवश्यक भएको छ ।

## २१. सन्तु ताम्राकारद्वरा प्रवज्या ग्रहण



Downloaded from http://dhamma.digital/

धर्मशीला गुरूमाले बुद्ध धर्ममा समर्पित हुन धेरैलाई प्रेरित गर्नुभएको थियो । उहाँको जीवनकालमा सद्धर्ममा समर्पित हुनेहरूको संख्या त निकै बढ्दै थियो तर भिक्षु भिक्षुणी हुनेहरू थिएनन् । उहाँको शेषपछि उहाँको अखण्ड सेवा फागनु ५ गते सत्य पारमिता अनगारिकाको उपस्थितिमा भिक्षु सुद्रद्वारा त्यसै विहारमा अनगारिका बन्नुभयो र कर्मशीला नामले सुशोभित हुनुभएको छ । विहारमा को बस्ने, कसलाई राख्ने भन्ने समस्यालाई उहाँले सदाको लागि सुल्झाई दिनुभयो र धर्मशीला गुरूमाको आफूमा निहीत प्रभावलाई उहाँले उजागर गरेर देखाइ दिनुभयो । वहाँले फरि एक पटक आ̂नो कुलको गौरव कायम राख्नुभयो । स्थानीय अनगारिकाको अभ्युदयले स्थानीय उपासक-उपारिकाहरूमा उत्साह र भरोसा जगाएको छ भने नेपालका अनगारिका भिक्षुहरूले पनि सन्तोषको श्वास फेरेका छन् ।

## २२. **दोस्रो महापरित्राण तथा बौद्ध सममेलन**

धर्मशीला गुरूमाले आ̂नो जीवनको अन्तिम वर्षतिर पुनः एक पटक महापरित्राण गर्ने इच्छा राख्नु भएको थियो । तर त्यो उहाँको स्वास्थ्यको कारण सम्भव भएन । विहार परिवारले उहाँको त्यो अधुरो इच्छा पूरा गर्ने निधो गरेर उहाँको प्रथम वार्षिकीको पुण्य तिथिमा उहाँकै स्पउतिमा २०४४ साल कार्तिक २५ गतेदेखि २८ गतेसम्म भव्य रूपले दोस्रो महापरित्राण तथा बौद्ध सम्मेलनको आयोजना सम्पन्न  गर् । तयस सममेलनमा प्रधानपन्त्री श्री मरीचमान सिंह श्रेष्ठज्यू स्वयं उपस्थित हुनु असमर्थ हुनुभएकाले सम्मेलनको सफलताको लागि उहाँले शुभकामना पठाउनु भएको थियो । त्यस्तै शुभ-कामना सन्देश अखिल नेपाल भिक्षु महासंघका अध्यक्ष संघ महानायक प्रज्ञानन्द महास्थविरज्यूबाट पनि प्रात्त भएको थियो । परराष्ट्र मन्त्री श्री शैलेनद्रकुमार उपाध्यायले उद्‌घाटन गर्नु भएको त्यस सममेलनमा भिक्षु सुदर्शन महास्थविरज्यूले "आधुनिक विश्वमा बुद्ध धर्मको उपादेयता" नेपालमा बौद्ध धर्मबारे केही कुरा, प्रा. आशाराम शाक्यले र श्री जगमान गुरूङज्यूले "पोखरामा बौद्ध धर्म" विषयमा कार्यपत्रहरू प्रस्तुत गर्नुभएकृ थियो । ती कार्यपत्रहरूको टिप्पणीकारमा क्रमशः विद्वान अयो ध्याप्रसाद प्रधाननयू, उप-प्राध्यामक श्री छत्रराज शाक्य र पण्डित मुक्तिनाथ तिपमल्सिना हुनुहन्थ्यो भने न्यापोर्टरको काम श्री दयासाम शाक्य (पोखरा) ले गर्नु भएको थियो ।

पञ्चशील, बुद्ध पपूजा र शान्ति पदयात्रा भव्य एवम् व्यवस्थित किसिमले समाप्त भए पश्चात शुरू गरिएको बौद्ध सममेलनमा काठमाडौ, पाटन, भक्तपुर, पाल्पा, बुटवल, धरान, भनगढी, त्रिशुली, बराहक्षेत्र, भोजपुर आदि विभिन्न ठाउँहरूका बौद्ध संघ-संस्थाहरूले भाग लिएका थिए । पूर्व र पश्चिमका बौद्धहरू एकत्रित भएको तथा श्री लोकदर्शन बज्राचार्यको शभापतित्वमा सम्पन्न भएको त्यस सम्मेलनले श्री ५ महाराजाधिराज वीरेन्द्र वीर विक्रम शाहलेव सरकारबाट नेपाललाई शान्ति क्षेत्र घोषणा गरियोस् भनी राखिवक्सेको प्रस्ताव भगवान गौतम बुद्धको सिद्धान्त भनुकूल भएकाले त्यस प्रस्तावको हार्दिक समर्थन गरेर सबै मित्र राष्ट्रहरूबाट पनि समर्थनको लागि अनुरोध गर्ने प्रस्थाव सर्वसम्मतिबाट पारित गऱ्यो ।

सम्मेलनको अर्को एजेण्डा पोखराको फेवाताल पारी अनदुमा त्यसै रहेको विश्व शान्ति स्पूप पुनः निर्माण गर्ने थियो । बिहान त्यस स्थल हेरेर फर्केका सहभागीहरू सबैले भाव विह्वल भएर त्यहाँ विश्व शान्ति स्तूप यथाशीघ्र निर्माण गर्नुपर्ने कुरामा जोड दिएर तुरून्त भिक्षु सुदर्शन महास्तविरज्यूको अध्यक्षतामा विश्व शान्ति स्तूप पुनः निर्माण सष्ट्रि समिति गठन गर्ने निर्णउ गऱ्यो । साथै त्यस सम्मेलनको बौद्ध दर्शनको अध्ययन, अध्ययन तथा अनुसन्धान गर्नका लागि त्रिभुवन विश्वविद्यालयमा एउटा छुट्टै ̂याकल्टी दोलियोस् र पोखराका बौद्ध स्थलहरूलाई पर्यटन स्थल घोषित गरियोस् भनी श्री ५ को सरकारसँग अनुरोध गर्ने प्रस्ताव पनि पारित गऱ्यो ।



Downloaded from http://dhamma.digital/

सम्मेलनको शुरूमा दाता साहु श्री सानुरत्न स्थापितले आफूले बनाइ दिनुभएको विहार दायक सभाका सभापति श्री खिलेन्द्रमान बुद्धाचार्यलाई प्रदान गर्नुभयो भने दाता साहु श्री खिलेन्द्रमान बुद्धाचार्यले बनाई दिनुभएको अर्को भवन उहाँले दायकसभाका सचिव श्री पुष्करमान बुद्धाचार्यलाई प्रदान गर्नुभएको थियो ।

## २३. रत्नकुमार कायस्थद्वारा प्रवज्या ग्रहण

धर्मशीला गुरूमाले रोप्नु भएकृ सद्धर्मको बीउ ऋमशः उम्रन थालेको, फल्न थालेको आभास भैरहेछ, कर्मशीला अनगारिकाको प्रवज्याले मात्र त्यस्तो आभास भएको हौइन, धमैशीला गुरूमासँग बाल्यकालदेखि सँगै रहँदै आउनु भएका तथा विहारमा दाष्क परिवारसँग सम्बन्धित हुनुका साथै ज्ञानमाला संघका संस्थापक सभिव भैलामो समयसम्म काम गर्दै आउनु भएका श्री रत्नकुमार कास्थले पनि लामो संघर्ष पश्चात मिति र०४५ श्रावण ९ गते काठमाडौंमा प्रवज्या ग्रहण गर्नुभयो । उहाँ महानायक आचार्य भिक्षु अमृतानन्द महास्थविरज्यूको उपाभ्यायत्वमा आनन्दकुटी विहारमा प्रवज्जित भई श्रद्धानन्द नामले सुशोभितच हुनु भएको छ , उहाँले सोही दिन उपसम्पदा पनि प्राप्त गर्नुभयो ।उहाँलृ लामो समय बुद्ध विहारमा माक कुराहरू गरेर धर्मका तालाकुची सबै थाहा पाउनु भएको छ । प्रवज्जित हुनको लागि धेरै दौडधुप पगरेर र्धर्य सक्हालेर आखिरमा उहाँले प्रवज्या लिएर छोड्नु भयो । उहाँ शिक्षित हुनुहुन्छ । आजीवन शिक्षक पेशामा लागेर त्यसबाट निवृत्त भै धैर अनुभव हासिल गर्नु भएको उहाँबाठ धर्मको अभिबृद्धिमा धेरै काम कुराहरू हुनेछन् भनेर अप्क्षा गरिएको छ ।

## २४. अभय उपचार केन्द्रको स्थापना

धर्मशीला गुरूमाले जापानीहरूले प्रतिपादन गरको बिरामीलाई उपचार गर्ने एउटा विधि 'जोरे हो'पनि सिपक्नु भएको थियो । यो 'जोरे हो' विधि बुद्ध धर्ममा आधारित भएको र त्यसबाठ सरल र सस्तो किसिमले औषधोपचार हुने देखिएकोले उहाँले बुद्ध विहारमा त्यसको शाखा ' अभय उपचार केन्द्र' २०४४ सालमा स्थापना गर्नु भएको थियो । त्यो उपचार केन्द्र ऐले निकै उपयोगी र लोकप्रिय हुँदै गएको छ र आजभोली ५०/६० जना बिरामीहरूले उपचार पाइरहेका छन् । हाल त्यस केन्द्र सञ्चालनार्थ एउटा सञ्चालक समिति गठन गरिएको छ । जसको सभापति श्री हीराभक्त ताम्राकार र सचिवमा गोविन्द ताम्राकार हुनुहुन्छ ।

## २५. धर्मोदय सभा

बुद्ध धर्मको प्रचार-प्रसार गर्ने तथा विभिन्न सम्प्रदायहरूका बीच समन्वय कायम राख्ने अभिप्रायले पोखरामा धर्मोदय सभाको एउटा शाखा पनि गठन गरिएको छ । २०४४ कार्तिक २५ गते मुख अष्टमीको दिनमा गठित त्यस शाखामा श्री बिलबहादुर गुरूङ सभापति र श्री प्रकाशमान गुभाजू सचिव हुनुहुन्छ । यस शाखाले जेवी पात्रो, निःशुल्क स्वास्थ्य परीक्षण र औषधि वितरण, प्रवचन गोष्ठीको आयोजना गर्ने आदि काम गर्दै आएको छ ।

## २६. बौद्ध उपासिका संघ

धर्मशीला गुरूमाको अधुरो कामकुरा पूरा गर्ने अभिप्रायले उहाँको शेषपछि केही महिनाहरू अग्रसर भएका छन् । विहारमा मिति २०४५ साल मंसिर ४ गते हरिबोधनी एकादशी गुरूमाको दोस्रो पुण्य तिथिको दिनमा बौद्ध उपासिका संघ स्थापि गरिएको छ । त्यस संघको सभापति श्रीमती उत्तरकुमारी पालिखे र सचिवमा पञ्चलक्ष्मी बुद्धाचार्य हुनुहन्छ



Downloaded from http://dhamma.digital/

। यस संघको गठन पश्चात महिलाहरूको सङ्गठित शक्ति पनि बुद्ध धर्मको प्रचार प्रसारमा लाग्ने र त्यसबाट विहारको काम कुराहरूमा ठूलो सघाउ पुग्ने अपेक्षा गरिएको छ ।

## २७. क्यान्सर रोगबाट आक्रमण

यस किसिमले जहिले पनि विकास र निर्माणका काम कुराहरूमा तल्लीन रहनुहुने, बुद्धधर्मको उन्नति र प्रगतिको लागि केही न केही काम गरिरहनु हुने अनगारिका धर्मशीला गुरूमा केही महिना फौकसोको क्यान्सर रोगबाट नराम्ररी पीडित कुनभयो । शुरूमा केही भएको छैन अलिकति मात्र दुखेको हो भन्दै काम देखेपछि रोगलाई पछाडि राखेर उहाँकाममा तल्लीन हुनुहुन्थ्यो । यतिसम्म कि रोग लागेको , बिरामी भएको धन्ने कुरा नै बिर्सेर काम सम्पन्न नभएसम्म त्यसैमा व्यस्त रहनु हुन्थ्यो, अति व्यस्त । यति सम्म कि २०४३ सालको आषाढ पूर्णिमाको उपलक्ष्यमा कर्मसिद्ध परम्परा धर्मचक्र हिार माठेपानीको आयोजनामा भ्एको पोखरा उपत्यकाव्यापी बुद्ध पूजामा पउहाँसम्मिलित हुनुको सार्थ १३ किलोमिटर लामो पदयात्रामा समेत प्रोशेसन सँगसँगै गएर प्रत्येक गुम्बा, विहार, र्नत्यमा भएका पूजाहरूमा भाग लिनुभयो । फेरि फर्केर त्यति उचाइमा रहेको कर्मसिद्ध परम्परा धर्मचत्र हिारमा भएका विसजएन समारोहमा सबै सहभागीहरूलाई उहाँले धन्यवाद ज्ञापन गर्न पुग्नुभयो । वास्तवमा अन्य उपासक-उपासिकाहरूका साथ सकिनसकी त्यसरी जानु भएको र आफैं उपस्थित भएर समारोहको शोभा एवम् गरिमा बढाइदिनु भएकोमा सबैले उहाँलाई धन्यवाद एवम् कृतज्ञाता ज्ञापन गर्नुपर्दथ्यो ।

## २८. भिक्षु मोरियोका सानीको आगमन

समय बिते अनुसार रोगले अरू ग्रस्त पार्दै गयो र राम्ररी हिंड्डुल गर्न समेत नसम्ने अवस्थामा पुग्नुभयो । अनि उपचार गर्न काठमाडौं जानुभयो । काठमाडौंको नर्सिङ्ग होममा परक्षिण गराएर विहारको चिन्ता पीरले तुरून्तै पोखरा फर्कनुभयो । परीक्षणको नतिजा फैलिसकेको कुरा रिपोर्टबाट थाहा भयो । डाक्टरहरूले २/४ महिनाको म्याद तोके । त्यसभन्दा बढी आश नभएको कुरा प्रकट गरे । औपाधि उपचार बन्द प्रायः भयो । सबै किर्तव्यविमूढ भए । नतमस्तक भए । निराश भए । तर धर्मशीला गुरूमा पटम्मै निराश कुनु भएन, अझै आशा गर्नुहुन्थ्यो र जापानमा गएर औषधोपचार भए निको हुन सक्ने विश्वास व्यक्त गर्नुभयो । उहाँमा जापान जाने तीब्र इच्छा भयो । अझै बाँचिन्छ भन्ने कुरामा उहाँविश्वस्त हनुहुन्थ्यो । इच्छाशक्ति ज्यादै तगडा थियो । उपासक-उपासिकाहरू, श्रद्धालुहरू, उहाँका नयाँ पुराना साथीहरू बाहिर जे जस्तो कुरा सुनेर आएका भएपनि उहाँर उहाँको मनोबल देखेर आश्चर्य चकित हुन्थे । आफूले सुनेको कुरा भ्रम हो कि भन्ने ठान्दथे । यस्तैमा उहाँका जापानी मित्रहरूको तर्फबाट विभिन्न फूलका गुच्छाहरू लिएर भिक्षु श्री मोरियोका सोनी पोखरा आइपुग्नु भयो । विरामी हेर्न आउनेहरूको घुइँचो लाग्दै थियो । ३/४ दिनको छलफल र विचार विमर्श पश्चात् उपचारको लागि उहाँलाई जापान लैजाने निर्णय भयो । जावान जाने र आउने खर्च स्थानीय स्रोतबाट व्होर्ने र त्यहाँ हुने औषधि खर्च आदि सबै भिक्षु मोरियाका सोनीले व्यावस्था मिलाउने गरी समझदारी भयो ।

## २९. औषधोपचारको लागि जापान प्रस्थान

तर आर्थिक सङ्कलन कसरी गर्ने, जापन जान आउनलाई चाहिने रकम कसरी पूरा गर्ने एउटा समस्या नै भयो । यस्तैमा एउटा मोटो रकम खर्च गर्न र बिरामीको साथ आफैं जापान जान उहाँकी बहिनीको छोरा भुवनरत्न स्थापित तैयार हुनुभयो । भोलिपल्ट बिहान आर्थिक सङ्कलन कार्य शुरू भयो । पोखराका उहाँका नयाँपुराना साथीहरू,सहयोगीहरू, उपासक-उपासिकाहरू, अनय शुभ-चिन्तकहरू सबैले उदारतापूर्वक कसैले कागजमा लेखेर र



Downloaded from http://dhamma.digital/

कसैले उहाँको हातमा यथोचित रकम प्रदान गरिदिनुभयो । तयसरी करीब ३५ हजार रूपैयाँ सङ्कलन भयो । जापान जाने बेलामा पोखरा हवाइ ग्राउण्ड र काठमाडौं गौचर एयरपोर्टमा उपासक-उपासिकाहरू भाव विह्वल मुद्रममा, मुटुमा भक्कानो पारेर आँखाबाठ अविरल धारा आँसु बहाउँदै केही आशा लिएर, केही निराश भएर, आˆनो न्यारो गुरूमालाई बिदाइ गरेर, सु-स्वास्थ्यको कामना गरी चिरायुको लागि प्रार्थना गरे, फेरि भेट्ने तीब्र अभिलाषा लिएर ।

धमैशीला गुरूमाको उपचार २०४३ साल आश्विन १३ गतेदेखि कार्तिक १८ गतेसम्म जापानको राजधानी टोकियो स्थित दि शुको-काइ इलेक्ट्रोक्समक एण्ड क्यानसर इन्स्टिच्यूटमा गरियो । टोकियो जस्तो आधुनिकतम् सर-सामान र सुविधाुक्त ठाउँमा  औषधोपचारको लागि पुऱ्याउन सकेकोमा उपासक-उपासिकाहरू सबैले सन्तोष मानेका थिए र गुरूमाको आरामीको खबर सुन्न आतुर थिए । उहाँलायै जापान पुऱ्याए पश्चात पोखराका विभिन्न विहार र गुम्बाहरूमा गुरूमाको सु-स्वास्थ्यको लागि पूजा अर्चना गरिएका थिए । लामा गुरूहरूद्वारा कर्मसिद्ध परम्परा धमैचक्र द्वीपस्य विहार (गुम्बा) माटेमानीमा उहाँ नफर्कुन्जेल प्रतिदिन सूत्र पाठ गरिए । त्यस्तै सूत्रपाठहरू काठमाडौंका विहारहरूमा पनि गरिएका थिए ।

जापान पुऱ्याए पश्चात ४/६ दिन धर्मशीला गुरूमालाई केही आराम भएको खबर प्राप्त भयो । त्यो खबर सुनेर सम्बनिधतहरू सबै हर्षित भए, आनन्दित भए । अस्पतालका डाक्टरहरूले पनि दिलोज्यानले प्रयास गरे । गुरूमाको उपचारमा जापान र पश्गिमी देशहरूमा देशहरूमा उपलब्ध सम्पूर्ण आधुनिकतम् औषधि र उपचार विधिहरू प्रयोग गरिए । तर केही दिनपछि उहाँको अवस्था अरू बिग्रदै गयो । शरीर दिन परदिन कमजोर हुँदै गयो । शिथिल हुँदै गयो । डाक्टरहरूले क्यानसर उहाँका हड्डीहरूमा समेत फैलिएको र हब आखिरी चरणमा पुगेको कुरा सुजाइदिए । तैपनि उहाँहरू आˆनो प्रयासमा तल्लीन भैरहेका नै थिए । बिरामीको अवस्था अनुसार नयाँ-नयाँ अ्रषधिहरू तत्कालै बजाएर प्रयाग गरिए । ती डाक्टरहरू शारीरिक र मानसिक स्पले यत्ति तल्लीन थिए कि मानैं उनीहरूले संसारका सबभन्दा ठूलो पुरस्कार पाउन प्रयास गरिरहेका छन् ।

## ३०. जापानबाट प्रत्यागमन

तर कुनैपनि आधुनिकतम् औषधि र आधुनिकतम् उपचार विधिले उहाँलाई निको पानै सकेनन् । डाक्टरहरूले हब उपचार समभव नहुने कुरा घोषणा गरे । सबै निराश र हतास भए । के गर्ने ? कसो गनै ? सोच्न सम्झन पनि मुश्किल भयो । कसले केगर्ने, के भन्ने ? सबै अन्यौलमा परे । उता जापानमा भुवन स्थापित एक्लैले के निर्णय गर्ने ? उहाँलाई धर्मसङ्कट पर्दछ । जापानका शुभचिन्तकहरूले के जिर्णय लिने ? के सल्लाक दिने ? धर्मशीला गुरूमाको शरीर त्यसबेला झन यति जीर्ण, जर्जर र क्षीण भैसकेको थियो कि हिफाजत गरी नेपाल फर्काउनु पनि समस्या भयो । ढिलो गर्नु पनि नहुने, यता  उता गर्नु पनि नहुने समस्या माथि समस्या थपियो । आपत् माति विपत् आइपऱ्यो । पोखराका उपासक-उपासिकाहरू आपसमा विचार विमर्श गरे । काठमाडौंका महत्त्वपूर्ण भिक्षुहरूसँग सरसल्लाह गरे । गम्भीर विचार विमर्श पश्चात् धर्मशीला गुरूमालाई पोखरा नै ल्याउने निर्णय भयो । त्यस्तो अवस्थामा बिरामी ल्याउनु पनि समस्या । तैपनि जापानी शुभचिन्तकहरूको सहयोगले जापानबाट हङ्कङ्ग हुँदै काठमाडौं ल्याइयो र साथमा भुवन स्थापितका अतिरिक्त जापानी भिक्षु मोरियोका सोनी र अस्पतालका सिरूटर कास्तुका मिवा पनि आउनुभयो । गौचर हवाई ग्राउडमा काठमाडौंका भिक्षु, भिक्षुणीहरू, उहाँका पुराना सहयोगीहरू र उपासक-उपासिकाहरूको भीडा लाग्यो । गौंचरबाट उहाँलाई हिमालय भ्यू होटलमा साखियो। होटलमा पनि दिनभर प्रायः उहाँलाई हेर्न आउनेहरूको घुइँचो लागको थियो । सबैले गुरूमाको मैत्री भाव, समझदारीता र उदारताको मुक्त कण्ठले प्रशंसा गर्ने गर्दथे ।



Downloaded from http://dhamma.digital/

काठमाडौंबाट कार्तिक २१ गते धर्मशीला गुरूमालाई एउटा मिनिबसमा सिट मिलाएर राखी पोखरा ल्याइयो । उहाँका सात अखिल नेपाल भिक्षु महासंघको तर्फबाट भिक्षु सुदर्शन महास्थविर र अजगारिका उत्पल वर्णा (चिनी गुरूमा) आउनुभयो । साथै काठमाडौंमा धर्मशीला गुरूमाका निकटतम् मित्रहरू, थाइलैण्डका भिक्षु सोमछाइ प्रेमक्षुक पनि संयृागवश भेट भयो र उहाँ अन्य आ^नो सम्पूर्ण मार्यक्रमहरू  रद्द गरेर साथैमा पोखरा आउनुभयो । त्यस बसमा जापानबाट उआँमा सात आउनु भएका भिक्षु मोरियोका सोनी, सिस्टर कास्तुका भिवा, भुवरत्न स्थापित र उहाँकी श्रीमती कमला स्थापितका अथिरिक्त अन्य धेरै हाफन्तहरू र उपासक-उपासिकाहरू पनि आउनुभयो । भिक्षु श्री सोमछाइ प्रेमक्षुक आ^नो व्यस्त कार्यक्रमले गर्दा भोलिपल्टै काठमाडौं फर्कनुभयो ।

पोखरामा वातावरण एकदम स्तब्ध भयो । सबै निराश प्रायः देखिए, सबैको हनुहार मलिन र म्लान भए । विहारमा पूजापाठ गपरए, सबहानदेखि मानिसको आवत जावत बढदै गयो । गुरूमालाई राख्ने ठाउँको बन्खोवस्त, अन्य पाहुनाहरूलाई राख्ने प्रबन्ध, हेर्न आउनेहरूलाई कहाँ कसरी राख्ने, डाक्टर-नर्सको ज्यवस्था कसरी गर्ने सबै कुराहरूको दायित्व ज्ञानमाला संघ र दायकसभाले निभाएर आ^नो जिम्मेवारी पूरा गरे । शिक्षिका लीला प्रधानको सहयोगले चिकित्साशास्त्र अध्ययन संस्थान पोखरा क्याम्पसका डा. सुनिल प्रधानको सेवा उपलब्ध भयो । स्थानीय सिस्टर मैया सज्जितले पनि आ^नो अमूल्य समय दिनुभयो । उहाँहरूले अर्पण गर्नुभएको निःशुल्क सेवाले संघलाई ठूलो सघाउ पुग्न गयो । त्यस्तै नर्स बहिनीहरू सरस्वती र कल्याणीले पनि गुरूमाको लागि रात्री ड्यूटी बसेर सेवा गरिदिनु भएको थयो ।  जापानबाट आउनु भएका सिस्टर कास्तुका मिवाले पोखराका हाम्रा डाक्टर नर्सहरूलाई गर्नुपर्ने उपचार  विधि र तत्सम्बन्धी आफूले ल्याएका मेशिन, औजार र औषधिहरू हस्तान्तरण गर्नुभयो ।

### ३१. उपहार प्रदान

धर्मशीला गुरूमाको इच्छा अनुसार कार्तिक २३ गतेका दिन उहाँकै समीपमा उहाँले देख्न सुन्न सक्ने गरेर जापानी शुभचिन्तकहरूलाई उपहार दिने बिदाइ कार्यक्रमको आयोजना गरियो । त्यसमा विहार परिवारको तर्फबाट जापानमा गुरूमाको सेवा सुश्रुषामा तल्लीन हुनुभएका डाक्टर, नर्सहरू, शुभ-चिन्तकहरू तथा विशेष गरेर भिक्षु मोरियाका सोनीलाई हार्दिक धन्यवाद ज्ञापन गरियो । वास्तवमा भिक्षु मोरियोकाले त्यस्तो खथरनाक स्थितिमा गुरूमालाई जापान लगेर त्यहाँ उपचारमा भएको सबै खर्च आ^नै तर्फबाट वहन गरेर ज्यादै ठूलो सहयोग र सद्भावना देखाई हामी माथि हूलो गुण लगाउनु भएको छ । भिक्षु सुदर्शनले विश्वशान्ति र रख्भावनाकृ लागि निचिदात्सु फसजीको शान्ति पदयात्रा गर्ने परम्परामा चल्ने मोरियोका सोनीको त्यो ठूलो उदारता हो भनने अभिव्यक्ति प्रकट गनुएभयो । समारोहमा गुरूमाको साटा संघको तफैबाठ जापान जानु भएका स्जापितले पोखराको तर्फबाट रू.८१,५९०।- खर्च भएको विवरण पढेर सुनाउनु भयो । मोरियोका सानेनीले आ^नो तर्फबाट भएको खर्च बताउनु भएन तर पोखरा आउनु भएका सिस्टरलाई प्रतिदिन रू. ५,०००।- दिनुपर्ने कुरा सुन्दा उहाँको खर्च लाख-लाखमा पुचेको कुरा सहर्ज अनुमान हुन्थ्यो ।

तत्पश्चात भिक्षु मोरियोका सोनीलाई धर्मशीला गुरूमाको तर्फबाट सुनको बेरूवा औंठी र ज्ञानमाला संघको तफैबाठ ढलोटको ठूलो पानस प्रदान गरियो । जापानमा रहँदा र जापानबाट फर्केर पोखरा आउँदा सार्थमा रही अत्यन्त कुशलमतापूवैक सेवा गर्नुभएका सिस्टर कास्तुका भिवालाई पस्मिनाको पछ्यौरा र ढलोटको करूवा प्रदान गरियो । साथै उहाँ मार्फत् शकोवाइ इलेक्ट्रोकेमिकल एण्ड क्यानसर इस्टिच्यूट, बोर्डका डा. किचिरो हुसामी, सिस्टरहरूमा योको मुरोया, किकोका इटो युको वातानावे, आस्तुको ओकुनो, नाओको ९वायामा प्रत्येकलाई संघको तर्फबाट ढलोटको करूवाहरू उपहार पठाइए । त्यस्तै गरेर भिक्षु मोरियोका सोनी मार्फत् धर्मशीला गुरूमाको पहिल्यैदेखि घनिष्ट मित्र उहनुधएका टोकियो स्थित मितातो बकाहिडिओ फुनी र उहाकी धर्मपत्नी, शिङ्गुजुकुका एम. नारीमत्सु र



Downloaded from http://dhamma.digital/

उहाँकी धर्मपत्नी, कुदान-किता विहारका गुरूमा तथा अनन्य मित्र अनगारिका कुमागाइ अञ्जुसाँ प्रत्येकलाई गुरूमाको तर्फबाट  एक-एक वटा सुनको बेरूवा औंठी प्रदान गरियो । त्यस्तै एउटा औठी गुरूमाको चिनु स्वरूप भुवन स्थापितका नाबालक छोरा सज्जल स्थापितलाई दिइयो । उक्त कार्यक्रम एकदमै सवेदनशील र भावपूर्ण थियो । तत्पश्चात् भिक्षु मोरियोका सोनी र सिस्टर कास्तुका मिवा जावान फर्कनु भयो । उहाँहरूलाई सबै उपासक-उपासिकाहरूले फूलको गुच्छा दिएर भावभिनी बिदाइ गरे ।

आ ̂नो व्यस्त कामले गर्दा भिक्षु सुदर्शन पनि दिन काठमाडौं फर्कनु भयो । चिनी गुरूमामाथि ठूलो जिममेवारी आइपऱ्यो । उहाँले सबै उपासक-उपासिकाहरूसँग मैत्रीपूर्ण व्यवहार गरेर धर्मशीला गुरूकालाई हेर्न आउने उपासक-उपासिकाहरू ज्यादै प्रभावित भएका छन् । विहारमा गुरूमालाई हेर्न आउने उपासक-उपासिकाहरू, उहाँका मित्रहरू, शुभ-चिन्तकहरूको संख्या क्रमशः बढदै जाँदै थियो । टाढा-टाढा गाउँहरूबाट पनि उहाँलाई एक पटक बोलाउँ, एक पटक हेरूँ भन्ने आशले मानिसहरू आउँथे । बुटवलबाठ देवाचारी गुरूमा र त्रिशुलीका धर्मरत्न शाक्य पनि आउनु भयो । आगन्तुकहरू समूह-समूह बसेर पहिलेको तगडा शरीर, उहाँले पहिले गरेका कामहरू, काम गर्न तत्पर हुन् उहाँको शील , स्वभाव, उदार हृदयको चर्चा गर्दथे । मुक्त कण्ठले प्रशंसा गर्दथे ।

## ३२. **अन्तिम दिन**

विगत दिनहरूमा झैं चिनी गरूमा बिहान सबेर्र धर्मशीला गुरूमाको नजिकै बसेर परित्राण सूत्र पाठ गरिरहनु भएको थियो । यस पत्तिका लेखक पुगेपछि त्यहाँ उपस्थित नर्स, रत्नकुमार (भिक्षु श्रद्धानन्द ) सन्तु ताप्रामार (जो अहिले अनगारिका मपैशीला हुनु भएको छ) सबै बसेर बिरामीको अवस्थाबारे सामान्य कुराकानी भयो । गएको रात धर्मशीला गुरूमालई केही अप्ठेरो परेको र निदाउन कठिन परेको कुरा थाहा भयो । केही समयपछि नर्स बहिनी आ ̂नो ड्यूटी सिध्याएर फर्किन् । त्यसपछि त्यहाँ श्रीमती लक्ष्मी पालिखे आउनु भयो । रत्नकुमार र सन्तु ताम्राकार विहारमै आ-आ ̂नो काममा लाग्नु भयो । धर्मशीला गुरूमालाई राखेको ठाउँ चीवरले बारेको थियो । वातावरण न्यानो पारिराख्न पानी उमाली राखिएको थियो । यसैबीच गुरूमालाई राखिएको सलाईन अकस्मात बन्द भएमो प्रतीत भयो । गुरूमालाई राखिएको सलाईन अकस्मात बन्द भएको प्रतीत भयो । गुरूमाको प्रकति नराम्ररी विग्रियो । त्यति हुनासाथ यताउता गरी सबै आए, जम्मा भए । तर, धर्मशीला गुरूमा बिहान करीब ८ बजेर ३४ मिनेटमा जानुभयो, सखा सर्वदाको लागि, आ ̂नो जीवनको पूर्णविराम गरेर, बुद्ध विहारलाई निस्तब्ध र शूनय पारेर, सबै उपासक-उपारिकाहरूलार्य यस भवसागरमा छाडेर, जीवन पर्यनत गरेको सम्पूर्ण कीर्तिहरूलाई अमर पारेर जानुभयो एक्लै, केवल आफू एक्ल जानुभयो । २०४३ साल कार्तिक २६ गते हरिबोधनी आ ̂नै जन्मबार बुधबारका दिन बौद्ध जगतबाट एक यस्तो तेजिलो दियो निस्तब्ध भयो जसले बुद्ध विहारको हाताधित्र मात्र हाइन, बौद्ध जगतमा मात्र होइन, यहाँको शैक्षिक, सामाजिक, विकास,निर्माण , राजनीति लगायत जीवनका हरेक क्षेत्रमा ज्योति प्रज्वलित पारिराखेको थियो । सबैको हृदय जिदेर बस्नुभएका, सबैको स्नेह पाएर रहनु भएका धर्मशीला गुरूमाको असामयिक निधनले यस क्षेत्रका सबै सबैलाई शोकाकुल पारेको छ । सबैको हृदयलाई व्याकुल पारेको छ । उपासक-उपासिकाहरू असहाय भए, आफन्तहरू निसहाय भए, सबैको अनुहार म्लान र मलिन भए । यस्तैमा चिनी गुरूमाले धर्मशीला गुरूमाको शान्तिका लागि, निर्वाणमा लायगि बुद्ध पूजामा सम्मिलित हुन सबैलाई आग्रह गर्नुभयो । भाव विह्वल मुद्रामा बुद्ध पूजा सम्पन्न भयो ।

## ३३. **शवयात्रा**



Downloaded from http://dhamma.digital/

बाहिर धर्मशीला गुरुमाको असमयिक निधनको समाचार चारैतिर द्रुततर गतिले फैलियो । विहारमा उहाँलाई हेर्न आउनेहरूको घुइँचो लाग्यो । हुलका-हुल मानिसहरू आए । सबैको सुविधाको लागि गुरमाको शवलाई न्यू होटल कृष्टलले बनाइदिनु भएको विहारको ठूलो हलमा राखिए । बाहिर शोक पुस्तिका राखियो र सबैको सर-सल्लाहले २७ गते दिउँसो शव यात्रा गरी तुल्सीघाटमा बुद्धधर्म अनुसार दाह संस्कार गर्ने निर्णय गरियो ।

उता बजारमा उपासक-उपासिकाहरू गुरुमाको निधनमा आ-आ̂नो पसल बन्द गरी शोक प्रकट गरे । स्थानीय श्री ५ रत्न राज्यलक्ष्मी कन्या स्कूल, ज्ञानभूमि विद्यालय लगायत सामाजिक सघं-संस्थाको कार्यालय आदि पनि बन्द गरिए । बजारमा शोकको लहर व्याप्त भयो ।

काठमाडौंबाट अखिल नेपाल भिक्षु महासंघको तर्फबाट भिक्षु सुदर्शन त्यसै रात पुनः आइपुग्नु भयो । उहाँको साथ पभक्षु शिवाली पनि आउनु भएको थियो । भिक्षु सुदर्शनले राती सारगर्भित धर्मदेशना गर्नुभयो । धर्मशीला गुरुमाको दर्शनका लागि आउनु भएमा त्रिशुलीका धर्मरत्न शाक्यले मरणानुस्मृति भावनाको कविता श्रवण गराउनु भयो ।

कार्तिक २७ गते बिहान सबेरैदेखि धर्मशीला गुरुमाको अन्तिम दर्शनका लागि उपासक-उपासिकाहरू, पोखरा स्थित विभिन्न गुम्वाहरूका लामा गुरुहरू र झोमाहरू, अन्य धर्मका साधु-सन्यासीहरू, श्रद्धालु भक्तजनहरू, गुरुमाका नयाँ पुराना राथीहरू, शुभ-चिन्तकहरू हाई गुरमाको शवलाई परिक्रमा गरी फूलका गुच्छा चढाएर आ-आ̂नो श्रद्धासुमन अर्पण गरे, टाढा-टाढाका बृद्ध-बृद्धाहरू पनि सकी नसही हाई हन्तिम दर्शन गरे । प्रतिबन्धित नेपाली कांग्रेसका नेताहरू बुा रिसाल र उहाँका कार्यकताएहरूको जमातले पनि आगन्तुक पुस्किामा हस्ताक्षर गरी आ̂नो पार्टीको तर्फबाट श्रद्धाञ्जली चढाए र काठमाडौंबाट अनगारिकाहरूका गुणवती, संघमित्रा र धम्मवती गुरुमाहरू आइपुग्नु भयो । उता लामा गुरुहरूले आ̂नै किसिमले सूत्रपाठ गर्नुभयो । विहारको वातावरण शोकपूर्ण भयो , सबैको अनुहार निन्याउरो देखिए- केही हराए झैं, केही गुमाए झैं, कोही उहाँको गुणको बखान गर्दथे, कोही गुमाबाट आ̂नो जीवनमा पाएको सहायताको लागि, सहयोगको लागि कृतज्ञाता जाहेर गर्दथे । उपासक-उपासिकाहरू शवयात्राको काममा व्यस्त थिए ।

एउटा गाडी पहेंलो कपडाले सिंगारियो । तयसमा वरिपरि बौद्ध झण्डा र फूलहरू राखेर सजाइयो । उता, माइकबाट शोक गीत गुञ्जियो, लामाहरूको एकोहोरो बाजा बज्यो । भिक्षु गुरुमाहरू सूत्रपाठ गरिरहनु भएको थियो । उपासिकाहरू बुद्ध पूजा गरिरहेका थिए । चारैतिरबाठ फूलहरू गुरुमाको शवमाथि बर्सिरहेका थिए । त्यसैबीच शवयात्राको लागि गुरुमाको शव निकालेर सिंगारिएको उक्त गाडीमा राखियो । शव निकाल्नासाथ वातावरण आँसु झर्‍यो । सबै रोए । वातावरण अत्यन्त शोकाकेल देखियो ।

दिउँसो १२ बजे बुद्ध विहारबाट शवयात्रा शुरू भयो । शवयात्रामा सबभन्दा पहिले अनगारिका धर्मशीला गुरुमाको शवयात्रा लेखिएको ब्यानर र त्यसपछि गुरुमाको फोटो राखिएको थियो भने यात्रामा क्रमशः भिक्षुहरू, गुरुमाहरू, लामाहरू, झोमाहरू, विद्यालयका विद्यार्थीहरू र शिक्षकहरू, शोक गीत गाउने टोलीहरू र गुरुमाका् शव राखिएको गाडी थियो , पक्ति त्यत्तिमै सहिलैन । तयपछि फेरि गुरुमाका नातेदार, मित्रहरू, मित्रहरू, सामाजिक, राजनैतिक कार्यकर्ताहरू, प्राध्यापकहरू, शिक्षकहरू, उद्यमी एवं व्यापारिहरू तथा ज्ञानामाला स)घ र दायकसभाका टोलीहरू थिए । पशवयात्रा बुद्ध विहारबाट पोखराको मुख्य बजार कहेन्द्रपुल, तेर्सापट्टी , नालाको मुख, भीमसेनटोल, भैरवटोल, मोहरियाटोल, सिहनाथटोल रबागवजार हुँदै पृथ्वीनारायण क्याम्पसको बाटो भई तुल्सीघाट पुग्यो । बजारको वुपु दायाा बायाँउभिएर लामबद्ध भएर धेरै-धेरै मानिसहरूले धर्मशीला गुरुमाको अन्तिम दर्शन गरे । दर्शकहरू श्रद्धाञ्जली अर्पण गर्दै शवयात्रामा सम्मिलित भए । कतिपय अपरिचित बटुवाहरू पनि त्यस किसिमको ऐतिहासिक शवयात्रा देख्न पाएकोमा गर्वको अनुभव गदएथे र शवयात्रामा सम्मिलित हुन्थे । त्यसरी मानिसहरू अथाह किसिमले



Downloaded from http://dhamma.digital/

थपिदै गए। यो क्रम घाछमा पुगेपछि र दाह संस्कार सकिनेबेलामा पुनः आइपुग्नु भयो । घाटमा त्यसरी आइपुग्ने सोमछाइ भिक्षु अन्तिम व्यक्ति हुनुहुन्थ्यो उहाँले सयमीमुद्रामा पानीको धारा बहाएर श्रद्धाञ्जली अर्पण गर्नुभयो ।

शवयात्रा घाटमा पुगेपछि त्रिरत्न वन्दना, पञ्चशील र बुद्ध पूजा भयो । भिक्षु सुदर्शनले मृत्युको सम्बन्धमा सारगभिएत देशना गर्नुभयो । उहाँले धर्मशीला गुपरूमाको दाह संस्कार हुन् त्यस घाटको नाम धर्मघाट  भनेर नामाकरण गरिदिनु भयो । बौद्ध परम्परा अनुसार त्यहाँगनुपर्ने विधि व्यवहार गरेर धर्मशीला गुरूमाको पार्थिव शरीरलाई चितामा राखियो । चितामा उहाँको बहिनीको छोरा, भुवन स्थापितले दाग बत्ती दिए पश्चात् वरपर बसेका सबै उपासक-उपासिकाहरूकाले चित जलाए । चिता जलाउनुका सार्थ पुनः एक पटक शोकको लहर उर्लियो, सबैको आँखा आँसु टल्पलायो । सबै विनीत भावले, सम्यक भावले धर्मशीला गुरूमाको शान्तिको लागि , निर्वाणको लागि कामना गरी प्रार्थना गरे । यसरी मोखराबाट, नेपालबाठ, बौद्ध जगतबाठ एक यस्तो विन्दुको अन्त भयो, अवसान भयो जसले आ ँनो जीवनमा, जीवनमा हरेक पाइलामा, हेक क्षेत्रमा धार्मिक, शैक्षिकक, सामजिक, राजनैतिक आदि सबै क्षेत्रहरूमा अनेक रेखाहरू कोर्नु भएको थियो, अनेक कामहरू गर्नु भएको थियो, महत्त्वपूर्ण योगदान दिनु भएको थियो । फलतः उहाले जताततैबाट साहयोग र सद्भानना आर्जन गर्नुभयो । अमर कीर्ति राख्नु भयो र उहाँ सदा सादाका लागि सदासर्वदाका लागि अमर हुनुभयो, अमरत्व प्राप्त गर्नुभयो ।

तत्पश्चात् बुद्ध विहार परिवारले उहाँले कीर्तिहरू अक्षुण्ण राख्न तथा उहाँलाई अमर बनाई राखन विभिन्न निर्णयहरू लिएका छन् । मिति २०४३ चैत्र १३ गते बुद्ध हिार परिवारको बैठकले उआँले स्थापना गर्नुभएको विहारको नाम परिवर्तन गरी धर्मशीला बुद्ध विहार राख्ने निर्णय चरेको सर्वविदित कुरा हो । उहाँका नातेदारहरू, अन्य उपासक-उपासिकाहरूले उहाँको मुखाकृति सधैं सबैको स्मरणमा आइरहोस् भनेर विहारको प्राङ्गणमा उहाँको शालिक गरेर अरू अमर बनाउने अर्को प्रयास गरेका छन् । शालिक अनावरण गरिएकै दिन यस पक्तिकारद्वारा लिखित "अनगारिका धर्मशीला र उहाँका कार्यहरू"  किताब पनि प्रकाशित गरिएको छ । साथै अनगारिका कर्मशीलाले उहाँकै नामबाट २०५८ साल कार्तिक ११ गते हरिबोधनी एकादशी उहाँको १५ हमैं पुण्य तिथिका दिन धर्मशीला विद्ववृत्तिको व्यवस्था गरिदिनु भएको हो । त्यस विद्वत सृत्तिलाई व्यवस्थित गर्न २०५९ कार्तिक १ गते भिक्षु श्रद्धानन्दको संयाजकत्वमा  धर्मशीला विद्वत वृत्ति व्यवस्थापन समिति गठन गरिएको छ । यसरी आज धर्मशीला बुद्ध विहारमा धर्मशीला गुरूमा हुनुहुन्न तापनि यताउता जताततै उहाँकै प्रतिछायाँहरू देखिन्छन्, उहाँकै शाश्वत पदचिन्हहरू भेटिएको अनुभूति हुन्छ । उहाँका अमर कीर्तिहरूले केही भनिरहेका आभास हुनछ । गुरूमाको भौतिक शरीर अब हाम्रो बीच नभए पनि उहाँका ती अम कीतिएहरूले यत्रपत्र देखिने उहाँका प
तिछयाँहरूले तथा उहाँका ती शाश्वत पदचिन्हहरूले सदा सर्वदा बौद्ध धर्मको अधिबृद्धि गर्न गराउन प्रेरित गरिराखेका हुन्छन् । डढ



Downloaded from http://dhamma.digital/

"पञ्ञा नरानं रतन"

# पालिभाषावतरण (भाग २)

## (सन्धि)

## परियत्ति सद्धम्म पालक उपाधि

### (कक्षा ७, प्रथम पत्र)

(प.स.पा. को सद्धम्म पालक उपाधिको पाठ्य-पुस्तक)

पूर्णाङ्क १००, उत्तीर्णाङ्क ३५

Dhamma.Digital


## लेखक - पोलवत्ते बुद्धदत्त महानायक स्थविर

## नेपालभाषा अनुवादक - भिक्षु शीलभद्र महास्थविर

## नेपालीमा अनुवादक :




Downloaded from http://dhamma.digital/

# पालिभाषावतरण

### दोश्रो भाग

### संज्ञा

१. पहिलो किताबमा उल्लेख भए अनुसार वर्णमालाको ४१ अक्षरहरू मध्ये -

A. अ आ इ ई उ ऊ ए ओ
आठ अक्षरलाई स्वर भनिन्छ । बाँकी तेंतीसवटा अक्षरलाई व्यञ्जन भनिन्छ ।

B. स्वरमा अ-इ-उ तीन अक्षरलाई रस्स (ह्रस्व) भनिन्छ । आ-ई-ऊ-ए-ओ पाँच अक्षरलाई दीघ (दीर्घ) भनिन्छ ।

C. "क ख ग घ ङ" यी पाँच अक्षर मध्ये "क" अगाडि भएको हुँदा यो वर्गलाई "कवग्ग" (कवर्ग) लिइन्छ ।

त्यस्तै-

च छ ज झ ञ पाँच अक्षरलाई च-वग्ग भनिन्छ ।
ट ठ ड ढ ण पाँच अक्षरलाई ट-वग्ग भनिन्छ ।
त थ द ध न पाँच अक्षरलाई त-वग्ग भनिन्छ ।
प फ ब भ म पाँच अक्षरलाई प-वग्ग भनिन्छ ।
क-अक्षर देखि म-अक्षर देखि म- अन्त भएको यी पचीसवटा अक्षरलाई "वग्ग" अर्थात् वर्णाक्षर भनिन्छ ।

D. ङ-ञ-ण-न-म भन्ने पाँच अक्षर वर्गको अन्तमा भएकोले वग्गन्त (वर्गान्त) भनिन्छ ।

E. य-र-ल-व-स-ह-ळ-अं यी वर्गमा नपरेको हुनाले अवग्ग (अवर्ग) भनिन्छ ।

F. यस्ता अं लाई ( ं ) बिन्दु अथवा निग्गहीत भनिन्छ । यहाँ पढ्न सजिलोको लागि अ-अक्षर प्रयोग गरिएको हो । बिन्दु भनेको " ं " मात्र हो । यो पालिमा दीर्घ स्वरको पछाडि प्रयोठ प्रयोग हुंदैन ।

G. बीचमा स्वर नभएको आधा अक्षर जोडिएको (चिजा अक्षर) 'क्क' 'त्थ' आदि व्यञ्जनंय (दुई व्यञ्जन) लाई 'संयोग' भनिन्छ ।

H. एउटा अक्षर हटाएर पठाउनेलाई लोप भनिन्छ । (पढ्न सजिलो पार्ने, सन्धि आदि, प्रयोजनलाई बिचार गरेर लोप गर्ने गरिन्छ । )

I. एउटा अक्षर हटाएर अर्को एउटा अक्षर राख्नेलाई आदेस भनिन्छ ।

J. दुईवटा भएका अक्षरको बीचमा (त्यो अक्षु नहटाई) अर्को एउटा अक्षर (बढी) राख्नेलाई आगम भनिन्छ ।

K. जोडा भएको वा त्यस्तै भएको स्वरलाई सवण्ण (सवर्ण) अथवा सरूप (स्वरूप) भनिन्छ ।
अ-को अ-आ दुईवटा आ-को आ-अ दुईवटालाई सरूप अथवा सवण्ण भनिन्छ । त्यस्तै इ-कारको इ-ई दुईवटा र उकारको उ-ऊ दुईवटलाई पनि सरूप-सवण्ण भनिन्छ । ए-ओ दुईवटाको समान रूप भएको अर्को स्वर नभएको त्यसलाई असवण्ण (असवर्ण) भनिन्छ ।

## सन्धि



Downloaded from http://dhamma.digital/

२. संगै भएका दुइवटा अक्षरलाई जोडी मिलाउनेलाई सन्धि भनिन्छ ।

त्यो मिलाउने अक्षर लोप गरेर, आलेर गरे, आगमन गरेर, दीर्घ गरेर अथवा अकौ केही विधिले गर्ने हो । मिलाउनुपर्ने नै अलग भईराखेको ठाउँमा, त्यसैले प्रायः जसो छुटेका दुईवटा पदको अक्षर एक गरी सन्धि गर्ने हो । स्वर दुईवटा एकै ठाउँमा हुँदा पढ्न गाह्रो भएकोले एउटा पदमा पभएपनि (एउटै ठाउँमा भएको) स्वरहरूको बीचमा सन्धि कार्य गरी त्यसलाई सुखोच्चरण (सजिलै पढन सक्ने) गरिदिन्छ ।

पालि भाषामा सन्धि

१) सरसन्धि २) व्यञ्जनसन्धि ३) निग्गहीतसन्धि भनी तीनवटा सन्धि छन् ।

## (१) **सरसन्धि (स्वरसन्धि)**

३. संगै भएको (दुईवटा शव्द अथवा पदमा भएको) स्वर दुईवटा भध्ये एउटा निकालेर वा हादेस आदि अर्को क्रमबाट मिलाउनेलाई सरसन्धि भनिन्छ ।

"पुत्तो मे अत्थि" भन्ने ठाउँमा "मे + अत्थि" भन्ने वचन दुईवटाको बीचमा सन्धि गनुपर्छ भनी विचार गरौँ । यो स्वर दुईवटा मिलाएर गर्नुपर्ने सन्धि हो । त्यसमा "अत्थि" भन्ने टाउँम अकार अलग भएको छ तर "मे भन्नेमा स्वर व्यञ्जनसँच एक भएको छ । यस परिस्थितिमा सन्धि गर्न गाह्रो भएर पहिला उक्त स्वरलाई व्यञ्जनले अलग गर्नुपर्छ । त्यसरी अलग गर्ने बेला :-

"म्-ए + अत्थि"

यस्तो हुन्छ । यहाँ ए-भन्ने सन्धि गर्नुपर्ने अक्षर दुईवटा मध्ये अगाडि भएको अक्षर भएर त्यसलाई पुब्बस्वर (पूर्वस्वर) र "अत्थि" भन्ने पदमा भएको अ-पछाडि परेको अक्षर भएर त्यसलाई ( परस्वर) भनिन्छ ।

४. पछाडि स्वर भईरहेको बेला पूर्व (अगाडि भएको) स्वर लोप हुन्छ भन्ने व्याकरउा नियम अनुसार "म्-ए + अत्थि" भन्ने ठाउँमा (पछाडि 'अ' स्वर भएकोले ) अगाडि भएको 'ए' निकाल्नुपर्छ त्यसपछि म्-लाई पछाडि भएको अ-संग मिलाउने बेला मत्थि भनेर सिद्ध हुने, अनि पुत्तवमत्थि भन्ने हुन्छ ।

टिप्पणी -

यो व्याकरण नियम अनुसार अ-अगाडि भई अ-आ-इ-ई-उ-ऊ-ए-ओ-भन्ने आठवटा अक्षरमा एउटा पछाडि अुने अवस्थामा अगाडि भएको अ-हटाउनु हुन्छ । आ-इ-इ-उ-उ-ए-ओ-अक्षर सातवटामा एउटा अगाडि रहेर स्वर आठवटामा एउटा पछाडि हुने अवस्थामा पनि अगाडि भएको स्वर हटाउनु हुन्छ । केही उदाहरण यसरी प्रस्तसत गरिएको छ :-

| पहिला भएको स्वरूप | स्वर अलग गर्दाको स्वरूप |
|---|---|
| १. अभिवन्दिय + अग्गं | = अभिवन्दिय् - अ + अग्ग |
| २. पञ्चत्तानेव + आसनानि | = पञ्गत्तानेव् - अ + आसवानि |
| ३. पञ्ञा + इनिद्रयं | = पञ्ञ् - आ + इन्द्रियं |
| ४. तीणि + इमानि | = तीण् - इ + इमानि |
| ५. नोहि + एतं | = नाह् - इ + एतं |
| ६. भिक्खुनी + ओवादो | = भिक्खुन् - ई + ओवादो |
| ७. मातु + उपट्ठानं | = मात् - उ + उपट्ठानं |



Downloaded from http://dhamma.digital/

८. समेतु + आयस्मा संघेन = समेत् - उ + आयस्मा संघेन
९. धनम्मे + अत्थि = धनम्म् - ए + अत्थि
१०. सब्बे + एव = सब्ब् - ए + एव
११. अमनुस्स + उपद्दवो = अमनुस्स् - अ + उपद्दवो
१२. असन्तो + एत्थ = असन्त् - ओ + एत्थ
१३. तयो + हस्सु धम्मा = तय्-ओ + अस्सु धम्मा
१४. सब्बम्पि + इदं = सब्बम्प् - इ + इदं

पूर्वस्वर हटाएर मिलाउने बेला

१. अभिवदिय'सनानि ( = अग्रलाई वनदना गरी )
२. पञ्ञत्तानेवा'सनानि ( = ठीक पारेको आसनहरू नै )
३. पञ्ञि'न्द्रियं ( = प्रज्ञारूपी इन्द्रिय )
४. तीणि'मानि ( = यी तीनवटा )
५. नोहे'तं ( = यो होइन, त्यो त्यस्तो होइन )
६. भिक्खुनो 'वादो ( = भिक्षुणीहरूलाई अववाद)
७. मातु'पट्ठानं ( = आमालाई उपस्थान )
८. समेतायस्मा संघेन ( = आयुष्मान, संघसँग मिल्नुपर्छ )
९. धनम्म'त्थि ( = मसँग धन छ )
१०. सब्बे'व ( = सबै नै )
११. अमनुस्स'पद्दवो ( = अमुष्य उपद्रव )
१२. असन्ते'त्थ ( = यहाँ असतपुस्षहरू )
१३. तय'स्सु धम्मा ( = धर्म तीनवटा छन् )
१४. सब्बम्पि'दं ( = यी सबै नै )

५. असमान स्वरको पछाडि भएको स्वर कहिले काहीँ लोप गर्नुपर्छ ।

अ- आ दुईवटाको अगाडि इ-ई आदि अरू स्वरहरू सबै हसमान हुन् । इ-ई दुईवटाको अगाडि अ-आ-उ-ऊ आदि अस् स्वरहरू असमान हुन् । यही क्रममा बाँकी रहेको स्वरको पनि असमानतालाई सिक्नुपर्छ ।

| पहिलो भएको स्वरूप | पछाडिको स्वर हटाएर सन्धि गरिसकेपछिको स्वरूप |
|---|---|
| यस्स + इदानि | = यस्सदानि (= कसलाई अहिले) |
| सञ्ञा + इति | = सञ्ञाति ( = संज्ञा भनेर) |
| छाया + इव | = छायाव ( = छाया जस्तो) |
| इति + अपि | = इतिपि ( = यस्तो पनि) |
| चक्खु + इन्द्रियं | = चक्खुन्द्रियं ( = आँखा रूपी इन्द्रिय) |
| अकतञ्ञु +असि | = अकतञ्ञुसि ( = अकृतज्ञ भयो ) |
| ते + अपि | = ते'पि ( = उनीहरूपनि) |
| वन्दे + अहं | = वन्दे'हं ( = मैले वन्दना गरी रहैँ) |
| सो + अहं | = सो'हं ( = त्यो म) |



Downloaded from http://dhamma.digital/

अनाथपिण्डिको + अपि = हनाथपिण्डिको'पि ( अनाथपिण्डिक पनि )
मोग्गल्लानो + आसि = मोग्गलानो'सि ( मौद्गल्यायन स्थविर भए )
कथा +एव का = कथा'वका ( = के नै कुरा हो भनेर)
पालो + एव = पातो'व ( = बिहान देखि नै)
आबाधिको + अहं = आबाधिको'हं ( = म रोगी हुँ )
देवतानु + असि = देवतानु'सि ? ( = देवता हो र ? )

टिप्पणी -

यस्स'दानि भन्ने ठाउँमा अगाडिको स्वर लोप गरेर यस्सिदानि भनेर पनि सन्धि गर्न हुन्छ । तर 'ते अपि' भन्ने ठाउँमा अगाडिको स्वर लोप गरेर 'तपि' भनी सन्धि गऱ्यो भने फलानो दुईवटा पद सन्धि गरेको भनी बुझ्न गाह्रो हुन्छ । त्यसैले त्यस्तो ठाउँमा अगाडिको स्वर लोप गरी सन्धि नगरिकन पछाडिको स्वर लोप गरेर सन्धि गर्नुपर्छ ।

६. असमान भएको अगाडिको स्वर लोप गर्ने समयमा पछाडि भएको इ-ई दुईवटा ए-कारको रूपमा र उ-ऊ दुईवटा ओ-कारको रूपमा रहन्छ ।

"बन्धुस्स + इव" भन्ने ठाउँमा (पदमा) 'स' कारमा अकार लोप गर्दा पछाहिको स्वर 'इ' लाई 'ए' गर्नुपर्छ । अनि "बन्धुस्स् + एव" भनेर रहन्छ , त्यस्तो बन्धुस्सेव रूप हुन्छ ।

"जिन + ईरितं" भन्ने ठाउँमा (पदमा) 'न' मा भएको 'अ' भन्ने (स्वर) लोप गरी पछाडि भएको (परस्वर) उ- (स्वर) लाई ओ-गर्दा 'यथोदके' रूप हुन्छ ।

त्यस्तै नै -

उप + इक्खति = उपेक्खति ( = मध्यम हुन्छ )
उप + इतो = उप्रेत्तो ( = युक्त भएको )
न + उपेति = नोपेति ( = ठीक छैन )
चन्द + उदयो = चन्दोदयो ( = चन्द्रमा उदाएको ) भन्ने सन्धि पनि हुन्छ ।

**अभ्यास - १**

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. तेसं द्विन्नं निवेसनेसु बहुन्नं भिक्खूनं पञ्ञत्ताने'वा'सनानि होन्ति ।
२. "पुत्ता म'त्थि धनमम'त्थि इति बालो विहञ्ञति ।" (धम्मपद)
३. पुरा बेसालिवासीनं महन्तो रोगुपद्दवो अहोसि ।
४. सब्बे'व मयं धम्मं सुत्वा तं साधुकं मनसि करिस्साम ।
५. सब्बम्पि'दं अम्हाकं देहनिस्सितं विनस्सति ।
६. "नो हे'तं भन्ते'ति भिक्खू भगवतो वदिंसु" ।
७. दासेना'हटानि दारूनि गहेत्वा दासी यागुं पचि ।
८. यदा'हं नगरमगमासिं तदे'को परिसो मम छत्तं गण्हि ।
९. दारका पुप्फानो'चिनितुं वनं गन्त्वा सेतानि'पि नीलानी'पि पुप्फना'हरिंसु ।
१०. "तेन हा'वुसो गण्हथ मे मत्तचीवर'न्थि; थेरो आह ।
११. थेरो नासाय तेलं आसिञ्चनतो निसिन्नको'व आसिञ्चत्वा अन्तोगामं पाविसि" (ध.अ.) ।
१२. अनाथपिण्डिको'पि विसाखा'पि महाउपासिका निवद्धं दिवस्स द्वे वारे तथागतस्सु'पट्ठानं गच्छन्ति ।



Downloaded from http://dhamma.digital/

१३. उग्गण्हितुकामा दारका पातो'वुट्ठान किञ्चि भुञ्जित्वा सत्थसालं गच्छन्ति ।
१४. कुम्भघोसको कालस्से'व वुट्ठान राजगहनगरे कम्मकारे पबोधेसि ।
१५. महामहिन्दथेरो अञ्ञेहि चतूहि पब्बजितेहि सद्धिं लङ्कादीपमागन्त्वा जिनेरितं धम्मं लङ्किकानं देसेसि ।

प्रथम भाग किताबमा उल्लेख नभएको यो अभ्यास सम्बन्धी वचनहरू -

अन्तोगाम = गाउँ भित्र न.
अहोसि = भयो
आवुसो = आवुसो नि. (आलपन)
आसिञ्चन्त = पूरा गरिदिने, राखिदिने,
आसिञ्चित्वा = छरेर खनाएर, राखेर
आह = भन्यो
इति = यस्तो नि
उग्गण्हितुकाम = पढ्ने इच्छा भएको
द्वे वारे = दुई पटक
निबद्धं = सधैं क्रि.वि.
निवेसन = घर न.
पञ्ञत = ठीक गरिराखेको, बिछाई राखेको न.
पबोधेति = नसुती उठिरह्यो, उठाई रह्यो
भन्ते = भन्ते (आलपन)
लङ्किक = लङ्का निवासी पु.
विहञ्ञति = दुःख भइरह्यो
उपट्ठान = उपस्थान गर्ने नं
कालस्सेव = सवरै, समयमै नि.
किञ्चि = कोही पनि, केही पनि नि.
कुम्भघोसक = एक व्यक्तिको नाम
तथागत = सर्वज्ञ, बुद्ध पु
तेल = तेल न.
थेर = स्थविर पु
देहनिस्सित = शरीरसंग सम्बन्ध भएको
वुट्ठाय = उठेर
बेसालीवासी = बैसाली नगरबासी पु
सत्थसाला = स्कूल इ.
पत्तचीवर = पात्र र चीवर
पब्बजित = प्रब्रजित पु. प्रब्रजित भएको्
बाल = अज्ञानी, ज्ञान नभएको, मूर्ख पु.
रोगुपद्दव = रोगउपद्रव पु.
विनस्सति = विनाश भइरह्यो

**सन्धि सहित गरी पालिभाषामा अनुवाद गर्नुहोस् -**

१. म गाउँमा गएको बेला साथी कंजनाले मलाई एउटा किलाब दियो ।
२. सबै प्राणिहरू नै आ-आ ना शरीर छाडेर परलोकमा गइरहे ।
३. कुमारीहरूले नीला र राता फूलहरू तोडेर ल्याएर आमाहरूलाई र बुबाहरूलाई पनि दिए ।
४. बुबाले ल्याउनु भएको दशवटा फल मैले छोरहरूलाई पनि छोराहरूलाई पनि बाँडिदिएको हो ।
५. तथागत बस्नको लापग जेतवन विहारमा धेत्र आसनहरू बिछाइरहेका नै छन् ।
६. पहिला लंकाकाहरूलाई ठुलो अमनुष्य उपद्रव र रोग उपद्रव भयो ।
७. "आवुसो, त्यो (त्यस्तो) होइन" भनेर सारिपुत्र महास्थविरले भिक्षुहरूलाई भन्नु भयो ।
८. "हामी भोलि श्रावस्ती जान्छौं" भनेर स्थविरले गाउँलेहरूलाई भन्नु भयो ।
९. भिक्षुले बिहान सवेरै उठेर चैत्यको प्राङ्गणमा भुँई बढार्ने गर्नुहुन्थ्यो ।
१०. सर्वज्ञजिनले भन्नु भएको धर्म वट्ठगामणि अभय राजाको पालामा पुस्तकमा लेखिएको हो ।
११. म रोगीले बीस दिनसमम बैद्यले दिएको औषधी सेवन गरी निरोगी भएँ ।
१२. शास्ताले विहारमा आउने सबैलाई धर्मदेशना गर्नुभयो ।



Downloaded from http://dhamma.digital/

१३. अनाथपिण्डिक सेठले पनि विशाखा उपासिकाले पनि श्रावस्ती नगरमा दुईवटा विहार बनाई तथागतलाई दान दिए ।
१४. वहाँले पनि उक्त कुल दुईवटाको आभार लिएर छबीस वर्षसमम श्रावस्तीमा बस्नुभयो ।
१५. मृगार सेठले पनि आ ँना् बुहारी विशाखालाई आमाको ठाउँमा राख्नुभयो । त्यही भएर वहाँ "मृगारमाता" भन्ने नामले प्रख्यात भए ।

**नयाँ शब्दहरू**

गाउँलेहरू = गामवसी् पु
चैत्यको प्राङ्गणमा सफा गर्ने आदि मालक = सम्मज्जनादि पु.न.
गएको बेला = गते
आमाको ठाउँमा = मातुट्ठानं न.
आधार लिएर, अडेस लिएर = निस्साय पू.क्रि.नि.
लेखिराखेको = लिखित
परलोक = परलोक पु
बुहारी = सुणिसा इ
पुस्तक = पोत्थक
बस्न = निसीदितुं नि.
प्रख्यात भयो = पञ्आयि
शरीर = देह पु.न.
औषधी = भेसज्ज नं
सत्व = सत्त, पाणी पु.
छाडेर = चजित्वा, पहाय पू.क्रि.

७. अगाडिको स्वर (पूर्वस्वर) लोप गर्ने अवस्थामा कहिं कहिं पछाडिको स्वरलाई (वरस्वर) दीर्घ गर्ने हुन्छ । ("अ-इ-उ" भन्ने कमबद्ध "आ-ई-ऊ" दीर्घ हुन जान्छ भनेर बुझ्नु पर्दछ ।)

"बुद्ध+अनुस्सति" भन्ने ठाउँमा अगाडिको स्वर अ-कार लोप गर्दा "बुद्ध+अनुस्सति" भनी रहन्छ । पछाडिको स्वरमा अ-कारलाई दीर्घ गर्दा "बुद्ध+अनुस्सति" भनी रहन्छ । जोड्दा बुद्धानुस्सति रूप हुन्छ ।

पहिला भएको स्वरूप अगाडिको स्वर लोप गरेर पछाडिको स्वरलाई स्वरलाई दीर्घ गरी जोड्दाको स्वरूप

१. तत्र + अयं = तत्र् + अयं = तत्रायं
२. तदा + अहं = तद् + आहं = तदाहं
३. यानि + इध = यान् + ईध = यानीध
४. गच्छामि + इति = गच्छाम् + ईति = गच्छामीति
५. किकी + इव = किक् + ईव = किकीव
६. बहु + उपकार = बह् + ऊपकार = बहूपकार
७. मधु + उदकं = मध् + ऊदकं = मधूदकं
८. सु + उपधारितुं = स् + ऊपधारितुं = सूपधारितुं
९. यापि + अयं = योप् + आयं = योपायं
१०. इदानि + अहं = इदान् + आहं = इदानाहं
११. सचे + अयं = सच् + आयं = सचायं
१२. तथा + उपमं = तथ् + ऊपमं = तथूपमं
१३. अप्पस्सुतो + अयं = अप्पस्सुत् + आयं = अप्पस्सुतायं



Downloaded from http://dhamma.digital/

८. पछाडिको रूवर लोप गर्ने अवस्थामा कहिं कहिं अगाडिको स्वर दीर्घको रूपमा रहन्छ ।

"पुञ्ञक्खेतं लोकस्साति" भन्ने ठाउँमा "लोकस्स + इति" भनी सन्धि छुट्याउने गर्नुपर्छ । त्यसमा पछाडिको स्वर इकार लोप गर्दा अगाडिको स्वर अ-कार दीर्घ हुन्छ अथवा आ-कार हुन्छ । अनि लोकस्साति भनी रहन्छ । अरू उदाहरणहरू -

देव + इति = देवाति (देवता भनेर)
विज्जु + इव = विज्जूव (बिजुली जस्तै)
वि + अतिनामेन्ति = वीतिनामेन्मि (समय सिध्याइरह्यो)
साधु + इति = साधूति (हुन्छ, राम्रो भनेर)
किंसु + इध वित्तं = किंसूध वितं (यहाँ कस्तो सम्पत्ति)

९. पछाडि स्वर हुने अवस्थामा कहिं कहीं अगाडि भएको ओ-उ दुईवटा व्ह-कार हुन्छ ।
अनु + अद्धमासं = अन्वद्धमासं (१५ दिनको एकपटक)
सु + आगतं = स्वागतं (स्वागत, राम्ररी भनिराखेको)
सु + अक्खातो = स्वाक्खातो (राम्ररी भनिराखेको )
सो + अहं = स्वाहं (त्यो म)
यो + अयं = य्वायं (जुन यो)

यी तीन ठाउँमा पछाडिको स्वर दीर्घ पनि हुन्छ ।
अनु + एति = अन्वेति (पछि पछि आइरह्यो)
नतु + एव = नत्वेव (छदै छैन)
अथ खो + अस्स = अथ ख्वस्स (अनि वहाँलाई)
यावतको + अस्स कायो = यावतक्वस्स कायो (ऊ कति ठूलो छ)
१०. पछाडि स्वर भएको अवस्थामा कहिं य-व-म-द-न-त-र-ल भन्नेको अक्षरको आगम हन्छ । (आगाम भनेको के भनेर दोश्रो पेजको J अक्षर भएको ठाउँमा व्याख्या गरिएको छ । )
न + इदं = नयिदं (यो होइन)
न + इध = नयिध (यहाँ होइन)
ति + अङ्गुल = तिवङ्गुलं (तीन औंला)
अत्त + अत्थो = अत्तदत्थो (आत्मार्थ, आ ̂नो लागि)
इतो + आयति = इतोनायति (आज पछि)
तस्मा + इह = तस्मातिह (त्यसैले यहाँ)
नि + अन्तर = निरन्तर (लगातार)
नि + उत्तरो = निरूत्तरो (जोडा नभएको, उत्तर नभएको)
छ + अभिञ्ञो = छलभिञ्ञा (छ अभिज्ञा)

**अभ्यास - २**

१. सचा'यं कुमारो अगारं अज्झावसति; राजा भविस्सति चम्मवत्ती ।
२. सम्म, इदाना'हं विहारं गन्त्वा थरं तया कतपण्णसालायं निसित्रकं दिस्वा आगतो'म्हि (ध.अ.) ।



Downloaded from http://dhamma.digital/

३. “स्वा'हं हब्बुल्हसल्लो'स्मि ।
सीतिभूतो'स्मि निमबबुतो ।।“
४. “कोसि'त्वं भनते'ति ? थेरस्स भागिनेइयो'म्ही'ति ।“
५. “यथा पि मूले अनुपद्दने दल्हे,
छिन्नो'पि रूक्खो पुनरेब रूहति ।
एवमिप तण्हानुसये अनूहते,
निबबत्तति हुक्खमिदं पुनप्पुनं ।।“ (धम्मपद)
६. “किंसू'ध वित्तं पुरिसस्स सेट्ठं ?
किसु सुचिण्णो सुख'मावहाति ?“
धम्मो सुचिण्णो सुखमावहाति ।।“ (संयुक्त)
७. “तस्मातिह भिक्खवे एवं सिध्खतब्बंः पञ्ञवुड्ढिया वड्ढिास्समपाति ।“ (अङगुत्तर एककनिपात)
८. “तयो'मे भिक्खवे गिलाना संविज्जमाना लोकस्मिं.............. 'तयो'मे गिलानूपमा पुग्गला ।“ (अङ्गुत्तर)
९. अण्डं रम्खन्ती किकी'व वालधिं रक्खन्ती चमरी'व तुम्हे'पि साधुकं अत्तनो सीलं रक्खथ ।
१०. “ततो नं सुख'मनोति छाया'व अनपायिनी ।“ (धम्मपद)
११. “यावतक्व'स्स कायो, तावतक्वस्स व्यामो (होति) ।“
१२. “नायि'ध नच्चं वा, तालं वा सुसमाहितं । (जातक)

**नयाँ शब्दहरू**

अगार = घर न.
अज्झावसति = बास गरिरह्यो इ.
अनपायिनी = छोडेर नगएको इ.
असि = भयो
अनपद्दव = उपद्रव नभएको
ताल = बाजाले न.
नच्च = नाच नाच्ने न.
दल्ह = स्थिर, कडा
निब्बुत = निर्वाण, शान्त, सुख निं
पुग्गल = व्यक्ति पु.
गिलानूपम = रागी जस्तै
गीत = गाना गाउने न.
चककवत्ती =चक्रवर्ती पु
चमरी = चामर गाई पु
तण्हानुसय = जरा लिएको तृष्णा पु
तस्मा = त्यसैले
तादिस = त्यस्तो
तावतक = तयतिमात्र
सम्म = मित्र पु (आलपन)

अनहत = बाँकी नराख्ने
अब्बूल्हसल्ल = उखाडी सकेको कांडा
अम्हि = भयो
अीस्म = भयो
आवहाति = तर्साएर भगाइरह्यो, ल्याई दिइरह्यो
किकी = एक प्रकारको चरा
किसु = प्रश्न सोध्नेनि.
गिलान = रोगी पु
पण्णसाला = पर्णशाला इ.
पुनप्पुन = फेरि फेरि पु
भागिनेय्य = भान्जीपु
यावतक = कतिमात्र
राज = राजा पु
रूहति = चढिरह्यो, उम्रियो
वालधि = पुच्छर पु
वित्त = समपत्ति
व्याम = (शरीर) लम्बाई पु
सद्धा = श्रद्धा न.
संविज्जमान = विद्यमान भएको, रहेको



Downloaded from http://dhamma.digital/

सिक्खितब्ब = सिखाउनु पर्ने
सुचिण्ण = राम्ररी आचरण गरिराखेका्
सीतिभूत = शान्त भएको
सुसमाहित = राम्ररी प्रयोग गरेको, राम्रो समाधि भएको

**मिल्ने ठाउँमा सन्धि गरेर पालि भाषमा अनुवाद गनुहोस् -**

१. यहाँ एकत्रित भएका कोही अमनुष्यहरू छन् भने उनीहरू सबै असल चित्त भएको हुनुपर्‍यो ।
२. भिक्षुहरू, यी तीनवटा अकुशल मुलहरू हुन् ।
३. जसरी काटेको रूख तल भुईमा खस्छ, त्यस्तै मारले मानिसहरूलाई मरणमा पुर्‍याई दिने हो ।
४. मैले त्यो तिम्रो वचन (पालना) गरेको छैन, मेरो आमाले भन्नु भएजस्तै गरिराखेको छु ।
५. यदि यो राजकुमार प्रबजित भयो भने (यसले) बुद्धत्व प्राप्त गर्छ ।
६. मैले अहिले मेरा बच्चाहरूसँग विहारमा गएर कथा सुनेर आएँ ।
७. माणवक, माग्न नहुने माग्ने तिमी मूर्ख हौ ।
८. माणवक, माग्न नहुने माग्ने तिमी मूर्ख हौ ।
९. मन्त्रीले "हुन्छ महाराज" भनेर राजदरवार बाहिर गयो ।
१०. आनन्द सेठले १५ दिनको एक पठक आˆना ज्ञातिहरूलाई एकत्रित गरेर उनीहरूलको अगाडि छोरालाई अववाद गर्नुभयो (दिने गर्नुभयो) ।
सरी एउटा मात्र आँखा भएको मानिसले त्यो आँखालाई रक्षा गर्छ, त्यसरी नै शील राम्ररी रक्षा गर्नुपर्छ ।
१२. देवताहरू जहाँ भगवान बुद्ध हुनुहुनछ, त्यहाँ गएर वहाँलाई वन्दजा गरी एउटा प्रश्न सोधे ।

१. पञ्चिन्द्रियानि, सत्तुत्तमो, सुरियोदयो, धम्मानुस्सति, अत्राहं, यानिमानि, तावदेव, य्वाहं, ताता'ति, सद्धीध, मिगीव, हनदाहं, ततोहं, हतचक्खुस्मि, नेव तावाहं, चत्तारोमे, सममदक्खातो - सन्धिहरू अलग गरेर सन्धि भएको तरीका पनि देखाउनुहोस् ।

२. तथ्य + अहं, तस्स + उपरि, अज्ज + एव, तदा + अपि, वसालो + इति, अविज्जा + ओधो,मूह्लो + असि, तथा + एव, दु+ अंगुलं, अथ खो + एतं, न + उदेति, तानि + अहं यिनीहरूलाई सन्धि गरेर देखाउनुहोस् ।

**नयाँ शब्दहरू**

**अकुशलमूल** = अकुशलमूल न.
अमनुष्य, भूत = भूत पु. न.
अववाद गर्‍यो = ओवदि
मन्त्री = अमच्च इ.
उपासक = उपासक पु.
आरण्यक = आरञ्ञक
वचन = वचन न. कथा इ.
साँच्चै = वुत्तनयेन
माग्न नहुने = अपत्थिय
सोध्यो = पुच्छि
विद्यमान भइरह्यो = विज्जति
माग्ने = पत्थेन्त
प्रव्रज्या भइए रह्यो = पब्बजति
प्रश्न = पञ्ह
बुद्धत्व = बुद्धत्त न.
मानवक = माणव पु.
मार = मार पु.
राजदरबार = राजगेह; राजभवन न.
एकत्रित गरेर = सत्रिपातेत्वा पू.कि.
एकत्रित भएका, एकत्रित हुनेहरू = समागत
असल चित्त भएको = सुमन
खसाइराख्यो = पातीयति



Downloaded from http://dhamma.digital/

Downloaded from http://dhamma.digital/

# २. व्यञ्जनसन्धि

११. स्वरको पछाडि भएको व्यञ्जन योग्य अवस्थामा जोडेर द्वित्व हुन्छ । (द्वित्व भनेको एउटा व्यञ्जन दुईवटा हुन आउँछ । 'क्' भनेको 'क्क्' भनी ककारलाई द्वित्व गर्ने हो ।)

अ + पमादो = अप्पमादो (= अप्रमाद)
सु + पतिट्ठित = सुप्पतिट्ठित (= राम्ररी राखेको)
अनु + गहो = अनुग्गहो ( = अनुग्रह)
वि + ञाणं = विञ्ञाण ( = चित्त; विज्ञान)
दु + कर = दुक्कर ( = गर्न गाह्रो)
अव + सयो = अवस्सयो ( = आधार; शरण)
अप्प + सुते = अप्पस्सुतो (= अलिकति मात्र सुनेको, जानेको)
परि + चजति = परिच्चजति ( = परित्याग गरिरह्यो)
उप + दवो = उपद्दवो ( = उपद्रव)
उप + किलिटठ् = उपक्किलिट्ठ ( = क्लिष्ट, फोहोर)
नि + मल = निम्मल ( = मल रहित, सफा)
परा + कमो = परक्कमो ( = पराक्रम)
(यहाँ अगाडिको स्वर ह्रस्व हुन्छ ।)

१२. स्वरको पछाडि भएका प्रत्येक वर्गको दोश्रो र चौथो (महाप्राण) अक्षर द्वित्व हुने अवस्थामा उक्त उक्त वर्गका पहिलो र तेश्रो ( अल्पप्राण) अक्षरहरू हुन्छन् ।

("क" वर्गमा दाश्रो अक्षर "ख" हो । त्यसलाई द्वित्व (दुईवटा) गर्दा फेरि ख- नभईकन त्यो वर्गमा पहिलो अक्षर भएको क्-हुन्छ । अनि "क्ख" हुन्छ । प्रत्येक वर्गको दोश्रो अक्ष पहिलो अक्षरसँग, चौथो अक्षरको तश्रो अक्षरसँग द्वित्व (दुईवटा अक्षर सन्धि ) हुनछ भनी बुझ्नुपर्छ ।

दु + भिम्खं = दब्भिम्खं ( = दुर्भिक्ष)
नि + धनो = निद्धनो ( = धन नभएको )
नि + भय = निब्भय ( = भय नभएको )
पठम + झानं = पठमन्झानं ( = प्रथम ध्यान)
रूप + खन्धो = रूपक्खन्धो ( = रूपस्कनध )
आयु + खयो = आयुक्खन्धो ( = आयु सिधिने)
सेत + छत्तं = सेतच्छत्तं ( = सेतो छाता)
तत्र + ठितो = तत्रट्ठितो ( = त्यहाँ बसिरह्यो )
नि + फलं = निप्फलं ( = फलरहित )
उ + घोसनं = उग्घोसनं ( = घोषणा गर्ने )

१३. एउटा व्यञ्जन पछाडि हुने हवस्थामा कहिलेकाहीँ स्वरहरू दीर्घको रूपमा रहन्छ । (यो प्राय गरेर गाथाको छन्द नबिगार्नको लागि गरिन्छ । )

सन्ति + परमं = खन्ती परमं
जायती + सोको = जायती सोको
मञ्ञती + बालो = पञ्ञती बालो



Downloaded from http://dhamma.digital/

निब्बत्तति + दुक्खं = निब्बत्तती दुक्खं

(९-औं अङ्कमा उल्लेख भएको "स्वाहं, य्वाहं" भनने दुई ठाउँमा ओकार वकार गरिसकेपछि पछाडिको स्वर दीर्घ हुने यस १३ अङ्कको नियम हो भनी बुझ्नुपर्छ ।

१४. संयुक्त व्यञ्जन (जाडिएको अक्षर ) पछाडि हुने अवस्थामा धेरै जसो स्वर ह्स्व हुन्छ । पालिमा जायडएको हक्षरको अगाडि दीर्घ स्वर देखिने स्वरूप मात्र हो ।

"महा+फलं" भन्ने ठाउामा १२ औं अंकको नियम अनुसारले द्वित्व हुनासाथ (१४ औं) नियमअनुसार अगाडिको स्वर ह्स्व हुन्छ । अनि "महप्फलं" हुन्छ ।

आ + खातो = अक्खातो (भनेको)

तण्हा + खयो = तण्हक्खयो (तृष्णा क्ष्य गर्ने)

आणं + खेत्तं = आणकखेत्तं (हुकुम चलेको ठाउँ)

यी ठाउमा पनि "पहप्फलं" जस्तै सिद्ध हुन्छ ।

परा + कमो = परक्कमो (पराकम)

आ + सादो = अस्सदो (स्वाद लिने, अस्वाद)

भन्ने ठाउँमा ११ हौं नियमले द्वित्व भएपछि पर्स्वस्वर ह्स्व हुन्छ ।

यिट्ठं वा + हुतं वा + लोके = यिट्ठंव हुतंव लोके

यदि वा + सावके = यदि व सावके

भोवदी + नाम सो = भोवादि नाम सो भन्ने ठाउँमा छन्द निबगार्नको लागि ह्स्व हुन्छ ।

१५. व्यञ्जन अथवा स्वर पछाडि हुने बेलामा "एल-त" भन्ने शब्दको पठमा एकवचनमा भएको ओकार अकार हुन्छ ।

एसो + धम्मो = एस धम्मो ( = यो धर्म)

सो + मुनि = समुनि ( = वहाँ मुनि हुनुहुन्छ )

सो + सीलवा = ससीलवा ( = वहाँ शील भएका हुन् )

एसो + पत्तो = एसपत्तो ( = यो पुगेको )

एसो + इदानि = एसदानि ( = यो अहिलो )

**अभ्यास - ३**

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. मनस्सा आयुक्खयेन कम्मक्खयेन पुञ्ञक्खयेन च मरन्ति

२. सुमेधतापसो पमज्भानं दुतियज्भानं च निब्बत्तेसि ।

३. निम्मलस्स सीलस्स पालनं महप्फलं महानिसंसं होति ।

४. "पेमतो जायती सोको; पेमतो जायती भयं ।
पेमतो विप्पमुत्तस्स, नत्थि सोको कुत्तो भयं ?"

५. भगवाता तण्हक्खयाय धम्मो देसितो होति ।

६. "उपम्मिलिट्ठस्स विसाखे कालस्स उपक्कमेन मरियोदपना होति ।"

७. "यो च तुलं व पग्गय्ह वर'मादाय पण्डितो ।
पापानि परिवज्जेति स'मुनी, तेन सो मुनि ।।'(धम्मपद)

८. "न हि वेरेन वेरानि, सम्मन्ती'ध कुदाचनं ।



Downloaded from http://dhamma.digital/

अवेरेन च सम्मन्ति, एस धम्मो सनन्तनो ।।" (धम्मपद)
९. धम्मासोको देवानम्पियतिस्सस्स बहू पण्णाकारे पेसेत्वा पुनपि रज्जाभिसेकं कारसि ।
१०. "यम्हि झनं च पञ्ञा च, स वे निब्बाणसन्तिके ।" (धम्मपद)
११. " सब्बे संखारा अनिच्चाति यदा पञ्ञाय पस्सति ।
अथ निब्बिन्दती दुक्खे, एस पग्गो विसद्धिया ।।" (धम्मपद)

**नयाँ शब्दहरू**

अनिच्च = नित्य नभएको
अवेर = मैत्री न.
उपककम = उपाय, उपकम, बाटो पु.
कम्मक्खय = कर्म क्षय भएर गएको पु.
कुदाचनं = कहिले पनि नि
जायति = उत्पन्न भइरह्यो
झान = ध्यान न.
तापस = तपस्वी पु
वर = उत्तम
विप्पमुत्त = पुक्त भएको
निब्बिन्दति = घृणा सम्झिने, न्यास्रो भएरह्यो
सनन्तन = पौराणिक, पहिला देखि चलि आएको
पण्णाकार = उपहार
परियोदपना = सफा गर्ने, राम्रो पार्ने
परिवज्जेति = टाढा पारिरहयो
निब्बत्तेति = उत्पन्न गराइरह्यो
पुञ्ञक्खय = पुण्य सकिने पु.
पेम = प्रेम न.
पेसेत्वा = पठाएर पु.कि.
भय = भय, डराउने न.
महपफल = ठुलो फल भएको
महानिसंस = महानिसंस = महानिशंस भएको
रज्जाभिसेक= राज्याभिषेक पु
पालन = रक्षा न.
विसुद्धि = विशरद्धि, विर्वाण
वेर = वैर, शत्रु न.
पग्गय्ह = उठाएर
सम्मति = शान्त भइरह्यो
संखार = संस्कार
सोक = शोक पु.

**सन्धि प्रयोग गरेर पालि भाषामा अनुवाद गर्नुहोस् -**

१. देवताहरू पुण्य सिद्धिएर वा आयु सिद्धिएर देवलोकबाट च्यूत भइरहे ।
२. तपस्वीहरूले प्रथम धयान प्राप्त गरेर चित्त निर्मल गरिरहे ।
३. धन नभएकोहरूले दान दिन, सजिलो छैन ।
४. जो हल्पश्रुत (हुन्छ) उसले निर्वाण प्राप्त गर्न सक्दैन ।
५. स्पस्कन्ध पानीको गुबबाराको उमपा जस्तै हो भनेर भगवानले (तथागत) ले भन्नु भयो ।
६. भगवान् बुद्ध बैशाली नगरमा आउनु भएको समयमा विमिबसार राजाले वहाँलाई र भिक्षु सङ्घहरूलाई सेतो छाताले ओढाई दिनु भयो ।
७. निर्मल (सफा) शलि रक्षा गरेर देवलोकमा जम्म भएर दिव्य सम्पत्तिको अनुभव गर्नेछ ।
८. सत्पुरूषहरूबाट पुण्य (कुशल) गर्न सजिलो हुन्छ ।
९. राजाहरूले आ-आ ना देशमा दुर्भिक्ष भय रोक्न ससिरहेका छैनन् ।
१०. मानिसहरूले महान (ठूलो) फल प्राप्त गर्न लान आदि गरेर पुण्य गरि रहेका छन् ।

**प्रश्न :-**



Downloaded from http://dhamma.digital/

१. बहु + सुतो, सो + याति, पुग्गला + धममदसा, सम्मा + पधानं, महा + धनो, पञ्च + बन्धा, दु + करं भन्ने ठाउँमा सन्धि कसरी गर्ने ?
२. पग्घरति, महब्भयं, सप्पुरिसो, महबबलो, वेलनाक्खन्धो, अप्पटिपुग्गलो, अस्सासो भन्ने ठाउँमा सन्धि कसरी अलग गर्ने ?

**नयाँ शब्दहरू**

अनुभव वरि रहेको (दुःख-सुख) = अनुभवति, विन्दति
देवलोक, स्वर्ग = देवालोक पु
गर्ने = करण न.
च्युत भइरहृयो = चवति
गर्न सजिलो = सुकर
ओढ्न दिइरहृयो = धारापेसि
बिम्बिसार राजा = बिम्बिसारराज
पानीको गुब्बारा = फेणपिण्ड पु
दिबयसम्पत्ति = दिब्बसमपत्ति इ.
प्राप्त गर्न, लिन = लभितुं नि.
रोक्नको लागि = वारेतुं, निवारेतुं नि.
निर्मल, सफा = निम्मलं

## ३. निग्गहीत सन्धि

१६. वर्गमा परेको व्यञ्जन पछाडि हुनेबेला अगाडिको बिन्दुलाई त्यस त्यस वर्गको अनतमा भएको (पाँचौ) अक्षर आदेश गर्ने हुन्छ ।

कवर्गमा एउटा अक्षरको अगाडि भएको बिनदेलाई उक्र वर्गको अनताक्षर (पछाडि भएको अक्षर ) भएको "ङ" अक्षर आदेश हुन्छ । यसरी अरू-अरू वर्गमा रहेका अक्षर एक एकवटाको अगाडि भएका बिन्दुलाई उक्त उक्त वर्गको पाँचौं अक्षर आदेश गर्ने हुन्छ । वर्गान्त ङ- ञ-ण-न-म यी अक्षरहरू हुन् ।

किं + करो = किङ्करो (नोकर, सेवक)
धम्मं + चरे = धम्मञ्चरे (धर्ममा आचरण गर्ने)
तं + ठानं = तण्ठानं (त्यो ठाउँ)
जुतिं + धरो = जुतिन्धरो (जटा धारण गर्ने)
तं + फलं = तम्फलं (त्यो फल)
दीपं + करो = दीपङ्करो (एक बुद्धको नाम)
सं + ठितो = सण्ठितो (साम्ररी राखी राखेको)
सं + चरति = सञ्चरति (भइराहयो )
सं + मतो = सम्मतो (सम्मति दिई राखेको)
एवं + मे सुतं = एवम्मे सुतं (यस्तो मैले सुनेको)

टिप्पणी :-

वर्गमा पाँचौं अक्षर पछाडि भइरहने समयमा बिन्दुलाई तयही हक्षर आदेश गर्ने हुन्छ भन्ने सम्मतो, एवम्मे दुईवटा उदाहरणले स्पष्ट हुन्छ ।

पुं + लिङ्ग = पुल्लिङ्ग आदि ठाउँमा ल-कार पछाडि हुने समयमा बिन्दुलाई लकार आदेश गर्ने हुन्छ भनी बुझ्नु पर्दछ ।

१७. एकार र हकार पछाडि हुने समयमा बिनदुलाई ञकारादेश गर्ने हुन्छ एका पछाडि हुने समयमा ञकारलाई दित्व पनि गरिन्छ ।



Downloaded from http://dhamma.digital/

पच्चतं + एव = पच्चँत्तञ्ञेव (आ-आˆनो तर्फबाट नै)
तं + एव = तञ्ञेव (त्यही)
तं + हि = तञ्हि (त्यो भएपनि, त्यही)
एवं + हि = एवञ्हि (यसृ भएपनि यही)

१८. अकार पछाडि हुने समयमा अगाडि भएको बिन्दु उक्त यकार साग ञकारको रूपमा आदेश हुन्छ । ञकारलाई द्वित्व गर्ने पनि हुन्छ ।
सं + योगो = सञ्ञोगो (मिलाउने, संयोग)
सं +यतो = सञ्ञतो (सशक्षित हुने)
यं + यदेव = यञ्ञदेव (जुन, जुनैपनि, यस्तो त्यस्तो)
आनन्तरिकं + यमाहु = आनन्तरिकञ्ञमाहु (जसलाई आनन्तरिक भनिराखेको छ)

१९. स्वर पछाडि हुने समयमा बिनदुलाई कुनै ठाउँमा दकार र कुनै ठाउामा मकार आदेश गर्ने हुन्छ ।
(दकार य-त-एत शबदको पछाडि भएको बिनदुलाई मात्र)
एतं + एव = एतदेव (यही)
तं + अनत्ता = तदनत्ता (त्यो अनात्म)
तं + अहं = तमहं (म त्यो)
तं + एव = तमेव वा तदेव (त्यही)
एवं + एव = एवमेव (यस्तै)
किं + एतं = किमेतं (यो के हो?)
एतं + अवोच = एतदवोच (यस्तृ भन्यो)

२०. स्वर अथवा व्यञ्जन पछाडि हुने समयमा कुनै ठाउँमा बिन्दु लोप हुन्छ । त्यसपछि कुनै बेला अगाडिको स्वर लोप भएर पछाडिको स्वर दीर्छ पनि हुन्छ ।
तासं + अहं = तासाहं (मैले उनीहरूलाई)
अदासिं + अहं = अदासाहं (मैले दिएँ)
एवं + अहं = एवाहं (यस्तो मैले)
सच्चानं + दस्सनं = सच्चानदस्सनं (सत्यवानहरू हेर्ने)
बुद्धानं + सासनं = बुद्धानसासनं (बुद्धहरूको अनुशासन)
गन्तुं + कामो = गन्तुकामो (जाने इच्छा भएको )

२१. कुनै ठाउँमा बिन्दुको पछाडि भएको स्वर लोप हुन्छ । त्यसपछि बिन्दुलाई माथि उल्लेख गरे जस्तै वर्गान्तादेश गर्ने हुन्छ ।
कंत + इति = कतन्ति (गऱ्यो भनेर)
चक्कं + इव = चक्कंव (चक्र जस्तै)
त्वं + असि = त्वंसि (तिमी भयौ)
त्वं + असि = त्वंसि (तिमी भयौ)



Downloaded from http://dhamma.digital/

अभिनन्दुं + इति = अभिनन्दुन्ति (खुशी भएर स्वीकार गऱ्यो भनेर)
इदं + अपिं = इदम्पि (यो पनि)
उत्तरिं + अपि = उत्तरिम्पि (त्यसपछि अर्को)
किं + इदानि = किन्दानि (अब के)
हलं + इदानि = हलन्दानि (अब पुग्यो)

२२. कुनै ठाउँमा स्वर हथवा व्यञ्जन पछाडि भयो भने बिन्दु आगम हुन्छ ।
चक्खु + उदपादि = चक्खुं उदपादि (आँखा भयो)
अणु + थूलानि = अणुं थूलानि (सानो ठुलो वस्तु)
अव + सिरो = अवंसिरो टाउकोले टेकेर)
याव + च + इध = यावञ्चिध ( यहाँ कति मात्र)

**अभ्यास - ४**

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. "तस्स अत्रनो च तासञ्च देवतानं सद्धञ्च सीलञ्च सुतञ्च चागञ्च पञ्ञञ्च अनुस्सरतो चित्तं पसीदति ।"
२. "तस्मा सञ्ञमय'त्तनं अस्सं भद्र'व वाणिजो ।"
३. "करोमि ते नं वचनं त्वं'सि आचरियो मम ।"
४. "अनुस्सरेथ सम्बुद्धं, भयं तुमहाकंनो सिया ।"
५. "यवा'हं चिन्तयित्वान नेककोटिसतंधनं
नथानाथानं दतवान हिमवन्तुमुपागमिं ।"
६. "दायको दानपति यञ्ञदे'व परिसं उपसङ्कमति,.................................. विसारदो'व उपसङ्कमति ।" ( अंगुत्तर)
७. "अञ्ञाय च पना'हं समणानं सक्यपुत्तियानं धम्मं एवा'हँ तस्मा धम्मविनया हपक्कनतो ।" ( तिकङ्गुत्तर)
८. तेन हि, गपति तञ्ञे'वे'त्थ पटिपुच्छिस्सामि ।
९. " तञ्हि तस्स सकं होति तञ्च आदाय गच्छति ।" (सं.नि.)
१०. "इमानि चत्तारि हरियसच्चनीति भिक्खवे .......... मन्तं वुत्तं इदमेतं पटिच्च वुतं । " (तिकङगुत्तर)
११. तण्हङ्करो मेधङ्करो सरणङ्करो दीपङ्करो चत्तारो बुद्धा एकस्मिञ्ञेव कप्पे उप्पज्जिंसु ।
१२. "इदमवोच भगवा, अत्तमना ते भिक्खू भगवतो भासितं अभिनन्दुन्ति ।" (कतिपय सूत्रहरूमा भएको)
१३. "कामं पतामि निरयं उद्धंपादो अवंसिरो ।" (खदिरङ्गारजातक)

**नयाँशब्दहरू**

अञ्ञाय = बुझेर पू.कि.
अत्तमन = खुशी चित्र भएको
अनाथ = शरण नभएको
अभनन्दति = खुशी भएर स्वीकार गऱ्यो
पु.
अनुस्सरति = सम्झिरहेको
अनुस्सरन्त = सम्झिरहेको
अपक्कन्त = अलग भएर जाने
धम्मविनय = धर्म र विनय



Downloaded from http://dhamma.digital/

आचरिय = आर्यसत्य न.
उद्धंपाद = खुट्ट माथि भएको
उपागमि = नजिक गयो
कप्प = कल्प पु
कामं = एकान्तले गर्दा, निश्चयं नि
चाग = परित्याग पु
चिन्तयित्वान = विचार गरेर
दानपति = दिनेमा नाइके पु
भासित = भनेको न
विसारद = (शंका नभएको), निर्भय भएको
सिया = हुन सक्छ

नाथ, सहायता भएको, स्वापम पु.
निरय =नरक पु.
समण = श्रमण पु
नेककोटिसत = सयौं काटि भएको
पटिच्च = हारणले गर्दा नि.पु.कि
पटिपसच्छति = फेरि सोधिरह्यो
पसीददति = प्रसन्न भई रहयो
भद्र = असल, राम्रो
सक्यपुत्तिय = शाक्यपुत्रहरूको हक
सञ्ञमयति = दमन गरिरह्यो, संयम गरि सहयो
सक = आˆनो

**सन्धि प्रयोग गरेर पाति भाषामा अनुवाद गर्नुहोस् –**

१. शीलवानहरू जुन जुन परिषदमा जाने हो, (निर्भय) नडराईकन नै (नजिक) जाने गर्दछ यो पनि शीलको एउटा फल हो ।
२. मैले यस्तो विचार गरी दुई सय रूपैयां माग्नेहरूलाई दान दिए ।
३. त्यो कारणले नै मैले फेरि उसलाई सोधेँ ।
४. धर्मदेशना पछि भिक्षुहरूले सारिपुत्र महास्थविरको वचनलाई खुशी भएर स्वीकार गरेका हुन् ।
५. यदि तिमीहरूले संधै बुद्धलाई सक्झेर बस्यौ भने तिमीलाई भय उत्पन्न हुँदैन ।
६. मानिसहरूले जुन पुण्य अथवा पाप गर्दछ, त्यो नै उसको पछि पछि दुःख गइरहनछ ।
७. हामी आजै बुद्ध, धर्म र सङ्घको शरणमा गइरहेका छौं ।
८. गोरूको खुट्टा पछि पछि गइरहको पाङग्रा जस्तै पाप गर्नेहरूको पछि पछि दुःख गइरहनछ ।
९. आˆनो चित्तलाई सबै पापबाट शुद्ध गर्नु पर्दछ भन्ने यो बुद्धको अनुशासन हो ।
१०. भगवानले यति भन्नु भएर अनि फेरि अर्को पनि उनीहरूलाई धर्मदेशना गर्नुभयो ।
११. जुन मैले भनेको हो, त्यो यही कुरालाई लिएर भनेको हुँ ।
१२. मानिस खुट्टा माथि टाउको तल परेर रूखबाट भुईंमा खस्यो ।

**नयाँ शब्दहरू**

पछि पछि जाने = अनुगच्छन्त
अवसान, पछि = ओसान
कारण = कारण न.
भनेको = वुत्त, कथित
दान = दान

निर्भय = निब्भय, विसारद
शुद्ध गर्नुपर्ने = सोधेब्ब
भनेर = वत्वा पु.कि
शरणमा गयो = सरणं गच्छति

**मिश्रक सन्धि**



Downloaded from http://dhamma.digital/

२३. असमान (जोडा नमिलेको) स्वरको अगाडि भएका इ-ई-ए यिनीहरू कहिलेकाहीँ य्-रूपमा रहन्छ । त्यो य्-कार अगाडि भएको अनेक आकारको व्यञ्जन संग विभिन्न रूपमा परिवर्तन पनि हुनसक्छ ।

सोत्थि + अत्थु = सोत्थ्य + अत्थु = सोत्थ्यत्थु
ते + अहं = त्य् + अहं = त्यहं = त्याहं
सत्तमी + अत्थे = सत्तम्य् + अत्थे = सत्तम्यत्थे

यी य्-कारादेशको उदाहरणाहरू हुन् । यस ठाउँमा य्-कार रूप परिवर्तन भएर नगएतापनि अरू-अरू धेरै ठाउँमा उक्त परिवर्तन आउन सक्छ ।

I. त्य् भन्ने च्च्-को रूपमा रहन्छ :-
इति + एवं - इत्य् + एवं = इच्चेवं
अति + अन्तं - अत्य् + अन्तं = अच्चन्तं
इति + आति - इत्य् + आदि = इच्चादि
जाति + अन्धो - जात्य् + अन्धो = जच्चन्धो

II. द्य् भन्ने ज्ज्-को रूपमा रहन्छ :-
यति + एवं = यज्जेवं
नदी = आ - नद्य् + आ = नज्जा

III. ध्य भन्ने ज्झ-को रूपमा रहन्छ :-
बोधि + अङ्गा - बोध्य + अङ्गा = बोज्झङ्गा
अधि + अगमा - अध्य + अगमा = अज्झगमा

IV. भ्य्-ब्भ् रूपमा रहन्छ :-
अभि + उग्गच्छति - अभ्य् + उग्गच्तति = अबभुग्गच्छति
अभि + ओकासो - अभ्य् + ओकासो = अब्भोकासो

V. प्य्-प्य् रूपमा रहन्छ :-
अपि + एकच्चे - अप्य् + एकच्चे = अप्पेकच्चे
अपि + एकदा - अप्य् + एकदा = अप्पेकदा

प्रथम भाग किताबमा उल्लेख नभएको सधैं व्यवहारमा आउने केही शब्दहरू

## २४. अकारान्त पुल्लिङ्ग "अत्त" शब्दको रूप

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | अत्ता (आ-आफै) | अत्तानो (आफूहरूलाई, आफूहरूले) |
| दु. | अत्तान; अत्त (आ-आफैलाई) | अत्तानो (आफूहरूलाई) |
| त.क. | अत्तेन, अत्तना (आफैले) | अत्तनेभि; अत्तनेहि (आफूहरूलें) |
| च. | अत्तनो (आफूलाई) | अत्तानं (आफुहरूलाई) |
| प. | अत्तना (आफूबाट, आफूसँग) | अत्तनेभि, अत्तनेहि (आफूहरूसँग, आफूहरूबाट) |
| छ. | अत्तनो (आ ̂ नो) | अत्तानं (आफूहरूको) |
| स. | अत्तानि (आफूमा, आफूसँग) | अत्तनेसु (आफूहरूमा, आफूहरूसँग) |
| आ. | (हे) अत्त, अत्ता (हे आत्म) | (हे) अत्तानो, (हे आत्महरू) |



Downloaded from http://dhamma.digital/

## २५. अकारान्त पुल्लिङ्ग "राज" शब्दको रूप

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| | राजानो (राजाहरू, राजाहरूले) | |
| दु. | राजानं; राज (साजालाई) | राजानो (राजाहरूलाई) |
| त.क. | रञ्ञा;राजेन (राजाले, राजाद्वारा) | राजूभि; राजेभि; राजेहि (राजाहरूले, साजाहरूद्वारा) |
| च.छ. | रञ्ञो; राजिनो | रञ्ञं, राजूनं, राजानं |
| प. | रञ्ञा; राजम्हा; राजस्मा | राजूभि; राजसहि; राजेहि |
| स. | रञ्ञो; राजिनि; राजम्हि; राजस्मिं | राजुसु; राजेसु |
| आ. | (हे) राज; राजा | (हे) राजानो |

### अभ्यास – ५

**नेपाली भाषामा अनुवाद गर्नुहोस् ।**

१. राजा नगरे चरन्तो धम्मं देसेन्तमेकं तापसं पस्सि ।

२. धम्मं सुणनतन बहू मनुा राजिनि आगच्छन्ते तमेव ओलोकेसु ।

३. राजुसु अत्तनो रट्ठेसु चरन्तेसु बहू सेवका सेतच्छत्तानि गहत्वा ते अनुगच्छन्ति ।

४. राजानो अत्तानं कुमारे सके सके रज्जे पतिट्ठपेतुमिच्छन्ता तेसं नानासिप्पानि सिक्खापेन्ति ।

५. दुट्ठगामणीरञ्ञो रालिकुमारो नाम एको'व पुत्तो अहोसि; सो अत्तनो पितुसन्तकं रज्जं लभितु न इच्छि ।

६. सो राजा एलारं दमिलराजानं मारेत्वा बुद्धसासनं संगण्हन्तो महनतानि चेतियानि बहू विहारे ग कारसि ।

७. "इच्चेव'मचचन्त-जमस्सनीयं
    नपस्समानो रतनत्तयं यं
    पुञ्ञाधिसन्दं विपुलं अलत्थं
    तस्सा'नुभावेन हतनतरायो ।"

८. "अथस्स उपपरिक्खतो एतद'होसिः पच्चन्तिमेसु खो जनपदेसु सासनं सुप्पतिट्ठितं भविस्सतीति ।" (विनय अट्ठकथा)

९. "सेट्ठी कम्पमनो धनसोकेन सतिं पच्चुपट्ठपेतुं असक्कोनतो तत्थे'व पतिं ।" (इल्लिस जातक)

१०. "एकच्चो पुग्गलो नीचे कुले पच्चाजातो होति...... सो च होति .................. बव्हाबाधो काणो वा कुणी वा ।" (अङ्गुत्तर)

### नयाँ शब्दहरू

अच्चनतनमस्सनीय = निरन्तर, अत्यन्त वन्दना गर्ने योग्य

देसेन्त = देशना गर्ने

नमस्समान = वन्दना गर्ने

अलत्थं = प्राप्त गर्ने

नानासिप्प =अनेक शिल्प

असक्कोन्त = नसकेको

पच्चन्तिम = टाढा रहेको

आदि = शरू गर्ने, आदि पु

पच्चजात = जन्म भएको



Downloaded from http://dhamma.digital/

आनुभाव = आनुभाव, बल पु
उपपरिक्खत्त = परिक्षा गर्ने
एकच्च = कुनै
कम्पमान = थर थर काँप्ने
काण = एउटा आँखा अन्धो पु
कुणी = हात टेढो, हात पक्षघात भएको
जनपद = देश, जनपद पु
न.
दमिलराजा = तामिल राजा पु
विपुल = महान, धेरै
संगण्हन्त = संग्रह गर्दै
सुप्पतिट्ठित = सुप्रस्थित, राम्ररी राखेको
हनन्तराय = बाधा रहित, भय नभएको

पच्चुपट्ठापेतुं = (स्मृति) राख्ने, फेरि बनाउनको निम्ति, याद गर्न
पितुसन्तक = बुबाको सम्पत्ति
पतिट्ठापेति = प्रतिस्था गराइराख्यो; स्थिर गर्न दिइरह्यो
बह्वाबाध = बुद्धशासन न.
बुद्धसासन = बुद्धशासन
रतनत्तय= त्रिरत्न न.
सिक्खापेति = सिकाई रह्यो, सिकाउने
सेवक = नोकर
सेवक = नोकर

**मिल्ने ठाउँमा सन्धि प्रयोग गरी पालि भाषामा अनुवाद गर्नुहोस् :-**

१. दुट्ठगामिणि महाराजाले अनुराधपुरमा रत्नमाली चैत्य बनाउन दिनुभयो ।
२. पाँचौं (पञ्चम) जोर्ज महाराजाले आˆनो छोरा एडवड कुमारलाई लङ्कामा पठाए ।
४. देवानम्पियतिस्स राजा लङ्कामा रानय गरिरहेको बेला अशोकाधिराजको छोरा महेन्द्र स्थविरले आउनु भएर बुद्धशासन स्थापना गर्न दिनुभयो ।
५. बुद्ध कपिलवस्तुमा आˆना नातेदारहरूले बनाइदिएको बनाइदिएको विहारमा केही कहिनासम्म बस्नुभयो ।
६. धर्माशोक राजाले हनागतमा प्रत्यन्त देशमा बुघ शासन राम्ररी स्थामना गर्नेछ भनी बुझ्नुभयो ।
७. आˆनो मालिक (स्वामि अभिराजको श्रीपेज लागाउने हेर्न धेरै राजाहरू एकत्रित हुनआए ।
८. सबै राजाहरूलाई आˆनो मरण पछि आ-आˆना छोराहरूलाई आ-आˆनो सिंहासनमा राख्ने मन हुन्छ ।
९. एकजना राजाले आˆनो देशमा गाउँ र शहर परीक्षा गर्दै गइरहको बेला धेरै नोकरहरू वहाँको पछि पछि गइरहे ।
१०. कथा सुनी रहेका मानिसहरू राजाको सवारी भएको बेला गौरव राख्नको लागि उठे ।

**नयाँ शब्दहरू**

**हुकुम = आणा**
**अधिराज = अंधिराज पु**
**अनागत, पछि = अनागत पु**
**मरण पछि = अच्चयेन**
**श्रीपेज लगाउने = किरीटधारण न.**
**कपिलवस्तु = कपिलवस्तु न.**
**केही, कुनै = कतिपय**
**गौरव = गारव**

**आएर, पुगेर = पत्त, सम्पत्त**
**स्थापना भई सकैपछि = पतिट्ठहिस्सती'ति**
**स्थापना गर्न दिनुभयो = पतिट्ठापेसि**
**महाराज = महाराज पु**
**राज्य गर्ने = रज्जं करोन्त**
**रत्नमाली चैत्य = रत्नमाली चेतिय**
**रकत्रित गराइरह्यो =सन्तिपातेति**
**एकत्रिथ हुने = सत्रिपतति**



Downloaded from http://dhamma.digital/

**राख्न = ठपेतुं** **सिंहासन = सीहासन न.**
**आ-आफ्नो = अत्तनो** **स्थविर = जानि**

## २६. मनोगण
### अकारान्त-पुल्लिङ्ग "मन" शब्द

| | **एकवचन** | **बहुवचन** |
|---|---|---|
| प. | मनो (चित्त, चित्तले) | मना (चित्तहरू, चित्तहरूले) |
| दु. | मनं (चित्तालाई) | मने (चित्तहरूलाई) |
| त.क. | मनसा, मनेन | मनेभि, मनेहि |
| च.छ. | मनसो, मनस्स | मनानं |
| प. | मनसा, मना, मनम्हा, मनस्सा | मनेभि, मनेहि |
| स. | मनसि, मने, मनम्हि, मनस्मिं | मनेसु |
| आ | (हे) मन, मना | (हे) मना |

यो "मन" शब्द र पछि उल्लेख हुने मनोगणमा परेको अरू शब्दहरू पनि पुल्लिङ्गमा जस्तै नपुसंकलिङ्गमा पनि हुन्छ ।

नपुसंक-लिङ्गमा "मन" शब्द

| | एकवचन | बहुवचन |
|---|---|---|
| प. | मनं | मना, मनानि |
| दु. | मनं | मने, मनानि |
| आ. | (हे) मन, मना | (हे) मनानि |

यी तीन ठाउँमा "चित्त" शब्द जस्तै र बाँकी रहेको विभक्ति पुल्लिङ्गमा देखाएको जस्तै रूपमा लग्ने हो । यो जस्तै दुईवटा लिङ्गमा पनि रूप चलाउन मिल्ने शब्दहरू :-

| | | |
|---|---|---|
| तम = अनधकार | यस = यश | तप = तपस्या |
| वास = वस्त्र | तेज = तेज | पय = दुध अथवा पानी ¸ |
| वच = वचन | चेत = विचार | ओज = ओजा, शक्ति |
| वय = वर्ष | उर = छाति | अय = फलाम |
| सिर = टाउको | सर = पोखरी | रज = धूलो |

आदि हुन् । यिनीहरूको समूहलाई "मनोगण" अनेर भनिन्छ । मनोगणमा रहेको शब्दहरूको विशेष दक्षण त (१) ततिया एकवचनमा "सा" भनेर र चतुत्थी-छट्ठी एकवचनमा "सो" भनेर र सत्रमी एकवचनमा "सि" अनेर अन्त हुने (२) अर्को पदँग समास हुने समयमा "मनोसेट्ठो, तमोनद्धे" आदि रूपमा ओकारले युक्त हुने, (३) तद्धितप्रत्यय एउटा मिलाउने बेला "मजोपयं" आदि रूपमा ओकारले युक्त हुने पनि हो ।

२७. समास-तद्धितमा मनोगणिक शब्दहरूको विभक्ति लोप गर्ने बेला अनतमा धएको अकारलाई ओ-कार आदेश गर्ने हुन्छ ।

यो व्यञ्जनसन्धिमा भएपनि मनोगण यसको अगाडि नदेखाएको भएर सन्धिकाण्डमा यो कारण (कुरा) नदेखाएको हो । समासमा विभक्ति लोप हुने आकार पछि समास काण्डमा हेरर बुझ्नुपर्दछ ।



Downloaded from http://dhamma.digital/

मन + मय = मानेमय ( = चित्तबाट उत्पन्न भएको)
अय + पत्त = अयोपत्त ( = फलामको पात्र)
तम + नुद = तमोनुद ( = अन्धकार टाढा गर्ने)
सिर + रूह = सिरोरूह ( = टाउकोमा भएको कपाल)
पय + निधि = पयोनिधि ( = समुद्र)
तप + धन = तेजोधातु ( = तेजधातु)

२८. ओकारान्त-पुल्लिङ्ग "गो" शब्दहरू

| | एकवचन | बहुवचन |
|---|---|---|
| प. | गो (गोरू, गोरूले) | गावो (गोरूहरू, गोरूहरूले) |
| दु. | गावुं, गावं, गवं (गोरूलाई) | गावो (गोरूहरूलाई) |
| त.क. | गोवन, गवेन (गोरूले) | गोभिं, गाहि (गोरूहरूले) |
| **च.छ.** | **गावस्स, गवस्स** | **गवं, गुत्रं, गोनं** |
| **प.** | **गावा, गवा, गावम्हा, गावस्मा, गवस्मा** | **गोभि, गाहि** |
| **स.** | **गावे, गवे, गावम्हि, गवम्हि, गावस्मि, गवस्मिं** | **गावेसु, वगेसु, गोसु** |
| **आ.** | **(हे) गो** | **(हे) गावो** |

**अभ्यास - ६**

**नेपाली भाषामा अनुवाद गरेर मनोगणिक शब्द पनि देखाउनुहोस् :-**

**१. द्वीहि वाण्जिेहि याचितो भगवा अत्रनो सीसतो मुट्ठिमत्ते सिरोरूहे तेसं अदासि ।**
**२. ते भगवन्तं सिरसा नमस्सित्वा तानि अत्तनो नगरं नेत्वा सरोरूहादीहि पूजयिंसु ।**
**३. "एकूनतिंसो वयासा बोधिसत्तो'भिनिक्अमि;**
**पञ्चत्तिंसो'थ वयसा बिकिबसार मुपागमि । "  (महावंस)**
**४. तमोनुदो भगवा मनोमयेन कम्मट्ठानानि मनोसिकरोन्तानं भिक्खूनं अभिमुखेपातुभवति ।**
**५. इद्धिमा तपोधनो पयोनिभिम्पि सोसेतुं समत्थो होति ।**
**६. महा निरयो पन अयोपकारेन परिक्खित्तो, आयोपिधानेन पिहितो; तस्स अयोमया भूमि तेजसा जलिता होति ।**
**७. साकटिका गुत्रं तिणं दत्वा ते सकटेसु योजेत्वा सकटे पाजेन्ता बाराणसिं अगमंसु ।**
**८. "मजोपपुब्बङ्गमा धम्मा, मनोसेट्ठा मनोमया ।"  (धम्मपद)**
**९. मनुस्सा गवा पयं, पयसा दधिं, दपभतो सप्पिञ्च लभन्ति ।**
**१०. सो मेत्तासहगतेन चेतसा एकं दिसं फरितवा विहरति, तथा दुतियं , तथा ततियं ।**
**११. भगवति चेतो पसादेन बअवो जना कहनतं दिब्बसक्पत्तिं लभिंसु ।**
**१२. भगवा नभसा लङ्कादीपमागम्म यक्असमागमस्स उपरि नभसि निसीदित्वा धम्मदेसनाम ते दमेसि ।**
**१३. "आयसा'व मलं समुट्ठितं**
**तदुट्ठाय तमेव खादति । " (धम्मपद )**
**१४. बचसा कतं कम्म) वाचसिकं, मनसा कतं कम्मं मानसिकं नाम होति ।**

**नयाँ शब्दहरू**



Downloaded from http://dhamma.digital/

अभिनिक्खमि = (गृहस्थी गावबाट) बाहिर जाने
अभिमुख = अगाडि, अगाषि भएको न.
अयोपाकार = फलामको पर्खाल
अयोमय = फलाम बनाई राख्ने
इद्धिमन्तु = ऋद्धिवान
उट्ठाय = उठेर पू.क्रि.
उपागमि = नजिक गयो
कम्मट्ठान = कर्मस्थान, भावना कर्म नं
चेतोपसाद = चित्तमा प्रसन्न
जलित = बलेको
वाचसिक = वचनले गरेको
दमेति = दमन गरिरह्यो
नभ = आकाश पु.न.
नमस्सित्वा = नमस्कार गरेर पु.कि.
परिक्खित = घुमाएर राखेको
पाजेन्त = चलाएर
पातुभवति = भेटायो
पिधान = छोप्ने भाडा (छोप्ने)
पिहित = बन्द गरको
पुब्बङ्गम = अगाडि आएको
फरित्वा = फैलाएर पू.कि
बाराणसि = बनारस इ.
भजति = सङ्गत गरिरह्यो
भोग = (मानिसको) जीविका गर्न चाहिने चीज पु
मानसिक = मनबाट उत्पन्न हुने
मनोसेट्ठ = मन प्रधान
मट्ठिमत = एक मुट्ठि
याचित = मागेको
योजेत्वा = मिलाएर, जोतेर
सकट = गाडा
समत्थ = सक्छ, समर्थ, सक्ने
समुट्ठित = भई आएको
सहगत = यसक्त भएको
सरोरूह = पलेस्वाँ
साकटिक = गाडा चलाउने पु.
सीस = टाउको
सोसेति = सुकाई राख्यो, सुकाउन राख्यो
यक्खसमागम = राक्षसहरूको समागम

मनोगणिक शब्दहरू प्रयोग गरेर पालिभाषामा अनुवाद गर्नुहोस् :-
१. भिक्षुले करूणा सहगत चित्तद्वारा सारा संसारलाई फैलाएर बास गारिसाख्नुभयो ।
२. चराहरू आकाशबाट आफूले चहेको ठाउँमा गइरहे । ("आकाश" भनेकोलाई" भनेकोलाई "नभ" शब्द प्रयोग गर्ने)
३. हाम्रो जमीन जोत्न सहायता गर्नेहरू, हामीलाई दुध र घिउ दिने गाईहरूलाई हामीले मार्नु हुँदैन ।
४. शरीर, र चित्तले पुण्य गरेपनि ती तीनद्वारबाठ पाप पनि गर्न सक्छ ।
५. दुई व्यापारिहरूलृ तथागतको केश धातु ("सिरोरूह" प्रयोग गर्ने) स्थापना गरेर एक महाचैय बनाउन दिए ।
६. त्यो चैत्य भएको ठाउँमा हिँडेर शिरले वन्दना गरेर दिब्यसम्पत्ति प्राप्त गर्नेहरू धेरै छन् ।
७. अहिले (अजभोलि) धनवानहरू पहिला ऋद्धिवानहरू जस्तै आकाशबाट गएर आफू पुग्नुपर्ने ठाउँमा तुरून्त पुग्छन् ।
८. लङ्मादीपमा फलामले बनाएको पूल धेरै नदी माथि देख्न सकिन्छ ।
९. सेठहरूले ठूलो फलामको बाकसमा आफ्नो धन सुरक्षित गरेर राख्छन् ।
१०. हाँसले दुध र पानी अलग गरेर पिउन सक्छ ।
११. भिक्षुले चीवर ओढेर फलामको एउठटा पात्र हातले समातेर धुलो उडेको बाटोमा जानुभयो ।
१२. सूर्यको तापले ("तेज" प्रयोग गर्ने) पीडित बाटो हिंड्ने मानिस पोखरीमा नुहाएर कमलको फूल शिरमा राखेर गाउँभित्र पस्यो ।



Downloaded from http://dhamma.digital/

१३. उनन्तीस वर्ष पुगेको उक्त बोधिसत्व गृहस्थी घरबाट ( = अगारा ) बाहिर निस्कनुभयो ।
१४. जम्बुद्वीपवासीहरूले गाईहरू धेरै संग्रह गरिरहेका छन् गाईको मासु खाएमा रोग उत्पन्न हुन्छ भन्ने उनहरूको धारणा छ ।

**नयाँ शब्दहरू**

आफू जानुपर्ने ठाउँमा = अभिमतट्ठानं नं
इच्छा भएको ठाउँमा = इच्छितट्ठान नं
सीधा = उजुकं क्रि.वि.
केशधातु = केसधातु पु.
भीड भएको, छरिएको = आकिण्ण
तीन द्वारले = तीहि द्वारेहि
पूल = सेतु पु
बाटो हिँडने = पदिक, पथिक
मासु खाने = मंसभक्खन नं
हाँस = हंस

जस्तै = विय
प्राप्त गर्ने, लिने = लभन्त पु.
अलग गरेर = विसुं कत्वा , वियोजेत्वा पु.
ओठेर = अरूपित्वा पू.क्रि.
धारण गरेर = सल्लक्खेति
सहायकहरू, सहायता गर्नेहरू = सहायक
संग्रह गरिरहेको छन् = संगण्हाति
सुरक्षित रूपले = सुरक्खितं
उत्पनन भएरह्यो = निब्बत्तति

---

[i] अतीव करुणालाग्दो दुखमा पर्नुको कारण भएकोले अपराध भन्ने भाव भएको हो ।
[ii] निन्दा उपहास योग्य काय-कर्म वची-कर्म अपराधहरू भन्ने भाव हो ।



Downloaded from http://dhamma.digital/